# ‘यहाँदेखि त्यहाँसम्म’ उपन्यासको परिवेशविधान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

**कविता आचार्य**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६७

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम.ए.(शैक्षिक वर्षः २०६३/०६५) दोस्रो वर्षकी छात्रा कविता आचार्यले नेपाली **'यहाँदेखि त्यहाँसम्म' उपन्यासको परिवेशविधान** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०६७/०९/११

....................................

(उप-प्रा.डा.दुर्गाबहादुर घर्ती)
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय,**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसकी छात्रा कविता आचार्यले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि गर्नुभएको **यहाँदेखि त्यहाँसम्म उपन्यासको परिवेशविधान** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, प्रा.राजेन्द्र सुवेदी ...................................

२. शोधनिर्देशक, उपप्रा.डा.दुर्गाबहादुर घर्ती .................................

३. बाह्य परीक्षक, उप-प्रा.ध्यापक वसन्त कुमार विश्वकर्मा ...............................
(हिन्दी केन्द्रीय विभाग)

मितिः २०६७/०९/११

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु सह-प्रा. दुर्गाबहादुर घर्तीको कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न कठिनाई र समस्याहरूसँग जुध्ने प्रेरणा दिँदै सही मार्गनिर्देश गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यलाई थाती राखेर कुशल र समूचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सामग्री सङ्कलन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने घरपरिवार तथा साथीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा विविध कार्यव्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकालेर निर्देशन सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर प्रदान गर्ने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, काठमाडौंप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यो अवस्थासम्म ल्याइपुऱ्याउने माता थामकुमारी आचार्य तथा बुबा छविलाल आचार्यलगायत श्रीमान् दामोदर ढकालप्रति म आजीवन ऋणी छु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने दाजु अर्जुन आचार्य, भाइ युवराज आचार्य, पुष्पा अर्याल, पूजा ढकाल, हेमन्त ढकाल, सरला सुवेदी र मीना खनालप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस शोधपत्रलाई टङ्कन गरी सहयोग गर्ने क्रिएटिभ कम्प्युटर सेन्टर नयाँबजार कीर्तिपुरकी दिव्या क्षेत्री 'पूर्णिमा' लाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेश गर्दछु ।

........................

मितिः २०६७/०९/११

**कविता आचार्य**
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

## सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| एम. ए. | - | मास्टर्स अफ आर्टस |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - | दोस्रो संस्करण |
| चौ.सं | - | चौथो संस्करण |
| ने. के. वि. | - | नेपाली केन्द्रीय विभाग |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | - | प्राध्यापक |
| प्रा.डा. | - | प्राध्यापक डाक्टर |
| पृ. | - | पृष्ठ |
| वि.सं. | - | विक्रम संवत् |
| सम्पा. | - | सम्पादक |

# विषयसूची

पृष्ठ


## पहिलो परिच्छेद
## शोधपरिचय

१.१ शोधशीर्षक १
१.२ शोधप्रयोजन १
१.३ विषयपरिचय १
१.४ समस्याकथन २
१.५ शोधका उद्देश्यहरू २
१.६ पूर्वकार्यको समीक्षा २
१.७ अध्ययनको औचित्य, महत्त्व र उपयोगीता ३
१.८ अध्ययनको क्षेत्र तथा सीमा ४
१.९ सामग्री सङ्कलन विधि ४
१.१० अध्ययन विधि ४
१.११ शोधपत्रको रूपरेखा ४

## दोस्रो परिच्छेद
## परिवेश विधानको सैद्धान्तिक परिचय

२.१ विषयप्रवेश ५
२.२ परिवेश शब्दको व्युत्पत्ति र अर्थ ५
२.३ परिवेश सम्बन्धी परिभाषाहरू ६
२.४ औपन्यासिक तत्त्वका रूपमा परिवेश ८
२.५ निष्कर्ष १०

## तेस्रो परिच्छेद
## ध.च.गोतामेको परिचय, साहित्ययात्रा र औपन्यासिक प्रवृत्ति

३.१ विषयपरिचय ११
३.२ ध.च. गोतामेको परिचय ११
३.३. ध.च. गोतामेको साहित्ययात्रा १४
३.४ उपन्यासकार ध.च. गोतामेको औपन्यासिक प्रवृत्ति १५
३.५ निष्कर्ष १९

## चौथो परिच्छेद
## 'यहाँदेखि त्यहाँसम्म' उपन्यासको परिवेशविधानको अध्ययन

४.१ विषयपरिचय २०
४.२ 'यहाँदेखि त्यहाँसम्म' उपन्यासको कथासार २०
४.३ 'यहाँदेखि त्यहाँसम्म' उपन्यासको स्थान ३७
४.४ काल ४८

४.५ वातावरण ५३
४.५.१ आन्तरिक वातावरण ५६
४.५.२ बाह्य वातावरण ६०
४.५.२.१ समाज चित्रण ६०
४.५.१.२ प्राकृतिक चित्रण ८८
४.६ निष्कर्ष ९१

**पाँचौँ परिच्छेद**

उपसंहार ९२

**सन्दर्भग्रन्थसूची**

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक ध.च.गोतामेको **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशविधान रहेको छ ।

## १.२. शोधप्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह एम्. ए. द्वितीय वर्षको दसौं पत्रको लागि रहको छ ।

## १.३. विषयपरिचय

वि.सं.१९८९ मा महोत्तरी जिल्लाको मनराकट्टीमा जन्मिएका ध.च. गोतामे साहित्यका विभिन्न विधाहरूमध्ये कविता, कथा, उपन्यास, निबन्ध र समालोचनका क्षेत्रमा कलम चलाएका छन् । प्रकाशित रचनाका दृष्टिले श्यामप्रसाद शर्माको सम्पादकत्वमा प्रकाशित **सेवा** पत्रिकामा वि.सं.२००८ सालमा प्रकाशित **च्यातिएको पर्दा** नामक कथा नै उनको पहिलो प्रकाशित रचना हो । कथाबाट साहित्यिक यात्राको थालनी गरे तापनि उनको साहित्यको उर्वर क्षेत्र उपन्यास नै हो । उपन्यास को क्षेत्रमा सार्वजनिक प्रकाशनमा आएका उनका दुई उपन्यासहरू **घामका पाइलाहरू** (२०३५) र **यहाँदेखि त्यहाँसम्म** (२०४२) रहेका छन् । वि.सं. २०३५ सालमा मदनपुरस्कार र साझापुरस्कार दुवैबाट पुरस्कृत **घामका पाइलाहरू** नै उनको पहिलो औपन्यासिक कृति हो । दोस्रो औपन्यासिक कृतिका रूपमा **यहाँदेखि त्यहाँसम्म** उपन्यास रहेको छ । प्रस्तुत शोधकार्य उनको यही दोस्रो उपन्यासको परिवेशविधानमा गरिएको छ ।

आख्यानमा पात्र र कथानकको प्रस्तुतिका लागि आवश्यक आधारभूमि परिवेश हो (बराल, २०६३:५४) । परिवेशभित्र देश, काल र वातावरण पर्दछन् । यसबाहेक सामाजिक रीतिरिवाज, रहनसहन, संस्कृति आदि पनि परिवेशअन्तर्गत पर्दछन् । यथार्थ समय र स्थानको सिर्जनाले घटना र पात्रमा सजीवता आउँछ भने पाठकले घटनाप्रति विश्वास गर्छ । **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा मुल कार्यस्थलको रूपमा नेपालको तराई प्रदेशमा रहेको बारा जिल्लाको चेरवन्त प्रगन्नाको सानो गाउँ मुर्कीपलिया रहेको छ । यसका अतिरिक्त असुर्फी साहूको गडहल गाउँ, गौरीको माइती गाउँ कटरवन, वीरगन्ज, मकवानपुर, कलैया, वसन्तपुर, सप्तरी जिल्लाका विभिन्न भू-भाग, पसाहा नदी, तीयर नदी, मुर्की नदी, जमुनी नदी, थलही खोला, आदि रहेका छन् । कालगत रूपमा २००७ साल अगाडिको राणाकालीन समय नै मुख्य रूपमा आएको कुरा राणाकालीन प्रधानमन्त्री जंगवहादुर र चन्द्रशमशेरको शासनकालको प्रसङ्गबाट स्पष्ट हुन्छ । यसमा मुर्कीपलिया गाउँको प्राकृतिक वातावरणको सजीव प्रस्तुतिका साथै त्यहाँको रहनसहन र संस्कृतिको चित्रण पनि परिवेशको रूपमा आएको छ । समग्र तत्त्वका आधारमा कृतिको अध्ययन, विश्लेषण हुने गरे तापनि कुनै एक

तत्त्वमा आधारित भई अध्ययन भएको छैन । त्यसैले उपन्यासको तत्त्व परिवेशमा आधारित रहि **यहाँदेखि त्यहाँसम्म** उपन्यासको अध्ययन गरिएको ।

### १.४ समस्याकथन

प्रस्तुत शोधकार्य ध.च. गोतामेको **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशविधानमा गरिने हुँदा परिवेशविधान नै यहाँ मूल समस्याका रूपमा रहेको छ। जसलाई बुदाँगत रूपमा यस प्रकार उल्लेख गरिएको छ :

क) उपन्यासमा परिवेशविधानको भूमिका कस्तो रहेको हुन्छ ?

ख) **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेश के कस्तो छ ?

ग) परिवेशविधानका दृष्टिले **यहाँदेखि त्यहाँसम्म** उपन्यास कस्तो छ ?

### १.५. शोधका उद्देश्यहरू

प्रस्तुत शोधकार्यको उद्देश्य ध.च.गोतामेको **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशविधानको निर्क्योल गर्नु नै हो । जसलाई बुदाँगत रूपमा यसप्रकार उल्लेख गरिएको छ :

क) उपन्यासमा परिवेशविधानको भूमिका कस्तो रहेको हुन्छ निर्क्योल गर्नु ।

ख) **यहाँदेखि त्यहाँसम्म** उपन्यासको सैद्धान्तिक परिचय दिनु ।

ग) परिवेशविधान दृष्टिले **यहाँदेखि त्यहाँसम्म** उपन्यासको मूल्याङ्कन गर्नु ।

### १.६. पूर्वकार्यको समीक्षा

उपन्यासकार ध.च.गोतामे नेपाली साहित्यका एक विशिष्ट प्रतिभा हुन् । उनका **घामका पाइलाहरू** (२०३५) र **यहाँदेखि त्यहाँसम्म** (२०४२) नामक दुई उपन्यास रहेका छन् । कथा, उपन्यास, कविता, समालोचनाका क्षेत्रमा समेत कलम चलाएका गोतामेको उपन्यासकार व्यक्तित्वको बारेमा अध्ययन भैसकेको छ तर उनका उपन्यासका विभिन्न पक्षहरूलाई लिएर अध्ययन भएको पाइदैन उनका कृति बारेमा फुट्कर रूपमा पत्र पत्रिकाहरूमा केही चर्चाहरू मात्र भएका पाइन्छन् तिनको कालक्रमिक विवरण यहाँ प्रस्तुत गरिएको छ ।

धनप्रसाद सुवेदीले, **आञ्चलिक उपन्यासको ऐतिहासिक सर्वेक्षण**, शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्र, (२०५६) मा आञ्चलिक उपन्यासहरूको उल्लेख गर्ने क्रममा **'यहाँदेखि त्यहाँसम्म** उपन्यासलाई ' पनि आञ्चलिक उपन्यासका रूपमा चर्चा गरेका छन् । आञ्चलिकताका आधारमा यो उपन्यासको विश्लेषण गरे तापनि परिवेशसम्बन्धी चर्चा गरेको पाइदैंन ।

कृष्णहरि बराल र नेत्र एटम्को **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (२०५६) को 'भूमिका'मा तानाशर्माले ध.च. गोतामेको **'यहाँदेखि त्यहाँसम्म'** उपन्यासलाई स्थान, काल र वातावरणको उपयुक्त प्रयोगबाट रूचिकर कथा बुन्न सफल राम्रो उपन्यास हो भनेका छन् । यसमा परिवेशमा आउने स्थान, काल र वातावरणको चर्चा गरे तापनि यसले भूमिकात्मक रूप मात्र लिएको छ तर परिवेशका बारेमा महत्त्वपूर्ण कुरा व्यक्त भएको पाइदैन ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** , (२०५६) ध.च. गोतामेको '**यहाँदेखि त्यहाँसम्म**' उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास र आञ्चलिक उपन्यास हो भनेका छन् । तर परिवेशका बारेमा खासै चर्चा गरेका छैनन् ।

कृष्णचन्द्रसिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार** (२०६१)मा प्रधानले ध.च. गोतामेको '**यहाँदेखि त्यहाँसम्म**' उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास भन्दा आदर्शोन्मुख यथार्थवादी उपन्यास हो भन्दै प्रवृतिगत किटानीलाई जोड दिइएको तर उपन्यासको खासै चर्चा गरेको पाइदैन ।

नेत्र एटम्को **सीमान्त आकाशः स्रष्टासितको अन्तर्यात्रा** (२०६२)मा अन्तर्वार्ताकार नेत्र एटमले **यहाँदेखि त्यहाँसम्म** उपन्यासका सर्न्दभमा लेखकलाई नै प्रश्न गर्ने सर्न्दभमा लेखकको विचार यसरी प्रकट भएको छ "पर्यावरणको सरलता हो यसको शक्ति । गाउँको ठाँउ हो हाम्रो देशमा यस्तो पनि ठाँउ छ भन्ने भावना आउँछ पाठकमा र **यहाँदेखि त्यहाँसम्म** उपन्यासको प्रसङ्ग यथार्थ हो ।" आञ्चलिक परिवेश यस उपन्यासको सर्न्दभ हो भन्ने कुरा स्वयं लेखकबाट नै व्यक्त भएको छ ।

रमेशप्रसाद भट्टराईको **उपन्यासकार ध.च.गोतामे र उनका उपन्यास** (२०६४) मा ध.च. गोतामेका उपन्यासहरूको तत्त्वगत आधारमा चर्चा गर्दा परिवेशका बारेमा सामान्य जानकारीलाई प्रस्तुत गरे तापनि यस अन्तर्गत पर्ने विविध पक्ष जस्तैः देश, काल र वातावरणमा केन्द्रित रही उपन्यासको समष्टि परिवेशको सूक्ष्म र गहन विश्लेषणलाई यहाँ समावेश गर्न सकेका छैनन् ।

यी माथि उल्लेखित विवरणलाई नियाल्दा **यहाँदेखि त्यहाँसम्म** उपन्यासको सामान्य चर्चा भएको पाईन्छ यो चर्चाले आञ्चलिक, आदर्शोन्मुख यथार्थवादी, सामाजिक यथार्थवादी, उपन्यासका रूपमा **यहाँदेखि त्यहाँसम्म** उपन्यासलाई चिनाएको पाइन्छ । सतही र समीक्षात्मक अध्ययनमा यी पूर्व कार्यहरू सीमित रहेका छन् । त्यसैले **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशविधानको गहन जानकारीलाई समावेश गर्न असमर्थ छन् । यसकारण परिवेशगत विशिष्ट जानकारीका लागि अनुसन्धानमूलक कार्य आवश्यक भएको हुँदा प्रस्तुत शोधकार्य **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशविधानमा गरिएको छ ।

### १.७ अध्ययनको औचित्य, महत्त्व र उपयोगीता

नेपाली उपन्यासका क्षेत्रमा ध.च. गोतामेका उपन्यास सङ्ख्यात्मक दृष्टिले कम भएपनि गुणात्मकताका हिसाबले उत्कृष्ट रहेका छन् । उनका उपन्यासहरूको औपन्यासिक तत्त्वका बारेमा अध्ययन भइसकेको छ । समग्र उपन्यासका तत्त्वमा आधारित अध्ययनले एउटा मात्र उपन्यासको एक तत्त्वगत जानकारीलाई व्यापकरूपमा प्रस्तुत गर्न सक्दैन । त्यसैले एकमात्र तत्त्वको अध्ययनको लागि छुट्टै शोधकार्य गर्नु आवश्यक ठहरिन्छ । प्रस्तुत शोधकार्य **यहाँदेखि त्यहाँसम्म** उपन्यासको एकमात्र तत्त्व परिवशविधानमा केन्द्रित रहेको छ । त्यसैले **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशगत जानकारीलाई उपयुक्त रूपमा प्रस्तुत गर्ने व्यापक र वस्तुपरक यो अध्ययन औचित्यमूलक ठहरिन्छ । उपन्यासको परिवेश एवं **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशको बारेमा अध्ययन गर्न इच्छुक व्यक्ति तथा सङ्घ

संस्थाका लागि समेत यो उपयोगी हुनेछ । यसले उपन्यासको परिवेशगत सैद्धान्तिक ज्ञानलाई समेत केही फराकिलो बनाउन थप योगदान दिने प्रस्तुत शोधकार्य औचित्यमूलक, महत्त्वपूर्ण र उपयोगी रहेको छ ।

### १.८ अध्ययनका क्षेत्र तथा सीमा

प्रस्तुत शोधकार्य ध.च. गोतामेको **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशविधानमा मात्र केन्द्रित रहेको छ । यस उपन्यासका अन्य पक्षहरू जस्तैः कथानक, चरित्रचित्रण, दृष्टिविन्दु, सारवस्तु, भाषा, बिम्ब र प्रतीकको विश्लेषण प्रस्तुत शोधमा गरिएको छैन । परिवेशको अध्ययन यस शोधकार्यको क्षेत्र तथा सीमा रहेको छ ।

### १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन उपन्यासकार ध.च. गोतामेको **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशमा केन्द्रित रहने हुँदा यस अध्ययनमा पुस्तकालयीय विधिका आधारमा सामग्रीको सङ्कलन गरिएको छ । यस विषयसँग सम्बन्धित पुस्तक, पत्रपत्रिकाको अध्ययन तथा विषय विज्ञहरूको सल्लाहलाई समेत सामग्री सङ्कलनको स्रोत मानिएको छ ।

### १.१० अध्ययन विधि

प्रस्तुत शोधपत्र वर्णनात्मक र विश्लेषणात्मक अध्ययनविधिलाई अवलम्बन गरी तयार पारिएको छ । सङ्कलित सामग्रीको अध्ययन, विश्लेषण र मूल्याङ्कनद्वारा शोधपत्र तयार पारिएको छ ।

### १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुगठित रूपमा प्रस्तुत गर्नका लागि निम्न अध्यायहरूमा विभाजन गरी अध्ययन गरिएको छ । साथै अध्ययनका क्रममा आवश्यकता अनुसार शीर्षक तथा उपशीर्षकहरूको समेत व्यवस्था गरिएको छ । यस शोधपत्रको रूपरेखा निम्न अनुसारको रहेको छ :

पहिलो अध्याय : शोधपरिचय
दोस्रो अध्याय : उपन्यासमा परिवेशविधानको सैद्धान्तिक परिचय
तेस्रो अध्याय : ध.च. गोतामेको परिचय साहित्ययात्रा र औपन्यासिक प्रवृत्ति
चौथोअध्यायः : **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशविधानको अध्ययन
पाँचौ अध्याय : उपसंहार
सन्दर्भग्रन्थसूची

# दोस्रो परिच्छेद

# परिवेश विधानको सैद्धान्तिक परिचय

## २.१ विषयप्रवेश

नेपाली साहित्यका विभिन्न विधाहरू कविता आख्यान नाटक र निबन्धमध्ये उपन्यास एउटा महत्त्वपूर्ण विधा हो । साहित्यको रचनाका लागि विविध साहित्यिक तत्त्वहरूको आवश्यकता परे जस्तै उपन्यासको रचनाका लागि पनि औपन्यासिक तत्त्वहरूको आवश्यकता पर्दछ । परिवेश उपन्यासका तत्त्वहरू मध्येको एक महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो । उपन्यासका तत्त्वहरूलाई आजभोलि उपकरण पनि भन्ने गरेको पाइन्छ । उपन्यासको अति आवश्यक तत्त्व वा उपकरणका रूपमा रहेको परिवेश शब्दका सट्टामा कतिपय विद्वान्हरूले देशकाल, पर्यावरण, वातावरण वा देश, काल, र वातावरण जस्ता शब्दवालीलाई प्रयोगमा ल्याएका छन् । वस्तुतः देश, काल र वातावरणमा स्थानगत परिवेश, कालगत परिवेश एवम् सामाजिक, आर्थिक राजनैतिक सांस्कृतिक, भौगोलिक, प्राकृतिक आदि बाह्य परिवेश एवम् व्यक्तिका मनमा घटित हुने परिस्थिति आदि परिवेशअन्तर्गत पर्दछ । त्यसैले यस शोधकार्यमा यी सबैलाई समेट्ने गरी परिवेश शब्दको प्रयोग गरिएको छ । प्रस्तुत परिच्छेदमा उपन्यासको परिवेशविद्यानको सैद्धान्तिक परिचयलाई प्रस्तुत गरिएको छ ।

## २.२ परिवेश शब्दको व्युत्पत्ति र अर्थ

चारैतिरबाट भएको घेराइ, परिवेष्ठन, सूर्य वा चन्द्रमाको चारैतिर देखिने एकप्रकारको मण्डल, सभा, परिधि, सीमा (नेपाली बृहत् शब्दकोश, २०४०: ७४६) । वस्तुको वरिपरि रहेको ठाउँ, खास कार्य वा घटना हुँदाको आसपासको क्षेत्र, वरपरको स्थिति, सेरोफेरो (उदा. घरको परिवेश, घटनाको परिवेश) वातावरण, परिस्थिति (उदा. ग्रामीण परिवेश, शान्त परिवेश) प्रसङ्ग सन्दर्भ, त्यस ठाउँमा कुराकानी गर्ने परिवेश । मिलन पृष्ठभूमि (उदा. ऐतिहासिक परिवेश, सांस्कृतिक परिवेश) (प्रयोगात्मक नेपाली शब्दकोश,२०६१:) चारैतिरबाट घेर्ने काम, वातावरण; वरिपरिको परिस्थिति, सूर्य वा चन्द्रमाको चारैतिर कहिलेकाहिँ देखिने उपन्यासको एक घेरो, सभा, परिवेश (रत्न नेपाली शब्दकोश, २०५७:४५५) । हल्का बादल लागेको बेलामा देखिने सूर्य वा चन्द्रमाको वरिपरिको घेरा वा मण्डल, सूर्यमण्डल, सूर्यसभा, चन्द्रमण्डल, चन्द्रसभा, वरिपरिको ठाउँ वातावरण कुनै पनि व्यक्ति वा वस्तुलाई असर पर्ने वा पार्ने वरिपरिको भाग (बहुभाषी शब्दकोष, २०६३: ५२३)।

परिवेश शब्दको पर्यायवाची शब्दको रूपमा नेपालीमा वातावरण, पर्यावरण जस्ता पदावलीको प्रयोग गरेको पाइन्छ । वातावरण र पर्यावरणको अर्थलाई पनि यहाँ प्रस्तुत गरिन्छ :

कुनै वस्तु, विषय, व्यक्ति आदिको स्थिति, वातावरण, चारैतिर फैलिएको वा रहेको हावापानी नै पर्यावरण शब्दको अर्थ हो (बृहत् नेपाली शब्दकोश,२०४०:७५०) । कुनै वस्तु, व्यक्ति, विषयको वरिपरिको परिवेश, परिस्थिति, वातावरण (उदा. प्राकृतिक पर्यावरण), प्राणी वनस्पति र प्रकृतिबीचको सम्बन्ध, वातावरणविद्हरू पर्यावरण सन्तुलनमा जोड दिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश, २०६१, ५९८) ।

परिवेशको पर्यायका रूपमा रहेको वातावरणले प्रभावकारी आसपासको अवस्था पृथ्वीको चारैतिर फिँजिएको हावा, आसपासको प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव पार्ने अवस्था, परिस्थिति, भन्ने अर्थलाई बुझाउँछ (बहत् नेपाली शब्दकोश, २०४०: ११३८) ।

वातावरण- वातावरण (तत्स.) (वाता+आवरण) ना. आफू वरिपरिको परिवेश, प्राणी, वनस्पति आदिलाई प्रभावित पार्ने खालको आफू वरिपरिको वस्तु, जीवजन्तु, घटना आदिले बनेको परिस्थिति, सेरोफेरो । त्यहाँको वातावरण उनीहरूका लागि अनकूल छ । आफू बसेको वरिपरिको हावापानी, प्राकृतिक परिवेश, भौतिक अवस्थिति, पृथ्वीको प्राकृतिक बनोटमा हुने पहाड, मैदान, हिमाल, नदी, तालतलैया, समुन्द्र आदिको प्राकृतिक स्थिति, पर्यावरण । वातावरण अनुसारको फलफूल लगाइयो । वातावरण सन्तुलन नभएकाले त्यहाँ बस्न सकिएन,परिस्थिति, अवस्था, प्रतिकूल वातावरणमा काम गर्न कठिन हुन्छ (प्रयोगात्मक नेपाली शब्दकोश, २०६१: ९०१) । परि (री) वेशः (पः) (परि+विश् (ष्) +घञ पक्षे उपसर्गस्य दीर्घः) भोजन के समय सेवा करना भोजन बाटन, भोजन परोसना, वृत्त, चक्र (दिप्ति) मण्डल -रघु ५।७४, ६। १३, शि. ५र५२, १७र९, (विशेषत) सूर्यमण्डल या चन्द्र मण्डल, लक्ष्यनस्म तदनन्तर र विवर्दभीम, परिवेषमण्डलःरघु ११र५९ प. वृत्त की परिधि, सूर्यविष, चन्द्रबिब, कोइवस्तु जो घेरती है रक्षा करती है (संस्कृत हिन्दी शब्दकोश, मिति ५९०) । परिवेश पु.(सं.) हल्की बदली मे. दिखाई देनेवाला । सूर्य वा चन्द्रमा के चारो ओर का घेरा । मण्डल । २ दे. 'प्रभा-मेंल' (प्रमाणिक हिन्दीकोश, २००६:७६३) ।

परिवेश शब्द नेपालीमा प्रयोग हुने शब्द हो । परिवेशलाई सङ्केत गर्ने अङ्ग्रेजी शब्द **एटमोस्फेयर सेटिङ, इन्भारमेन्ट** हुन् । परिवेश शब्दको पर्याय अङ्ग्रेजी शब्दहरू **एटमोस्फेयर, इन्भारमेन्ट, सेटिङ**को पनि आ-आफ्नै किसिमको अर्थ रहेको पाइन्छ ।

**एटमोस्फेयर**ले वातावरण, परिवेष्ठन, घेरा, अन्तरिक्ष, वातचक्र, वायुचक्र, वायुमण्डल, मानसिक वा नैतिक परिस्थिति, व्यक्ति, वात, वायु, हवा (वहु.) एक वर्ग इचपर १५ पौण्डक दवाव (जो कि वायुमण्डलके द्वारा धरतीपर होता है) भन्ने अर्थलाई बहन गरेको छ (बृहत अङ्ग्रेजी हिन्दीकोश, १९६०:७२-७३) ।

**इनभारमेन्ट** शब्दले 'पर्यावरण परिवेश,अडोस-पडोस, आसपास इर्दगिर्द, वातावरण, परिसर, परिस्थिति, वायुमण्डल, आसपासकी वस्तुएँ' भन्ने अर्थलाई प्रकट गर्दछ (बृहत अङ्ग्रेजी हिन्दीकोश, १९६०:४६२) ।

**सेटिङ**ले प्रदान गर्ने अर्थ भनेको घटना आदि क्रियागत अर्थोमे; योजना, स्थापना, संस्थापना ,व्यवस्थापन जडाव, जमाव, वैठाव (रंगमंच) दृश्यपट, अभिनयशैली, नाट्यपद्धति, रंगमंचकी सामग्री, वस्तु एवम साभूषण श्रृङ्गार आदि; (परिवर्तित) परिवेश, परिवेष्ठन सहायक वस्तुएँ या परिस्थितियाँ किसी वस्तुके आसपासकी सहायक रूप, रचना, परिस्थिति, पर्यावरण, वातावरण; (बृहत् अङ्ग्रेजी हिन्दीकोश, १९६०:१३०८-१३०९) ।

## २.३ परिवेश सम्बन्धी परिभाषाहरू

"समाजको एउटा निश्चित समय र ठाउँविशेषको चित्रण र विश्लेषण नै वातावरण हो, यसले उपन्यासलाई जीवन्त र सशक्त बनाउँछ" (थापा: २०३६:१४३-१४७) ।

"उपन्यासको विषय र घटना घट्ने स्थान कुनै अञ्चल, सहर वा गाउँ कुनै न कुनै हुन्छ । जहाँ रहेर पात्र-पात्राहरू काम गर्दछन् । त्यस्तो घटनाको समय वरिपरिको आन्तरिक वा बाह्य स्थिति यिनीहरूलाई देश, काल र वातावरण भनिन्छ" (न्यौपाने, २०३८, ८३-८४) ।

"वस्तुको भविता र समय स्थिति एवम् घटनाको विघटनका निम्ति चाहिने भाँडो परिवेश वा वातावरण हो । परिवेशले प्रासाङ्गिक वस्तु वा घटनालाई घेरेर बस्ने प्रत्येक तत्त्वलाई समेट्दछ" (नेपाल, १९८७ :५४) ।

"कुनै काम हुनको लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो" (सुवेदी, २०६४:२५) ।

"उपन्यास देश, काल र वातावरणमा केन्द्रित भएर लक्ष्योन्मुख हुन्छ वर्णित वस्तु वा चरित्र देशकालको वातावरणमा आवद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ , विश्वसनीयता दिन्छ" (प्रधान, २०६१:१०-११) ।

"कृतिमा देशकाल नै घटना र पात्रहरू क्रियाशील हुने आधार भएकाले यसमा आधारित भएर मात्रै पात्र र घटना स्वभाविक र जीवन्त बन्दछन् । आख्यानात्मक रचनामा यसको विधान जीवनका अनुरूप र अनुकूल हुनुपर्छ साथै सूक्ष्म, स्वभाविक र पत्यारिलो किसिमको चित्रण हुनु आवश्यक हुन्छ । देशकाल सामाजिक, राजनैतिक, ऐतिहासिक, जासूी, तिलस्मी आदि विभिन्न प्रकारको हुन्छ" (नेपाली साहित्यकोश, २०५५:३२५-३२७) ।

"कृतिको स्थान र समयलाई परिवेश भनिन्छ । परिवेश कृतिभित्रको भौतिक जगत् हो" (शर्मा, २०५५ : ६५१) ।

"उपन्यासमा कुनै देश वा स्थानको परिप्रेक्ष्यमा कुनै निश्चित कालखण्डको जीवनको चित्रण गरिएको हुन्छ । विषयको बोध हुनु उपन्यासकारको लागि जति आवश्यक छ उत्तिकै आवश्यक छ विषयलाई प्रस्तुत गर्ने काल र परिवेशको बोध" (उपाध्याय, २०३४:१५) ।

"देशकालको अर्थ कार्यव्यापारको समय एवम् ठाउँ हो र यस शब्दभित्र परिस्थिति, प्रथा, आचार, व्यवहार, जीवन तथा रहनसहनका साथै प्राकृतिक पृष्ठभूमि र परिवेश आदि आख्यानको समस्त पर्यावरण समाविष्ट छ" (हड्शन, डब्लू एच. १९९१) ।

"उपन्यासकारले उपन्यासमा कथावस्तु र चरित्रको संयोजन गर्दा खास समय, खास स्थान र खास परिस्थितिको निर्माण गर्दछन् । यसरी लेखकले आफ्नो अनुभवबाट प्राप्त स्थान समय र परिस्थितिलाई उपन्यासको कथानकमा प्रयोग गर्ने कार्य परिवेश हो" (डियानी, १९९०:४२) ।

"आख्यानात्मकतासित सम्बद्ध काल र स्थान विशेष परिवेश हो" (रोजनहाइम १९६४:८७) ।

परिवेश सम्बन्धी माथि उल्लेखित पूर्वीय र पाश्चात्य साहित्यमा प्रचलित परिभाषाहरूलाई दृष्टिगत गर्दा परिवेशलाई यसप्रकार परिभाषित गर्न सकिन्छ-

परिवेश भनेको स्थान, काल र वातावरण हो । स्थानले औपन्यासिक घटना घटित हुने ठाउँलाई बुझाउँछ, कालले घटना घट्दाको समय वा बेलालाई बुझाउँछ र वातावरणले त्यो समयको औपन्यासिक घटना घटित भएको ठाउँको सामाजिक, सांस्कृतिक वातावरण,

रीतिरिवाज, चालचलन, रहनसहन, आर्थिक, धार्मिक पक्षका साथै औपन्यासिक पात्रको मानसिक अवस्थालाई बुझाउँछ ।

## २.४ औपन्यासिक तत्त्वका रूपमा परिवेश

केशवप्रसाद उपाध्यायले उपन्यासका तत्त्वहरू भनी कथावस्तु,चरित्र, उद्देश्य, कथोपकथन,देश, काल र वातावरण, शैलीलाई बताएका छन् ।

कथावस्तु, पात्र, उद्देश्य, संवाद, वातावरण र शैलीलाई हिमांशु थापाले उपन्यासका तत्त्वहरू भनी उल्लेख गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, उद्देश्य, कथोपकथन, वातावरण र भाषालाई उपन्यासका तत्त्वको रूपमा उल्लेख गरेका छन् ।

कथानक वा कथावस्तु, पात्र वा चरित्र उद्देश्य, संवाद, वातावरण र भाषाशैली नै उपन्यासका प्रमुख तत्त्वहरू हुन् भन्ने धारणा प्रतापचन्द्र प्रधानले प्रस्तुत गरेका छन् ।

राजेन्द्र सुवेदीले वस्तु, चरित्र, उद्देश्य, कथोपकथन, परिवेश र भाषाशैलीलाई उपन्यासका तत्त्व हुन भनेका छन् ।

कथानक, चरित्र वा चरित्रचित्रण, सारवस्तु, कथोपकथन, पर्यावरण र भाषालाई उपन्यासका तत्त्वहरू मान्ने दुई विद्वान्हरूमा कृष्णहरि बराल र नेत्र एटम रहेका छन् ।

उपन्यासका तत्त्वहरूलाई किटान गर्दा विद्वान्हरूले आ-आफ्ना धारणालाई प्रस्तुत गर्ने क्रममा मोहनराज शर्माले पनि उपन्यासका तत्त्वका रूपमा विषय, कथानक, पात्र, परिवेश, भाषा, शैली, उद्देश्य, दृष्टिविन्दु, संवाद र द्वन्द्व नै उपन्यासका तत्त्वहरू हुन भन्ने आफ्नो मतलाई अगाडि सारेका छन् ।

कथावस्तु, चरित्रचित्रण, संवाद, देश, काल र वातावरण, शैली, उद्देश्य वा जीवन दर्शन नै उपन्यासका प्रमुख तत्त्वहरू हुन् भन्ने धारणा टङ्कप्रसाद न्यौपानेको छ ।

औपन्यासिक तत्त्वहरू सम्बन्धी माथि उल्लिखित विभिन्न विद्वान्हरूका धारणाहरूलाई दृष्टिगत गर्दा परिवेशलाई कसैले पनि छुटाएको पाइँदैन । परिवेश शब्दको नै प्रयोग नगरे पनि परिवेशको पर्यार्यवाची शब्दका रूपमा वातावरण, पर्यावरण र देश काल अनि वातावरणको प्रयोग गरेका छन् । यसप्रकार परिवेश औपन्यासिक तत्त्वहरू मध्येको एक अनिवार्य तत्त्व हो र यसको उपस्थिति उपन्यासमा रचनाका क्रममा हुनुपर्दछ ।

परिवेश उपन्यासको एक महत्त्वपूर्ण र आवश्यक तत्त्व हो । औपन्यासिक तत्त्व परिवेशको पूर्ण जानकारी विना उपन्यासका अन्य तत्त्वहरू चरित्र, संवादको प्रयोग पनि सफल हुन सक्दैन (न्यौपाने, २०३८:२९२) । समाजको एउटा निश्चित समय र ठाउँ विशेषको चित्रण र विश्लेषण नै वातावरण हो (थापा, २०३६: १४३-१४७) । औपन्यासिक संरचना प्रक्रियामा वातावरण भन्नाले उपन्यासका आन्तरिक तथा बाह्य समयावधिमा प्रवाहित औपन्यासिक कार्यव्यापारसँग सम्बन्धित विशेष देश, काल, परिस्थिति अथवा कुनै समाज, जाति वा वर्गको आचार, विचार, सभ्यता, एवम् संस्कृति साथै सामाजिक, सांस्कृतिक, राजनैतिक, ऐतिहासिक आदि परिवेशको चित्रणलाई बुझिन्छ (प्रधान, २०४०:८३-८६) वास्तवमा वास्तविक जीवन जगत् अथवा यथार्थ देश, काल तथा

परिस्थितिको विषद् चित्रणले नै औपन्यासिक कथावस्तुलाई स्वभाविक र विश्वसनीय बनाउँछ अनि चरित्रचित्रण कलामा पनि सजीवता ल्याउँछ । औपन्यासिक वातावरणको प्रयोग समयानुकूल घटना वा विषयका आधारमा हुनु श्रेयस्कर देखिन्छ । प्राचीन परम्परामा पात्र चयन वातावरण निरपेक्ष हुन्थ्यो भने आधुनिक सन्दर्भमा चाहिँ वातावरण सापेक्ष नै घटना वा पात्र चित्रित हुन थालेको पाइन्छ । देश, कालको वातावरण विना उपन्यासकारले कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न सक्दैन (प्रधान, २०६१:१०-११) । परिवेशको ढाँचाकाचा स्थानीय किसिमको हुन्छ । समाज, संस्कार र सभ्यता कार्यपीठिका र पात्रको निकट नेपथ्यमा निहित हुन्छ । वातावरणलाई बाह्य र आन्तरिक पक्षका दृष्टिले विभाजन गर्न सकिन्छ । बाह्य पक्षलाई भौतिक पक्षको संज्ञा दिन सकिन्छ । यस अन्तर्गत समाज चित्रण र प्रकृति चित्रणलाई राख्न सकिन्छ । वातावरणको आन्तरिक पक्ष चाहिँ उपन्यासमा प्रस्तुत गरिएको मानसिकता हो । आन्तरिक पक्षमा पात्रको मानसिकता, यसको सुन्दरता र हार्दिकता अभिव्यक्त हुन्छ ।

परिवेशले उपन्यासको यात्रालाई गति दिने कार्य गर्नका साथै उपन्यासलई विश्वसनीयता प्रदान गर्दछ । यदि कथानक देशकाल अनुरूप भयो भने मात्र कृति वास्तविक र पत्यारिलो हुन्छ । उपन्यास जुन समय, स्थान र वातावरणसँग सम्बद्ध रहेको छ । परिवेश पनि त्यही अनुकूल चित्रण हुनुपर्दछ । (खनाल, २०६६:२०) औपन्यासिक एक महत्त्वपूर्ण तत्त्व परिवेशको सफल प्रयोगविना उपन्यासकारले औपन्यासिक सफलता हासिल गर्न गाह्रो पर्दछ । उपन्यास देश, काल र वातावरणमा केन्द्रित भएर लक्ष्योन्मुख हुन्छ (प्रधान, २०६१: १०-११)। कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल कार्यपीठिका हो, त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो (सुवेदी, २०६४:२५)। औपन्यासिक कार्य गर्न उपयुक्त मानिएको स्थलमा कार्यव्यापार सम्पन्न गर्नै काम पात्रले गर्दछ । कुनै पनि पात्र र त्यहाँका आन्तरिक तथा बाह्य अनुकूल र प्रतिकूल स्थितिहरू नजानेसम्म चरित्रलाई ठीक दिशामा पनि चालित गर्न गाह्रो हुन्छ । पात्रको आन्तरिक स्थिति भन्नाले पात्रको मानसिक उथुलपुथुल र अचेतन कारणहरूलाई लिइएको छ । जसको माध्यमबाट उनीहरू कार्यपथमा अग्रसर रहन्छन् (न्यौपाने, २०३८: २९२) । बाह्य स्थिति अन्तर्गत उक्त पात्रले कार्यव्यापार सञ्चालन गर्ने क्रममा ऊ रहेको समाजको रीतिरिवाज, चालचलन, संस्कृति, रहनसहन जस्ता कुराहरू पर्दछन् । उपन्यासमा कथानक हुन्छ र त्यसलाई सम्पादन गर्ने चरित्रहरू पनि हुन्छन् । ती चरित्रले कार्य सम्पादन गर्दा त्यहाँको स्थान, समय र परिस्थितिले पनि भूमिका खेलेको हुन्छ । त्यही स्थान, समय र परिस्थितिलाई देश, काल र वातावरण भनिन्छ । परिवेश कथानकका लागि आधारभूमि हो भने यस अन्तर्गत जीवनका कथा रहनसहन, रीतिरिवाज, सांस्कृतिक पक्ष, धार्मिक पक्ष भूगोल इतिहास र समायको सम्बन्ध पर्दछन् (जेठ, १९६५) उपन्यासमा रहने कथानक, पात्र र परिवेशका बीच प्रत्येक्ष सम्बन्ध रहेको हुन्छ । उपन्यासमा कथावस्तुलाई प्रस्तुतीकरण गर्दा परिवेश सुहाउँदो किसिमले गर्नुपर्दछ । पात्रले औपन्यासिक कार्यव्यापार सञ्चालन गर्दा प्रयोग गर्ने भाषाशैली, संवाद जस्ता कुरामा पनि परिवेशसँग अन्विति हुने खालको प्रस्तुति हुनु आवश्यक हुन्छ । परिवेशको कथानक र

पात्रसँग प्रत्यक्ष सम्बन्ध रहे तापनि अन्य औपन्यासिक तत्त्वहरूसँग पनि यो निरपेक्ष भइ रहन सक्दैन । त्यसैले परिवेशको उपन्यास रचनामा अहम् भूमिका रहेको पाइन्छ ।

## २.५ निष्कर्ष

परिवेश उपन्यासको अनिवार्य तत्त्व हो । परिवेशको पर्यायका रूपमा वातावरण, पर्यावरण, देशकाल, जस्ता शब्दको प्रयोग गरिएको पाइन्छ । अन्य सन्दर्भमा यी शब्दहरूले छुट्टाछुट्टै अर्थ प्रदान गरे तापनि औपन्यासिक तत्त्वका सन्दर्भमा कुरा गर्दा एउटै अर्थ प्रदान गर्ने पर्यायवाची शब्दका रूपमा आएका पाइन्छन् । विभिन्न विद्वान्हरूले उपन्यासका तत्त्वहरूलाई किटान गरी उल्लेख गर्दा कसैले वातावरण, कसैले पर्यावरण त कसैले परिवेश भनी उल्लेख गरेबाट पनि परिवेश, पर्यावरण र वातावरण शब्द पर्यायवाची शब्द हुन भन्ने कुरा प्रष्ट हुन्छ । उपन्यासको एक तत्त्व विशेषलाई जनाउनका लागि नेपाली साहित्यमा यी शब्दहरू प्रचलित छन् भने पाश्चात्य साहित्यमा परिवेश, वातावरण, पर्यावरण जस्ता शब्दलाई जनाउनका लागि **एटमोस्फेयर, इन्भारमेन्ट, सेटिङ्ग** जस्ता शब्दहरूको प्रयोग गरिन्छ । परिवेशले औपन्यासिक कार्यव्यापारलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्ने पात्रले प्रयोग गरेको मुख्य कार्यथलो, समय, वातावरण वा परिस्थितिलाई बुझाउँछ । परिवेशको रूपमा आउने वातावरण वा परिस्थिति आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । आन्तरिक परिस्थितिले उपन्यासमा प्रस्तुत गरिएको मानिसकतालाई बुझाउँछ । आन्तरिक परिस्थितिमा पात्रको मानसिकता, यसको सुन्दरता र हार्दिकता अभिव्यक्त हुन्छ भने बाह्य परिस्थितिलाई भौतिक पक्षको संज्ञा दिन सकिन्छ । उपन्यासमा प्रयोग हुने सामाजिक र प्राकृतिक पक्ष वातावरणको बाह्य परिस्थिति वा बाह्य वातावरण हो । उपन्यासमा प्रयोग हुने सामाजिक पक्षमा समाजमा प्रचलित रीतिरिवाज, चालचलन, संस्कति, भेषभूषा, रहनसहन, भाषाशैली जस्ता समाजलाई एक निश्चित सीमाभित्र बाध्ने सबै कुराहरू पर्दछन् । प्राकृतिक चित्रणमा मानसिकता अनुसारको प्राकृतिक सुन्दरताको र रौद्रपक्षको चित्रणका साथै इन्द्रीय ग्राह्य प्राकृतिक चित्रण पर्दछ ।

# तेस्रो परिच्छेद

# ध.च.गोतामेको परिचय, साहित्ययात्रा र औपन्यासिक प्रवृत्ति

## ३.१ विषयपरिचय

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यास पनि चर्चित विधा हो । साहित्यको क्षेत्रमा उपन्यासको विकास समयक्रमसँगै विस्तारै अगाडि बढिरहेको पाइन्छ । उपन्यासको विकासलाई अगाडि बढाउनका लागि विभिन्न उपन्यासकारका उपन्यासहरूले योगदान दिएका छन् । जसमध्ये ध.च. गोतामेको **यहाँदेखि त्यहाँसम्म** उपन्यास पनि एक हो । प्रस्तुत शोधपत्र गोतामेको **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशविधानमा गरिएको छ । उपन्यासकारको उपन्यासको सन्दर्भमा चर्चा गर्नु अगाडि उपन्यासकारको जीवनी र परिचयको जानकारी लिनु सान्दर्भिक हुन्छ । उपन्यासकार मात्र नभएर साहित्यकारकै कुरा गर्दा पनि उनीहरू आफ्नो जीवनमा घट्ने विविध घटनाहरूबाट प्रभावित भएका हुन्छन् । साहित्यकारले कुन कुराको प्रभावको कारण साहित्यिक कृतिको रचना गरेको हो सो जानकारी साहित्यिक कृतिको अध्ययन गर्नु अगाडि थाहा पाउनु आवश्यक हुन्छ । त्यसकारण यस परिच्छेदमा उपन्यासकार ध.च. गोतामेको जीवनी, परिचय, साहित्ययात्रा र औपन्यासिक प्रवृत्तिको अध्ययन गरिएको छ ।

## ३.२ ध.च. गोतामेको परिचय

ध.च. गोतामे माता दीपवती देवी र पिता गोविन्दचन्द्र गौतमको जेठा पुत्र हुन् उनको जन्म वि.सं १९८९ पौष ८ गते वृहस्पतिबारका दिन भएको हो (गौतम, २०५०:१७) । उनको न्वारनको नाम **चोपचन्द्र** भए तापनि पछि बोलचालमा उनलाई सबैले **धनचन्द्र** भनी बोलाउने गर्दथे । स्कुलमा पुगेपछि हेडमास्टर निकुन्त झाले उनको नाम **धुनषचन्द्र** गौतम राखिदिए (भट्टराई, २०६४:१४३) । महोत्तरी जिल्लाको मनराकट्टीमा जन्मिएका उनी साहित्यका क्षेत्रमा ध.च. गोतामेका नामले चिनिन्छन् । अन्य क्षेत्रमा उनी धनुषचन्द्र गौतमकै रूपमा परिचित छन् । जेठा पुत्रका रूपमा जन्मिएका गोतामेका चार भाइहरू र दुई बहिनीहरू रहेका छन् । उनका सबै भाइहरूमा साहित्यिक सक्रियता देखिए तापनि आख्यानका क्षेत्रमा निकै चुलीमा पुग्न सफल भएका छन् । उनका साहिँला भाइ ध्रुवचन्द्र गौतम । गोतामेका बाजेको नाम छविलाल उपाध्याय थियो । चन्द्रशमशेरको आगमनसँगै देवशमशेरलाई सर्वस्वहरणसहित पदच्यूत गर्ने क्रममा देवशमशेरकै पूजाकोठे छविलाल उपाध्यायलाई पनि त्यसको असर पऱ्यो जसले गर्दा उपाध्यायको परिवारलाई आर्थिक अप्ठ्यारोपन देखापर्न थाल्यो । केही समयको गुजारापछि देवशमशेरकै एक छोरा तोत्रशमशेरले वि.सं १९८२ मा महोत्तरीको मनरा विर्तामा लप्टन पदमा गोतामेका बाजे छविलाल उपाध्यालाई नियुक्त गराइदिए (गोतामे, २०६२:९) । साहित्यकार ध.च. गोतामेको जन्म बाजे मनरा विर्तामा लप्टन पदमा रहँदाकै बखत भएको थियो । बाजेको लप्टन पद पनि धेरै समयसम्म टिक्न सकेन । लप्टन पदबाट खोसिएका गोतामेका बाजेलाई दमको व्यथाले समात्न पुग्यो । त्यसपछि बाजेको उपचारका लागि ध.च.गोतामेको परिवार रक्सौलतर्फ लाग्यो (गोतामे, २०६२:२१-२९) ।

बाजेको उपचारका लागि भारतको रक्सौल पुगेको ध.च. गोतामेको परिवारले केही समय रक्सौलमा नै व्यतीत गऱ्यो । यो बखत ध.च. गोतामे बालक नै थिए । केही वचत गरिएको रकम बाजेको उपचारकै लागि खर्च भएपछि उनको परिवारलाई बिहान बेलुका छाक टार्ने समस्या देखापऱ्यो । आर्थिक कठिनाइका कारण ध.च. को बाल्यकाल पनि त्यति सहजताका साथ व्यतीत भएको पाइँदैन ।

बाल्यकालीन समय रक्सौलमा नै व्यतीत गरेका गातोमेले प्रारम्भिक तहको शिक्षा गान्धी स्कुलबाट सुरु गरेका हुन् । कक्षा आठसम्मको शिक्षा यही स्कुलबाट नै हासिल गरेका गोतामेले एस.एल.सी. चाहिँ द्वितीय श्रेणीमा भारतको मोतीहारी स्कुलबाट उत्तीर्ण गरेका हुन् । आफ्नो जीवनमा आइपरेका अनेक मोडहरूलाई पार गर्दै गोतामेले स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका छन् (भट्टराई, २०६४: ९-१०) ।

भारतको रक्सौलमा केही समय बसोबास गर्दै आएको गोतामेको परिवार बाजे छविलाल उपाध्यायको मृत्यु पश्चात् २००१ सालतिर वीरगन्ज आइपुग्यो । वीरगन्ज आएको केही समयपछि वि.सं २००५ तिर ध.च. गोतामेको विराटनगर निवासी शान्तादेवीसँग विवाह भयो । शान्तादेवी हँसमुख, उज्याली र रमाइलो कुरा गर्ने खालकी थिइन् (गौतम, २०५०:६०-६१) । गोतामेको विवाह भएको दुई वर्षको हाराहारीमा उनकी आमा दीपवती देवीको म्यादी ज्वरोका कारण मृत्यु हुन पुग्यो । दीपवतीको मृत्युपछि उनका बाबुले दोस्री पत्नीका रूपमा निर्मलादेवीलाई भित्र्याउनुभयो (गौतम, २०५०: ११८-१२३) । आफ्नी आमाको मृत्यु र सौतेनी आमाको आगमनपछि केही समय घरमै बसे पनि पछि ध.च. गोतामेको परिवार काठमाडौंतर्फ लाग्यो ।

वि.सं २०१० मा काठमाडौं आएका गोतामेका एक छोरा र दुई छोरी छन् । काठमाडौं भित्रिँदाको सुरु सुरुका दिनहरूमा ध.च. गोतामेलाई जीवनयापनका लागि केही व्यवधान आइपरेकाले ट्युसन पढाउन थाले साथसाथै कन्या मन्दिरको शिक्षक भएर शिक्षण पेसामा समेत सहभागी भए । यी कार्यबाट पनि आर्थिक सहजता कायम हुन नसक्दा अन्य समाधानको बाटो गोतामे खोजिरहेका थिए । वि.सं २०१२ देखि वि.सं. २०१६ सालसम्म विभिन्न पत्रपत्रिकामा संलग्न रहेर पनि कार्य गरे साथै **नयाँ समाज** र **फिलिङ्गो** पत्रिकामा पनि कार्य गरेको पाइन्छ (भट्टराई, २०६४:१२-१३) । वीरगन्जबाट काठमाडौं लागेपछि आर्थिक समस्यालाई समाधान गर्नका लागि कहिले शिक्षक, कहिले पत्रकार भई जीवनयापन गरेका गोतामेलाई जागिर खाने अवसर वि.सं २०१६ सालमा मात्र जुऱ्यो (भट्टराइ, २०६४, १३) । विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री रहेका बेला गृहमन्त्री रहेका सूर्यप्रसाद उपाध्यायले विश्वेश्वरप्रसादको सल्लाह अनुसार रेडियो नेपालको **झङ्कार** पत्रिकाको सम्पादक **ग्याजेटेड अफिसर** पदमा ध.च. गोतामेलाई नियुक्त गरिदिए (भट्टराई, २०६४: १४३) । यो नै उनको पहिलो सरकारी जागिर थियो । शाखा अधिकृतको पदबाट जागिर शुभारम्भ गरेका गोतामेले कहिले योजना आयोगमा रही कार्य गरेको पाइन्छ भने कहिले सूचना विभागको निर्देशकका रूपमा समेत कार्य गरेका थिए । त्यसैगरी वि.सं २०४५ सालदेखि राष्ट्रिय योजना आयोगअन्तर्गत आधारभूत आवश्यकता अनुगमन समितिको कार्यालयमा सहसचिव भएर

कार्य गरे । जागिरबाट अवकाश पाएपछि भने उनले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य सचिव रहेर साढे तीन वर्ष जति कार्य गरे ।

साहित्यिक कृतिको स्तरीयताका कारण गोतामे अनेक साहित्यिक मान सम्मानको पगरी गुथ्न सफल भएका छन् । गोतामेले रचना गरी सार्वजनिक प्रकाशनमा ल्याएको पहिलो उपन्यास **घामका पाइलाहरू** मार्फत वि.सं २०३५ मा मदन पुरस्कार र साझा पुरस्कार प्राप्त गर्न सफल भएका छन् । त्यसैगरी दोस्रो उपन्यास **यहाँदेखि त्यहाँसम्म**बाट पनि वि.सं २०४२ मा साझा पुरस्कार प्राप्त गर्न सफल भएका छन् । साहित्य सिर्जना मार्फत गोतामेले मदन पुरस्कार र साझा पुरस्कार प्राप्त गर्न सफल भए भने यी बाहेक उनले जागिरको सिलसिलामा पनि विभिन्न पदक तथा पुरस्कार पनि पाएका छन् । सूचना विभागको निर्देशकमा रहेर कार्य गरेवापत बकिंधम प्यालेसबाट रानी भिक्टोरियाद्वारा प्रदान हुने **भिक्टोरियन मेडल** मार्फत वि. सं. २०४२ मा विभूषित भएका थिए । त्यसैगरी उनले वि.सं. २०४४ मा गोरखा दक्षिणबाहु चौथा र सार्क पदक समेत प्राप्त गरेका थिए ।

ध.च. गोतामेको राजनीतिक प्रसङ्गलाई कोट्याउँदा उनले व्यक्तिगत जीवनमा त राजनीति गरेको पाइन्छ तर लेखनमा भने राजनीतिलाई जोडजाड गर्ने कामबाट पन्छिए । प्रजातन्त्रप्रति सद्भावना राख्ने ध.च. लाई प्रजातन्त्रका सेनानीको रूपमा सम्मान पनि गरेको पाइन्छ । साहित्यले राजनीतिको छहारी त पायो होला तर प्रसङ्गवश मात्र भनी उनले साहित्यमा राजनीतिलाई जोड्न नखोजेको कुरा सीमान्त आकाश, स्रष्टासितको अन्तर्यात्रामा बताएका छन् । व्यक्तिगत जीवनको राजनीतिक पाटोलाई नियाल्दा उनले भारतको गान्धी स्कुलबाट नै राजनीतिक प्रभावलाई ग्रहण गरेको पाइन्छ । कहिले काँग्रेस त कहिले कम्युनिस्टको रूपमा सक्रिय रहेको गोतामेमा राजनैतिक स्थिरताको कमी रहेको थियो ।

गोतामेका बाबु पत्रपत्रिका अध्ययनमा निकै रुचि राख्दथे । **माया, मनोहर कहाँनिया** जस्ता उनका बाबुले पढ्ने पत्रपत्रिकाहरूमा रहेका कथाहरू पढनमा ध.च. गोतामे निकै आकर्षित हुन्थे र पढ्ने गर्दथे । यसप्रकार उनी बाबुबाट साहित्य रचनामा अभिप्रेरित भएको पाइन्छ । वनवारी पुस्तकालयका पुस्तकालयाध्यक्ष निकुन्त झा गोतामेले प्रारम्भिक कक्षामा अध्ययन गर्दा उनका प्रधानाध्यापक पनि थिए । निकुन्त झाले नै उनलाई वनबारी पुस्तकालयका रखबारेका रूपमा राखेका थिए । निकुन्त झाले उनलाई समय समयमा साहित्यिक हौसला पनि प्रदान गर्दथे । उनकै सहपाठी श्यामप्रसाद शर्माबाट पनि उनले साहित्यिक प्रेरणा प्राप्त गरेका थिए । ध.च. गोतामेले श्यामप्रसाद शर्मासँगसँगै बसी दुबैजना मिली साहित्यिक पुस्तक तथा पत्रपत्रिकाहरू पढ्ने गर्दथे । श्यामप्रसाद शर्मासँगको संसर्गले गोतमेलाई लेखन कार्यतर्फ आकर्षित गऱ्यो । रचना लेख्न प्रोत्साहित गर्ने तथा लेखिएका रचनाहरूलाई प्रकाशित गरिदिने कार्यमा समेत गोतामेले श्यामप्रसाद शर्माबाट प्रेरणा प्राप्त गरे । गोतामेको बाल्यकालीन तथा किशोरावस्था त्यति सहजताका साथ बितेको थिएन । बाजेको सर्वस्वहरणसँगै देखापरेको पारिवारिक सङ्कट साथै बाजेको मृत्यु,अनि आफ्नै आमाको मृत्युपछि सामना गर्नुपरेको सौतेनी आमाको व्यवहार, आफ्नी आमाको मृत्युपछि आफूले आफ्ना साना भाइबहिनीप्रति देखाउनुपर्ने दायित्वबोध, आफ्नो भावुक मनोवृत्तिका कारण

बाबुले भनेको कुनै पनि कुराको प्रतिवाद गर्न नसक्ने दमित मनोकाङ्क्षा जस्ता घरायसी कारणहरूले गर्दा पनि उनी साहित्यरचनातर्फ अभिप्रेरित हुनपुगे ।

घरायसी वातावरण, आफ्नै सहपाठी साथी अनि प्रधानाध्यापकबाट साहित्यिक प्रेरणा प्राप्त गर्ने गोतामे स्वदेशी तथा विदेशी साहित्यकारहरूबाट समेत प्रभावित बनेको पाइन्छ । बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, पारिजात, विश्वेश्वरप्रसाद कोइराला जस्ता स्वदेशी साहित्यिक व्यक्तित्वहरू उनका साहित्य सिर्जनाका प्रेरणाका स्रोत हुन भने विदेशी साहित्यकारहरूमा हिन्दी,बङ्गाली तथा रुसका साहित्यिक व्यक्तित्वहरूबाट प्रभाव ग्रहण गरी गोतामेले आफ्नो साहित्यिक लेखनलाई अगाडि बढाएको पाइन्छ (भट्टराई, २०६४:१७-१९) ।

**३.३. ध.च. गोतामेको साहित्ययात्रा**

रक्सौलमै रहेको वनवारी पुस्तकालयको रखबारे रहँदादेखि पढनतर्फ आकर्षित गोतामेको सार्वजनिक प्रकाशनमा आएको पहिलो साहित्यिक कृति २००८ सालमा **सेवा** पत्रिकामा प्रकाशित  **च्यातिएको पर्दा** नामक कथा हो । ओ हेनरीबाट प्रभावित यो कथामा घरको पर्दा काटेर बच्चालाई फ्रक सिलाइदिएको प्रसङ्ग रहेको छ । यो कथा श्यामप्रसाद शर्माले छापिदिएका छन् (एटम, २०६२:२७) । पाटीमा गएको, पोलिटिक्स गरेको, सरकारी जागिर खाएको, पत्रकार भएको यी सबैले लेखनतर्फ निर्देशित भएको बताउने गोतामेको लेखनको मूल ध्येय नै मानवतावादी हो (समकालीन साहित्य,वर्ष १२, अङ्क २, पूर्णाङ्क १२) ।

उपन्यास, निबन्ध, कविता तथा समालोचना जस्ता साहित्यिक विधामा कलम चलाएका ध.च. का प्रकाशित साहित्यिक कृतिहरूमा :

उपन्यासः **घामका पाइलाहरू** २०३५ , **यहाँदेखि त्यहाँसम्म** २०४२

निबन्ध : **कालान्तर** २०५३, **संज्ञा सर्वनाम** २०५४, **सम्झनाका गल्छेडाहरू** २०५५, **आरोह अवरोह** २०६२

नेपाली साहित्यका विभिन्न विधाहरू; उपन्यास, निबन्ध, समालोचना, कवितामा कलम चलाए तापनि उनको साहित्यिक उर्वर विधा चाहिँ उपन्यास नै हो । ४६ वर्षको उमेरमा लेखेको **घामका पाइलाहरू** र ५२ वर्षको उमेरमा आई लेखिएको **यहाँदेखि त्यहाँसम्म** उपन्यासलाई हेर्दा ध.च. ले गरेको साहित्यसिर्जना भनेको बुढेसकालमा जन्मेको सन्तान जस्तै हो (भट्टराई, २०६२:१४४) । उनका प्रकाशित दुई उपन्यासहरूमध्ये पहिलो उपन्यास **घामका पाइलाहरू**ले मदनपुरस्कार र साझा पुरुस्कार प्राप्त गर्न सफल भएको छ भने दोस्रो उपन्यासको रूपमा **यहाँदेखि त्यहाँसम्म** उपन्यास रहेको छ (भट्टराई,२०६४:२१-२२)। साझा पुरस्कार र मदन पुरस्कारबाट पुरस्कृत गोतामेका उपन्यास वीरगन्ज भेगकै आन्तरिक वस्तुस्थितिको चित्रण र विश्लेषणमा सफल छन् । ऐतिहासिक, सामाजिक र सांस्कृतिक तीनै प्रकारका विषयवस्तु अँगालेर सुक्तिमय अभिव्यक्ति दिने उनको सीप प्रभावकारी देखिन्छ । थोरै कृति दिएर पनि ठूलो नाम र प्रतिष्ठा पाउने साहित्यकारको पङ्क्तिमा गौतमको पनि आफ्नै स्थान छ (नेपाली साहित्यकार परिचयकोश, २०५०:२३०) । जाति, परम्पराको साँघुरो घेराबाट राष्ट्र अगाडि बढ्न सक्दैन सबैको सामूहिक प्रयास हुनुपर्छ भन्ने धारणा यिनका

उपन्यासहरूमा चित्रण गरिएको पाइन्छ (सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय, २०५४:२९८)।

विद्यालयीय जीवनबाट नै सुरु भएको गोतामेको साहित्यिक व्यक्तित्व उनको जीवनको उत्तरार्द्धसम्म मदन पुरस्कार र साझा पुरस्कारबाट सम्मानित हुन पुग्यो। कविता, कथा निबन्ध र समालोचना जस्ता साहित्यिक विधाहरूमा कलम चलाएका गोतामेको सार्वजनिक प्रकाशनमा आएको पहिलो साहित्यक विधा आख्यान अन्तर्गतको कथा हो ( सीमान्त आकाशः स्रष्टासीतको अर्न्तयात्रा, २०६२: ७३)।

कथाको माध्यमबाट साहित्यिक यात्राको थालनी गरेका गोतामेको कथाकारिता क्षेत्र त्यति मौलाउन नसके तापनि **च्यातिएको पर्दा, कहानीको प्लट, अँध्यारोमा हराएको छाँया,** आदि कथाहरू प्रकाशित भएका छन्। यी कथाहरूमा आर्थिक विपन्नताले निम्त्याएको गरिबी र त्यसको मारमा परेका जनताको कारुणिक अस्थाको चित्रण पाइन्छ (भट्टराई, २०६४: २१)।

**वसन्त वन्दना, शुभकामना,सूर्यस्थान,** आदि गद्य कविताहरू प्रकाशनमा ल्याएका ध.च. गोतामेका यी कविताहरूलाई हेर्दा देवकोटा र रिमालद्वारा प्रतिपादित स्वच्छन्दतावादी भावधाराको प्रवृत्तिलाई आत्मसात् गरेका छन् (भट्टराई, २०६४:२१)।

वि.सं २०१६ बाट सुरुवात भएको गोतामेको निबन्धकारिताले पनि साहित्यको क्षेत्रलाई विस्तार गर्नमा केही सहयोग पुऱ्याएको पाइन्छ। **एक संस्करण** उनको वि. सं. २०१६ सालमा प्रकाशित पहिलो निबन्ध हो। त्यसपछि **प्रसारण कलाको जन्म र विकास शून्य आँगनका उदास आकृतिहरू, तुरिपुलको अग्लो बुर्जा, मुनि, साँघुरी वैयक्तिक चिन्तनप्रति, मल्लकालको कला कौशल र साहित्य, गफ एक परिचर्चा, भान्सा गर्नु भो ?, जुत्ता, दोसाँधको सहर, दाँत, डायरी एक पर्यटकको, वीरहरूको सम्झना, वर्षात,** आदि लेख तथा निबन्धहरू प्रकाशित भएका छन्। यसबाहेक गोतामेको **गाँसिएको सम्झना, रेडियो र म, बुढी गाइड,** आदि संस्मरणात्मक निबन्धहरू पनि गोरखापत्रका शनिवारीय परिशिष्टाङ्कहरूमा प्रकाशित भएका छन्। हास्यव्यङ्ग्यात्मक निबन्धकारका रूपमा परिचित गोतामेले निबन्धको रचनामा हास्यव्यङ्ग्यको प्रयोगद्वारा समाजका विसङ्गतिलाई प्रष्ट्याउने प्रयास गरेका छन् (भट्टराई, २०६४:१०)।

ध.च. गोतामले समालोचनाको क्षेत्रमा समेत कलम चलाएका छन् **हास्यकदम्ब, नेपाली भाषाको पहिलो नाटक, नयाँ मूल्यको खोजमा आधुनिक नेपाली कविता, प्रगतिशील साहित्यको समस्या,** आदि समालोचनात्मक लेखहरू प्रकाशित छन्। थोरै आलोचनात्मक लखेहरू प्रकाशित गरेता पनि ती गम्भीर र तर्कपूर्ण रहेको पाइन्छ (भट्टराई, २०६४:२१)।

नेपाली साहित्यका एक उज्ज्वल नक्षत्रका रूपमा रहेका ध.च. गोतामेले कविता, कथा, निबन्ध, समालोचना र उपन्यास जस्ता विधाहरूमा कलम चलाए तापनि उपन्यासका माध्यमबाट नै उनी साहित्यिक चर्चाको चुलीमा पुगेका हुन्।

### ३.४ उपन्यासकार ध.च. गोतामेको औपन्यासिक प्रवृत्ति

वि.सं २००६ मा **सेवा** नामक पत्रिकामा प्रकाशित **च्यातिएएको पर्दा** कथा नै उनको सर्वाजनिक प्रकाशनमा आएको पहिलो साहित्यिक रचना हो। कथाको माध्यमबाट

साहित्यसिर्जनातर्फ लागेका गोतामेको उर्वर विधा चाहिँ उपन्यास हो । ख्याति प्राप्त विधाको रूपमा उपन्यास देखापरे तापनि यात्रासंस्मरणात्मक निबन्ध, कविता जस्ता साहित्यिक विधाहरूमा समेत गोतामेले कलम चलाएको पाइन्छ । गोतामेका जम्मा दुईवटा उपन्यास मात्र सार्वजनिक प्रकाशनमा आएका छन् । उक्त उपन्यासहरू पनि जीवनको उत्तरार्द्धमा मात्र गोतामेले रचना गरेका थिए । ४६ वर्षको उमेरमा पहिलो उपन्यास **घामका पाइलाहरू**को रचना गरेका थिए भने ५२ वर्षको उमेरमा आएर **यहाँदेखि त्यहाँसम्म** उपन्यासको रचना गरेका थिए । उपन्यास लेखन कार्यको थालनी गरेको सातवर्षभित्रमा उनले नेपाली साहित्यको औपन्यासिक फाँटमा दुई-दुईवटा उपन्यास टक्रयाउन सफल बने । यी दुई उपन्यासमध्ये **घामका पाइलाहरू** नामक पहिलो उपन्यासले साझा तथा मदन पुरस्कार प्राप्त गर्न सफल भयो भने **यहाँदेखि त्यहाँसम्म**ले साझा पुरस्कार मात्र प्राप्त गर्न सफल बन्यो । ध.च. गोतामे नेपाली साहित्यमा चर्चित एवम् स्थापित उपन्यासकार हुन् । कुनै पनि पुस्तक पढिसकेपछि त्यसलाई थपक्क भूइँमा राखी टाउँकोमा हात राखी सोच्ने ध.च.ले भेटेजति पुस्तक पढ्ने अभ्यासले नै ममा लेख्ने शक्ति विकास भएको हो भन्ने कुरा बताएका छन् ( भट्टराई, २०६२:१४५) । अन्य साहित्यिक विधाहरूमा समेत सफल कलम चलाएका गोतामेको औपन्यासिक प्रवृत्ति चाहिँ उनका दुई उपन्यासहरू **घामका पाइलाहरू** (२०३५) र **यहाँदेखि त्यहाँसम्म** उपन्यासकै आधारमा केलाउनु पर्ने हुन्छ ।

नेपाली उपन्यास परम्परामा अस्तित्व, विसङ्गति र शून्यवादी प्रयोगहरू देखिएको बेला ध.च. गोतामेले उपन्यास लेखन कार्यको थालनी गरेका थिए । यो बेला नेपाली उपन्यासमा अस्तित्ववादी चेतभन्दा पनि प्रयोगवादी शैली मौलाएको थियो । उपन्यासमा प्रयोगवादले स्थायित्व कायम गरेको बखत पनि ध.च.गोतामे सामाजिक यथार्थवादी उपन्यास लिएर देखापरे । गोतामे रुद्रराज पाण्डेदेखि रूपनारायणसिंह र लैनसिंह वाङ्देल साथै हृदयचन्द्रसिंह प्रधानद्वारा विकसित सामाजिक यथार्थवादी प्रगतिवादी धारालाई नै अगाडि बढाउने एक उत्तरवर्ती सहभागीका रूपमा देखापर्दछन् । साथै दौलतविक्रम विष्ट र भवानी भिक्षुद्वारा विकसित मनोवैज्ञानिक यथार्थवादी धारामा समेत आफ्नो सहभागिता जनाउँदै अनि इन्द्रबहादुर राई र ध्रुवचन्द्र गौतमका प्रयोगवादी प्रवृत्तिहरूलाई पनि अँगाल्दै आफ्नो निजी प्रयोग र प्रवृत्तिलाई समेत अगाडि बढाउँदै गोतामलले आफ्नो औपन्यासिक रचनाकार्यलाई निरन्तर रूपमा अगाडि बढाएका थिए । गोतामेद्वारा रचित तथा सार्वजनिक प्रकाशनमा आएका दुई उपन्यासहरू **घामका पाइलाहरू, यहाँदेखि त्यहाँसम्म** उपन्यासका आधारमा ध.च. गोतामेका औपन्यासिक प्रवृत्तिलाई यसप्रकार केलाउन सकिन्छ :

**(क) सामाजिक यथार्थवादी**

समाजमा घट्ने सामाजिक घटनाको चित्रण गर्न गोतामेका उपन्यास सफल रहेका छन् । समाजमा हुन यथार्थ घटनाको चित्रण गर्दै आदर्शको स्थापनामा समेत जोड दिने गोतामे कोरा यथार्थको चित्रण मात्र नगरी आदर्शको पनि मिश्रण गर्दछन् । स्थानीय परिवेशमा घट्ने यथार्थ घटनाहरू उनका उपन्यासमा आउने गर्दछन् । जसक्रममा वर्गीय विभेदको चित्रण, जनताहरूमा चेतनाको स्तर माथि उठ्न नसकेको अवस्था, समाजका धनी

व्यक्तिहरूमा आश्रित सर्वसाधारणको दैनिकी, ठूलाबडा व्यक्तिहरूले समाजका जनसाधारणहरूलाई शोषण गरिरहेको तर उनीहरूद्वारा कुनै विद्रोही व्यवहार नदेखाएको अवस्था, समाज साथै देश विदेशसम्म ख्याति कमाएका व्यक्तिहरूको अगाडि सबै व्यक्तिहरूको श्रद्धा भाव, शिक्षा तथा रोजगारीको अभावका कारण खेतीपातीमा नै आश्रित जनसमुदाय जस्ता समाजमा हुने यथार्थताहरू गोतामेको उपन्यासमा झल्किएको पाइन्छ । राणाकालीन परिवेशमा आधारित गोतामेका उपन्यासमा तत्कालीन समय सुहाउँदो समाजको चित्रण पाइन्छ ।

**(ख) मनोवैज्ञानिकता**

गोतामेका उपन्यासमा फरक-फरक मानसिकता भएका पात्रको प्रयोग पाइन्छ । उनको पहिलो उपन्यासमा भन्दा दोस्रो **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा प्रयोग भएका पात्रहरू विविध मानसिकता बोकेर हिडेको पाइन्छ । मनोविज्ञानका सन्दर्भमा उनका उपन्यासमा बाल मनोविज्ञान, युवासुलभ यौन आकर्षण र विकृत मनस्थितिको चित्रण पाइन्छ । उपन्यासमा आएका पात्रहरूमा विभिन्न खालका मनोग्रन्थीहरू विकसित हुन पुगेका छन् । ती मनोग्रन्थीहरू यसप्रकार रहेका छन् : हीनता ग्रन्थी, परपीडन ग्रन्थी, आत्मपीडन ग्रन्थी आदि । गोतामेका उपन्यासका चरित्रहरू इद (वासना), इगो (अहम्) र सुपर इगो ( नैतिक अहम्) भएका चरित्रहरू छन् । **घामका पाइलाहरू**मा पवन, अणु, भट्टचार्य, दुर्गानाथ जस्ता चरित्रहरूको माध्यमबाट मनोवैज्ञानिकतालाई स्पष्ट पारिएको छ भने **यहाँदेखि त्यहाँसम्म**मा भद्रनाथ, पार्वती, दुर्गी, असुर्फी, कृष्णात्रे जस्ता चरित्रहरूमा मनोवैज्ञानिक पक्षको उद्घाटन गरिएको पाइन्छ (भट्टराई, २०६४:१०१) ।

**(ग) आञ्चलिकता**

ध.च. गोतामे आञ्चलिक उपन्यासकार हुन् । आञ्चलिकता भनेको कुनै अञ्चल वा ठाउँको विशिष्ट चित्रण हो । यस्तो विशिष्ट चित्रण उक्त ठाउँको समाजमा विद्यमान संस्कृति, रीतिरिवाज, चालचलन, भेषभूषा, जीवनशैली, मूल्य, मान्यता, प्रथा आदिको चित्रणमा केन्द्रित हुन्छ । यसप्रकार कुनै पनि ठाउँको स्थानीय परिवेशको विशिष्ट चित्रण उपन्यासमा हुने गर्दछ भने त्यो उपन्यासलाई आञ्चलिक उपन्यास भनिन्छ । ध.च. गोतामेका दुवै उपन्यासमा तराईको सामाजिक जीवन, रहनसहन, रीतिस्थिति, प्रकृति, भूगोल, स्थानीय भेषभूषा, चाडपर्व र भाषा प्रयोगको विशिष्ट चित्रण गरिएको छ । तराईको ग्रामीण परिवेशको जीवन्त प्रस्तुति उपन्यासकारले आफ्ना दुवै उपन्यासमा गरेका छन् । दुई उपन्यासमध्ये आञ्चलिकताको उत्कृष्ट नमुनाको रूपमा **यहाँदेखि त्यहाँसम्म** उपन्यासलाई लिन सकिन्छ ।

**(घ) संरचनागत प्रवृत्ति**

संरचनागत प्रवृत्ति अन्तर्गत पर्ने एक महत्वपूर्ण पक्ष हो कथानक । कथानकको हिसाबले **यहाँदेखि त्यहाँसम्म** उपन्यासको भन्दा **घामका पाइलाहरू** उपन्यासको कथानक सूक्ष्म देखिन्छ । कथानकलाई समष्टिमा हेर्दा सुसङ्गठित भए तापनि **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा एकपछि आउने अर्को घटनाको क्रमिकता पाइँदैन । गोतामेका उपन्यासमा

कथानकको सफल प्रयोग पाइन्छ । वर्णन र विवरण पट्यार लाग्दो नभए तापनि कथानक कतै कतै छिरलिन पुगेको छ (भट्टराई, २०६४:१०२) ।

पूर्वदीप्ति शैलीको प्रयोग पनि संरचनागत प्रवृत्ति अन्तर्गत पर्दछ । **घामका पाइलाहरूमा** उपन्यासकारले यसको प्रयोगको थालनी गरेका छन् भने **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा यसको विस्तारित प्रयोग भएको छ । पूर्वदीप्ति शैलीको कुशलता **घामका पाइलाहरू**मा भन्दा बढी **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा पाइन्छ ।

संरचनागत प्रवृत्तिको अर्को पक्ष हो विषयवस्तु । ध.च. गोतामेद्वारा रचित उपन्यासहरू सामाजिक विषयवस्तुमा आधारित छन् । उनका दुवै उपन्यासबाट युग चेतना र सामाजिक परिवर्तनका सङ्केतहरू प्रकट भएका छन् । समाजमा घट्ने सामाजिक घटनाका आधारमा राष्ट्रिय सामाजिक परिवेशलाई समेत उजागर गर्नका लागि उनका उपन्यासहरू सफल रहेका छन् । राष्ट्रिय परिवेश सुहाउँदो सामाजिक चित्रण यिनका उपन्यासमा हुने गर्दछन् (भट्टराई, २०६४:१०२) ।

पात्र-विधानका दृष्टिले ध.च. गोतामेका उपन्यासहरूलाई हेर्दा उनले गतिशील, स्थीर, बहिर्मुखी, अन्तर्मुखी तथा बाह्य सङ्घर्षशील सबै प्रकारका चरित्रहरूको प्रयोग गरेका छन् । **घामका पाइलाहरू**मा भन्दा **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा मनोवैज्ञानिक पात्रहरूको प्रयोग पाइन्छ । समाजका वर्गीय चरित्र र व्यक्ति चरित्र दुवैको प्रयोग उनले आफ्ना उपन्यासहरूमा गरेका छन् । त्यसैगरी पुरुष सुलभ गुण भएका नारी पात्रको प्रयोग **घामका पाइलारु**मा नभए तापनि **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा पाइन्छ । यस्ता नारी पात्रहरूमा बालविधवा पार्वती र भद्रनाथकी दोस्री पत्नी दुर्गी देखापर्दछे ।

आख्यान लेखनका दृष्टिले उनले तृतीय पुरुष कथा कथन शैलीको अनुसरण गरेका छन् । आख्यान लखेनका सन्दर्भमा उनले यस्तो परम्परागत शैलीलाई अपनाए तापनि प्रस्तुति चाहिँ आकर्षक रहेको पाइन्छ । दृष्टिविन्दुका हिसाबले यिनका उपन्यासलाई हेर्दा समाख्यानात्मक र नाटकीय दुवै दृष्टिविन्दुको प्रयोग पाइन्छ । यी दुवै दृष्टिविन्दुको कुशलतापूर्वक संयोजन उनको **घामका पाइलाहरू** उपन्यासमा भएको छ ।

गोतामेको उपन्यासकारिताको अर्को महत्त्वपूर्ण प्रवृत्ति हो भाषाशैली भाषाशैलीको हिसाबले हेर्दा गोतामे आलङ्कारिक भाषामा बढी जोड दिने उपन्यासकार हुन् । **घामका पाइलाहरूमा** सहज भाषाको प्रयोग पाइन्छ तर **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा पात्रको स्तर भन्दा पनि उच्च खालको स्तरीय र सुसंस्कृत भाषाको प्रयोग पाइन्छ । तत्सम शब्दको अधिक प्रयोग भएका उनका उपन्यासमा उखान टुक्काको पनि उपयुक्त प्रयोग पाइन्छ । स्थानीय परिवेशको उपस्थिति सुहाउँदो स्थानीय भाषा प्रयोग जति हुनुपर्ने हो त्यति नभइ ज्यादै कम भएको पाइन्छ । यसप्रकार गोतामेको औपन्यासिक भाषा सुसंस्कृत, परिष्कृत, परिमार्जित र आलङ्कारिक रहेको छ (भट्टराई, २०६४:१०३) ।

गोतामेले सामाजिक यथार्थवादी तथा कतिपय सन्दर्भमा आलोचनात्मक यथार्थवादी धारामा रही आफ्ना निजी वैशिष्टयलाई समेत प्रस्तुत गर्दै उपन्यासको रचना गरेका छन् । मनोवैज्ञानिक पक्षलाई समेत आत्मसाथ गर्दै आलङ्कारिक भाषाको प्रयोग भएका उनका दुई

उपन्यासले नेपाली उपन्यासको गतिलाई एक पाइला अगाडि बढाएको पाइन्छ । तराईको ग्रामीण परिवेशलाई लिई त्यहाँको संस्कृति, रीतिरिवाज चालचलन, भाषा, धर्म, लवाइखवाइ जस्ता विविध पक्षको विशिष्ट प्रस्तुति गरी आञ्चलिक उपन्यासकारका रूपमा समेत चिनिएका गोतामेले उपन्यासका क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन् ।

## ३.५ निष्कर्ष

कथाको माध्यमबाट साहित्यिक यात्राको थालनी गरेका गोतामे उपन्यासकारका रूपमा नै बढी चर्चित रहेको पाइन्छ । साहित्यका विविध विधाहरू कविता कथा, निबन्ध, उपन्यासमा समेत कलम चलाएका गोतामेका दुई चर्चित उपन्यासहरू सार्वजनिक प्रकाशनमा आएका छन् । **घामका पाइलाहरू** पहिलो र **यहाँदेखि त्यहाँसम्म** दोस्रो उपन्यासका रूपमा रहेका छन् । तराई प्रदेशलाई नै मुख्य परिवेश बनाई लेखिएका उनका उपन्यासहरू प्रायः तराईको ग्रामीण प्रदेशको यथास्थितिको यथार्थ चित्रणलाई अगाडि सारेका छन् । सानो स्थानको स्थानीय परिवेशमा बसोवास गर्ने मानव समाज उनीहरूले अवलम्बन गर्ने संस्कृति, रीतिरिवाज, मूल्य, मान्यता प्रथा आचार विचार, धर्म, राजनीति, भाषा तथा लवाइखवाइ आदिको सूक्ष्म किसिमले विश्लेषण गर्न सफल आञ्चलिक उपन्यासकारका रूपमा गोतामले उपन्यासको क्षेत्रमा ख्याति कमाएका छन् । सामाजिक ऐतिहासिक तथा राजनैतिक जस्ता तीनवटै विषयवस्तुलाई एउटै उपन्यासमाप्रस्तुत गर्न कुशल गोतामेले उपन्यासमा विषयवस्तु अनुसार नै पात्रको प्रयोग समेत गरेका छन् । उनका उपन्यासमा जाति, धर्म, पेसा, वर्ग, आचार-विचार, लवाइखवाई, भाषा आदिका हिसाबले फरक फरक रहेका पात्रहरूको प्रयोग पाइन्छ । अन्य आधारमा फरक-फरक पात्रको प्रयोग भए तापनि भाषाको हिसाबले सबै पात्रहरू स्तरीय, समृद्ध र सुसंस्कृत भाषाको प्रयोग गर्दछन् । सामाजिक विषयवस्तुको कुशल प्रस्तुति हुँदा हुँदै ऐतिहासिक विषयको जानकारीलाई समेत प्रस्तुत गर्नका लागि उनले उपन्यासमा पूर्वदीप्ति शैलीको समुचित र उपयुक्त प्रयोग गरेका छन् । पच्चीसौँ परिच्छेदमा विस्तारित **घामका पाइलाहरू** र चौतीसौँ परिच्छेदमा विस्तारित **यहाँदेखि त्यहाँसम्म** जस्ता विशाला दुई उपन्यासको माध्यमबाट राणाकालीन समय र तत्कालीन अवस्थाको सामाजिक चित्रणलाई सम्पूर्ण औपन्यासिक तत्त्वको उपयुक्त संयोजनद्वारा कुशल प्रस्तुति गरी त्यो बेलाको राष्ट्रिय परिवेशलाई समेत उजागर गर्ने कार्य उनका उपन्यासहरूले गरेका छन् ।

# चौथो परिच्छेद

# यहाँदेखि त्यहाँसम्म उपन्यासको परिवेशविधानको अध्ययन

## ४.१ विषयपरिचय

ध.च. गोतामद्वारा लिखित **यहाँदेखि त्यहाँसम्म** उपन्यास उपन्यासका लागि आवश्यक सम्पूर्ण तत्त्वको उपयुक्त संयोजनद्वारा रचित उपन्यास हो । उपन्यासका लागि आवश्यक सम्पूर्ण तत्त्वहरूको उपयुक्त संयोजन भए तापनि आञ्चलिक उपन्यास भएकाले यो उपन्यासको परिवेश अन्य तत्त्वहरूको तुलनामा अलि बढी महत्त्वपूर्ण भई आएको पाइन्छ । प्रस्तुत शोधपत्र पनि **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशको अध्ययनमा नै केन्द्रित रहेको छ । त्यसकारण **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परवेश अन्तर्गतका सम्पूर्ण पक्षहरूको विश्लेषण यो परिच्छेदमा गरिएको छ ।

## ४.२ यहाँदेखि त्यहाँसम्म उपन्यासको कथासार

**यहाँदेखि त्यहाँसम्म** पहिलो परिच्छेदको घटनक्रम सहरबाट गाउँतर्फ आउँदै गरेको पवनको प्रसङ्गबाट सुरु भएको छ । साथीको रूपमा उसँग एउटा साइकल छ । त्यसैको सहयोगले पवन आजको गाउँको यात्राका लागि हिँडेको छ । ऊ हिँड्दै गर्दा बाटोमा पर्ने नदीनाला, खोला साथै प्राकृतिक दृश्यावलाकेन गर्दै आफ्नो यात्रालाई अगाडि बढाएको छ । यात्राको क्रममा पहिला आउने पसाहा नदी र यसको प्रवृत्तिलाई उल्लेख गरिएको छ । यो नदी बहुलट्ठी किसिमको छ । यसको रिसाउने र खुसाउने कुनै भाँती छैन । त्यसैले यो नदी तर्दा "किनारमा गएर आचमन गर्नु र ढोग्नू अनि एक अँजुली पानी लिएर सुँघ्नू । पानीमा तिले माछा गनाएको जस्तो बुझियो भने त्यस दिनलाई पारि तर्ने काम नगर्नु" (पृ.२) यो कार्य गर्नुपर्ने जनविश्वास त्यहाँका सर्वसधारण मानिसमा रहेको र सबै नदी तर्नु अघि त्यसै गर्ने चलन रहेको छ । पसाहा नदीपछि थलही खोला तर्नुपर्ने हुन्छ । थलही खोलामा एउटा अङ्भङ्गे पुल रहेको र उक्त पुल तर्न कठिनाइ हुने अझै गर्भवती महिला र बूढाबूढीलाई बलियो पाखुरा भएको युवक नै चाहिने हुन्छ । त्यसैगरी थलही खोलापछि आउने अर्को नदी भनेको तीयर नदी हो । यो नदीको विनास गर्ने स्वभाव पसाहा र थलही खोलको जस्तो छैन र पनि निकै भयानक छ यो सदाबहार एउटै गतिमा निरन्तर बगिरहन्छ । यसमा न कुनै नाउ छ न कुनै साँघु , यो नदी तर्दा पनि मानिसहरू पारि नपुग्दासम्म ईश्वरको नाउँ पुकार्छन ।

प्रस्तुत उपन्यासको दोस्रो परिच्छेदमा पर्सा, गौर र सप्तरी जिल्लाको परिवेश प्रस्तुत गरिएको छ । पवन आफ्नो गाउँतर्फ लाग्दा बाटोमा पर्ने नदीनाला र खोलाहरू अनेक बाधा व्यवधान पार गर्दै तर्नुपर्ने हुन्छ र ती नदी तथा खोलनाहरूलाई क्रमशः पार गर्दै अगाडि बढिरहेको हुन्छ । सर्वसाधारण जनताको सेवा सुविधाको लागि सरकारले गर्नुपर्ने विकास निर्माण सम्बन्धी कार्यहरू उचित ठाउँमा आवश्यक समयमा नगर्दा सर्वसधारण जनताले अनेक सास्ती बेहोर्नु परेको प्रसङ्ग यहाँ पसाहा, थलही र तीयर नदी तर्दा आइपर्ने समस्या र त्यसबाट बच्नका लागि ईश्वरसँग गरिएको पुकारको माध्यमबाट जानकारी पाउन सकिन्छ । पवनले आफ्नो यात्रालाई अगाडि बढाइरहेको छ । यात्रा गर्दा बाटोबाट देखिने लरही गाउँको

उल्लेख पनि यहाँ पाउन सकिन्छ । लरही गाउँ भट्टिको लागि प्रसिद्ध छ । त्यसैगरी बगडमपुर शिवालयका लागि प्रसिद्ध छ । लरहीबाट आधा घण्टा हिँड्न नपाई गडहल गाउँ आउँछ । रामपुर गाउँमा पवनकी मखन सानीमाको घर रहेको छ । पवन यसपालि सानीमाको घरमा अडान नलिने विचार गरी आफ्नो गाउँलाई गन्तव्य स्थान बनाई अगाडि बढिरहेको छ । पवनका सानीमाहरूको जानकारीलाई प्रस्तुत गर्ने क्रममा पर्सा जिल्लाको खेस्राहा गाउँ, गौरी र सप्तरी जिल्लाको परिवेश आएको छ ।

तेस्रो परिच्छेदमा तीयर नदीको प्रसङ्ग अलिकति मात्र अरू सबै गडहल गाउँका धनी व्यक्ति नथुनी साहूको बारेमा लेखिएको छ । नथुनी साहू गडहल गाउँका नै धनी व्यक्ति भएकाले तीयर नदीमा डुङ्गा चलाई भारतसम्म सामान ओसारपसार गरी सबै गाउँलेलाई सुविधा दिन सक्ने कुरा नेपालमा सिकारका लागि आएका एकजना अङ्ग्रेजले बताउँछन् । अङ्ग्रेजले दिएको सल्लाहलाई शिरोधार्य गरी तीयर नदीमा डुङ्गा चलाई तोरीका बोरा भारतसम्म पठाइ मालामाल पैसा कमाउने सोचले नथुनी साहूले आफ्नो सम्पत्तिको धेरै नै हिस्सा खर्च गरी नाउँ डुङ्गा बनाउन लगाउँछ तर तीयर नदीमा तोरीको बोरासहित माझीहरू डुङ्गासँगै डुब्न पुग्दछन् । एकजना माझी बाहेक अन्य तीन जना माझीको मृत्यु हुन्छ । नथुनी साहूको सम्पत्ति कमाउने धोको चकनाचुर हुन पुग्दछ र डुङ्गा चलाउने माझीको अभावमा उसले डुङ्गालाई तीयरमा सुचारु गर्न सक्दैन र ती अनावश्यक वस्तु जस्तै तीयरको किनारमा फालिन्छन् । आफ्नो योजनाको असफलता, गहिरो निरासा र मानसिक पीडाले गर्दा नथुनी साहूको जीवनलीला समाप्त हुन्छ ।

चौथो परिच्छेदमा पवन तीयर नदी नजिकै पुगेको तर त्यो नदी तर्नका लागि असुर्फी साहूको अनुमति लिनुपर्ने अवस्थाको चित्रण गरिएको छ । असुर्फी साहूको मुर्कीपलिया गाउँसँग शत्रुता रहेका कारण तीयर नदीको घाट नजिकै उसको घर रहेको र त्यो नदी तर्नका लागि असुर्फी साहूले हुन्छ भन्नुपर्ने अवस्था यहाँ रहेको छ । पवन पनि मुर्कीपलिया गाउँको भएकाले उसलाई असुर्फीले तीयर तर्ने अनुमति दिने हो वा होइन त्यो चिन्ताले सताएको छ । यस परिच्छेदको कथानक पवन तीयर तर्ने समस्याले गर्दा रुमलिएको र अनुमति माग्न असुर्फी साहू समक्ष पुगेको प्रसङ्ग रहेको छ ।

पाँचौं परिच्छेदमा नथुनी साहूँको छोरा असुर्फी साहू बाबुको मृत्युपछि उसले गरेको असफल व्यापारले निम्त्याएको आर्थिक मारको सामना गरिरहेको थियो । छोरा असुर्फी साहूको प्रसङ्गपछि फेरि बाबु नथुनीको पहिलेको डुङ्गा चलाउने योजना र उसको आफू पछि त्यस कार्यबाट सफल हुने उसको अठोट पनि यहाँ उल्लेख गरिएको छ । बाबुको मृत्युपछि असुर्फी साहूको सम्पत्तिको नाउँमा ड्वाङड्वाङति सुलुत्त परेर उभिएको टौवा, तीनतले घर र तिनै डुङ्गा बाहेक अरू केही थिएन । असुर्फी साहूले आफ्नो आर्थिक उन्नतिका लागि पुनः नाउँ डुङ्गाहरू तीयरमा वल्लो घाटदेखि पल्लो घाटसम्म वारपार हुन सक्ने पुलको रूपमा तेर्स्याइएका थिए । यो प्रसङ्गलाई यही थाती राखी पुनः बारा जिल्लाका पिठीया बजार र हाटबजार सम्बन्धी कुरालाई प्रस्तुत गरिएको छ । बारा जिल्लाभरिमा गाउँहरूलाई पायक पर्ने गरी हाटबजारको व्यवस्था गरिएको छ । जसले गर्दा गाउँलेहरूलाई सरसामान किन्नका

लागि सुविधा पुगेको छ । त्यसैगरी असुर्फी साहु आफ्नो योजनामा सफल भएको छ । यी विविध घटनाको तारतम्य पाँचौं परिच्छेदमा मिलाइएको छ ।

छैटौं परिच्छेदमा पवनले असुर्फी साहूसँग साँझको बेलामा तीयर तरी आफ्नो गाउँ जानकालागि तीयर तर्ने अनुमति माग्न असुर्फी समक्ष गएको छ । असुर्फीले ऊ मुर्कीपलियाको युवक हो भन्ने जानेपछि रिसले चूर बन्छ । असुर्फी क्रोधाग्निमा जलेको देखी पवन फरक्क फर्किन्छ र त्यो रात कहाँ बिताउने होला भनी ऊ अलमलमा पर्दछ । असुर्फीले केही समय सोचमग्न हुन्छ र ऊ वीरगन्ज पढ्न बसेको भएपछि उसले पण्डित दुर्गानाथलाई चिनेको छ कि भनी सोध्छ । आखिर ऊ दुर्गानाथको नै नाति हुन्छ । पण्डित दुर्गानाथको नाति भन्ने चिनेपछि आफूले पहिले पवनप्रति देखाएको आक्रोशकाकारण पश्चाताप मान्छ र पवनलाई नमस्कार गरी आफ्नो गाउँ जाने अनुमति असुर्फी साहूसँग माग्दछ तर असुर्फीले उसलाई त्यहीँ रोक्छ ।

सातौं परिच्छेदमा पवन तीयर तरेर अब आफ्नो गाउँ नजिकै पुगेको छ । आफ्नो यात्रालाई पवनले अब गन्तव्यमा पुऱ्याइ छाडेको छ वा पवन आफ्नो गाउँ पुग्यो । धेरै समयको अन्तरालपछि आफ्नो घर आइपुगेको पवनलाई देख्दा उसकी आमामा मातृत्वात्सल्यको भाव एकाएक जागृत भएको छ । पवनको बाबुलाई पनि छोरो आएकोमा खुसी लागेको छ तर पुरुष सुलभ गुणको कठोरताका कारण ऊ पत्नी रमिला जस्तो भाव विभोर भएको छैन । सहरबाट आएको पवनलाई आमाले सहरतिरको खबर सोध्छे । खाना खाने बेला भएकाले रमिलाले पिताम्बरलाई खाना खानकालागि बोलाएको प्रसङ्गसँगै यो परिच्छेदको अन्त्य भएको छ ।

पवन आफ्नो गाउँ आउँदाको भोलिपल्ट ऊ निद्राबाट बिउँझी तन्द्रावस्थामा रमाइरहेको प्रसङ्गले उपन्यासको आठौं परिच्छेदको आरम्भ गरेको छ । पवनको तन्द्रालाई उसकी आमा बिथोल्न पुग्दछे । बिहान उठिसकेपछि नुहाउने चलन प्राय: ग्रामवासीमा रहेको हुन्छ । पवनकी आमा पनि नुवाइधुवाइको कार्यका साथै गोबर माटोले दैलो पोत्ने कार्य गरिरहेकी हुन्छे । सहरमा अझ धर्मशालामा बस्ने पवनलाई त्यो गोबर माटोको ग्राम्य ताजा गन्ध मन पर्छ । बिहानीको आवागमनसँगै मीठो सङ्गीतको ध्वनि समग्र गाउँलाई नै छोप्ने गरी आइरहेको हुन्छ । ग्रामवासीहरू बिहानीको नित्यकर्म सकेपछि सङ्गीतको स्वरसँगै आफ्नो कार्यलाई अगाडि बढाइरहेका हुन्छन् । रमिला पूजाकोठामा घण्टी बजाउँदा सङ्गीतको तालमा सुहाउने गरी बजाउँछे । सङ्गीतको ताल द्रूतबाट स्वरको बैठान सम्ममा फर्केर आइपुग्दा स्वत: हलो जोतिरहेको युवकको हात हलोको मुठमाथि बजारिन्छ, कोदालो झप्प माटोमा गाडिन्छ र एउटा चिल्लो चपरी उत्तानो पर्दछ । यसरी गाउँलेहरू सङ्गीतको स्वरसँग अम्मली भएका हुन्छन् । सङ्गीत विद्यालय गाउँको बीचमा रहेको छ । कृष्ण रातको बीच समयबाट सङ्गीत साधनामा लिप्त हुन्छ र बिहानी पख आफ्ना शिष्यहरूलाई सङ्गीत सिकाइरहेका हुन्छ । मन्दिरमा पुजारीले बजाएको घण्टको आवाजसँगै आफ्नो नित्य साधनालाई थाती राखी आफ्नो नित्यकर्म गर्ने कृणात्रे बिहानी पख मात्र आफ्ना शिष्यलाई सङ्गीतसाधना गराउँछ । आजन्म अविवाहित कृष्णात्रे आफ्ना समस्त शारीरिक आवश्यकताहरूको दमन

गरेर त्यसको परिष्कार गायन र सङ्गीत शिक्षाबाट गरेको कष्णात्रे खानामा कुनै साखे राख्दैन । उसले बाँच्नका लागि मात्र खान्छ । सङ्गीत साधनामा लिप्त कृष्णात्रेलाई बाह्य वातावरणको कुनै प्रवाह रहँदैन । पवन आफ्नो नित्य कर्म सकेर सङ्गीत विद्यालयतर्फ गइ शिष्यहरू बस्नेतर्फको अन्तिम लहरमा बस्छ तर कृष्णात्रेलाई पत्तो हुँदैन । सङ्गीत साधनालाई समाप्त गरेपछि मात्र कृष्णात्रे पवनलाई देख्छ । कृष्णात्रे र पवनबीच केही समय भलाकुसारी हुँदैगर्दा पवनलाई एउटा केटो पवनको घरमा केही समस्या परेको भन्दै लिन आएपछि ऊ घरतर्फ लाग्छ र आठौँ परिच्छेदको समाप्ति हुन्छ ।

नवौँ परिच्छेदमा अलि फरक सन्दर्भआई जोडिएको छ । पण्डित विपुलनाथले धेरै तर्कविर्तकपछि आफ्नो गाउँको नाउँ मुर्कीपलिया राख्दछ । ऊ यस गाउँको रचनाकार हो । यसरी यो परिच्छेदको आरम्भ भएको छ । बारा जिल्लाको एउटा धुस्रो , फुस्रो र उपेक्षित भू-भागलाई उसले रैति रसाइ बस्ती बसाएर आवादगुलजार तुल्याएको थियो । गाउँका मानिसले त्यस गाउँको नाउँ **विपुलपुर** राख्नका लागि आग्रह गर्दा उसले मुर्की नदीले पालेको गाउँको नाउँ मुर्कीपलिया भनी मैले बारागढीमा लेखी पठाइसकेको छु र माथिसम्म जाहेर गरिसकेको छु भन्छ र विपुलपुर राख्न मान्दैन । विपुलनाथलाई यो गाउँ अती प्यारो लाग्दछ, ऊ गाउँ छाडेर अन्यत्र कहीँ जादैनथ्यो । विपुलनाथका बाबु जङ्गबहादुरका भान्सेका रूपमा डि्टठा पदमा आसीन थियो । ऊ सधैं आफ्नो छोरालाई साथैमा लिएर हिँड्दा घरमा बसेर छोरो बरालिएर, बिग्रिएला भन्ने पीर पनि नहुने छोराले मीठो चोखो खान पनि पाउने, ठूलाबडाले सानैदेखि देखेपछि उमेर बढ्दै जाँदा माया गरी कुनै पद दिन पनि सक्ने सम्भावना भएको हुँदा विपुलनाथका बाबु विपुलनाथलाई साथैमा लिएर हिड्थ्यो । उसले छोरालाई रुद्री, चण्डी, लघुकौमुदी, अमरकोश आदि कण्ठाग्र गराइदिएको थियो ।

दसौँ परिच्छेदमा पुनः पवनको प्रसङ्ग आएको छ । पवनको घरमा उसले असुर्फीकोमा छोडिएको साइकल पुऱ्याउन असुर्फीको मानिस आएको छ । गडहलसँग भद्रनाथको शत्रुताका कारण मुर्कीवासीले सहर जाँदा बोटोमा पर्ने गडहल गाउँका असुर्फी साहूले दिएको सास्ती बेहोर्न बाध्य हुनुपरेको छ । आफूले पाएको यात्राको कठिनाइ सम्झिएर मुर्कीवासी ठिटाहरू असुर्फी साहूको मानिसलाई चिन्छन् र ऊ माथि हातपात गर्न खोज्छन् तर त्यो समस्या मिलाउन पवनलाई हम्मे परिरहेको बेला पुरुषोचित रौद्ररूप भएकी पार्वतीले त्यसलाई साम्य पार्न सफल हुन्छ । गाउँ पस्ने ठाउँमा जहाँ सोझो आउने गोरेटो र घुमाउरो भएर कपरौलीतिरबाट आउने गोरुगाडाको सडक मिसिन्छ, त्यहीँ विपुलनाथले बनाएको शिवमन्दिर छ । मन्दिर वरिपरिको वातावरण अझ मनोरम देखिन्छ । मन्दिरसामुको ठूलो पक्की चौताराजस्तो डबली वरिपरि झ्याम्म परेको फूलबारी जहाँ धुतरा र पारिजातका बोटहरू रोपिएका छन् । विपुलनाथले शिवालय मात्र बनाएन मकवानपुरका एक कर्मकाण्डी पण्डितलाई पुस्तादरपुस्ता देउताको पूजाआजा चलाउने गरी त्यहाँ राखिदिएको छ । गजाधर पण्डित उही मूल पूजारीको छोरो थियो ।

एघारौँ परिच्छेदमा जङ्गबहादुरको प्रसङ्ग आएको छ । बारागढीको विशाल तालको किनार वरिपरि च्याउ उम्रे जस्तै खैरा, सेता पालका घरहरू खडा गरी त्यहाँ जङ्गबहादुरको

सवारीमुकाम बसेको थियो । सानै उमेरमा विपुलनाथलाई जङ्गबहादुरले डिट्ठाङ्गी पदमा आसीन गराएका थिए । विपुलनाथ डिट्ठा पदमा नियुक्त हुनुअघि उक्त डिट्ठाङ्गी पदमा विपुलनाथको बाबू आसीन थिए । विपुलनाथ सानै उमेरमा डिट्ठाङ्गी पदमा नियुक्त भएको थियो । उसको डिट्ठाङ्गी पद पकाइ तुल्याइ गर्ने भान्सेको डिट्ठाङ्गी थियो । विपुलनाथका बाबूले बुढेसकालसम्म मिलाउन नसकेको खाने कुराको समयको तालमेल उसले सहजै रूपमा मिलाएको थियो । महाराज जङ्गबहादुर विपुलनाथको सेवाटहलबाट अत्यन्त खुसी थिए । विपुलनाथको सेवाबाट खुसी भएका जङ्गबहादुरले विपुलनाथलाई चाहेको कुरा माग्न आग्रह गर्दछन् तर विपुलनाथले डिट्ठाङ्गी नै महाराजको पाउमा चढाएर सधैँका लागि मुक्त हुन चाहेको बताउँछन् । विपुलनाथको यो कुरा सुनेर सबैजना महाराजका भरौटेहरू छक्क पर्दछन् र यो परिच्छेदको अन्त्य हुन्छ ।

बाह्रौ परिच्छेदमा पार्वती र पवनको सामान्य वार्तालापबाट सुरु भएको छ । पवनले पार्वतीले हातमा लगाएको चुराको प्रसङ्ग निकाल्छ । दुई वर्षअघि वरियापुरमा लाग्ने बाह्रवर्षे मेलामा जाँदा पार्वतीले ती चुरा लगाएकी थिइ । ती चुरा न काँचका थिए न धातुका । पसलेलाई सोध्दा उसले यो आलुको चुरा भएको कुरा बताउँछ र पार्वतीले ती चुरा लगाउँछे । यो परिच्छेद पार्वतीकै व्याख्या वर्णनकैलागि खर्चिएको छ । पार्वतीको शारीरिक वनावटलाई देखी सबै नारी पुरुष आकर्षित हुन्छन् । उसको सुन्दरता अति प्रशंसनीय रहेको छ र ऊ निडर स्वभावकी देखिन्छे ।

तेह्रौँ परिच्छेदमा महाराज जङ्गबहादुर, डिट्ठा विपुलनाथ र अन्य भारदारहरूको प्रसङ्ग आएको छ । जङ्गबहादुरले आफूलाई मनलागेको कुरा माग्नलगाउँदा डिट्ठाङ्गी पदबाट नै मुक्त हुन चाहेको कुरा विपुलनाथले बताउँदा यति छिटो डिठाङ्गी पदलाई छाडेर के जोगी सन्यासी हुने विचार छ कि क्या हो ? भन्ने महाराजको प्रश्नमा उसले त्यसो नभएको बताउँछन् । विपुलनाथ आफूलाई पहाड नजिक बस्ने मन नपरेको त्यसैले डिठाङ्गी पदलाई त्यागी तराईतर्फ बसोवास गर्न मन लागेकोले डिठाङ्गी पदलाई त्याग्ने कुरा गरेको बताउँछन् । विपुलनाथको यस्तो विचार सुनेपछि जङ्गबहादुरले आफ्नो बारागढीको मुकाम अझै दुई-तीन दिन त्यहीँ रहनेहुँदा विपुलनाथलाई सम्पूर्ण बारा जिल्ला घुमी आफूलाई मनपरेको ठाउँको बारेमा महाराजलाई भन्ने र महाराजले त्यो आफूलाई मनपरेको ठाउँ बक्स गरी विपुलनाथलाई दिनेहुँदा उक्त मनपरेको ठाउँलाई आजैदेखि आवादगुलजार तुल्याए हुने कुरा बताउँछ । तर बस्ने भने आफ्नो शेषपछि मात्र पाउने कुरा महाराजले विपुलनाथलाई बताउँछन् । विपुलनाथले एकदिन डुल्दै गर्दा मुर्की नदी पारिको बाँझो फाँट बस्ती बसाउन उपयुक्त ठानी त्यो कुरा महाराज समक्ष पेस गर्दछ । महाराजले त्यो बारा जिल्ला चेरवन्त प्रगन्नाको मुर्की नदीको सम्पूर्ण भू-भाग विपुलनाथलाई बक्स दिन्छन् ।

चौधौँ पच्छिेदमा पार्वतीको साहसी र आँटिलो प्रवृत्ति, उसले लगाएको चुराको प्रसङ्ग र अन्त्यमा पार्वतीकै जीत देखाइएको छ । चानचुने कुराको अत्तो थापेर पार्वतीसित जोरी खोज्ने गाउँमा कसैको साहस थिएन । अरूको के कुरा गाउँका धनीमानी र प्रतिष्ठित भइ खाएका भद्रनाथ पनि उनीसँग जम्का भेट नहोस् भनी छेऊ लागेर हिड्थे । गाउँमा एउटा

मन्दिर रहेको थियो । शुभकार्यको मात्र आयोजना हुने मन्दिर जस्तो पवित्र ठाउँमा अशुभ कार्य त्यहाँको मन्दिरमा हुने गर्दछ । अर्काको चियाचर्चो, भत्केको, बिग्रेको समाचारको पहिलो बिसौनीका रूपमा मन्दिर रहेको हुन्छ । पार्वतीले लगाएको चुराको प्रसङ्गलाई लिएर भद्रनाथले गाउँलेहरूलाई जम्मा गर्दछ । तर पार्वतीले लगाएको चुरा विधवाले लगाउन नहुने काँच वा धातुको नभई आलुको भएको कुरा पार्वतीले सबै गाउँले समक्ष राखेपछि सबैजना वाक्क हुन्छन र भद्रनाथ चुराको प्रसङ्ग ल्याई सबै समक्ष भद्रनाथको अगाडि पर्वातीले शिर झुकाएको हेर्न चाहेको भएपनि भद्रको आफ्नै शिर झुक्न पुग्दछ । आफ्नो शिर सबै गाउँलेको सामु नुग्न पुगेका कारण त्यसको क्षतिपूर्तिको उपायका लागि भद्रनाथ भाखी काका समक्ष पुग्दछ । भाखी काकाले पार्वतीका चुरा फुकाल्ने नै हो भने भद्रनाथले सुनको चुरा बनाई लगाइदिनुपर्छ भन्ने कुरा बताउँछ । यो भाखीको सल्लाह सबै गाउँलेका लागि स्वीकार्य हुन्छ र अन्त्यमा पार्वतीको जित हुन्छ ।

पन्ध्रौं परिच्छेदमा सिकारका लागि गएका जङ्गबहादुरको पत्थरघट्टामुकाममा मृत्यु भएपछि त्यहाँको स्थिति शोकाकूल बन्न पुग्दछ । जङ्गबहादुरको मृत्युपछि उनले बस्ती बसाउने भनी दिएको जग्गामा गाउँ बसाल्ने योजना लिई जङ्गबहादुरको मृत्यु भएको केही दिनमै विपुलनाथ भरियासहित आफ्नो झिटीमिटी बोकाएर मुर्की नदी तरेर पारि जान्छ जो उसको भविष्यको कर्मभूमि बन्दछ ।

सोह्रौ परिच्छेदमा विपुलनाथले नयाँ बस्ती बसाएको गाउँ मुर्कीपलियाको सन्दर्भ आएको छ । विपुलनाथले नयाँ बस्ती बनाउनका लागि आवश्यक जात जातिहरू मकवानपुरबाट ल्याएको थियो । तिनै मकवानपुरबाट मुर्कीपलिया गाउँमा बसाइँ सरेको लस्करसँगै कृष्णात्रेकी आमा पनि आएकी थिई । विधवा आमाको साथमा गर्भे टुहुरो कृष्णात्रे पनि आएको थियो । कृष्णात्रेको आमाको संरक्षण गर्ने कोही नभएकाले विपुलनाथले उसलाई पूजाकोठा सुम्पिदिन्छ । कृष्णात्रे विपुलनाथका साथै उसको परिवारको आफूले सक्ने जति सेवाटहल गर्थ्यो । एकदिन विपुलनाथ आवश्यक कामले गोवासतर्फ जाँदा घर नजिकैको बगैंचाको छेउमा सऱ्याक-सऱ्याक आवाज आएको सुनी एकछिन रोकिन्छ त्यहाँ कृष्णेले आफूले बिहानी पूजा गर्दा जे-जे भन्छ र जे-जे गर्दछ त्यसको हुबहु नक्कल गरेको सुनी ऊ छक्क पर्दछ । कृष्णेको सो कार्यबाट प्रभावित विपुलनाथले उसको तीक्ष्ण बुद्धि भएको र उसलाई शिक्षा दिएमा ऊ भविष्यमा केही हुने ठानी उसलाई भाखीकाका कहाँ साउँअक्षर लेख्ने पढ्ने तारतम्य मिलाइदिन्छ । भाखीको पाठशालामा पढ्ने सबै विद्यार्थीमध्ये कृष्णे पढन्मा तीक्ष्ण थियो । त्यसबाट भद्रेलाई अती डाहा हुन्थ्यो । आफू मालिकको नाति भएपनि पढ्नमा कमजोर तर आफ्नो घरमा नोकरको रूपमा रहेको कृष्णेको पढाइप्रतिको विलक्षणताका कारण भद्रे अति क्रोधित हुन्थ्यो र आफ्नो अहम्को सन्तुष्टी एक्लै दोक्लैमा पर्दा कृष्णात्रेलाई कुटेर गर्थ्यो । भद्रनाथको सिकोमा हरूवाका छोराछोरीले कृष्णात्रेलाई मुर्कीनदीमा घाँटी अँठ्याएर पानीभित्र बालुवामा फ्याकिदिन्छन् तर यो दृश्य पार्वतीले देखिरहेकी हुन्छे । पेटमा पानी भरिएर कृष्णे सास फेर्न सकिरहेको थिएन । पार्वतीले तत्काल भाखी काकालाई बोलाई पेटको पानी झिकेपछि कृष्णे सद्ये हुन्छ ।

सत्रौँ परिच्छेदमा विपुलनाथको पारिवारिक प्रसङ्ग आएको छ । विपुलनाथका एक छोरा रोहिणीनाथ थियो भने उसैको नाति भद्रनाथ थियो । आफ्नो जीवनको अन्तिम अवस्थामा पुगेको विपुलनाथ धन सम्पत्तिले सम्पन्न भएपनि छोरा नातिका व्यवहारका कारण चिन्तित थियो । गाँउका बासिन्दालाई कुनै दुःखकष्ट नदिई सबैलाइ हाँसीखुसी राखेर आफूले बाँधेर गएको उदार रीतिथितिलाई कायम राख्न सक्ने क्षमता आफ्ना सन्तानमा उसले भेटाउन सकेको थिएन । छोरा रोहिणीनाथ कपटी नभए पनि मोजमस्तीमा लिप्त थियो । उसमा नाचगान र गाँजाको लत लागिसकेको थियो भने नाति भद्रनाथमा पिताका दूर्गुणहरू त थिएनन् तर उसले आफ्नो शैशवको उठानमा नै मनमा कलुष थुपार्न थालिसकेको थियो । केही स्वभावजन्य थियो भने केही परिस्थितजन्य । कृष्णे र भद्रनाथका बीच पाठशालामा पस्दाको दिनदेखि नै प्रतिस्पर्धा जोडकोतोडसहित चल्न थाल्दछ । उक्त प्रतिस्पर्धामा जहिले पनि कृष्णे नै अगाडि भइरहन्छ । त्यसबाट भद्रनाथको मनमा सधैँ प्रतिशोध, कुण्ठा, असन्तुष्टि जस्ता कल्मस जम्मा हुन पुग्दछन् ।

अठ्ठारौँ परिच्छेदमा बढीजसो भाखी गुरु र विपुलनाथको प्रसङ्ग नै आएको छ । गाउँमा भाखी गुरुको पाठशालामा नपढी तन्नेरी भएको कोही थिएन । गाउँका सबैजसो केटाकेटी गुरुको पाठशालामा पढ्थे । गाउँमा शिक्षालाई ज्ञानआर्जनको स्तरमा कसैले लिएका थिएनन्, व्यावहारिक उपयोगिताका लागि मात्र गाउँमा शिक्षाको दरकार थियो । भाखीगुरु आफ्ना शिष्यलाई आफ्नो गुरुधर्ममा राखी शिक्षा प्रदान गर्दथ्यो । ऊ विद्याआर्जनलाई एउटा तपस्या नै ठान्दथ्यो । भाखी गुरु आफ्ना शिष्यलाई शिक्षा प्रदान गर्ने क्रममा उनीहरूसँग कडा व्यवहार गर्दथ्यो । तर ऊनी कठोर चाहिँ थिएन । दया, माया र करुणा जस्ता मानवीय गुणहरू ऊ भित्र पनि अर्न्तर्निहित थिए । बस्ती बसाउनका लागि विपुलनाथले गाउँका बासिन्दाहरूका लागि आफ्नो समाजको रीतिथिति र कार्यव्यवहार चलाउन अन्यत्र कतै आश्रित हुन नपरोस् भनेर ती सवैलाई मकवापनुर र छेउछेउका गाउँबाट मुर्कीपलियामा बसाइँ सराएको थियो । त्यसैगरी सारा कर्मकाण्ड चलाउने गरी पुरोहित ल्यायी र उसलाई शिवमन्दिरको पुजारी बनाएको थियो । त्यस्तै लुगा सिउनुका साथै धार्मिक कामका लागि आवश्यक सबै जातिलाई नयाँ बस्तीमा ल्याएको थियो । चर्मकार समेत चाहिने हुनाले सार्कीहरूलाई पनि गाउँमा उसले बसोबास गराएको थियो । त्यही क्रममा भाखी पनि तानिँदै आइपुगेको थियो । भाषाबारे अनेक अटुङग्याहा कुरा गर्ने भएकाले गाउँलेहरू उनलाई ठट्टामा भाखीजी भन्न थाले । पछि यही नाम गाउँभरि प्रचलित भयो । भाखी गुरुलाई मकवानपुरबाट ल्याउनका लागि विपुलनाथलाई निकै गाह्रो परेको थियो । भाखीलाई गाउँमा ल्याउदाँ एकै व्यक्तिबाट दुई कार्य हुनेहुनाले विपुलनाथले उसलाई आफ्नो नयाँ बस्तीमा ल्याउनका लागि हरहमेसा लागिपरेका थिए । र अन्त्यमा सफल पनि भए । एकजना भाखी ल्याउँदा गाउँमा एउटा शिक्षक र एक वैद्य दुवैको खाँचोको पूर्ति हुन्थ्यो । भाखी वैदाङ्गी काममा पारङ्गत त होइन तर उसको त्यसतर्फको चाख र चेष्टाले गर्दा निकै अनुभव बुटलिसकेको थियो । मुर्कीपलिया गाउँमा मात्र होइन छिमेकी गाउँमा पनि कोही डाक्टर वैद्य थिएनन् उपचारका लागि कि भाखी गुरुकहाँ आउनु पर्थ्यो कि कलैया पुग्नुपर्थ्यो । कलैया

पुग्ने बाटो त्यति सहज थिएन त्यसकारण मुर्कीपलिया र छिमेकी गाउँका बिरामी उपचारका लागि भाखी गुरुकोमा नै आउँथे । भाखीलाई औषधिमूलो तयार गर्ने, सुकाउने, खल गर्ने, कपडछान गर्ने आदिका लागि कुनै परिश्रम गर्नु पर्दैनथ्यो । उसका छात्रहरू यस्तो काममा लाग्नका लागि आपसमा झगडा गर्दथे । बिहीबार बाहेक अरू दिन ज्यादै गम्भीर बिरामी भए मात्र भाखी स्वयम् घरसम्म गएर हेर्थ्यो, पाठशालामा आएकालाई लरक्क लर्काइदिन्थ्यो । त्यसैले बिहिबार बिरामीको धुइरो लाथ्यो । त्यो दिन सबै बिरामी नपन्छाई उनी अन्नजल मुखमा हाल्दैनथे । विद्यार्थीहरू सिधा बोकर ल्याउथे र गुरुको भान्छाखण्डमा मिलाएर राख्थे र कोही घर जान्थे कोही खलमा औषधि कुट्दै बस्थे ।

उन्नाइसौं परिच्छेद पार्वती र कृष्णात्रेबीचको कुराकानीबाट सुरु भएको छ । सधैं पानको बुजो मुखमा कोचिराख्ने कृष्णात्रे अल्पभाषी छ भने पार्वतीलाई बोलिरहनुपर्छ । कृण्णात्रे आफ्नो शारीरिक तुन्दुरुस्तीका लागि मङ्गलबार केही खाँदैन, बेलुका एक गिलास दूध मात्र खान्छ । खानपिनको यो गणितलाई भाखी गुरुले सिकाएको हो । ऊनी सधैंको एकछाकी हो । बिहान एकछाक खाना खान्छ र बेलुकी कसैले करै गरे मात्र एक गिलास दूध अथवा दही खान्छ । गाउँको बीचमा रहेको सङ्गीत पाठशालामा कृष्णात्रे शिष्यहरूलाई सङ्गीत सिकाउने काम गर्दछन् भने उक्त सङ्गीत विद्यालयको हेरविचारको सबै अभिभारा पार्वतीले बोकेकी छ । सङ्गीत शिक्षणका लागि भर्ना हुने छात्रसँग कृष्णात्रे बस्ताकोटी कुनै धन लिदैनथ्यो तर दुईपटक खाने सर्जाम त विद्यार्थीले नै आफ्नो घरबाट थेग्नु पर्थ्यो । खानपिनको सबै व्यवस्था पार्वती नै मिलाउँथी । पार्वतीसित जम्मा एक विघा असल धनहर खेत थियो । त्यसबाट आएको उब्जनी पनि पार्वती विद्यालयकै भण्डारमा मिसाइदिन्थी । पार्वती, भाखीकाका र कृष्णात्रे मिली गरेको कार्यमा कहिल्यै पनि किचलो आउँदैन । उनीहरू सदा मिलेर कार्य गर्दछन् । प्रारम्भिक अवस्थामा अनेक आँधीबेहरीको माझबाट कृष्णात्रे हुण्डरी खाँदै हिड्नुपरेको थियो । यस गाउँको नयाँबनोटको इतिवृत्तमा कृष्णात्रेको दुःखद क्षणहरू पनि एक शाश्वत कथाको रूपमा गाँसिएका छन् । यसपछि कृष्णात्रेको अतीतकालीन कथाको सुरुवात भएको छ । भाखी गुरुकोमा पढ्न आउने सम्पूर्ण विद्यार्थीहरूमध्ये कृष्णे सबैभन्दा जान्ने जेहेन्दार विद्यार्थीका रूपमा रहेको हुन्छ । आफ्नै घरको कमारो कृष्णे आफूभन्दा निकै पढाइमा अगाडि भएको देख्दा भद्रनाथलाई निकै जलन हुन्थ्यो । विद्यालयमा आफूभन्दा जान्ने कृष्णेलाई भद्रनाथ घरमा आएपछि ऊ प्रति नीच व्यवहार गरी कृष्णेलाई दुःख दिन्थ्यो । भद्रनाथले आफूले लगाएको जुत्ता खोल्न लगाएर, आफूले खाएर बाँकी रहेको गिजोलेको पूरा भात खान लगाएर कृष्णात्रेलाई सताउन्थ्यो । कृष्णात्रे भद्रनाले गिजोलेको जुठो भात खानु पर्दा अति दुःखी हुन्थ्यो । यो कुरा एक दिन कृष्णात्रेले विपुलनाथलाई बताएपछि उसले कृष्णात्रेलाई त्यसबाट मुक्ति दिलाइदिन्छ । विपुलनाथले आफ्ना घर परिवारका सामू कृष्णात्रेले कण्ठाग्र पारेका देवीदेउताको वन्दनामा पाठ गरिने स्तोत्रहरू सुनाउन लगाई सबैका सामू कृष्णेको शिर उच्च गराइदिन्छ । एक दिन कृष्णेले भद्रनाथको जुत्ता खोल्न लागेको बेला भद्रनाथकी आमा देवीदेउताको स्तोत्र पाठ गरेर सुनाउने कृष्णेलाई जुत्ता खोल्न लगाउँदा पाप लाग्ने कुरा बताएपछि आफ्नो पुरा भात त

खान छोड्यो छोड्यो अब जुत्ता पनि यसलाई खोल्न लगाउन नहुने ? भन्ने सोची भद्रनाथले आफ्नो चुम्चे जुत्ताले कसेर कृष्णेको नाकमा हान्दछ । कृष्णेको नाथ्रो फुट्छ र ऊ रगताम्ये नाक लिएर भाखी काकाकहाँ पुग्छ । भाखीले उपचार गरी उसलाई सन्चो गराउँछ । भद्रनाथको कृष्णेप्रतिको यस्तो व्यवहारले आफूकहाँ पढ्न आउने भद्रनाथप्रति भाखी गुरु अत्यन्त क्रूर भएको हुन्छ । भद्रनाथसँग यसको साटो कसरी फेर्ने भन्ने कुरा भाखी गुरुले सोचिरहेको हुन्छ । एकदिन भाखी गुरु सबै विद्यार्थीहरूलाई त्यो दिनसम्म पढाएको कुरा सौध्ने निर्णय गर्दछ र भद्रनाथलाई एकपछि अर्को प्रश्न सोध्दै गर्दछ तर उसले कुनैपनि प्रश्नको सही जवाफ दिन सक्देन तर कृष्णेलाई प्रश्न गर्दा प्रश्न भूइँमा खस्न नपाउँदै जवाफ दिन्छ । यसरी केही नजान्ने भद्रनाथलाई कृष्णेबाट कुटाइ खुवाइ भाखी गुरुले सजाय दिने विचार गर्दछन् । भाखी गुरुले भद्रनाथलाई कुट्नका लागि कृष्णात्रेलाई आज्ञा दिन्छ । कृष्णेले गुरुको आज्ञालाई सहज स्वीकार गर्न गाह्रो मान्दछ । त्यसपछि पुनः गुरुले आदेश दिएपछि कृष्णे भद्रनाथको आगाडि पुग्छ । आफ्नै कमारो आफैलाई सजाय दिन आफ्नो सामुन्ने भएको देखि भद्रनाथलाई असह्य हुन्छ र सिलोटको धारले कृष्णेको टाउकोमा भएभरको बललगाएर हिर्काउँछ, कृष्णेको टाउको रगाताम्मे हुन्छ । यो देखेर भाखी गुरु भद्रनाथप्रति जाइ लाग्छ तर उल्टै गुरुले समातेको लठ्ठीले गुरुलाई नै पिट्दै गरेको भद्रेको कुटाइ छेक्न कृष्णे नै गुरुको अगाडि तेर्सिन्छ आफूले पिट्दै गरेको लठ्ठी भाँचिएपछि भद्रनाथ त्यो लठ्ठी फ्याकी टाढा मुर्कीनदीको फाँटै फाँट भाग्दछ । त्यो घटनापछि भाखी गुरु कृष्णेलाई भद्रनाथको घरमा त के त्यो गाउँमा समेत नबस्न भन्दछ । गुरुको आज्ञालाई पालना गर्दै कृष्णात्रे भारतको ग्वालियरतर्फ प्रस्थान गर्दछ ।

बीसौँ परिच्छेदमा भद्रनाथ मालिका रूपमा रहँदाको प्रसङ्ग आएको छ । नदीको किनार नजिकै सडकको छेउमा एउटा महुवाको रुख थियो । विपुलनाथले त्यो रुखलाइ केन्द्रमा पारी त्यसको वरिपरि चौतारो चिन्न लगाएको थियो । अहिले भद्रनाथ त्यही चौतारमा अखडा जमाएर आफ्ना भरौटेहरूका साथ बस्दछ । उसलाई खुसी नपारेसम्म चौताराको छेउमा रहेको बाटोबाट मानिसहरूले आवत्-जावत् गर्न पाउँदैनन् । आफ्नो काम छिटो सक्नका लागि हिँडेका मानिसहरूलाई भद्रनाथले त्यही धेरै समय कुराइदिन्छ । एकदिन असुर्फी साहूको ज्वाँइ त्यही महुवामुनिको बाटो हुँदै गोरुगाडा चढेर नरोकिकन हिँड्दै थियो । भद्रनाथ आफूलाई देखिदेखि गोरुगाडा नरोकि हिड्न लागेको देखेर आगो हुन्छ र उक्त गाडा रोक्न लगाउँछ । उक्त गोरुगाडामा रहेको युवक झर्छ र भद्रनाथ र उसको बीच भलाकुसारी हुन्छ । युवक पनि भद्रनाथसँग कत्ति नडराई उसको बोलीको प्रतिकार गर्दछ । आफूलाई सम्मान गर्नुपर्ने ठाउँमा आफूप्रति नै अपमानित व्यवहार गरेको देखि भद्रनाथ चूर हुन्छ र ऊ प्रति आक्रमण गर्न पुग्दछ । युवक पनि प्रतिरक्षाका लागि जाइ लाग्दछ । भद्रनाथका भरौटेले उक्त युवकलाई असक्त हुने बेलासम्म पिटी शरीरमा एउटा कपडा मात्र राखी उसलाई छाडिदिन्छन् ।

एक्काइसौँ परिच्छेदमा तेह्र-चौध वर्षपछि कृष्णात्रेको गाउँमा आगमन भएको छ । शास्त्रीय सङ्गीतको आचार्य श्रेणीमा सर्वप्रथम स्थान प्राप्त गरी ऊ भारततर्फको आफ्नो लक्ष्य

प्राप्तिको प्रस्थानलाई सार्थक पारी आफ्नो गाउँ आएको छ । भाखी गुरुले कृष्णात्रेको यो शैक्षिक सफलता देखि प्रफूल्ल हुन्छ र आगामी दिनमा यो शैक्षिक सफलतालाई व्यवहारमा लागू गरी सबै समक्ष आफ्नो क्षमतालाई प्रदर्शित गर्नका लागि अझै सङ्घर्ष गर्नुपर्ने बताउँछ । कृष्णात्रेको प्रगतिलाई नरुचाउने पूजारी र भद्रनाथले कृष्णात्रेलाई हलुको रूपमा उडाउँछन् ।

बाइसौँ परिच्छेद भद्रनाथको प्रसङ्गले मात्र टुङ्गिएको छ । धान कटनी गरी खलियानमा चाङ लगाइसकेपछि भद्रनाथको महुवामुनिको अखडामा सिङ्गै गाउँलाई उतारेर भद्रनाथ रमाइलो गर्दछ । त्यही सन्दर्भ यो परिच्छेदको प्रारम्भमा आएको छ । विपुलनाथको प्रसङ्ग पनि यहाँ स्मरणको रूपमा आएको छ । विपुलनाथको अन्तिम इच्छा आफ्नो चौथो पुस्तालाई काखमा खेलाएर परलोक हुने थियो तर चौथो पुस्ता पनातिलाई देख्नु त कहाँ नातिनी बुहारीलाई समेत देख्न पाएन । आफ्नो नाति भद्रनाथको विवाहको कुरा उनी आफैले छिनेको थियो । रौतहटको कटरवन गाउँको एक कुलीन परिवारकी कन्यासित भद्रनाथको विवाहको टुङ्गो विपुलनाथले नै गरेको थियो तर विवाह अगाडि नै विपुलनाथको जीवनलीला समाप्त भयो । भद्रनाथ असुर्फी साहूको ज्वाँईलाई कुटेदेखि उसको मनमा डर त्रासले डेरा जमाउन थाल्दछ । असुर्फी साहूले आफूसँग कसरी प्रतिशोध गर्ने हो सो कुराले भद्रनाथलाई पिरोल्छ । भाखी गुरुले भद्रनाथलाई असुर्फीले बदला जसरी पनि लिनेछ भन्ने कुरा भद्रनाथकै सामू बताउँदा ऊ त्यसको मुकाविला सिङ्गै गाउँले गर्नेछ भद्रनाथ एक्लैगर्ने छैन भन्ने कुरा बताउँछ । त्यसै क्रममा भाखीगुरुले असुर्फीले अरू गाउँलेसँग कुनै सरोकारै नराखी भद्रनाथसँग मात्र प्रतिशोध लिने कुरा आफूलाई जानकारी गराइसकेको भन्दछ । यो कुराले भद्रनाथ त्रसित भई भित्रभित्र काम्न थाल्छ ।

तेइसौँ परिच्छेदमा भद्रनाथको भय त्रासले निम्त्याएको परिणतिलाई देखाइएको छ । गाउँमा डाँकूलाग्ने आशंकाले भद्रनाथले आइमाई केटाकेटीलाई शिवमन्दिरमा गई बस्नको लागि आज्ञा दिन्छ भने अरू पुरुषहरूलाई महुवामुनिको अखडामा जम्मा हुनका लागि आज्ञा गर्दछ । गाउँको मालिकले नै यस्तो कुरा गर्दा उसकै आड भरोसामा बसेका सर्वसधारण गाउँलेहरू त्यो राति सोही अनुसार जम्मा हुन्छन् तर गाउँमा कोही पनि चोरडाँकू आउँदैनन् ।

चौबीसौँ परिच्छेदमा कृष्णात्रेको प्रसङ्ग बढी आएको छ । कृष्णात्रे गाउँ आएको धेरै दिन भइसकेको पनि गाउँमा स्थापित हुन नसक्दा ऊ अलि समस्याग्रस्त थियो । भद्रनाथ गाउँको मालिक रहेको थियो । सम्पूर्ण गाउँलेहरू उसकै खटन-पटनमा चल्थे । कसैले पनि आफूखुसी गर्न पाउँदैनथ्यो यदि गर्न खोजेमा ऊमाथि प्रहार हुन्थ्यो । कृष्णात्रेलाई सच्चा सहानुभूति दिने र त्यसलाई प्रकाशनमा ल्याएर भद्रनाथको भयको वेवास्ता गर्ने पनि गाउँमा केही थिए । तर तिनको सङ्ख्या अति नगन्य थियो । ती अकिञ्चन र विवश थिए । कृष्णात्रे आफ्नो सङ्गीत साधनामा प्राप्त गरेको निपुणातामा निखार ल्याउनका लागि अभ्यास गर्दथ्यो । उसको सङ्गीत साधना गर्ने र मन्दिरमा पुजारीले आरती गर्ने समय एउटै हुन्छ । पूजारीले आरतीको समयमा बजाएको चर्को शङ्ख घण्टको आवाजले कृष्णात्रेको साधनालाई भङ्ग

गरिदिन्छ । कृष्णात्रेको अभ्यासमा आएको समस्याले पिताम्बर र भाखी गुरु पनि चिन्तित हुन्छन् । सङ्गीत सुखलाई नै सर्वोच्च सुख ठान्ने कृष्णात्रे अभ्यासका लागि रातको समयलाई उपयुक्त ठान्दछ । उनी घाम डुब्दा नडुब्दै आफ्नो खानपान सकेर सुत्छ मध्य रातमा उठेर स्वरसाधनामा बिहानीको मिर्मिरे उज्यालो नभएसम्म जुटिरहन्छ । विपुलनाथले बस्ती बसाउने क्रममा बियावान, सूर्यसमेत हराउनेजस्तो बाक्लो वनसफा पारेको थियो र बस्ती बसाएको थियो । यसपछि पुनः कृष्णेको प्रसङ्ग आएको  छ । आफ्नोगाउँ त के देशलाई नै छाडी आफ्नो अध्ययनलाई निरन्तरता दिनका लागि भाखी गुरुको सल्लाह बमोजिम कृष्णात्रे भारतर्फ लागेको हुन्छ । सुरु सुरुका दिनमा त्यो बिरानो मुलुकमा कृष्णात्रे अलमल्लमा परेजस्तो हुन्छ । दुई तीन दिनसम्ममा उसले त्याँ भरिमा सबभन्दा ठूला सङ्गीत जसको नाम र ठेगाना पत्ता लगाउँछ । त्यो सङ्गीत महाराष्ट्रियन ब्राह्मण अत्रे गुरु थियो । उसैकहाँ गएर कृष्णेले शरण लिन्छ । कृष्णे नोकरको रूपमा त्यहाँ रहन्छ । गुरु कहाँ सङ्गीतका शिक्षार्थीहरू शिक्षा लिन आउने क्रममा गुरुले सिकाएको कुरा कृष्णले घरको धन्दा गर्दै गर्दा पनि ग्रहण गर्दछ । एकदिन गुरुले कति परिश्रम गरी सिकाउँदा पनि सिक्न नसकेको एक विद्यार्थीलाई अब गुरुसँग शिक्षा लिन नआउने कुरा भन्नेको लागि गुरुले कृष्णेलाई अह्राउँछ । कृष्णत्रेले आफ्नो प्रतिभालाई गुरुको सामु चिनाउने मौका मिलेको ठान्छ । उक्त विद्यार्थीले सिक्न नसकेको सङ्गीतको आलाप कृष्णेले आफूलाई आउने हुँदा उक्त आलाप आफूले सिकाउने जसका लागि गुरुले समय खर्च गर्नु नपर्ने कुरा कृष्णेले गुरुलाई बताउँछ र गुरुलाई उक्त आलाप सुनाउँछ । यो सुनी कृष्णे जस्तो प्रतिभावान बालक आफूकोमा भाँडा माझी बसेको देखी ऊ कृष्णेमा भएको क्षमतालाई प्रष्फुटित गराउनका लागि अरू शिष्यसँगै बसी शिक्षा ग्रहण गर्न भन्दछ । त्यही महाविद्यालयबाट कृष्णेले शास्त्रीय सङ्गीतको आचार्य श्रेणी सर्वप्रथम स्थान प्राप्त गर्दछ । साथै कृष्णेलाई उसको नामको पछाडि गुरुले आफ्नो नाम पनि गाँसी (कृष्णे+अत्रे) कृष्णात्रे राख्नका लागि अनुमति दिन्छ । यस्तो अनुमति गुरुले जीवनभरिमा एक दुई शिक्षार्थीलाई मात्र दिएको थियो ।

पच्चीसौँ परिच्छेद एउटै गाउँको बिहानी र बेलुकी पर्यावरणमा हुने फरकपनको उल्लेखबाट थालनी भएको छ । त्यसैगरी आषाढ पन्ध्रमा खेती लगाउने क्रममा हुने गाउँबेसीको चटारोलाई पनि यस परिच्छेदमा प्रष्टसँग उतारिएको छ । गाउँमा घडीको चलन नभएको हुनाले घामलाई आधार बनाएर समय निर्धारण गर्ने प्राचीनकालीन प्रचलन यहाँ पाउन सकिन्छ । महुवामुनिबाट एक ढुङ्गा फूर्तिसाथ हुर्‍याएजति दूीमा सेते दमाईको घर थियो । एकदिन कृष्णात्रे सेते दमाईको घरतर्फ लाग्छन् । सेते दमाई दुई छोराहरू राम लक्ष्मण चौधपदी मन्दाक्रान्ता छन्दको प्रयोग भएको श्लोक बढो एकरसतासँग गाएको सुनी कृष्णात्रे पनि उनीहरूले सहयोग गर्न सक्ने देखी सेते दमाईसँग ती छोरा आफूलाई दिनका लागि आग्रह गर्दछ । कृष्णात्रेको विपक्षी भद्रनाथको छहारीमा बस्न विवश जनसाधारणहरू भित्री रूपमा कृष्णात्रेलाई मन पराए तापनि ऊसँग भद्रनाथको डरले राम्रो व्यवहार गर्न सक्दैनथे । सेते दमाईको गुजारा चल्नका लागि पनि भद्रनाथको सहयोग आवश्यक हुन्थ्यो ।

यही कारण सेते दमाई पनि छोराहरू कृष्णात्रेलाई दिन नसक्ने कुरा बताउँछ तर पछि फेरि कृष्णात्रेकोमा सङ्गीत सिक्नका लागि पठाउँछ ।

छब्बीसौं परिच्छेदमा असुर्फी साहूले पठाएका डाकूहरू आउने आशङ्काले सारा गाउँलेलाई तयारीका साथ भद्रनाथले राखेको थियो, तर त्यो दिन डाँ आएनन् । त्यसको भोलिपल्ट आफ्नो अखडामा भद्रनाथ झोक्राएर बसेको थियो । यसैक्रममा उसका समकालीन पिताम्बरले पनि उसले हिजो गरेको त्यो काम निकै लज्जित भएको बताई उसलाई खिसी गर्दछ । असुर्फी साहूका डाँकू भद्रनाथलाई पहिले नै थाहा दिई नआउने बताउँदै तिनीहरू आउँछ । भद्रनाथलाई सुरुवालको हजार लगाउने फुर्सद समेत नहुने बताउँछ । पीताम्बरको कुरालाई सत्य ठानी भद्रनाथ मनमनै अति ग्लानियुक्त हुन्छ तर पीताम्बरको अगाडि आफूलाई निडर जस्तो गरी प्रस्तुत गर्दछ ।

सत्ताइसौं परिच्छेद विपुलनाथको परिवारमा नै सीमित रहेको छ । प्रारम्भमा विपुलनाथको पलङघरको प्रसङ्ग आएको छ । विपुलनाथले सहरबाट सिकर्मी मगाएर कसैकोमा नभएको अत्यन्त ठूलो पलङ निर्माण गर्न लगाएको थियो । उसको सुत्ने कोठा जुन पलङघरको नामले चिनिन्छ त्यो विशाल भए तापनि आधा भाग त पलङले नै ओगटेको थियो । गौरीको सासू गौरीप्रति सधैं असन्तुष्ट छे । आफ्नो पतिको मायाले परिपूर्ण हुन नपाएकी विधवा सासू छोराबुहारीको आत्मीय प्यारदेखि अति प्रताडीत हुन्छे । भद्रनाथको विवाहका लागि कन्या खोज्न सप्तरीको छप्की, वैरवा, सखडा, गोविन्दपुर, उता चार प्रगन्नाको भलुवाही, पदमपुर जस्ता धनीमानी इज्जतदार, कुलनी ब्राह्मण परिवारहरू भएको ठाउँमा विपुलनाथका आसेपासेहरूले कुरा चलाएका हुन्छन् तर सबैबाट औलो, चारकोसे झाडी, सुकेनास रोग जस्ता कुरामा दोष लगाई कसैले पनि भद्रनाथलाई कन्या दिनका लागि राजी हुँदैनन् जसले गर्दा विपुनाथ दुःखी हुन्छ । निकै दिनको धपडी पछि बल्ल एक ठाउँ कुरा जुर्दछ । कटरवन, रौतहटका प्रतिष्ठित भूमिपति दण्डपाणिकी छोरीसित भद्रनाथको विवाहको कामकुरो छिनिन्छ र विपुलनाथको अवस्थाले गर्दा सकेसम्म छिट्टैको साइतमा सबै सक्ने निधो हुन्छ । विपुलनाथ प्रसन्न त हुन्छ तर त्यो प्रसन्नता विवाहसम्म टिक्न पाउँदैन । कुरा छिनेको केही दिनपछि नै ऊ सधैंका लागि कहिल्यै नफर्किने यात्रामा प्रस्थान गर्दछ । चाँडो विवाह गर्ने कुरा भए पनि विपुलनाथको मृत्युले विवाहको तिथिमिति वर्षदिन पर सर्दछ । दण्डपाणिले आफ्नी छोरीलाई बिहे गर्न आउँदा सबै ठेट्नैठेट्ना भएको, बुज्रुक भनाउँदा कोही नभएको मुर्कीपलियाबासीले आफ्नो बेइज्जती गर्ने हुन कि भनी मुर्कीपलिया गाउँलाई केही होच्याएर भद्रनाथ समक्ष पठाएको खबरले भद्रनाथ उक्त बिहे नै गर्न नजाने कुरा गर्दछ । पीताम्बर र भाखी गुरुले दण्डपाणिले आफ्नो गाउँलाई होच्याए भन्दैमा बिहे नै नगर्ने निर्णय गर्न नहुने बरु सकेसम्म दण्डपाणि सहित त्यस ठाउँका सम्पूर्ण गाउँलेलाई नै दङ्गदास पार्ने किसिमको तयारी गरी जानुपर्छ भनी सम्झाएपछि भद्रनाथ बिहेको राम्रो तयारी गर्न सक्रिय लाग्दछ । भद्रनाथ बिहेको लागि दण्डपाणिको घरमा आफ्नो बरियातलाई लिई गएको प्रसङ्ग बिहेको समयमा रौतहटबासीले गरेको हलुका पाराको गीत गायन, त्यसको प्रत्युत्तर सेते दमाईले चोटिलो रूपमा बडो सान्दर्भिक पाराले दिएको जवाफको प्रसङ्गले हिन्दु

परम्पराअनुसार हुने विवाहको संस्कारजन्य कुरा बिहेको दिनमा जन्ति पक्ष र बेहुली पक्षले गर्ने हाँसखेलपूर्ण गायनको जानकारी यस परिच्छेदको माध्यमबाट पाउन सकिन्छ । विवाह सकिएर भद्रनाथ आफ्नो गाउँ वरियातसहित फर्किरहेको प्रसङ्गसम्म यो परिच्छेद विस्तारित भएको छ ।

अठ्ठाइसौँ परिच्छेद भाखी गुरुको प्रसङ्गबाट सुरु भएको छ । भाखी गुरु आफूले विद्यार्थीलाई शिक्षा दिएवापत कुनै रकम नलिने बरु आफ्नो बिहान बेलुकीको हातमुख जोर्नका लागि आवश्यक धान चामल मात्र लिने गर्थे । बिहीबारको दिन गुरुले आफ्नो गाउँका बिरामीलाई अती सिकिस्त आवस्थाको भए मात्र हेर्दछन् नत्र आफ्नो गाउँ बाहिरका बिरामीका लागि नै धेरै समय दिन्छन् । निकै समयको सहर बसाइपछि गाउँ आएको पवन सहरिया संस्कारभन्दा गाउँको एक अर्काबीचको आफ्नोपनको अतिशय निकटतादेखि भावुक बन्न पुग्दछ । त्यसैगरी गाउँकै मालिकको रूपमा रहेको भद्रनाथसँगबाट आफ्नो कार्यमा आइपर्ने आर्थिक समस्या समाधानका लागि किसानहरूले ऋण लिएका हुन्छन् । थोरै रकम लिए तापनि त्यसको चक्रीय व्याजका कारण किसानहरू ऋण चुक्ता गर्न सक्दैनन् । आफ्नो ऋणबाट उम्किन नसक्दा भद्रनाथकै कमारोका रूपमा उनीहरू आफ्नो जीवनलाई नै व्यतित गर्दछन् जसको भार उनीहरूको आउने पिँढीलेसमेत बोक्नुपर्ने हुन्छ । भद्रनाथको यो प्रसङ्गपछि अर्को सन्दर्भ जोडिन पुगेको छ । भाखी गुरुकोमा बिहीबारको दिन बाहिरका बिरामी आउने मौका छोपी असुर्फी साहूको मानिस मालिकले पठाएको निम्ता छाड्नका लागि भाखी गुरुकोमा आउँछ । असुर्फी साहूले आफ्नो नातिको पास्नीमा भारतका केही नामुद गायकलाई बोलाएको हुन्छ । त्यस अवसरमा आफ्ना छिमेकी गाउँका कलाकार कृष्णात्रेलाई पनि निम्ता पठाइन्छ । कृष्णात्रेका निकटतम व्यक्ति पवन समक्ष निम्ता छाडि असुर्फी साहूको मानिस आफ्नो बाटो लाग्दछ । त्यसैगरी पीताम्बरको दु:ख सुखको सारथीको रूपमा रहेको साइकल चोरी भएको कुरा पनि यहाँ उल्लेख भएको छ । बिहीबारको दिन ओझेल पर्न लाग्दा टाढा टाढा जानुपर्ने रोगीहरू घाम छँदै आफ्नो बाटो तताइसकेका हुन्छन् । पार्वतीले बल्ल फुर्सद पाउँछे । बिरामीहरू निखिसकेपछि गुरुको पाठशालामा भाखी गुरु, पार्वती, कृष्णात्रे र पवन मात्र हुन्छन् । यही मौका छोपी पवनले असुर्फीको मानिसले छाडेर गएको निम्ताको बारेमा बताउँछ तर कृष्णात्रे अस्वीकार गर्दछ । भाखी गुरु, पार्वती र पवन समेतले उसलाई सम्झाए तापनि ऊ निम्ता स्वीकार गर्नका लागि तयार हुँदैन ।

उन्तीसौँ परिच्छेदको सुरुमा आषाढको पन्ध्रको समयलाई प्रस्तुत गरिएको छ । रोपाइँको बेला गाइने गीत, रोपाहारहरूलाई गरिने खानाको व्यवस्था आदि कुराहरू यहाँ आएको छ । आषाढको पन्ध्र भएकाले गुरुको पाठशाला पनि लागेको छैन । भाखी गुरु र पवन पनि रोपाइँको रमाइलो हेर्नका लागि खेततर्फ लागेका छन् । पवन रोपाइको दृश्य देखी अति खुसी हुन्छ । तर भाखी गुरु रोपाइँको रमाइलो भन्दा पनि खेतको कुनाकानीमा पलाएका जडिबुटीतर्फ ध्यान दिन्छन् । भद्रनाथ पनि खेतको रोपाइँ हुँदाको रमणीय वातावरणको दृश्यावलोकनका लागि खेततर्फ गएको हुन्छ । गौरीको सानिध्यको आत्तुरीले गर्दा भद्रनाथ रोपाहारहरूको हुलबाट घरतर्फ लाग्छ । बुहारी गौरीलाई देखि नसहने

भद्रनाथकी आमा बुहारीप्रति छोरा अति आकर्षित भएको देखी पीडित हुन्छे र आफ्नो छोरा बुहारीको प्रेमाकर्षणलाई अरू घरमा जम्मा भएका आइमाईहरूका सामू प्रस्तुत गरी केही सन्तुष्ट हुन्छे । भद्रनाथ असुर्फी साहूले पठाउने चोर डाँकू कहिले आफूलाई आक्रमण गर्न आउने हो भनी भित्र भित्र जलिरहेको हुन्छ । भाखी गुरुले असुर्फीले गाउँका मानिसलाई केही नहुने गरी भद्रनाथलाई मात्र क्षति पुग्ने गरी एक न एकदिन आक्रमण गर्ने कुरा असुर्फीको मुखबाट नै सुनेको हुन्छ । असुर्फीले आफूलाई बताएको कुरा भाखी गुरुले भद्रनाथलाई सुनाएपछि भद्रनाथमा असुर्फीले आफूमाथि हानी पुऱ्यानका लागि कहिले डाँकूहरू पठाउँछ भन्ने कुराबाट भद्रनाथ ज्यादै आहत हुन्छ र ऊ राति सुतेको बेला समेत बन्दुक सिरानीमा राखी निदाएको हुन्छ तर एक दिन भद्रनाथका पति-पत्नीबाहेक अन्य घरमा रहेका व्यक्तिलाई समेत थाहा नहुने गरी भद्रनाथलाई अशक्त हुने बेलासम्म कुटपिट गरी असुर्फी सहित उसले पठाएका डाँकुहरू रातकै समयमा सबै कार्य सकी गडहल गाउँमा पुग्छन् ।

तीसौँ परिच्छेदमा असुर्फी साहूको नातिको पास्नीको सन्दर्भमा र उक्त पास्नीको अवसरमा असुर्फीले आयोजना गरेको सङ्गीत समारोहमा कृष्णात्रेको जित सम्मको घटनालाई समावेश गरिएको छ । सुरुमा असुर्फी साहूले आफ्नो नातिको पास्नीमा गायनका लागि बोलाइएका छिमेकी गाउँका कृष्णात्रे नआउने हुन कि भन्ने चिन्ता मानेका छन् । कृष्णात्रेलाई सङ्गीत समारोहमा हराई लोत्रे कान लगाई मुर्कीनदी तरेर पारि गएको हेर्नका लागि असुर्फी साहू आतुर थियो । उसलाई हराउनकै लागि शास्त्रीय सङ्गीतमा निकै पारङ्गत भएका र ख्याति आर्जन गरेका भारतीय गायकहरूलाई निम्त्याएको थियो । निकै सुकिला-मुकिला भारतीय गायकका सामु कृष्णात्रेलाई झलक्क देख्दा उसको अनकर्षक बाहिरी रूप रङ्गका कारण सबै जना उसलाई हेरी खिसी गर्दछन् । असुर्फी साहूले निम्त्याएका अतिथि गायकहरूले साङ्गीतिक चर्तिकला प्रस्तुत गरिसकेपछि कृष्णात्रेको पालो आउनै आँटेको बेला एउटा स्रोताले भारतीय गायकलाई तिलककामोद राग सुनाइदिन अनुरोध गर्दा कसैले पनि त्यो राग सुनाउन सक्दैनन् । तिलककामोद राग भन्दै अन्य राग सुनाउन लागेको देखी कृष्णात्रेलाई असह्य हुन्छ र उक्त रागको सैद्धान्तिक चर्चा गर्दै उसले तिलककामोद राग अत्यन्त सहजताका साथ गाएर सुनाउँछ विदेशबाट आएका गायकहरू दङ्गदास हुन्छन् र सबै स्रोतागण उसको राग गायनको अलौकिक आनन्दको रसास्वादन गरी आह्लादित हुन्छन् र सबै उसको प्रतिभालाई देखी अचम्मित हुन्छन् । उसलाई बाजा,गाजा र सिन्दूर जात्रा गरी गाउँ परिक्रमा गराइन्छ र मुर्कीपलियाको सीमानासम्म पुऱ्याइन्छ । त्यसबाट कृष्णात्रेको ख्याति दिनप्रतिदिन देश-विदेशसम्म फैलिन पुग्छ । मुर्कीपलियातिर प्रस्थान गर्दा पार्वती पनि उसको स्वागतका लागि एक ठूलै जमात बनाई बसेकी हुन्छे । पार्वतीले कृष्णात्रेको आरती गर्दछे र पानको एउटा ठूलो बुजो मुखभित्र कोचाइदिन्छे ।

एक्तीसौँ परिच्छेद, भद्रनाथको घटनासँग सम्बन्धित छ । साहूका डाकाहरूबाट कुटिइनु तर आफूलाई कालाज्वर लागेको भनी भद्रनाथले गाउँभरि हल्ला फिँजाए तापनि गाउँलेले नपत्याउनु, भद्रनाथले आफ्नी पत्नीमाथि असुर्फी साहूले पठाएका डाकाले केही

गरेकी भन्ने शङ्काले पत्नीलाई परित्यक्ता बनाई जर्नाघरतर्फ पठाउनु, भद्रनाथको अर्को विवाहको काम कुरो छिन्नु । यी आदि घटनाहरू यो परिच्छेदमा घटेका छन् ।

बत्तीसौँ परिच्छेदमा भद्रनाथको दोस्रो विवाहको प्रसङ्ग साथै भद्रनाथका ससुरा आफ्नी छोरी गौरीलाई ज्वाईले परित्यक्ता बनाएको थाहा पाई त्यसको खबरका लागि भद्रनाथ समक्ष आएको प्रसङ्ग यो परिच्छेदमा आएको छ । पहिलेको विवाह भन्दा निकै फरक ढङ्गमा बाजा, गाजा, हात्ती, बरियाँती विना नै भद्रनाथको विवाह सम्पन्न हुन्छ । भद्रनाथको पहिले विवाह भएको रौतहट जिल्ला बारा जिल्लासँग नै जोडिएको थियो । अण्डुवा नदी तर्नासाथ रौतहटको सीमानामा टेक्न पुगिन्थ्यो रौतहट जिल्ला बाराकै सीमानासँग जोडिएको भए तापनि यहाँ हावापानी र भाषागत भिन्नता थियो । भद्रनाथ दोस्रो विवाहका लागि केही आफ्ना आसेपासेलाई मात्र साथमा लिएर सीतापुरतिर हिडेको हुन्छ गाउँभरि सबै मानिस उसैको विवाहको बारेमा चर्चा परिचर्चा गरिरहेका हुन्छन् । सबैजना गौरी जस्ती गुणवती श्रीमतीलाई त्यागी किन दोस्रो विवाह गर्न लागेको होला भनी अचम्ममा परेको हुन्छन् । सबैजना गौरी जस्ती गुणवती श्रीमतीलाई त्यागी किन दोस्रो विवाह गर्न लागेको होला भनी अचम्ममा परेका थिई । भद्रनाथकी आमाले नै उसको दोस्रो विवाहको सम्पूर्ण बुनोट तयार पारेकी हुन्छे । केटीका पिता भद्रनाथकी आमाका चिनजानका थिए । उसैले मानिस पठाएर सबै तारतम्य मिलाएकी थिइ । गौरीप्रति उसको आत्मिक विकर्षण थियो । गौरी पतिबाट परित्यक्ता हुँदा समेत बूढीको मन शान्त हुन सकेको थिएन । त्यसकारण ऊ गौरीमाथि सोता हाल्ने चाँजोपाँचो मिलाएकी हो । भद्रनाथ आफूले गरेको कुकृत्यको गह्रौपनले आफैं थिचिएर खिन्न थियो । ऊ तत्काल दोस्रो पत्नी भित्र्याइहाल्ने पक्षमा थिएन तर आमाले बनाएको योजनाको सामू उसको केही लाग्दैन । भद्रनाथबाट अवहेलना गरिएकी गौरीको अवस्थादेखि एक लोटा दूध लिई गौरी भेट्न गएकी पार्वती गौरीलाई देखी आँसु झार्न पुग्छे । गौरीको यो अवस्था बनाउने भद्रनाथका साथै उसकी आमा पनि भएका कारण उसकी आमाप्रति पार्वतीले रिस पोख्छे अझै के के भनी एकछिन भए पनि मन शीतल पार्न खोजेकी पार्वतीलाई गौरीले रोक्छे । भद्रनाथको अखडा महुवामुनि जमिरहेकै हुन्छ । ऊ र उसका आसेपासे भाखी काकाको खिसी गर्दै हाँसो गरिरहेका हुन्छन् । त्यो कुरा पार्वतीले सुन्छे र भद्रनाथ समक्ष गर्जिन पुग्छे । भाखी गुरुले गाउँका सबै मानिसलाई औषधीमूलो गरी ज्यान जागाएको हुन्छ, सामान्य बिरामीबाट पनि पहिले पहिले मानिसहरू धेरै पीडित हुन्थे र उपचारको अभावमा ज्यान समेत गुमाउन पुग्थे तर भाखीले गर्दा अहिले यो समस्या गाउँमा देखापरेको छैन । भाखीले बिरामीलाई गरेको सेवाका कारण मुर्कीपलिया गाउँ नै अन्य जिल्लामा समेत चर्चित हुन पुगेको छ । जसकारण जमिनदार भद्रनाथको समेत स्थान बढेको छ भन्दै पार्वतीले भद्रनाप्रति आक्रोश व्यक्त गर्छे । गौरी जस्ती पतिव्रता नारीलाई के कारणले भद्रनाथले परित्याग गयो त्यो कारण भद्रनाथसँग सोध्छे तर भद्रनाथ अनुत्तरित हुन्छ । त्यस्ती नारीमाथि सौता राख्दा पनि राम्रो सोचविचार नगर्ने तिमीलाई गौरीको आँशुले जीवनभरि पश्चात्तापको आगोमा डढाउनेछ भन्ने कुरा पार्वती गर्दछे । पार्वतीद्वारा व्यक्त उक्त कुराबाट भद्रनाथ भित्रभित्रै पीडित भए तापनि पार्वतीका सामु त्यस्तो भाव गर्दैन ।

त्यहीबेला गौरीका बाबु छोरीको अवस्थाबारे जानकारी पाएर ज्वाईका सामु आउँछन् तर भद्रनाथले आफ्नी पत्नीका रूपमा रहेकी गौरीलाई त्यस्तो केही दुःख कष्ठ नभएको सुखसयलमा नै रहेको झूटो कुरा ससुरा समक्ष बताउँछ । भर्खरै गौरीको नाजुक अवस्थाको दृश्य देखी आएकी पार्वतीले गौरीले लगाएका मैला र च्यातिएका कपडाको पोको दण्डपाणिको अगाडि फुकाउँछे र छोरी गौरीको हालको अवस्थाको यथार्थ जानकारी दिएपछि दण्डपाणि एकाएक गर्जिन पुग्छ । सारा गाउँबासी दण्डपाणिको ठूलो डाकोका कारण महुवामुनिको अखडामा केही हुन लागेको आसङ्कले जम्मा हुन्छन् । बाबू दण्डपाणिले छोरीलाई त्यति अवहेलना गर्नुको कारण बारे प्रश्न गर्दा पति पत्नीबीचको गोपनीय यौनसम्बन्ध सम्बन्धी कुरा भएको बताएपछि भद्रनाथबाट अरू गोपनीय यौनका कुरा पनि त्यो खुला ठाउँमा खुल्ने आशङ्काले दण्डपाणि आफ्नो घरतर्फ लाग्छ ।

तेत्तीसौं परिच्छेद पार्वती र भाखी गुरुबीचको भलाकुसारीबाट सुरु भएको छ । यहाँ विपुलनाथको स्मरण पनि गरिएको छ । विपुलनाथले बस्ती बसाउने क्रममा बस्तीका लागि आवश्यक बाँसघारीको व्यवस्था पनि गरेको र त्यहाँबाट कुनै कार्य गर्नका लागि आवश्यक बाँस जो कोहीले पनि ल्याउन सक्थ्यो । त्यही बाँसघारीमा झुल्किएको घाम र अस्ताउन लागेको घामलाई आधार मानी गाउँका मानिसहरू बिहान बेलुकीको भेउ पाउँथे र आ-आफ्नो कार्यलाई सुरु गर्दथे । चन्द्रशमशेरको सवारी अन्य ठाउँमा धेरैदिन भए तापनि एक दिन मुर्कीपलियामा पनि हुने भएको छ । देश-विदेशसम्म गायनको प्रसिद्धि पाइसकेका कृष्णात्रेको गायन सुन्ने मनसुवा चन्द्रसमेशरमा पनि हुन्छ । आफू मर्कीपलिया सवारी हुँदा कृष्णात्रेको गायन सुन्ने व्यवस्था मिलाउनका लागि चन्द्रशमशेरले भद्रनाथलाई खबर गर्दछन् । कृष्णात्रे समक्ष यो कुरा राख्दा कृष्णात्रे स्वीकार गर्दैन । तर पछि चन्द्रशमशेर स्वयम कृष्णात्रे समक्ष उपस्थित भई उसको गायन सुन्ने इच्छा जाहेर गर्दा कृष्णात्रेले सहज रूपमा स्वीकार गरी उनको सवारी मुकाममा जम्मा भएका सबै समक्ष गायन प्रस्तुत गर्दछ । यो गायनबाट चन्द्रशमशेर लगायत त्यहाँ उपस्थित सबै आल्हादित हुन्छन् । महाराज चन्द्रशमशेरले कृष्णात्रेलाई सबै सुख सुविधा उपलब्ध गराइदिने सर्तमा आफ्नो दरबारमा बस्नका लागि आग्रह गर्दछन् तर कृष्णात्रे विपुलनाथले आफूलाई लगाएको ऋण चुक्ता गर्नका लागि पनि उसले बस्ती बसाएको यो गाउँ छाडी अन्यत्र नजाने विचार व्यक्त गर्दछ । कृष्णात्रेको गायनबाट अति प्रशसन्न भएका चन्द्रशमशेरले कृष्णात्रेलाई केहीमाग्नका लागि आग्रह गर्दछन् तर कृष्णात्रे मौन भई बस्दछ । भाखी गुरु महाराज समक्ष कृष्णात्रेलाई व्यक्तिगत आवश्यकता केही नभएको तर छात्रावास सहितको सङ्गीत विद्यालय खोल्न चाहेको कुरा बताउँछ । महाराजले उक्त विद्यालयका लागि आवश्यक जग्गा त्यहीँका जमिनदारले दिनेछन् र म उक्त विद्यालयको लागि आवश्यक खर्च जुटाउनका लागि दशहजार रूपैया दिनेछु भन्ने कुरा व्यक्त गर्दछन् । महाराजको यो कुरा सुनी कृष्णात्रेले आफ्नो इच्छा महाराजबाट पूरा भएको जानकारी दिई महाराजबाट विदाको अनुमति माग्दछन् । महाराज भाखी गुरुसँग पनि केही भाषासम्बन्धी कुराकानी गरी उसको भाषासम्बन्धी बौद्धिक जानकारी लिन्छन् ।

चौतीसौँ परिच्छेद उपन्यासको अन्तिम परिच्छेदका रूपमा आएको छ । भद्रनाथले दोस्रो श्रीमतीका रूपमा एउटा खुट्टा लङ्गडो भएकी दुर्गीलाई भित्र्याएको छ । घरको पिढीँ तथा आगनमा मानिसहरूको भीड लागेको छ । पार्वती पनि भद्रनाथले घरमा भित्र्याउन थालेकी दोस्री पत्नी दुर्गीलाई हेर्न आएकी हुन्छे । आफूलाई त्यागी सौता भित्र्याउँदा गौरीको मन कति रोला सबै अनमान गरेका थिए तर गौरीमा आँशुको टलपल त के अनुहारमा कति पनि विरक्ती देखिँदैन । गौरी हँसमुख उज्याली देखिन्छ । भद्रनाथको पिँढी र आगन खचाखच भए तापनि जर्नाघरतर्फ खाली पिँढी हुँदा पनि कोही जाने आँट गरेको थिएन तर पार्वती गएर गौरीसँगै बस्छे । भद्रनाथले दोस्रो विवाह गरी दुर्गीलाई भित्र्याएको थाहा पाए देखी असुर्फी साहू सुर्ताउँछ । आफ्नो ज्वाइलाई भद्रनाले ज्यादै असक्त हुने गरी पिटेको खबर असुर्फीले सुनेपछि असुर्फीमा भद्रनाथसँग जसरी भए पनि साटो फेर्ने इवी उसको रहेको छ । असुर्फी साहूको सम्धीले आफ्नो छोरा नाति पाएकी सुत्केरी बुहारीलाई माइती पुऱ्याई फर्केर आउँदा बाटोमा भद्रनाथका भरौटेले पिटेको थाहा पाएपछि असुर्फीलाई चेतावनीयुक्त सन्देश पठाउँछ । ससुराली जाँदा छोरोले पिटाइ खाएको हुँदा भद्रनाथले मरणासन्न हुने गरी पिटेको खबर आफूले थाहा नपाएसम्म बुहारीलाई घरमा नभित्र्याउने धम्की दिन्छ । आफ्नी छोरी घरजानबाट वञ्चित हुने डरले पनि असुर्फीले भद्रनाथलाई क्षति पुऱ्याउनै पर्ने र त्यो खबर सम्धीलाई दिनुपर्ने हुन्छ । भद्रनाथलाई असक्त हुने गरी पिट्न आफ्नो आदेशमा असुर्फी डाँकूहरूलाई पहिला पठाइ पछि आफू पनि त्यहाँ पुग्छ र भद्रनाथसँग आफ्नो ज्वाइलाई पिटेको साटो फेर्छ । असुर्फीबाट घटेको यो घटनाबाट नै भद्रनाथलाई गौरीलाई परित्यक्ता गर्ने कारण भएकोले तीयर र मुर्की नदीको जलजस्तै सेचनयोग्य, पवित्र र पावन गौरीलाई आफूसँग प्रतिशोध लिन यातना दिएको छ । असुर्फी ज्यादै चिन्तित हुँदै भाखी काका कहाँ आफ्नो पीडालाई व्यक्त गर्न आएको छ । भाखीकाका असुर्फी साहूले गौरीप्रति सहानुभूति देखायो भन्दैमा उसलाई स्याबासी दिदैन बरु ऊनीजस्ता खेतीवाल, जमिनदार र धनीमानी व्यक्तिको एक जनाले गल्ती गरेको खण्डमा अर्कोले अझ ठूलो क्षति पुऱ्याउने प्रतिशोध रहने गर्दछ । यस्तो प्रतिशोधी भावनाले पछि पछुताउने अवस्था आइपर्छ । असुर्फी साहूले भद्रनाथसँग साटो फेर्ने प्रतिशोधका कारण गरेको कार्यले उसलाई पश्चातापको भूमरीमा फस्नु परेको छ । गौरीकी सौताको रूपमा आएकी दुर्गीकी आमा ऊ सानै हुँदा मरेकी थिई भने बाबु साधु प्रकृतिका थिए । सादा रहनसहन, मोटो, खस्रो भोजन र त्यही अनुसारको पहिरन गर्ने सरल स्वभाव भएका उनका पिताको मानवीय गुण र दीन दुःखीप्रति हृदयको कोमलताको सबै सिको बामे सर्दादेखि नै आत्मसात् गर्दै आएकोले त्यो दुर्गीको प्रकृतिसहज स्वभाव भएको थियो । पिताका अर्तिउपदेश बाल्यकालदेखि नै बज्रलेप भई उनमा समाहित भएका थिए । तसर्थ दैन्य र अकिञ्चन परिवारकी केटी वैभवको हुरेलफुरेलमा आएर पनि दुर्गीको भोगप्रतिको लहस बढ्न सकेन, न उनको सहज स्वभावमा नै परिवर्तन आयो । भद्रनाथ यो विवाहप्रति कति सन्तुष्ट थिएन माताको आग्रह र छनोटमा बाध्यतामा परी यो विवाह गरेको थियो । विवाहपछि भद्रनाथमा ठूलो परिवर्तन आयो । उनमा आएको एक किसिमको दिक्दारीपन र अकर्मण्य तटस्थता सबैले देख्न थाले । साँच्चै भोको व्याघ्रजस्तै

गाउँमा गर्जिरहने भद्रनाथ अब दायाँबाँया कतै नहेरी लुरुलुरु महुवामुनि जान्थे र झमक्क साँझ परेपछि घर फर्किन्थे । अब मुहवामुनिबाट जाने यात्रुलाई विना काममा बियाँलेर मान सम्मान खोज्ने भद्रनाथ आजभोलि कोही मानिस आउन पाएको छैन उसलाई जानका लागि स्वीकृति दिन हर्चनलाई अह्राउँथे । भद्रनाथकी दोस्री श्रीमती दुर्गी आएपछि घरपरिवारका साथै अन्य कार्यमा पनि निकै सुधार आएको छ । सधैँ गाँजाको धुँवामा रुमलिइररहने गँजेडी पुजारी गाँजा खाँदै मन्दिरमा अखडा जमाउने उसको कार्यमाथि दुर्गीले प्रतिबन्ध लगाइ दिई । आफ्नी सौताका रूपमा रहेकी गौरीलाई अवहेलना नगरी ऊप्रति आदर्श व्यवहार देखाई । अँध्यारो दिउँसै पनि कहाली लाग्ने जस्तो जर्नाघरमा झ्यालको व्यवस्था गरी उज्यालो तुल्याइदिई, गौरीले लगाएका मैला लुगाफाटा फ्याँक्न लगाई नयाँ कपडाको व्यवस्था, स-परिवारले सँगै खानाखाने व्यवस्थाका साथै घरव्यवहार सम्हाल्ने अभिभार आफूले लिई पति रिझाउने अभिभारा सौतालाई दिई । पहिली बुहारीबाट असन्तुष्ट भद्रनाथकी आमा दोस्रीबाट पनि असन्तुष्ट नै रहि । भद्रनाथले आमालाई अब बुढेसकाल लागेकाले धर्मकर्ममा लाग्नका लागि काशीवासका लागि पठाइदिए । दुर्गीले पीताम्बरको जीवनसङ्घर्षको सहयात्रीका रूपमा रहेको साइकल हर्चनबाट चोरी भएको थाहा पाएपछि हर्चनलाई उक्त साइकल बुझाउन लगाउँछे र उक्त साइकल हर्चनले पीताम्बरकोमा थाहै नपाउने किसिमले लगेर छाडिदिन्छ । पीताम्बरको परिवार खुसी हुन्छ । साइकलको साथ लाएर वीरगन्जबाट गाउँतर्फ आएको प्रसङ्गबाट सुरु भएको यो उपन्यास पवन पुनः गाउँबाट वीरगन्जतर्फ लागेको प्रसङ्गसँगै समाप्त हुन पुग्दछ ।

### ४.३ यहाँदेखि त्यहाँसम्म उपन्यासको स्थान

उपन्यासको एक महत्त्वपूर्ण तत्त्व परिवेश अन्तर्गत देश, काल र वातावरण पर्दछन् । परिवेश अन्तर्गत पर्ने देशको पर्यायवाची शब्दका रूपमा स्थान र ठाउँ आएका हुन्छन् । यसकारण देश, स्थान र ठाउँले अन्य सन्दर्भमा फरक-फरक अर्थ प्रदान गरे तापनि औपन्यासिक एक तत्त्व परिवेश अन्तर्गत पर्ने यी पर्यायवाची शब्द देश, स्थान र ठाउँ यहाँ एउटै अर्थ प्रदान गर्नका लागि आएका छन्-

स्थान- (सं.नं.) कुनै चित्र अडिने आधार, ठाउँ, थलो, धरातल बस्ने ठाउँ, बासो, आवास, मठमन्दिर; दर्जा, ओहदा, स्थल, क्षेत्रीय भू-भाग, उच्चारणका ध्वनि निस्कने खास-खास ठाउँ (व्या.शा.), उच्चारणस्थान (संक्षिप्त नेपाली शब्दसागर, २०६२ : ८६६) । शब्दकोशमा स्थान शब्दको अर्थ यसप्रकार रहेको छ । यो स्थान शब्दले प्रदान गर्ने सार्वजनीन अर्थ हो ।

उपन्यासका सन्दर्भमा आउने स्थान शब्दले प्रदान गर्ने अर्थ तथा परिभाषालाई विभिन्न ठाउँमा विद्वानहरूद्वारा प्रस्तुत गरिएको पाइन्छ-

उपन्यासको विषय र घटना घट्ने स्थान कुनै जिल्ला, अञ्चल सहर वा गाउँ कुनै न कुनै हुन्छ । जहाँ रहेर पात्रहरू काम गर्छन् । त्यसलाई देश भनिन्छ (न्यौपाने, २०३८:१९५) । देश शब्दको अर्थ स्थल, थलो वा ठाउँ हो । नेपाली साहित्यकोश, २०५५:३२५) । आख्यानात्मक कृतिको सामान्य कथास्थलका साथै घटना वा दृश्य घटित हुने विशेषस्थल

पनि देश अथवा स्थान हो । उदाहरणका निम्ति **आगत** उपन्यासको आरम्भमा सामान्य स्थल गोसाइँपुर गाउँ छ र घटना घटित हुने विशेष ठाउँ चाहिँ गाउँकै एउटो सम्पन्न र विशाल घरको पुस्तकालय कोठा छ । कृतिगत पात्रले मानवीय जीवन बिताउने ठाउँ नै उक्त कृतिको स्थान हो (नेपाली साहित्यकोश, २०५५:३२६-३२७) । परिवेश अन्तर्गत पर्ने स्थान उपन्यासका लागि आवश्यक हुन्छ उपन्यासमा प्रयोग हुने स्थानलाई पनि यसप्रकार वर्गीकरण गर्न सकिन्छ -

१. उपन्यासको सामान्य घटनास्थल जसमा कार्यव्यापार घटित हुन्छ ।

२. उपन्यासभित्र कुनै उपाख्यान वा दृश्यको खास ठाउँ, जहाँ घटना वा दृश्य घटित हुन्छ ।

उदाहरणका निम्ति **छिमेकी** कथाको आरम्भमा यसप्रकारको देश रहेको देखिन्छ :

१. सामान्य कथास्थल-ज्यामिरे बेसी

२. खास ठाउँ -चौतारो

दृश्य : चौतारामुनि कुलो कुलामुनि हिउँदे पसल त्यसमुनि ज्यामिरे बेसीको फाँट (शर्मा, २०५५ :३९९-४००) ।

यसप्रकार उपन्यासमा सामान्य घटना स्थल वा खास घटनास्थल जे भए पनि स्थल वा ठाउँको उपस्थिति अनिवार्य रूपमा हुने गर्दछ । उपन्यासमा कतिपय घटना अति महत्त्वपूर्ण हुन्छन् भने कतिपय सामान्य खालका हुन्छन् । सबै औपन्यासिक घटना घटित हुने सम्पूर्ण ठाउँलाई नै स्थान भनिन्छ । स्थानले उपन्यासमा आएको सम्पूर्ण ठाउँलाई बुझाउँछ । जुन घटना घटेपछि उपन्यासले नयाँ मोड लिन्छ । ती घटनाहरू घटित हुने ठाउँ उपन्यासको खास ठाउँ हो भने अरू उपन्यासमा आएका सामान्य घटना घटित हुने ठाउँ सामान्य ठाउँ हो । ठाउँको उपस्थिति उपन्यासमा अनिवार्य रूपमा हुने गर्दछ । उपन्यास रचना स्थान वा ठाउँ विना असम्भव हुन्छ ।

ध.च. गोतामेद्वारा लिखित **यहाँदेखि त्यहाँसम्म** उपन्यास तराई प्रदेशको ग्रामीण भू-भागसँग सम्बन्धित छ । उपन्यासमा वर्णित समथर भू-भाग पहेंलपुर धानको फाँट, आँपघारी, यात्रा गर्दा प्रयोग गरिने वैलगाडा, चारकोशे झाडी जस्तो प्रसङ्गले पनि कुन प्रदेशको स्थान उपन्यासमा आएको छ सोको जानकारी पाउन सकिन्छ । उपन्यासमा स्वदेश भित्रको परिवेशलाई नै बढी प्रयोग गरिएको छ । स्वदेश बाहिर छिमेकी देश भारतको प्रसङ्ग पनि उपन्यासमा नआएको होइन । उपन्यासमा मुख्य पात्रकै रूपमा आएको कृष्णे आफ्नो शैक्षिक लक्ष्य हासिल गर्नका लागि तेह्र- चौध वर्षसम्म भारतीय भूमिमा नै बसोवास गरेको छ । यसै क्रममा भारतको ग्वालियर, अत्रे गुरुको घरको प्रसङ्ग, साथै सङ्गीत महाविद्यालयको विदेशी भूमिको स्थान प्रतिनिधित्व गर्न उपन्यासमा सन्दर्भित भई आएको छ । साथै असुर्फी साहूले आफ्नो नातिको पास्नीको बेला कृष्णात्रेलाई हराउनका लागि शास्त्रीय सङ्गीतमा निकै सफल भएका र ख्याति आर्जन गरेका भारतीय गायकहरूलाई निम्त्याएको प्रसङ्गले पनि उपन्यासमा भारतीय भूमिको स्मरण हुन आएको छ । स्वदेशी भूमिमा नै बढी केन्द्रित यो उपन्यासले आफ्नो मुख्य कार्यथलोका रूपमा मुर्कीपलिया गाउँलाई रोजेको छ । जङ्गबहादुरलाई आफ्नो सेवा टहलबाट प्रसन्न पार्न सफल विपुनाथलाई जङ्गबहादुरले आफ्नो

शेषपछि बस्ती बसाइ उक्त ठाउँमा आवादगुलजार गराउनका लागि स्वीकृति दिएका थिए । विपुलनाथले सोही अनुरूप वा जङ्गबहादुरको शेषपछि उक्त ठाउँमा नयाँ बस्ती बसाउनका लागि आफ्नो झिटीमिटी बोकेर मुर्कीपारि हिँडेका थिए र त्यो ठाउँमा निकै राम्रो चाँजोपाँचो मिलाई नयाँ बस्ती बसाएका थिए । यो उपन्यास विपुलनाथले बसाएको यही नयाँ बस्तीको वरिपरि नै घुमेको छ ।

यो उपन्यासमा प्रमुख औपन्यासिक कार्यथलोका रूपमा मुर्कीपलिया गाउँ आए तापनि यो गाउँसँग सन्दर्भित भई यो गाउँ वरिपरिका अन्य छिमेकी गाउँहरू पनि आएका छन् । भद्रनाथले आफ्नो सम्मान, नभएका कारण आफ्नो छिमेकी गडहल गाउँका पूँजीपति असुर्फी साहूका कान्छा ज्वाइलाई आफ्ना भरौटे लगाइ कुटपिट गरेको छ । कुटपिटको प्रसङ्गले गर्दा नै भद्रनाथ र असुर्फी साहूबीच शत्रुता कायम हुन पुगेको र यसको सास्ती सर्वधारण जनताले पाएका छन् । यो सन्दर्भसँग गडहल गाउँ जोडिएर आएको छ । साथै असुर्फी साहूको नातिको पास्नी समारोह, पवन सहरबाट गाउँतर्फ आउँदा असुर्फीको मै एकरात बिताएको घटनासँग पनि गडहल गाउँ जोडिएर आएको छ । गडहल गाउँ मुर्कीपलिया गाउँको छिमेकी गाउँका रूपमा देखापरेको छ । त्यसैगरी लरही गाउँको उपस्थिति पनि उपन्यासमा भएको छ । यो गाउँमा रहेको लरही भुट्टीपसल जसको गन्ध अलि टाढैबाट जो कोही अनुमान गर्न सक्छन् । लरही भट्टी षडयन्त्रपूर्ण कार्यको योजना बनाउने स्थलका रूपमा समेत प्रसिद्ध छ । बगडमपुर शिवालयका लागि प्रसिद्ध छ । पवनका चार सानीमामध्ये मखन सानीमाको घर रामपुर गाउँमा अवस्थित छ । रामपुरमा रहेको बगैँचाको हरियालीका कारण रामपुर गाउँ नै टाढाबाट हेर्दा एउटा हरियो टाटो जस्तो देखिन्छ । पवनका अन्य सानीमाहरूको बारेमा उनीहरूको वैवाहिक सम्बन्ध घरपरिवार आदिको उल्लेख गर्ने क्रममा गौर, सप्तरीका साथै पर्सा जिल्लाको खेसग्रहा गाउँसम्म औपन्यासिक कथानक डुल्न पुगेको छ । उपन्यासमा भद्रनाथको भूमिका बढी नै मात्रामा आएको छ । बौद्धिकताको हिसाबले माथि उठन नसकेका भद्रनाथ आफ्नो धन सम्पत्तिको तुजुक देखाएर आफूलाई सन्तुष्ट पार्न खोज्छ । आफ्नै घरमा कमारोका रूपमा रहेको कृष्णे र भद्रनाथ भाखीकाका कहाँ अध्ययन गर्न सँगै जान्छन् । आफू भन्दा आफ्नै घरको कमारो कृष्णे पढ्नमा बढी तेजिलो भएको देखी भद्रनाथलाई असह्य हुन्छ । भाखीको पाठशालामा पढ्ने सम्पूर्ण विद्यार्थी भन्दा कृष्णे तीक्ष्ण भएको देखि भद्रनाथलाई ऊप्रति निकै डाह हुन्छ र उक्त डाह साम्य पार्न कृष्णेलाई घरमा कुटपिट गर्दछ, आफ्ना भरौटेका छोराछोरीलाई लगाएर मुर्कीको पानीभित्र जाकिदिन्छ, आफूले लगाएको जुत्ता खोल्न लगाउनुका साथै आफूले खाइसकेपछि बाँकी रहेको पूरा भात गिजोलेर खान दिन्छ । यी विविध कार्यबाट कृष्णेलाई पीडा दिँदै रमाउँछ । यस्ता विविध क्रियाकलाप गर्दै परपीडाबाट रमाउने भद्रनाथमा सानै उमेरदेखि मनमा कलुसहरू थोपरिन पुग्दछन जसले गर्दा उसमा मानवीय भावनाका विपरीत अमानवीय भावनाहरू जागृत हुन्छन् र सदा तिनै कार्यहरू गर्नतर्फ अग्रसर हुन्छ । मुर्कीपलिया नामक नयाँ बस्ती बसाउने विपुनाथको नाति थियो भद्रनाथ । यहाँ विपुनाथका तीन पुस्ता विपुलनाथ, उनका छोरा रोहिणीनाथ र नाति भद्रनाथको

जीवनकालका विविध घटनालाई कथानकको रूपमा अगाडि बढाइएको छ । विपुनाथका तीन पुस्तामध्ये यहाँ दुई पुस्ता विपुनाथ र नाति भद्रनाथको जानकारीलाई बढी प्रस्तुत गरिएको छ । यी दुई पुस्ताका जीवनका इतिवृत्तका कथाहरू यही मुर्कीपलिया गाउँसँगै नै जोडिएर आएका छन् । बारा जिल्लामा पर्ने मुर्कीपलिया गाउँको इतिवृत्त नै **यहाँदेखि त्यहाँसम्म** उपन्यासको इतिवृत्त हो । मुर्कीपलिया गाउँको भौगोलिक तथा प्राकृतिक वातावरण, यहाँको सामाजिक, सांस्कृतिक स्थिति, रीतिरिवाज चालचलन, राजनैतिक तथा आर्थिक स्थिति आदि विविध पक्षलाई औँल्याउनकै लागि यो उपन्यास रचना हुन पुगेको छ ।

मुर्कीपलिया गाउँबाहेक अन्य गाउँको छिटफुट उल्लेख उपन्यासमा आएको छ । यसै क्रममा रौतहट जिल्लाको उपस्थितिलाई पनि केही मात्रामा यहाँ प्रस्तुत गरिएको छ । रौतहट जिल्लाको उपस्थिति भद्रनाथको विवाहसँग जोडिएर भएको छ । भद्रनाथको विवाह सम्बन्धी कुरामा अन्य ठाउँ पनि आएका छन् । भद्रनाथको विवाहका लागि कन्या खोज्न सप्तरीको छप्की, वैरवा, सखडा, गोविन्दपुर, उता चार प्रगन्नाको भलुवाही, पदमपुर जस्ता धनीमानी इज्जतदार, कुलीन ब्राह्मण परिवारहरूभएको ठाउँमा विपुनाथका आसेपासेहरूले कुरा चलाएका हुन्छन् तर सबैबाट, औलो, चारकोशे झाडी, सुकेनासरोग जस्ता कुरामा दोष लगाइ कसैले पनि भद्रनाथलाई कन्या दिनका लागि राजीखुसी हुँदैन । जसले गर्दा विपुनाथ दुःखी हुन्छन् । निकै धपेडीपछि एकदिन कटरवन रौतहटका प्रतिष्ठित भूमिपति दण्डपाणिकी छोरी गौरीसित भद्रनाथको विवाहको कामकुरो छिनियो । यो उपन्यास एउटा निश्चित गतिमा अगाडि बढिरहने क्रममा भद्रनाथले असुर्फीको ज्वाँईलाई पिटेको प्रसङ्गबाट अर्कै मोड लिएको छ । त्यसपछि असुर्फीले पनि ज्वाँइलाई कुटपिट गरेको कार्यको क्षतिपूर्ति आफूले पनि भद्रनाथलाई अशक्त हुनेगरी नै कुटेर गरेको छ । भद्रनाथलाई कुटेको घटनाबाट उपन्यास पुनः अर्कोतिर मोडिन पुगी झन समस्याग्रस्त बन्नपुगेको छ । यही घटनापछि भद्रनाथले आफ्नी पतिपरायण, पवित्र, गौरीमाथि चरित्रदोष लगाई परित्यक्ता बनाइ जर्नाघरमा बस्नका लागि बाध्य बनाएको छ । यसपछि गौरीबाट असन्तुष्ट भद्रनाथकी आमाले भद्रनाथलाई दोस्रो विवाह गर्नका लागि बाध्य तुल्याउँछे र सबै काम कुरो मिलाउँछे । सन्यासी प्रवृत्तिका घरव्यवहारको झञ्झट भन्दा भजन कीर्तनमा बढी रमाउने खालका थिए दुर्गीका बाबु । दुर्गीका बाबुलाई भद्रनाथकी आमाले चिनेजानेकी हुन्छे । यिनैकी छोरी दुर्गीसँग भद्रनाथको दोस्रो विवाहको कामकुरो बुढी मिलाउँछे । गौरीसँग छुट्टिएको धेरै भएको थिएन यतिछिटै अर्कोविवाह गर्नका लागि राजीखुसी थिएन भद्रनाथ । तर आमाको अगाडि केही लागेन र सीतापुर गाउँकी दुर्गीलाई भद्रनाथले दोस्री पत्नीका रूपमा भित्र्यायो । भद्रनाथको दोस्रो विवाहको घटनालाई प्रस्तुत गर्ने क्रममा सीतापुर गाउँ स्थानको प्रतिनिधित्व गर्नका लागि आएको छ । यो उपन्यासको कथानकले स्थानगत रूपमा विविध ठाउँमा घुमेको छ । विविध ठाउँमा घुम्ने सन्दर्भमा कहिले बारा, कहिले रौतहट, पर्सा गौर, मकवानपुर वीरगन्ज जस्ता ठाउँमा विविध घटनासँग जोडिदै पुगेको छ । विपुलनाथको जन्म ठाउँ मनवानपुर थियो । उनले नयाँ बस्तीलाई व्यवस्थित पार्नका लागि विविध जातिको आवश्यकता पर्नेहुँदा मकवानपुरबाट नै सबै जातिलाई ल्याएका थिए । “बस्ती बसाउनका

लागि विपुनाथले गाउँका बासिन्दाहरूका लागि आफ्नो समाजको रीतिथिति र कार्यव्यवहार चलाउन अन्यत्र कतै आश्रित हुन नपरोसभनेर ती सबैलाई मकवानपुर छेउछाउका गाउँबाट मुर्कीपलियामा बसाइँ सराएका थिए जसको आवश्यकता समाजलाई पाइलैपिच्छे भइरहन्छ । सारा कर्मकाण्ड चलाउने गरी एक पुरोहित ल्याएर उसलाई शिवमन्दिरको पूजारी तुल्याइदिएका थिए । लुगा सिउनुका साथै धार्मिक काममा दरकार पर्ने हुनाले आफूसँगै सेते दमाईको परिवार लिएर आएका थिए र चर्मकारसमेत चाहिने हुनाले सार्कीहरूलाई पनि गाउँमा उनले बसोवास गराएका थिए । त्यही क्रममा भाखीजी पनि तानिदै आए" (पृ.९९)।

सहरको परिवेश उपन्यासमा त्यति पाइँदैन । नेपालको छिमेकी देश भारतका साथै नेपालभित्रको वीरगन्ज सहरको उल्लेख बाहेक अरू सबै ग्रामीण स्थानको प्रयोग पाइन्छ । तराईको गाउँलाई केन्द्र बनाइएको यो उपन्यासमा ग्रामीण जीवनका दैनन्दिन कार्यहरू, गाउँले वातावरणको भौगोलिकता, प्राकृतिक रमणीयता जस्ता कुराहरू पनि उपन्यासमा पाइन्छ । साथै ग्रामीणजीवनको आर्थिक, धार्मिक अवस्था, संस्कार जस्ता कुराहरूले पनि त्यो गाउँको विशिष्टतालाई झल्काएको पाइन्छ ।

गाउँका मानिसहरू बिहान उठेपछि दैलो गोबर माटोले पोत्ने गर्दछन् । नुहाउने कार्य सकी दैनिक पूजापाठको काम सकेपछि मात्र अन्य कार्य गर्नतर्फ लाग्दछन् । जस्तै गृहिणी खाना पकाउन थाल्छिन् पधेर्नी पान लिन, साथै कृषक कोदाली लिएर बारीतिर लाग्दछ । यी कुराहरूलाई स्पष्ट पार्नका लागि उपन्यासमा भएका यी सन्दर्भलाई ल्याउन सकिन्छ; "दहिलो र ओसारा गाउँकी एउटी बूढी लिपिरहेकी हुन्छ । आलो गोबर माटोको झीनू गन्ध घरभरि छरिएको हुन्छ । सहरको घरमा, त्यो पनि धर्मशालामा बस्नेले यो गन्ध कहाँबाट पाउनु ? पवनलाई रमाइलै लाग्यो । यस गन्धले उसलाई घरायसी तुल्याइदियो । म कुनै परदेशमा अब छैन, आफ्नो घरमा छु आमाबाबुको पार्श्वमा सुरक्षित" (पृ.३४) । यहाँ गाउँले परिवेशमा हुर्के बढेको पवनलाई बिहान उठी गोबर माटोले देलो पोत्ने चलन अनुसार दैलो पोत्दा त्यसबाट आउने आलो गन्ध मन पर्छ । पढाइको सिलसिलामा सहरमा बस्न बाध्य बनेको पवनलाई त्यो गन्धले उसलाई आफ्नै गाउँमा अझ बाबु आमाको सानिध्यमा नै भएको अनुभव हुन्छ र छ पनि ।

गाउँको परिवेशको ज्वलन्त उादहरणलाई प्रस्तुत गर्ने खालका यो उपन्यासका विविध प्रसङ्गहरूले मुर्कीपलिया गाउँमा नै विचरण गरिरहेको भान पाठक वर्गमा गराइदिन्छ । यो मुर्कीपलिया गाउँमा एउटा सङ्गीत विद्यालय पनि रहेको छ । कृष्णात्रेले उक्त सङ्गीत विद्यालयमा आफ्ना शिष्यहरूलाई सङ्गीत सिकाउँदछन । कृष्णात्रे आफ्नो सङ्गीतसाधना बिहानीको आगमन भन्दा अगाडि केहीँ प्रहर रात बाँकी रहँदैदेखि गरिरहेको हुन्छ र बिहान पख आफ्नो नित्यकर्म नुवाइधुवाइ सकेर पुनःशिष्यहरूलाई सङ्गीत सिकाउँछ । कृष्णात्रेले गायको सङ्गीत गायन गाउँको सम्पूर्ण भू-भागमा एकतमासले छिरलिएको हुन्छ । मानिसहरू सङ्गीतको रसास्वादनसँगै आफ्नो कार्यलाई अगाडि बढाएका हुन्छन् । "दिनभरिको स्वाँस्वाँ, फ्वाँफ्वाँ, हिलो, धूलो र असिना पसिनाबाट केहीबेर पन्छिएर निस्लोट भइ निदाएका ग्रामवासीहरू एकाबिहानै उषाफुनु भन्दा निकै अघि स्वचालित यन्त्रप्रणाली झैं उठ्छन्- आङ

तान्छन ठूलाका लागि निहुरिन्छ सानालाई मुर्साछन्, म्वाई खान्छन् । टड्कारै आइरहेको समूहगानको स्वर कतै नचुडिने गरी कान थापेर सबै आ-आफ्नो गर्नुपर्नेमा लागेका हुन्छन् । कोही कसैसित बोल्दैन?, बोले पनि निकै मन्द स्वरमा अथवा साउती गरेजस्तै पनेर्नी घडा बोकेर पनेरातिर लाग्छे, हलि कोदालेहरू आ-आफ्ना खनजोतका सर्जाम बोकेर खेततिर लाग्छन्, पीताम्बर पित्ले लोटा बोकेर जङ्गल जान्छन्, उनकी पत्नी भर्खर नुहाएर चुहुँदो कपाल जोगिनीजस्तै तालुमाथि जुरो पारेर सानो पूजाकोठामा पस्छिन् र घण्ट बजाउँदा निमेषभरि अडान लिएर सैनिकले पदचाप मिलाएजस्तै सङ्गीतको तालमा सुहाउने गरी बजाउँछिन"   (पृ.२०) ।

यहाँ गाउँमा ठूला र साना व्यक्तिबीच हुने आदर भावको आदानप्रदान, आ-आफ्नो कार्यप्रतिको जिम्मेवारीको बहन बिहानीको आवागनमसँगै ग्रामवासीहरूले गर्ने सन्दर्भ यहाँ आएको छ । त्यसै गरी यहाँ गाउँमा चर्पीको व्यवस्था नहुँदैको समय पनि आएको पाइन्छ । मानिसहरू दिसा पिसाब गर्नकालागि पित्लेलोटामा पानी बोकी जङ्गलतर्फ लागेको सन्दर्भबाट पनि औपन्यासिक प्राचीनताको जानकारी पाउन सकिन्छ । हुन त अहिलेको आधुनिक समयमानै कतिपय नेपालका ग्रामीण भू-भागमा शौचालयको व्यवस्था छैन । यो त उपन्यासकारले २०४२ सालमा प्रकाशनमा ल्याएको उपन्यास हो । त्यति बेला सहर र सहर लगायत आसपासका ग्रामीण भू-भागमा मात्र शौचालय थिए । उपन्यासकारले उपन्यासमा उपस्थित गराएको मुर्कीपलियागाउँमा चर्पी नहुनु स्वभाविकै हो । तापनि प्राचीनताको एउटा आधार यसलाई पनि मान्न सकिन्छ ।

पवन भन्ने पात्र वीरगञ्ज सहरबाट आफ्नो गाउँ मुर्कीपलिया जाँदै गरेको घटनासँगै उपन्यासको थालनी हुनपुगेको छ । पवन वीरगन्जबाट बाटोमा पुगिसकेपछिको समयबाट उठान भएको औपन्यासिक कथानक पवनले यात्रा गर्दाको क्रममा देखापरेका विभिन्न गाउँहरू जस्तै : पवनकी सानीमाको गाउँ रामपुर गाउँ, लरही गाउँ बगडमपुर, गडहल गाउँ जस्ता विविध स्थानमा विचरण गर्दै मुर्कीपलियापुगेको छ । मुर्कीपलिया गाउँमा तत्कालीन समयमा हावी रहेको सामन्ततान्त्रिक व्यवस्था उक्त व्यवस्थाले गर्दा सर्वसाधारणले पाएको सास्ती, मुर्कीपलियाको भौगोलिक संरचना, प्राकृतिक, वातावरणीय, रमणीयताको चित्रण, मुर्कीबासीको दैनन्दिनी जस्ता कुराहरूलाई चित्रण गनका लागि मुर्कीपलिया गाउँमा नै कथानक केही समय रुमलिन पुगेको छ र पवन पुन वीगन्जतर्फ जानका लागि प्रस्थान गरेको प्रसङ्गसँगै औपन्यासिक कथानकको अन्त्य हुन पुगेको छ । वीरगन्जबाट मुर्कीपलिया गाउँतर्फ र फेरि मुर्कीपलियाबाट वीरगन्जतर्फ नै लागि उपन्यासको वैठान भएबाट स्थानगत व्यापकता नभइ सीमितता उपन्यासमा पाइन्छ ।

पवन घरतर्फ लाग्दा बाटोमा तर्नुपर्ने खोलनालाको चित्रण प्रवृत्तिका आधारमा गरिएको छ । यात्रालाई अगाडि बढाउँदा पहिला तर्नुपर्ने पसाहा नदी बहुल्ठी किसिमको रहेको हुँदा यसको रिसाउने र खुसाउने कुनै भाती छैन । जसलाई उपन्यासको तलको सन्दर्भबाट जानकारी पाउन सकिन्छ :

"यो नदी बहुलठठी किनभने यसको रिसाउने र खुसाउने कुनै भाँती छैन अरू ठूलाठूला नदीहरूको गम्भीर प्रकृतिले गर्दा किनारमा अनेक सहरहरू खडा भए, त्यहाँ नौलो संस्कृतिका अपूर्व इतिहासहरू कोरिए तर पसाहा नदीको अनपत्याथरिलो चाञ्चल्यले यसको बगरभन्दा निकै टाढा-टाढासम्म कुनै गाउँको अत्तोपत्ता पाइन्न" (पृ.१-२) ।

थलही खोला पसाहा नदीपछि तर्नुपर्ने खोला हो । यो खोलामा व्यवस्थित पुलको अभावमा खोला वारपार गर्नका लागि एउटा फल्याक मात्र तेर्स्याइएको छ । बढ्दो बेगवान गतिमा बगिरहेको नदीको बीचमा पुग्दा यात्रुलाई कहाली समेत लाग्न पुग्दछ । थलही खोलाको सन्दर्भ उपन्यासमा यसप्रकार आएको छ :

"उसले अब एक कोसपछि तर्नुपर्ने खोला थलहीको अडभङ्गे पुललाई सम्झ्यो । उसले बालककालदेखि नै त्यस नदीमा वारपार गर्नका लागि यौटा दुब्लो फल्याक मात्र तेर्स्याइराखेको देखेको छ । फल्याकको माझमा पुगेपछि तल गहिँरिदै गएको थलहीको हात्ती डुब्ने खाडलको अँध्यारो पेटानीमा सुर्के चन्दनदस्तै पातलो जलाधारा देखेर कहाली लाग्छ र यात्रुलाई अपफू उभिएको सिङ्गै फल्याक रोटपिङजस्तै फनफनी घुम्न थालेको र आफू उधमुन्टिएर तल, झन्-झन् तल तालुले टेक्न पुगेको जस्तो लाग्दछ" (पृ.४) ।

तीयर नदी पनि वीरगन्जबाट मुर्कीपलियातर्फ जाँदा बाटोमा पर्ने नदी हो । पसाहा र थलहीको जस्तो विनास गर्ने प्रवृत्ति यसको छैन र पनि यो निकै भयानक छ । यो नदी जुनसुकै याममा पनि एउटै जलप्रवाहका साथ बगिरहेको हुन्छ । पार गर्नका लागि यहाँ न कुनै नाउँ छ न कुनै डुङ्गा तीयर नदीको प्रवृत्तिलाई यहाँ यसप्रकार प्रस्तुत गरिएको छ :

"तीयर माइत जाने छोरी हो । माइत जाने छोरीलाई कस्तो हतार हुन्छ, सिङ्गै बाटाघोटो सम्पूर्ण डाँडापाखा र खोलाखाल्साहरू सलक्क निलेर माइतिको बीच आँगनमा झ्वाप्प पुग्ने हतार (पृ.४)"।

भद्रनाथकी पत्नी गौरीको माइती गाउँ रौतहटको कटरवन गाउँमा रहेको छ । यो गाउँ बागमती किनारको पाको बस्ती हो । यो नदीको प्रवृत्ति अनुसार नै यहाँका मानिसको प्रवृत्ति पनि रहेको छ । जस्तै :

"यस नदीको स्वभाव हो हिउँदमा नरम भई गाम्भीर्य ग्रहण गर्ने, वर्षायाममा रौद्ररूप लिएर गडगडाउँदै बिनासकारी र प्रत्यञ्चकार रूप दिने यसको किनारमा बामे सरेर तन्नेरी र अधवैंसे भएका मानिसले पनि बागमतीकै स्वभाव र आनीबानी ग्रहण गरेका छन् । आफन्त भनिठानेर ठट्यौली गर्ने छिल्लीने मस्किने यहाँका गाउँबासीको जन्मजात स्वभाव भइसकेको छ " (पृ.१७५) ।

उपन्यासमा घटनाको क्रमबद्ध प्रस्तुतिद्वारा कथानकको निर्माण हुन्छ । उपन्यासमा अनेक घटनाहरूले भुमिका खेलेको हुन्छ ती घटनाहरूमध्ये कुनै घटनाले उपन्यासलाई नै एकरसताबाट मोडिदिन्छ भने कुनै घटनाले खासै असर गर्दैन । उपन्यासमा घटित घटनामध्ये जसले उपन्यासको गतिलाई नै परिवर्तन गरी औपन्यासिक कार्यव्यापारलाई नै उथुलपुथुल गराएको हुन्छ उक्त घटना उपन्यासमा महत्त्वपूर्ण मानिन्छन् । यस्तो घटना उपन्यासमा एक वा एक भन्दा बढी हुन्छन् । यस्ता घटना घटित हुने ठाउँलाई महत्त्वपूर्ण

मानिन्छ । मुख्य घटना घट्ने स्थानको महत्वपुर्ण भूमिका हुन्छ भने सामान्य घटना घटित हुने स्थान पनि उपन्यासमा आएका हुन्छन् र यिनलाई सामान्य रूपमा नै लिइन्छ । **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा घटित विविध घटनाहरू मध्ये मुख्य-मुख्य घटना घटित भएको ठाउँ भनेको विपुलनाथले नयाँ बस्ती बसाइ आवादगुलजार गराएको मुर्कीपलिया गाउँनै हो त्यसैले यो उपन्यासमा प्रयोग गरिएको मुख्य स्थल भनेको यही गाउँ हो यो बाहेक उपन्यासमा आएका अन्य स्थान सामान्य स्थानहरू हुन् । यस उपन्यासमा मुर्कीपलिया गाउँको भौगोलिक, प्राकृतिक वातावरणीय पक्ष आर्थिक, राजनैतिक स्थिति, रीतिरिवाज, संस्कार चालचन, लवाइखवाइ भाषा शैली आदि कुराहरू स्थानगत विशिष्टतालाई झल्काउनका लागि आएका छन् । मुर्कीपलिया गाउँमा अवस्थित हरेक पक्षको विशिष्टतालाई झल्काउनका लागि रचित यो उपन्यास यसकारण आञ्चलिक उपन्यास हुन पुगेको छ । आञ्चलिक उपन्यासमा कुनै पनि ठाउँर्ला नै मुख्य केन्द्र बनाई त्यस ठाउँको सामाजिक संरचनादेखि लिएर आर्थिक, राजनैतिक, धार्मिक पक्षका साथै त्यस ठाउँको रीतिरिवाज परम्परा लगाइखुवाइ, प्रथा, मूल्य, मान्यता र प्राकृतिक वातावरण जस्ता विविध कुरामा विशेष ध्यानपुऱ्याई त्यस ठाउँको विशिष्टता झल्किने किसिमिको प्रस्तुति हुन्छ त्यसलाई आञ्चलिक उपन्यास भनिन्छ - विपुलनाथले जङ्गबहादुरबाट बक्स पाएको मुर्की पारिको जग्गामा बियावान सूर्यसमेत हराउनेजस्तो बाक्लो वन र हौदासमेत हात्ती डुबाउने ढुड्डी सफा पारेर नयाँ बस्ती बसाएका थिए । यो नयाँ बस्ती बसाउँदा उनले यसप्रकार गाउँलाई व्यवस्थित गरेका थिए-

"दस घरपिच्छे एक पानी खाने कुवा राख्ने, गाउँ बाहिरको बगैँचा र त्यसभन्दा वर एक मन्दिर गाउँको माझमा अन्न थुपार्ने र दाइँ गर्ने खरिहान, गोवासको लामो टहरो मन्दिरपछाडि, गाउँको चारैतिर टिन ठटाउने चारवटा अग्लाअग्ला मचान जहाँबाट बालीनाली नाश गर्ने जनावरहरूलाई धपाउन सकियोस, गाउँको सानो पाठशालको झुप्रो र अगाडिपट्टि माटोको लामो पाटी जसलाई ध्वाँसो दलेर कालो पारी लस्करै बसेर माटामा डल्लाले विद्यार्थीहरू लेख्न सक्नेछन्" (पृ.६८)।

यसबाट मुर्कीपलिया गाउँको भौगोलिक संरचनाको जानकारीलाई प्राप्त गर्न सकिन्छ । यसरी व्यवस्थित यो मुर्कीपलिया गाउँको लागि आवश्यक जाति विपुलनाथले आफ्नो पुरानो गाउँ मकवानपुरबाट ल्याएका थिए । कर्मकाण्ड चलाउनका लागि पुरोहित, लुगा सिउनका लागि सेते दमाईको परिवार चर्मकारको आवश्यकता गाउँमा हुने हुँदा सार्कीहरूलाई समेत गाउँमा ल्याएका थिए । भाखी गुरुलाई ल्याएँदा एउटै व्यक्तिबाट शिक्षक तथा वैद दुवैको आवश्यकता पूर्ति हुने हुँदा निकै हम्मेको सामना विपुनाथले गरेका थिए । त्यसैगरी विधवी कृष्णेकी आमा पनि कृष्णेलाई साथमालिएर मकवानपुरबाट मुर्कीपलियातर्फ आउँदै गरेको लस्करसँगै मिसिएर आएकी थिई । मुर्कीपलिया गाउँको जमिनदारको रूपमा विपुलनाथका नाति भद्रनाथ रहेको थियो । उपन्यासमा भद्रनाथको वर्तमान अवस्थाको जमिनदारीपनको हैकम र अहम्लाई देखाउने क्रममा विपुलनाथको प्रसङ्ग पनि अतीतकालीन घटनाका रूपमा उपन्यासमा आएको छ । विपुनाथ पनि मुर्कीपलिया गाउँका जमिनदार नै

थिए तर नाति जस्तो क्रूर र अहम्कारी गर्ने खालको थिएनन् । उनी बडो आदर्श र उदारवादी थिए । सम्पूर्ण गाउँबासीका अभिभावक जस्तै थिए । विपुनाथको मृत्युपछि उनका छोरा रोहिणी पनि गाजाका अम्मली भएकाले धेरै समय बाँचेनन् र जमिनदारीपनको पद भद्रनाथले छिट्टै नै सम्हाल्न पुगे । सानैदेखि अह्मवादी भद्रनाथ परपीडामा रमाउने खालका व्यक्ति थिए । सर्वसधारणहरू भद्रनाथलाई रुचाउँदैनथे तर ऊ मालिक भएकाले उसको सहयोग विना बिहान बेलुकीको छाक टार्न नै मुस्किल भएकाले भित्री मनले उसलाई देख्न नरुचाए पनि उसको अगाडि मान सम्मान नै टक्रयाउँथे । गाउँमा बालविधवी पार्वती पनि थिइन् । त्यसैगरी कृष्णात्रे पनि थिए । कृष्णात्रे, पार्वती र भद्रनाथ बालककालका सहपाठी थिए । साउअक्षरको अध्ययन प्रारम्भ गर्ने क्रममा यिनीहरू भाखी गुरुकहाँ सँगै अध्ययन गर्दथे । यौवनावस्थाको आरम्भसँगै पार्वतीप्रति आकर्षित भद्रनाथ सधैँ पार्वतीको सानिध्य चाहन्थ्यो तर निर्भिक र निडर तथा वैसालु बेलापन आफ्नो चीर कौमार्यलाई सदा जोगाइ राख्न सफल साहसी पार्वतीका सामु भद्रनाथको केही लाग्दैन । भाखी गुरु कृष्णात्रे र पार्वतीद्वारा उक्त मुर्कीपलिया गाउँ व्यवस्थित हुन पुगेको छ । तर उक्त गाउँमा भद्रनाथबाट अनेक कुकृत्य हुने गर्दछन् तर ऊ गाउँको नै मालिक भएकाले उसको कार्यको विरोध सबैको अन्तरमनबाट भए तापनि बाह्य प्रकट गर्न सक्दैनन् । मुर्कीपलिया गाउँमा मुर्की नदी नजिकै एउटा महुवाको रुख रहेको छ उक्त रुखमुनि एक चौतारो रहेको छ । उक्त चौतारोमा भद्रनाथ बालिष्टमा अडेस लगाई सतरन्जी सजनीमाथि विराजमान भएको हुन्छ । चौतारोको छेउमै रहेको बाटोमा आवत-जावत गर्ने मानिसलाई भद्रनाथ विनाकमा अडान लिन लगाउँछ र उत्तः मासिनले आफूलाई कत्रिको आदरभाव व्यक्त गऱ्यो सोही आधारमा उसलाई रोक्ने वा छाड्ने कार्य गर्दछ । एउटै गाउँमा एकातिर भद्रनाथ जस्तो अहम्वादी जमिनदारले गाउँलाई नै विकृत तुल्याएको हुन्छ भने अर्कोतिर कृष्णात्रे, भाखी काका, पार्वती, पवन जस्ता व्यक्तिले गाउँमा विविध उपयोगी कार्य गरी गाउँलाई नै देश विदेशसम्म चिनाउने कार्य गर्दछन् । भाखी काका गाउँका अशिक्षित बालबालिकालाई शिक्षा दिलाउँछ साथै वैद्यको रूपमा आफ्नो गाउँ तथा गाउँ बाहिरका बिरामीहरूलाई औषधिमूलो गरी निको पार्छ । भाखी गुरु यी कार्य गरेवापत कसैसँग शुल्क लिँदैन तर उसलाई खानाको जोहो चाहिँ उसले सेवा दिएका व्यक्तिहरूले मिलाई दिनु पर्दछ । कृष्णात्रे गाउँको बीचमा रहेको सङ्गीत विद्यालयमा आफ्ना शिष्यलाई सङ्गीत सिकाउँछ । कृष्णात्रेको बिहान बेलुकीको छाक टार्ने व्यवस्था शिष्यहरूले नै मिलाउनु पर्थ्यो । पार्वती सधै कृष्णात्रे र भाखी गुरुकी सहयोगीका रूपमा रहेकी हुन्छे । सङ्गीत विद्यालय र भाखी काकाको पाठशालाको सबै अभिभारा पार्वतीलाई थियो उनी सबै व्यवस्था मिलाउँथीन् ।

पवन सहरबाट गाउँतर्फ लाग्दा बाटोमा देखा पर्ने भौगोलिक बनोटले पनि ग्रामीण परिवेशको झल्को गराउँछ :

"घाँसैघाँसको फाँट, खोलाबाट विचलन भएर बाटो बनेको बलौटे छाडनहरू रहका बुटा काटेर छुटेका ठुटैठुटाले भरिएको माटाका अग्लाहोचा ढिस्का, थुम्काहरू र छिपछिपे

पानी भएका छिचेरा कुलेसाहरूलाई पछि घचेट्दै सिङ्गै घामको झिटीमिटी आफ्नो पिठ्यूमा बोकेर पूर्वतिर दौडिरहेको थियो" (पृ.१९) ।

त्यसैगरी भद्रनाथको असुर्फी साहूसँगको शत्रुताका कारण मुर्कीपलियाका यात्रुलाई असुर्फी साहू आफूले नाउडुङ्गा जोडि तीयर नदी पार गर्नका लागि बनाएको पुल तर्न सहज रूपमा दिदैनथ्यो । पवन पनि मुर्कीपलियाकै बासिन्दा भएकोले साहूले आफूलाई तीयर तर्न दिने हो वा होइन भन्ने डर थियो । असुर्फीले पवन मुर्कीपलिया निवासी हो भन्ने कुरा थाहा पाउँदा रिसले आगो भएको थियो तर दुर्गानाथको नाति हो भन्ने जानकारी पाएपछि उसलाई त्यो दिन रात पर्न लागेको हुँदा त्यही बास बस्न लगाई भोलिपल्ट मात्र पठाउँछ । यस सन्दर्भमा गडहल गाउँमा रहेको असुर्फी साहूको तीनतले घर घरमुनिको पक्की घाट, घाटमा वारिदेखि पारिसम्म पुलको रूपमा रहेका नाउडुङ्गाहरू आएका छन् । यसबाट असुर्फी साहूको घर वरिपरिको बनोटको जानकारी हुन्छ । बारा जिल्लाको परिवेशलाई नै यो उपन्यासमा बढी मात्रामा प्रयोग गरिएको छ । तराईका जिल्लाहरूमा ग्रामवासीलाई बेचबिखन लेनदेन र आफ्नो दैनिक जीवनको आवश्यकता धान्ने किनमेलका लागि टाढा जान नपरोस् भनी विभिन्न गाउँलाई पाएक पार्ने गरी हाट बजारको व्यवस्था गरिएको हुन्छ । त्यस्तै व्यवस्था बारा जिल्लामा पनि हुने गर्दछ ।

"बारा जिल्लाभारिमा जम्मा तीन पीठिया बजारहरू नामुद बन्द व्यापार हुने स्थलका रूपमा कहलिएका थिए । कलैयाको के कुरा त्यो त जिल्लाको मुख्य थलो वा गौँडो भइ हाल्यो । यसबाहेक सिम्रौनगढ, बारा बजार, लरही यही तीन पीठियाहरूबाट सिङ्गै जिल्लावासीहरूको वेचबिखन, लेनदेन र आफ्नो दैनिक जीवनको आवश्यकता धान्ने किनमेल गरिन्थ्यो "(पृ.२३) ।

यसबाट तत्कालीन समयमा पनि बारा जिल्लामा त्यहाँका स्थानीय जनताको आवश्यकतालाई ध्यानमा राखी उनीहरूको दैनिकीलाई सहज बनाउनका लागि ठाउँ ठाउँमा हाटबजारको व्यवस्था गरेको बारे जानकारी पाउन सकिन्छ ।

पवनलाई असुर्फी साहू आफूकोमा एकदिन बस्नका लागि आग्रह गर्दछ । मुर्कीपलिया जानका लागि आफ्नो गाउँबाट त्यति धेरै समय त लाग्दैन तर साइकलमा जाँदा अलिक टाढा पर्दछ भन्ने सन्दर्भमा मुर्कीपलिया र गडहल गाउँको बीचमा पर्ने विभिन्न गाउँको सन्दर्भ आएको छ :

"यहाँबाट तराईको गाउँ कपर्दी खेलजति पनि टाढा छैन । आजलाई साइकल यहाँ छाडिदिनुस्, म भोलि झिसमिसेमै पठाइदिउँला । साइकलको बाटो घुमाउरो छ, बैलगाडीको लिगैलिग जानुपर्ने हुन्छ । यहाँबाट दखिखन हान, वसन्तपुर जाऊ अनि फेरि उत्तरपूर्व कपरौली गाछीसम्म आऊ, अनि पो मुर्कीपलिया देखिन्छ" (पृ.२८) ।

पवन आफ्नो गाउँ मुर्कीपलिया पुग्दा साँझ परिसकेको थियो साँझको समयमा गाउँको पर्यावरण कस्तो हून्छ भन्ने कुराको बारेमा यो सन्दर्भबाट स्पष्ट हुन सकिन्छ :

"गाउँभित्र पस्दा साँझ बाक्लिइसकेको थियो । ठाउँ ठाउँ घुर बालेको धुँवाको मुस्लोले गाउँका गल्ली र गल्छेडाहरूलाई अझ अँध्यारो तुल्याइदिएको थियो"(पृ.३१)।

मुर्कीपलिया गाउँभित्र पस्ने ठाउँबाट केही अगाडि बढ्नासाथ विपुलनाथले बनाएको शिवमन्दिर आउँछ उक्त शिव मन्दिर वरिपरिको मनोरम वातावरणले मुर्कीपलिया गाउँको शोभा नै बढाएको छ :

“गाउँ पस्ने ठाउँमा जहाँ सोझो आउने गोरेटो र घुमाउरो भएर कपरौलीतिरबाट आउने गोरुगाडाको सडक मिसिन्छ, त्यही विपुलनाथले बनाएको एक सानो शिवमन्दिर छ । बगडमपुरको जस्तो ठूलो त होइन तर सानो भए पनि चिट्ट परेको शिखरशैलीको माथि सुलुत्त पर्दै गएको मन्दिर निकै राम्रो देखिन्छ । मन्दिरभन्दा पनि त्यस वरिपरिको गिर्दाको वातावरण अझ मनोरम देखिन्छ । मन्दिरसामुको ठूलो पक्की चौतारो जस्तो डबलीको सिनित्त परेको चिल्लो सिमन्टीले तीयर नदीको पक्की घाटको सम्झना गराउँछ । वरिपरि झ्याम्म परेको फूलबारी छ जहाँ धतुरा र पारिजातका बोटहरू गन्ज पारेर रोपिएका छन” (पृ.४६) ।

विपुलनाथलाई पहाडी परिवेश मन पर्दैनथ्यो आफ्नै जन्मथलो मकवानपुर समेत उसलाई मन परेको थिएन । यो कुरा विपुलनाथले जङ्गबहादुर समक्ष पनि बताएको थियो । यसकारण आफूको मन रिझाउन सफल विपुलनाथालाई जङ्गबहादुरले तराई प्रदेशकै भू-भाग बक्स गरी दिएको थियो । पहाडी परिवेश मन नपराउने विपुलनाथलाई तराईको परिवेश देख्ना साथ भावविभोर हुन्थ्यो :

“उसलाई तराईको समथर फाँटले मधेस-बौलाहा तुल्याइदिएको थियो । शैवालिक श्रृङ्खलाको अन्तिम घाँच जहाँबाट चारकोसे झाडी प्रारम्भ हुन्छ, त्यहाँ पुग्नासाथ उसको मन चौचौ हुन थाल्यो । बाक्लो जङ्गल तर्नासाथ जब ऊ आँखाले भ्याएसम्मको समरो भू-भागमा जहाँ हावाको हलुका हम्काइले टाढासम्म नागबेली पर्दै गएका धानका पहेंलपुर खेत देख्थ्यो, आफूलाई थाम्न सक्दैनथ्यो । धानको दूधे बालामाथि टेकेर दगुर्दै टाढाटाढासम्म जान मन लाग्यो ” (पृ.५०) ।

यहाँ तराईको परिवेशको सौन्दर्यता प्रकट भएको छ । तराईमा हुने चारकोशे झाडी, समथर भू-भाग, पहेंलपुर धानको फाँटको सजीव प्रस्तुति सबैको मनलाई लोभ्याउने किसिमले भएको छ ।

भद्रनाथका बाजे विपुलनाथ तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुरका भान्सा खण्डका डिटठा पदमा आसीन थिए । जङ्गबहादुर बेला बेलामा सिकारका लागि तराईतर्फ सवारी हुने गर्दथे । बारागढीको विशाल जलासय महाराजालाई सारै मन परेको थियो । तसर्थ सवारीको पहिलो मुकाम नै यही तालकिनारमा राख्ने गरिएको थियो । यही प्रसङ्गसँगसँगै जोडिएर जिल्लाको सदरमुकाम रहेको बारागढी, त्यसैठाउँमा नै पुलिसठाना, अड्डा अदालत, वनजाँच र अड्डाखाना रहेको कुरा यहाँ सन्दर्भित भई आएको छ । त्यसैगरी सवारीको अन्तिम बास रौतहटको पत्थरघट्टामा हुने हुँदा यहाँ यी विविध ठाउँहरू स्थानको प्रतिनिधित्व गर्नका लागि आएका छन् । यही सवारी मुकाममा गएका बेला नै जङ्गबहादुरले विपुलनाथलाई जग्गा बक्स गरी दिएका थिए । मुर्कीपारिको फाँटमा विपुलनाथले बस्ती बसाउनु अघि उक्त चेरवन्त प्रगन्ना वनजङ्गल र खोलानालाले भरिएको थियो । चारकोसे

झाडी अलि टाढा रहेको थियो, झुम्म परेको वन उक्त वनपछाडि आउने फाँटमा थारुहरूको बस्ती थियो ।

"बारा जिल्लाको चेरवन्त र सिद्धमासा प्रगन्ना तिनताका वनजङ्गल र खोलानालाले भरिएका थिए । तर चारकोशे झाडी उत्तरपट्टि निकै टाढा पर्ने भएकोले त्यति बियावान र बाक्लो वन त्यहाँ थिएन । झुप्प परेको वन छिचोलेर फाँटमा निस्किना साथ ठाउँ-ठाउँमा थारुहरूका साना-साना बस्ती फेला पर्थे" (पृ.६२) ।

महाराज जङ्गबहादुरको मृत्यु अगाडि अन्तिम सवारी भएको मुकाम रौतहटको पत्थरघट्टा मुकाममा थियो । महाराजले विपुलनाथलाई आफ्नो मृत्युपछि बस्ती बसाउन स्वीकृत दिएको मुर्कीपारिको जग्गामा विपुलनाथ महाराजको मृत्युपछि बस्ती बसाउन मुर्कीपारि गएको थियो ।

निष्कर्ष स्वरूप यो उपन्यासको स्थानको सन्दर्भमा कुरा गर्दा मुख्य स्थानको रूपमा मुर्कीपलिया गाउँ नै आएको छ । मुर्कीपलिया गाउँ बाहेक यो गाउँको छिमेकी गाउँहरू; असुर्फी साहूको गडहल गाउँ, प्रतिष्ठित भूमिपति रौतहटको कटरवन गाउँ, पवनकी सानीमाको रामपुर गाउँ, भद्रनाथकी दोस्री पत्नी दुर्गीको माइती सीतापुर गाउँ, भट्टिपसलका लागि प्रसिद्ध लरही गाउँ, शिवालयका लागि प्रसिद्ध बगडमपुर गाउँ जस्ता गाउँहरू पनि उपन्यासमा सन्दर्भित भई आएका छन् । औपन्यासिक घटनाका आधारमा कुरा गर्दा उपन्यासको मुख्य घटना घटित हुने ठाउँको रूपमा मुर्कीपलिया गाउँ नै आएको छ । साथै छिमेकी गाउँहरूमा पनि औपन्यासिक कथानक डुलेको छ र सामान्य घटनाहरू घटित हुन पुगेका छन् । त्यसकारण उपन्यासको सामान्य स्थानको रूपमा अन्य गाउँहरू आएका छन् । सामान्य घटनाहरू घटित हुने अन्य गाउँहरू स्वतन्त्र रूपमा आफ्नो पहिचानलाई प्रस्तुत गर्नका लागि नआइ मुर्कीपलिया गाउँसँग नै सन्दर्भित भई आएका छन् । उपन्यासमा आएको मुर्कीपलिया गाउँ बारा जिल्लामा अवस्थित रहेको छ । बारा जिल्ला बाहेक जिल्लाका हिसाबले उपन्यासमा रौतहट, मकवानपुर, पर्सा, अनि अञ्चलेत्तर जिल्लाहरूका रूपमा काठमाडौं पनि आएको छ । देश बाहिरको विदेशी भूमिका रूपमा भारतसम्म पनि उपन्यास विचरण गर्न पुगेको छ । यो उपन्यासले स्थानगत हिसाबले धेरै क्षेत्रलाई समेटेको छैन । तराई प्रदेशको ग्रामीण इलाकाको सानो गाउँलाई नै मुख्य केन्द्र बनाई त्यही गाउँको सम्पूर्णतालाई विशिष्ट किसिमले उल्लेख गर्ने कार्य उपन्यासमा भएको छ । स्थानगत हिसाबले उपन्यासमा आञ्चलिक विशेषता रहेको पाइन्छ । आञ्चलिक उपन्यासमा सानो स्थानको विशिष्ट उल्लेख हुन्छ । त्यसकारण स्थानगत रूपले उपन्यासलाई दृष्टिगत गर्दा यो आञ्चलिक उपन्यास हो ।

### ४.४ काल

उपन्यासको एक महत्त्वपूर्ण तत्त्व परिवेश अन्तर्गत पर्ने काल शब्दले समय वा बेला भन्ने अर्थलाई बुझाउँछ । उपन्यासमा घटनाहरूको श्रृङ्खलाबद्ध प्रस्तुति हुने गर्दछ । उपन्यासमा घटित घटना कुन ठाउँमा घटेको हो उक्त घटना घटित भएको ठाउँले स्थानलाई बुझाउँछ भने घटित घटना कहिले घटेको हो भन्ने सन्दर्भमा काल आउँछ ।

उपन्यासको विषय र घटना घटने स्थान कुनै जिल्ला, अञ्चल, सहर वा गाउँ कुनै न कुनै हुन्छ । जहाँ रहेर पात्र पात्राहरू काम गर्छन त्यस्तो घटनाको समय वरिपरिको आन्तरिक र बाह्य स्थिति यिनीहरूलाई देश, काल र वातावरण भनिन्छ । स्थान जस्तै काल पनि उपन्यासमा अनिवार्य रूपमा आएको हुन्छ । उपन्यासमा चित्रित पात्रहरूद्वारा सम्पन्न गरिएको कार्यव्यापार कहिले र कुन बेला सम्पन्न भएको हो भन्ने सन्दर्भमा काल वा समयको किटान अनिवार्य रूपमा हुनुपर्दछ । उपन्यासमा देश, काल र वातावरणको सामञ्ज्यता आवश्यक हुन्छ यदि यो हुन सकेन भने उपन्यासमा पात्रले समान परिस्थितिमा पनि असमान प्रतिक्रिया देखाउँछ (न्यौपाने, २०३८ : १९५) ।

समयका आधारमा उपन्यासलाई नियाल्दा विविध प्रकारका उपन्यासहरू देखा पर्दछन् । अधिकांश सामाजिक उपन्यासमा त युग र परिस्थितिको चित्रणमा उपन्यासकारलाई खास ठूलो कठिर्ना पर्दैन किनभने पाठक स्वयम् त्यही युग त्यस्तै परिस्थितिको भएकाले उपन्यासकारका सङ्केतात्मक टिप्पणीद्वारा पनि पाठकले सहज पात्र-पात्रालाई पर्गेल्न सक्छ तर ऐतिहासिक उपन्यासमा लेखक ज्यादै सचेत हुनुपर्दछ । ऐतिहासिक उपन्यासमा कुनै विशिष्ट युग र काल चित्रित गर्नुपर्ने हुँदा तत्कालीन आचार- विचार, रीतिरिवाज राष्ट्रिय स्थितिको पूर्ण जानकारी प्राप्त हुनुपर्छ । यसकारण सामाजिक उपन्यासमा कालको चित्रणमा खासै सचेतता नअपनाए तापनि ऐतिहासिक उपन्यासमा सावधानीका साथ कालको चित्रण गर्नु आवश्यक हुन्छ (न्यौपाने,२०३८:१९५) । औपन्यासिक वातावरणको प्रयोग समायानुकूल घटना वा विषयको आधारमा हुनु राम्रो हुन्छ । यदि कुनै क्रान्तिको बेलामा अथवा जागरणकालीन स्थितिमा पुराना परिपाटीका रुढीवादी वा धार्मिक संस्कारग्रस्त विषयलाई लिई उपन्यासको रचना गरिन्छ भने त्यस्तो औपन्यासिक विषयवस्तु वातावरण अनुकूल देखिँदैन र साथै यस किसिमका औपन्यासिक घटनाव्यापारको समयसापेक्षमा कुनै मूल्य रहँदैन । खास गरी सामाजिक उपन्यासमा समयको लम्बाई र स्थानको व्यापकता हुनुपर्ने सैद्धान्तिक चाप त्यति रहँदैन । कुनै-कुनै उपन्यासकारले त एक दिन वा एक रातको समयावधिमा पनि उपन्यासलाई सफल रूपमा प्रस्तुत गर्न सक्छन् । नेपालीमा उपन्यासकार विजय मल्लको **अनुराधा** उपन्यासमा जम्मा २४ घण्टाको समायावधि प्रयोग गरिए पनि यसको सफल प्रस्तुति उपन्यासकारले गरेका छन् । सामाजिक उपन्यासमा समयको कुनै सावधानी अपनाउनु आवश्यक हुँदैन तर ऐतिहासिक उपन्यासमा चाहिँ उपन्यासकारले समयको निकै ख्याल गर्नुपर्ने हुन्छ (प्रधान, २०४० : ८४- ८५) ।

उपन्यासमा समय वा कालको महत्त्वपूर्ण भूमिका हुन्छ । औपन्यासिक कार्यव्यापारलाई अगाडि बढाउने पात्र समयसापेक्ष रूपमा परिचालित भएको हुनुपर्दछ । उपन्यासले कहिलेको समयलाई जनाएको छ त्यो समय अनुसारका पात्रको प्रयोग, त्यो बेला अनुसारको पात्रको लवाइखवाइ, बोलिचाली, व्यवहार, उक्त पात्रहरू क्रियाशील रहेको समाज, समाजमा विद्यमान संस्कृति, रीतिरिवाज, चालचलन, प्रथा, सामाजिक मूल्य, मान्यता, आर्थिक स्थिति जस्ता विविध कुराहरू साथै सामाजिक चेतना अनुसार पात्रको सोचाइ जस्ता विविध कुराहरू प्रस्तुत हुनु आवश्यक हुन्छ ।

उपन्यास विगत अथवा वर्तमान अझ भविष्यको कल्पना गरेर पनि लेखिएका हुन्छन् तापनि समयमा क्रमबद्धता भने हुनुपर्दछ । उपन्यासमा दिन, रात, साँझ, बिहान सबै आएका हुनसक्छन् तापनि एकै दिनको घटना वर्णन गर्दा बिहान, दिन र साँझ गरेर क्रमबद्ध रूपमा वर्णन गर्नुपर्दछ (न्यौपाने, गोविन्दबहादुर मल्ल गोठालेको उपन्यासकारिता, २०५९ : २७-२८) ।

उपन्यासमा सम्पन्न कार्यव्यापारको समय नै औपन्यासिक समय हो । समयको उपस्थिति उपन्यासमा अनिवार्य रूपमा हुनुपर्दछ र हुन्छ पनि । उपन्यासमा हुने कार्यहरू समयसापेक्ष रूपमा अगाडि बढेका हुन्छन् । उपन्यासमा उपन्यासकारले राणाकालीन समय वा प्रजातान्त्रिक समय साथै प्राचीन समय वा आधुनिक समय यी मध्ये कुन समयलाई उपन्यासमा उपस्थिति गराएको हो सो अनुसारको कार्यव्यापारको प्रस्तुति उपन्यासमा हुनुपर्दछ । प्राचीन समय हो भने औपन्यासिक पात्रहरू शिक्षाको ज्योतिबाट वञ्चित, रोजगारीको असुविधा, खेतीपातीद्वारा नै दैनिकी बिताएको अवस्था, अन्धविश्वास र रुढिवादी परम्परा, सामान विनिमयद्वारा आवश्यकताको पूर्ति, नारी पुरुषमा भेदभाव, बालविवाह तथा बहुविवाहको प्रचलन आदि कुराहरू आउनुपर्छ । उपन्यासमा आधुनिक युगको चित्रण छ भने सोही अनुसारको पात्रको व्यवहारलाई उपन्यासमा देखाउनुपर्ने हुन्छ । जस्तैः शिक्षा आर्जनका लागि पात्रहरू क्रियाशील रहेको अवस्था, विभिन्न पेसा तथा व्यवसायमा व्यस्त मानिसहरू, यातायात, टेलिफोन जस्ता आवश्यकताको पूर्ति भएको अवस्था, नारीहरू पनि चुलो चौकोमा मात्र सीमित नरहेको अवस्था आदि । कुनै कुनै उपन्यासमा समयको व्यापकता वा कुनै एक युगलाई नै प्रतिनिधित्व गर्ने समय नभई थोरै समयलाई मात्र उल्लेख गरिएको हुन्छ । थोरै समय समावेश भएको उपन्यासमा सोही अनुसारको कार्यव्यापार हुनुपर्दछ । चरित्रप्रधान उपन्यासमा प्राय समयको सीमित प्रयोग पाइन्छ । सीमित वा व्यापक जस्तो समय भए पनि उपन्यासमा चित्रित समय अनुसार कार्यव्यापार सम्पन्न भएको हुनुपर्दछ । यसप्रकार समय अनुसारको औपन्यासिक कार्यव्यापार चित्रण भएको उपन्यास नै सफल उपन्यास हुन पुग्दछ ।

**यहाँदेखि त्यहाँसम्म** उपन्यासमा नेपालमा १०४ वर्षसम्म हावी रहेको जहाँनिया राणाशासनकै बेलाको अवधि आएको कुरा जङ्गबहादुर र चन्द्रशमशेर जस्ता राणा प्रधानमन्त्रीको उल्लेखबाट जानकारी पाउन सकिन्छ । समयको सम्बन्धमा कुरा गर्दा यहाँ समय सम्बन्धी कुनै स्पष्ट उल्लेख पाइँदैन । उपन्यासमा मुख्य भूमिका निर्वाह गर्नका लागि उपस्थित पात्र पवन वीरगन्जबाट आफ्नो जन्म गाउँ मुर्कीपलिया आउँदै गरेको प्रसङ्गबाट उपन्यासको आरम्भ भएको छ भने पवन पुनः मुर्कीपलियाबाट वीरगन्जतर्फ लागेको घटनासँगै उपन्यासले विश्रान्ति लिन्छ । पवन कहिले मुर्कीपलियातर्फ आयो र कहिले वीरगन्जतर्फ लाग्यो सो समयको जानकारी उपन्यासमा पाइँदैन त्यसैले गर्दा उपन्यास यति सालमा रचना गरिएको हो र यहाँ यति नै वर्ष अन्तरालको समय उल्लेख छ भन्न गाह्रो पर्दछ । उपन्यासको समय यति नै हो भन्न नसके तापनि उपन्यासमा आएका विविध घटनाका आधारमा औपन्यासिक समयको अनुमान गर्न सकिन्छ ।

राणा प्रधानमन्त्रीको सन्दर्भबाट उपन्यासमा आएको समय राणाकालीन समय हो भन्ने कुरामा किटान गर्न सकिन्छ । राणाकालीन समयमा राज्यको सम्पूर्ण शक्ति उच्च पदस्थ राणाहरूकै हातमा सीमित थियो । उनीहरूले कानुनलाई नै आफ्नो हातमा लिएका थिए । आफ्नो मनपरेका व्यक्तिलाई उपहारको रूपमा जग्गा जमिन दिनका लागि समेत उनीहरूले कुनै कानुनी दायरालाई पूरा गर्नु पर्दैनथ्यो । यसको उदाहरण यही उपन्यासभित्र पाउन सकिन्छ । जङ्गबहादुर प्रधानमन्त्री रहेका बेला विपुलनाथका बाबु कोतभण्डारका डिठ्ठा पदमा कार्यरत थिए । बाबुको मृत्यु पछि पण्डित विपुलनाथ खतिवडा जङ्गबहादुरको भान्साखण्डका वा कोतभण्डारका डिठ्ठा पदमा नियुक्त भए । विपुलनाथका बाबुले बूढो हुँदासम्म भान्सामा काम गरे तापनि छोरा विपुलनाथले जस्तो खानाको तारतम्य मिलाउन सकेका थिएनन । छोरा विपुलनाथले महाराजको खानाको व्यवस्था बडो सावधानीका साथ मिलाउँथे । विपुलनाथको खानाको तारतम्यलाई देखी महाराज बडो प्रसन्न थिए । महाराज जङ्गबहादुरलाई अब आफ्नो जीवनको अन्तिम समय आएको जस्तो अनुभव हुन थालेको थियो । आफ्नो शासनकालमा सेवा टहलबाट जङ्गबहादुरको मन पुलकित बनाउने व्यक्ति थिए विपुलनाथ । त्यसैले जङ्गबहादुर केही उपहार विपुलनाथलाई दिन चाहन्थे । फलस्वरूप जङ्गबहादुरले विपुलनाथलाई केही माग्न आग्रह गर्दा उनी डिठ्ठाङ्गी पदबाट मुक्त भई तराईतर्फ नै केही जग्गा लिई खेतीपाती गरी बस्न चाहेको कुरा व्यक्त गर्दछ । विपुलनाथको यस्तो मनसाय बुझी विपुलनाथलाई आफू बारा जिल्लामा सिकारीका बेला गएको र साथमा विपुलनाथ पनि भएको हुँदा विपुलनाथलाई बारा जिल्लाभरिमा कहीँ मनपरेको जग्गा देखेमा मलाई भन् भन्ने कुरा महाराज जङ्गबहादुरले भन्दछन् । बारा जिल्लाको सबै भू-भाग मध्ये मुर्कीपारिको आफूलाई मनपरेको जग्गाको बारेमा विपुलनाथ महाराजलाई बताउँछ । महाराजले आफ्नो अवशानपछि मात्र उक्त जग्गामा विपुलनाथले बस्ती बसाउन पाउने सर्तमा मुर्कीपारिको बाँझो फाँट बक्स गरी जङ्गबहादुरले विपुलनाथलाई दिन्छन् । जङ्गबहादुरको मृत्युपछि उपहार स्वरूप पाएको मुर्कीपारिको बाँझो फाँटमा विपुलनाथले बस्ती बसाई आफूले बस्ती बसाएको यो नयाँ गाउँको नाउँ मुर्कीपलिया राख्दछन् । उपन्यासका लागि आवश्यक समयावधिभित्र यही मुर्कीपलिया गाउँको कथालाई प्रस्तुत गर्नका लागि उपन्यासकारले **यहाँदेखि त्यहाँसम्म** उपन्यासको रचना गरेका छन् । यो उपन्यासको कथानक अनुसार उपन्यासमा पात्रको प्रयोग गरिएको छ र उक्त पात्रको कार्यव्यापार औपन्यासिक समय र परिस्थिति सुहाउँदो भएकाले उपन्यासको लागि आवश्यक कथानक, पात्र र समयको तारतम्य उपन्यासमा पाइन्छ ।

राणाकालीन समयमा गाउँ-गाउँमा जमिनदारी प्रथाले पनि आफ्नो वर्चस्व कायम गरेको थियो । गाउँमा मालिक वर्ग र मजदुर वर्ग रहेका हुन्थे । मालिक वर्गले मजदुर वर्गको शोषणद्वारा आफ्नो स्वार्थ पूर्ति गर्दथ्यो । त्यसैगरी जमिनदार र भूमिहीन किसानको अवस्था पनि मालिक र मजदुर वर्गको जस्तै थियो । भूमिहीन किसानहरू आफ्ना कार्यमा आवश्यक पर्ने धन गाउँको मालिक वा जमिनदारबाट लिने गर्दथे । आफूले ऋण स्वरूप लिएको धनको चक्रीय व्याजको कारण गरिब वर्ग वा भूमिहीन किसान जमिनदारकैमा दुःख गरी जीवन

व्यतीत गर्दा पनि ऋण चुक्ता हुँदैन र आउने पिँढीका लागि समेत यही कथा दोहोरिन्छ । यो उपन्यासमा पनि मालिक वर्ग वा जमिनदारको प्रतिनिधित्व गर्नका लागि भद्रनाथ आएको छ भने मजदुर वर्गको प्रतिनिधित्व गर्नका लागि किसानहरू आएका छन् । यसकारण यहाँ राणाकालीन समय सुहाउँदो परिवेशको चित्रण पाइन्छ ।

मुर्कीपलिया गाउँकै स्थानीय सामाजिक सेरोफेरोलाई समेटी लेखिएको प्रस्तुत उपन्यास वि.सं २०४२ मा सार्वजनिक प्रकाशनमा आएको हो । वि.सं २०४२ मा सार्वजनिक प्रकाशनमा आए तापनि यो उपन्यासमा राणाकालीन समय नै मुख्य रूपमा आएको छ । उपन्यासकारले पूर्वदिप्ति शैलीको कुशल प्रयोग उपन्यासमा गरेका छन् जसक्रममा विपुलनाथको प्रसङ्गसँगै जोडिएर जङ्गबहादुरसँग सम्बन्धित घटना पनि उपन्यासमा कथानकका रूपमा आएको छ । काठमाडौं उपत्यकाको बसाईबाट केही पृथक रहेर उच्च पदस्थ राणाखानदानीहरू कहिले काहीँ मनोविनोद पनि गर्ने गर्दथे । उनीहरूको मनोविनादेको पहिलो माध्यम हुन्थ्यो सवारी सिकारी । जङ्गबहादुरको सवारी सिकारीको प्रसङ्गमा विपुलनाथ पनि अभिन्न रूपमा जोडिएर आएको छ । उपन्यासकारले विपुलनाथको र जङ्गबहादुरको यो घटनालाई पूर्वदिप्ति शैलीको माध्यमद्वारा उपन्यासमा प्रस्तुत गरेका छन् :

"एक दिन महाराज हाँसको सिकार खेलेर पसिनाले लथपथ र थकाइले आक्रन्त भएर पालभित्र लडिराखेका थिए । तीन चार जना नानीहरू पसिना ओबाउन ठूलाठूला पङ्खा हम्किरहेका थिए । सिकारको लुगै नखोली हिलोले लथपथ भएर जङ्गबहादुर डङ्गङ्ङ गलैंचामा लडेका थिए । सिकार साथ गएका जर्नेलहरू पनि त्यहीँ छेउछाउमा उभिएका थिए । जङ्गबहादुरले विस्तारै बोलेको सुनियो -

"सान्नानी बुझ्यौ ! अब त बुढेसकाल लागेछ, धेरै धपेडी गर्न पनि नसकिने भइयो । आजको हाँसको सिकारले त जीउका जोर्नीजोर्नी खुम्चिएजस्तो लाग्छ । भोक पनि निकै लागेछ । खोइ आज कोतभण्डारको खाजा . . ." महाराजको वाक्य नटुङ्गिँदै विपुलनाथ स्वच्छ मलमलको रूमालले घुम्लुङ्ग ढाकेको यौटा ठूलो किस्ती दुवै हातले समाएर अदवसाथ निहुरेर भित्र पस्छन् (पृ.५१-५२) ।

यसबाट राणा उच्च पदस्थ व्यक्तिहरूलाई उनका आसेपासे भरौटेहरूले पुऱ्याउने सेवा टहलको जानकारी पाउन सकिन्छ । तराईको चारकोसे झाडीतर्फ सवारी सिकारीमा गएका जङ्गबहादुरका भान्सा खण्डको कोतभण्डारमा विपुलनाथ कार्यरत थिए ।

जङ्गबहादुरको कोतभण्डारका डिठ्ठा पदमा कार्यरत विपुलनाथसँग जोडिएर जङ्गबहादुरको प्रसङ्ग आएको छ भने उनका नाति भद्रनाथसँग जोडिएर चन्द्रशमशेरको प्रसङ्ग आएको छ । यसबाट जङ्गबहादुरदेखि चन्द्रशमशेरसम्मको राणाकालीन समय उपन्यासमा आएको जानकारी पाइन्छ । त्यसैगरी विपुलनाथ उनका छोरा रोहिणीनाथ र नाति भद्रनाथको तीनपुस्ते समयावधि र नथुनी साहू र उनका छोरा असुर्फी साहूको दुईपुस्ते समयावधि उपन्यासमा खर्चिएको छ ।

राणाकालीन समयावधिलाई लिएर मुर्कीपलियाबासीलाई पात्रको रूपमा उभ्याई उनीहरूको जीवनशैली, रहनसहन, धार्मिक, आर्थिक, राजनैतिक अवस्था, संस्कृति जस्ता

विविध पक्षलाई समय सुहाउँदो प्रस्तुति दिई कथानक, पात्र र परिवेशको स्वभाविक प्रस्तुति उपन्यासकारले गरेका छन् ।

राणाकालीन समयमा समाजमा वर्गीय विभेदले अड्डा जमाएको थियो । राज्यको सम्पूर्ण शक्तिलाई आफ्नो हातमा लिइ शक्तिको सदुपयोग भन्दा बढी दुरूपयोग गरिएको थियो । समाजमा रहेको वर्गीयताका कारण समाजका धनीमानी र मालिक वर्गको शोषण सहनका लागि सर्वसाधारण बाध्य थिए । शिक्षाको ज्योतिबाट टाढै रहेका जनतामा रोजगारीको कुनै अवसर थिएन, प्रशस्त जमिनको अभावमा वा भूमिहिन अवस्थामा रहेका सर्वसधारण आफ्नो विहान बेलुकीको छाक टार्नका लागि समेत समाजको उच्चपदस्थ जमिनदार, मालिक वा धनी व्यक्तिसँग आश्रित हुनुपर्थ्यो । पुरुषप्रधान हाम्रो समाजमा नारी अधिकारका कुराहरू अहिले उठे तापनि त्यो समय नारीको अवस्था निरिह नै थियो । बालविवाह, बहुविवाह जस्ता कुप्रथाको भागीदार नारी नै हुनुपर्थ्यो । जातिपाती, छुवाछुतका कारण माथिल्लो जातिका व्यक्तिदेखि तल्लो तहका व्यक्ति डराउनु पर्ने हुन्थ्यो, शिक्षाको अभावका कारण अन्धपरम्परालाई मानिसहरू विश्वास गर्थे र राणाकालीन समयमा समाजमा सबैतिर उत्पीडन, कुण्ठा, असन्तुष्टिको हालीमुहाली मात्र नभई कोही समाजलाई सतमार्गतर्फ डोऱ्याउन खोज्ने खालका समाजलाई एउटा आदर्श नमुनाका रूपमा प्रस्तुत गर्नका लागि समाजमा सत्कार्य गरी देखाउने खालका मानिसहरू पनि थिए भन्ने कुरालाई यो उपन्यासमा भाखी गुरु, कृष्णात्रे र पार्वतीको उल्लेखले स्पष्ट हुन्छ । यो उपन्यासमा उन्यासकारले समाजको चित्रण समय सुहाउँदो किसिमले गरेका छन् ।

यो उपन्यासको भूमिकामा डा.ईश्वर बरालले पनि समयको सन्दर्भमा कतिपय प्रसङ्गलाई अगाडि सारेका छन् । जसक्रममा यो उपन्यासमा राणाकालीन समय आएको कुरा बताएका छन् : “तिनताक राणाशासनपोषित औ राणाशासनपोषी सामन्ततान्त्रिक युग हुनाले सो गाउँमा सुषम सम्पदवितरणका सट्टा शोषणप्रणालीमा आधारित एक मात्र जिम्दारका परिवारमा धन केन्द्रीकरण भयो” (पृ.ट भूमिका) ।

“यसमा चित्रित सामन्तशाही व्यवस्था नेपालका प्रधानमन्त्री श्री ३ महाराजा चन्द्रशमशेर जङ्गबहादुर राणाका राज्यकालका अन्तिमतिरका सत्ताइसौँ वर्षको अर्थात १९८५ छेउछाउको हो”(पृ.ण भूमिका) ।

निष्कर्षको रूपमा उपन्यासको समय सम्बन्धी चर्चा गर्दा यहाँ राणाकालीन समयको चित्रण गरिएको छ । राणाकालीन समय सुहाउँदो समाजचित्रण उपन्यासमा भएको हुँदा परिवेशगत हिसाबले पनि उपन्यास सफल बन्न पुगेको छ ।

**४.५ वातावरण**

उपन्यासका विभिन्न तत्त्वहरूमध्ये परिवेश पनि एक अनिवार्य तत्त्व हो । वातावरण परिवेश अन्तर्गत पर्ने देश, कालपछि आउने तेस्रो पक्ष हो । कुनै पनि कार्य हुादा लखेक वा पात्रलार्य वातावरणले प्रभाव पारेको हुन्छ । हुर्केको सथन, समय, परिस्थिति, समाजिक, धार्मिक संस्कार आदि तत्वहरुले वातावरणलाई पभाव पारेको हुन्छ लेखकको भावनाले कृतिको वातावरणमा प्रभाव पार्दछ (मरासिनी, २०६६:३४) । उपन्यासमा हुने

कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने सुखदुःख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो । यसको निर्माण देशकालमा घट्ने घटना, दृश्य वा चरित्रहरूको कार्यबाट हुन्छ । वातावरण देशकाल भन्दा सूक्ष्म हुनेहुँदा यसको सोझो सम्बन्ध पात्रहरूको भावनाको क्रियाकलापसँग रहन्छ । मानसिक अवस्थासँग सम्बद्ध हुने हुँदा वातावरणलाई भाव पनि भनिन्छ । उपन्यासको घटना वा पात्रको कार्यले पाठकलाई कल्पनाको असीम उडानमा डुलाइदिन पनि सक्छ जसले गर्दा उसका मनमा विषाद, आशक्ति, क्षोभ, हर्ष जस्ता गुण अवगुणहरूका मूल फुट्छन् अर्थात् स्थायी भावको उद्दीपन हुन्छ र तिनको समष्टिमा वातावरणको निर्धारण हुन्छ (बराल र एटम, २०५८ : ३७) । कृतिमा व्याप्त त्यस रङ्गसङ्गतिलाई वातावरण भनिन्छ जसले पाठकका मनमा, घटित सुखद वा दुःखद् मोड लिन्छ भन्ने प्रत्याशा जगाउँछ । उदाहरणका लागि **एक चिहान** उपन्यासको आरम्भमा अष्टनारांले अब म बाँच्दिन भनेर मृत्युको दुःखद् प्रकरण अगाडि सारेको छ र यो दुःखद् घटनाक्रम विकसित हुँदै गएर अन्ततः शिवनारां र उसको पूरै परिवार वर्षा र बाढीका कारण एकै चिहान भएर मर्छन् । यसरी उपन्यासले दुःखद् मोड लिन्छ भन्ने प्रत्याशाको बीज आरम्भमै रोपिएको छ र कृतिमा मलीन, पीडापूर्ण एवम् दुःखद् वातावरणको कालो बादल फैलिएको छ (नेपाली साहित्यकोश, २०५५ : ३२७) ।

परिवेश अन्तर्गत पर्ने वातावरण भनेको कथामा व्याप्त त्यो रङ्गसङ्गति हो जसले घटनाक्रममा कथाले सुखद वा दुःखद् मोड लिन्छ भन्ने प्रत्याशा जगाउँछ । उदाहरणका लागि मधेशतिर कथाको आरम्भमा निम्नलिखित प्रकारको रङ्गसङ्गति पाइन्छ :

१. अशक्तता : सुनेकोशीलाई तर्न सक्ने कोहीकोही मात्र होलान्, तर तामाकोसीलाई दह्रो तिघ्रा भएको जसले पनि तर्न सक्थ्यो ।
२. उदासी - यी दुई नदीको किनारमा दुवैतिर हरियोपरियो केही उम्रेको थिएन ।
३. जुगुत्सा - सूर्यको प्रथम किरण पर्नासाथ पृथ्वीको पाप्रा उक्के जस्तो गरेर नदीको किनारमा घुम्लुङ्ग परेर सुतेका चारपाँच जना उठे ।
४. निराशा - उठ्नासाथ सबैको मनमा प्रश्न उठ्यो- पेट कसरी भर्ने ?

मधेशतिर कथाको सिरानमा देखिने असक्तता, उदासी जगुत्सा र निराशाको कालो रङ्गसङ्गतिको घटनाक्रममा कथाले दुःखद मोड लिन्छ भन्ने प्रत्याशा जगाउँछ, यही हो कथाको वातावरण । कथामा परिवेशको चित्रण पात्र र कथानकको आधारस्थलका रूपमा गरिन्छ ( शर्मा, २०५५ : ४००-४०१) ।

वातावरण भनेको उपन्यासमा हुने कार्यव्यापारले पाठकलाई पार्ने प्रभाव हो । उपन्यासमा हुने कार्यव्यापार निश्चित समयमा, निश्चित ठाउँमा हुने गर्दछ । उक्त कार्यव्यापार सञ्चालन गर्ने कार्य पात्रहरूले गरेका हुन्छन् । पात्रहरू कुनै नीश्चत समाजमा रहेका हुन्छन् । समाज निश्चित नीति नियमद्वारा अनुबन्धित हुन्छ । समाजमा संस्कृति, रीतिरिवाज, मूल्य, मान्यता, प्रथा, चलन जस्ता कुराहरू प्रचलित रहेका हुन्छन् । यी विविध कुरालाई आधार बनाइ समाजका मानिसको जीवनशैलीलाई सहज, व्यवस्थित र क्रमिक

बनाउनका लागि समाजका व्यक्तिहरूद्वारा विभिन्न नीति नियमहरू बनाइएका हुन्छन् । यस्ता नीति नियम मध्ये केही आफ्नो समाजका पूर्वजद्वारा पहिले नै बनाइएका हुन्छन् भने केही वर्तमान पिढीले समय र परिस्थितिलाई ध्यानमा राखी नयाँ बनाउने तथा पूर्वजद्वारा निर्धारितलाई परिवर्तन गर्ने गर्दछन् । यस्तो समाजको व्यवस्थालाई उपन्यासका पात्रहरूले पनि अवलम्बन गरी आफ्नो कार्यव्यापारलाई अगाडि बढाएका हुन्छन् ।

पात्रको कार्य समाजमा विद्यमान संस्कृति, रीतिरिवाज, चालचलन, प्रथा आदि द्वारा प्रभावित हुन पुग्दछ जुन कार्यले पाठकको मनस्थितिमा दुःखद वा सुखद परिणति निम्त्याउँछ । यस्तो वातावरण सिर्जना गराउन समाजमा विद्यमान यिनै संस्कृति प्रथा, चलनले अहम् भूमिका खेल्ने हुँदा यी पनि वातावरण अन्तर्गत नै पर्दछन् ।

वातावरणलाई बाह्य र आन्तरिक पक्षको दृष्टिले विभाजन गर्न सकिन्छ । बाह्य पक्षलाई भौतिक पक्षको संज्ञा दिन सकिन्छ यस अन्तर्गत समाजचित्रण र प्रकृतिचित्रणलाई राख्न सकिन्छ । आन्तरिक पक्षलाई चाहिँ मानसिक पक्षको रूपमा लिइन्छ । उपन्यासमा मानव र समाजको वृहत् परिवेश र पृष्ठभूमि हुन्छ । उपन्यासमा एकातिर मानव चरित्रको विशद रूप हुन्छ भने अर्कोतिर सामाजिक धरातलको निश्चित आधारभूमि पनि हुन्छ । यसैले गर्दा उपन्यासमा मानव समाजको सशक्त र जीवन्त रूप प्रस्तुत भएको हुन्छ । यस दृष्टिले उपन्यासमा युगविशेषको सजीव चित्र उतारिएको हुन्छ । उपन्यासमा सामाजिक चित्रण सुहाउँदो किसिमले हुनुपर्दछ । समाजचित्रण गर्ने भन्दैमा अतिवादी चित्रणले उपन्यास कलाविहिन हुन पुग्छ । वातावरणको बाह्य पक्ष अन्तर्गत समाजचित्रणका साथै प्रकृतिचित्रण पनि पर्दछ । समाजचित्रणमा समाजमा विद्यमान संस्कृति, रीतिरिवाज चलन , प्रथा जस्ता सम्पूर्ण कुराहरू आउँछन् । प्रकृति प्रयोग र सामाजिक चित्रणको अत्यधिक आग्रहले उपन्यासमा आञ्चलिकताको प्रादुर्भाव हुन्छ (थापा, २०३६: १३४-१४७) । स्थानीय रङ्गभन्दा आञ्चलिकता केही भिन्न कुरा हो । जब कुनै खास अञ्चल वा भू-भागको सामाजिक, आर्थिक संस्कृति आदि जीवन र परम्पराको चित्रण कृतिको अनिवार्य आधारभूत र आन्तरिक तत्वका रूपमा गरिन्छ, तब त्यसलाई आञ्चलिकता भन्दछन् (नेपाली साहित्यकोश, २०५५ : ३२७) । सहरी जीवनभन्दा परको खास गरेर ग्रामीण जीवन, संस्कृति, रहनसहन तथा त्यहाँको समग्र जीवनको अभिव्यक्तिसँग आञ्चलिकता गाँसिएको छ । निश्चित अञ्चल, निश्चित स्थानविशेष, परिवेश र वातावरणसित आञ्चलिकता गाँसिएको छ । भाषागत पृथकता, भूगोल र परिवेशगत निजत्वता, सांस्कृतिक एकरूपता तथा जीवनचर्याको विशिष्ट चरित्रसिँत आञ्चलिकता गाँसिएको छ । स्थानीय रङ्गले आञ्चलिकतालाई उजागर गर्दछ । यो आञ्चलिकताको एउटा महत्वपूर्ण विशेषता हो एम.एच. अब्राहम्स आञ्चलिकताबारे आफ्नो धारणा यसरी प्रस्तुत गर्दछन्- "आञ्चलिक उपन्यासले कुनै खास स्थानविशेषको केवल स्थानीय रङ्गको चित्रणका रूपमा मात्र नभएर त्यस क्षेत्रको वातावरण र परिवेश, भाषा, चालचलनका साथसाथै आमजनजीवन तथा पात्रहरूको भोगाइ, सोचाइ र जीवनलाई पनि समेट्दछ " (साहित्य र समाज, २०६४:२८८) ।

**यहाँदेखि त्यहाँसम्स** उपन्यासमा पनि आञ्चलिकताका धेरै विशेषताहरू पाइन्छन् । त्यसकारण यो आञ्चलिक उपन्यास हो । ध.च. गोतामे स्वयम्ले सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा नामक पुस्तकमा **यहाँदेखि त्यहाँसम्म** उपन्यासलाई आञ्चलिक उपन्यास भएको स्वीकार गरेका छन् । त्यसैगरी ईश्वर बरालले यो उपन्यासको भूमिकामा राजेन्द्र सुवेदीले नेपाली उपन्यास परम्परा र प्रवृत्ति नामक पुस्तकमा **यहाँदेखि त्यहाँसम्म** उपन्यासलाई आञ्चलिक उपन्यास हो भनेबाट पनि यो उपन्यास आञ्चलिक उपन्यास नै हो भन्ने कुरा जानकारी पाउन सकिन्छ ।

सामाजिक र प्राकृतिक पक्ष वातावरणको बाह्य पक्ष हो यही बाह्य पक्षलाई वातावरणको भौतिक पक्षको रूपमा लिन सकिन्छ । वातावरणको आन्तरिक पक्ष चाहिँ उपन्यासमा प्रस्तुत गरिएको मानसिकता हो । साथै यसमा पात्रको मानसिक वा आत्मिक सौन्दर्य अनि हार्दिकता अभिव्यक्त हुन्छ । अर्थात् औपन्यासिक पात्रहरूको संवेग र उद्वेगहरूको सबल र सफल प्रस्तुति अनि विभिन्न सामाजिक र सांस्कृतिक धरातलमा विभिन्न पात्रहरूको मनोदशा र मनोविश्लेषणको मूर्त रूप प्रस्तुत हुन्छ (थापा, २०३६ : १४७) ।

प्रताप चन्द्र प्रधानले नेपाली उपन्यास परम्परा र पृष्ठभूमि नामक पुस्तकमा वातावरणलाई सामाजिक स्वरूप र भौतिक स्वरूप गरी दुई भागमा विभाजन गरेका छन् ।

यसप्रकार वातावरणलाई आन्तरिक वातावरण र बाह्य वातावरण गरी दुई भागमा विभाजन गरिएको छ । आन्तरिक वातावरणमा मानसिक पक्ष समाहित हुन्छ भने बाह्य वातावरण अन्तर्गत समाज, संस्कृति, भाषा, लवाइखवाइ, धर्म, राजनीति आदि विविध कुराहरू पर्दछन् ।

### ४.५.१ आन्तरिक वातावरण

उपन्यासको आन्तरिक वातावरले पात्रको मानसिकतालाई बुझाउँछ । उपन्यासमा आएका पात्रहरूको मानसिकता एउटै प्रकारको हुँदैन । पात्रको मानसिकता उसको परिवार तथा समाज अनि आफ्नो व्यक्तिगत इच्छा, आकाङ्क्षा, प्राप्ति अप्राप्ति, सोचाइ, आचार विचार आदिका आधारमा फरक फरक किसिमको हुने गर्दछ । पात्रमा उत्पन्न संवेगहरू जस्तै हर्ष, खुसी उत्सुकता, आशा, निराशा, शङ्का उपशंङ्का आदि र त्यसको परिणनीतिले नै उपन्यासमा आन्तरिक वातावरणको सिर्जना हुन्छ ।

गोतामेद्वारा लिखित **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा आएका पात्रहरूले पनि विविध किसिमको मानसिकता वरण गरेका छन् । उपन्यासको प्रारम्भसँगसँगै देखापर्ने पवन भन्ने पात्रमा पनि विविध किसिमका मानसिकताका लहरहरू देखापरेका छन् । वीरगन्ज सहरमा पढाइको शिलशिलामा बसेको पवन केही समयको अन्तरालपछि आफ्नो गाउँ आएको छ । आफ्नो गाउँ भित्रिने क्रममा भद्रनाथसँग शुत्रुता रहेको असुर्फी साहूको गाउँ नजिकैको तीयर नदी तर्नुपर्ने हुन्छ । असुर्फी साहूले भद्रनाथका शत्रुताका कारण भद्रनाथको गाउँ मुर्कीपलियामा बसोवास गर्ने सम्पूर्ण जनतालाई आफ्नो अनुमति विना तीयर पार गर्न नदिई सास्ती कटाउँछ । यस्तो झन्झट पवनलाई पनि आइपर्दछ । साँझ परिसक्न थालेको छ ।

असुर्फीसँग तीयर तर्ने अनुमति माग्न उसलाई अप्ठ्यारो लागेको छ । तर आँट गर्दछ र पवन असुर्फी साहू समक्ष गई तीयर तर्ने अनुमति माग्दछ । पवन मुर्कीपलियाबासी हो भन्ने थाहा पाएपछि असुर्फी साहू रिसले चूरपर्छ उसमा एकाएक मानसिक परिवर्तन देखापर्दछ जस्तै :

"मुर्कीपलिया", पवनले धक नमानी गाउँको नाम मात्र के लिएको थियो त्यसले कुनै वारुदखानामा आँगोको जलजलाउँदो फिलिङ्गो हुर्‍याएको जस्तै काम गर्‍यो । असुर्फी साहू गाउँको नाम सुन्नासाथ पाइतलादेखि तालुसम्म एकाएक सल्किए जस्तै भयो । तीव्र घृणा र क्रोधका जुम्ल्याहा विषधरले डसेजस्तो उसको सिङ्गो अनुहार डढेको सिठुवासरह कालो न कालो हुन गयो । रातारात आग्नेय नेत्रले पवनतिर हेर्न थाल्यो र केही वोल्न सकेन । दगुर्दा थाकेको घोडाजस्तै ऊ मुखभरी फिँज काढिरहेको थियो र नाकका पोरा फुलाउँदै लामो-लामो सास लिइरहेको थियो" (पृ २६०) ।

पवन मुर्कीपलियावासी भन्ने थाहा पाएपछि असुर्फी साहूमा एक्कासी देखापरेको मानसिक परिवर्तनले पाठक वर्गमा समेत अब के हुन्छ ? भन्ने शंका पैदा भएको छ । यसले उपन्यासको वातावरणलाई नै केही मात्रामा त्रासद तुल्याएको छ । अनि पवन साहू रिसले चूर भएको देखी अव तीयर नदी तर्न नपाइने भयो कहाँ बस्ने हो ? फेरि बाटो काटेर आएकी सानीमाको घर रामपुर जाने हो वा कहाँ जाने हो रनभूल्लमा पर्दछ । पवनको मानसिकता के गर्ने कसो गर्ने भन्ने दोधारमा पर्दछ । जस्ले गर्दा पाठकवर्गमा समेत पवनप्रति सहानुभूतिको भाव प्रकट हुन्छ । यतिकैमा पवन पण्डित दुर्गानाथको नाति हो भन्ने थाहा पाएपछि असुर्फी साहू पवनलाई आफूले पहिले देखाएको रिससम्झेर पवनसँग माफ माग्दै साष्टाङ्ग दण्डवत् गरी स-सम्मान आफ्नै घरमा राखी भोलिपल्ट आफूकोमा काम गर्ने मानिसको साथ लगाई मुर्कीपलिया पठाइदिन्छ । यो घटनाले उपन्यासमा शान्त भाव देखापर्दछ र पाठक पनि शान्त हुन पुग्दछन् । पवन तराईको गाउँले परिवेशमा जन्मिएको पात्र हो सहरका भौतिक सुख सुविधा तथा बिलासिताप्रति असन्तुष्टि र जन्मभूमिप्रति असीम श्रद्धाभाव प्रकट गर्दछ ।

"तीयरपारि पुग्नासाथ पवनको जीउ हलुङ्गो भयो । फूलको थुङ्गाजस्तै हलुङ्गो भ्वाँम्म घरको आगनमा पुगेर आमालाई रमाइलो आश्चर्यमा निसासिने गरी चुर्लुम्म पारिदिउँ । आफ्नो चौचौलाई थाम्न नसकी उसलाई खेतको एक अग्लो मचानमाथि उक्लेर कराउन मन लाग्यो" (पृ.२९) ।

यो माथिको प्रसङ्गले पवन भन्ने पात्र आफ्नो गाउँ पुग्दा उसमा देखापरेको उमङ्ग र हर्षलाई देखाएको छ । आफ्नो आत्माले चाहेको कुरा पुग्दा मानिसको भावनामा कति छिटो परिवर्तन देखापर्छ भन्ने कुराको जानकारी माथिको सन्दर्भले गराउँछ ।

यो उपन्यासमा जमिनदारको भूमिका निर्वाह गर्नका लागि आएको पात्र भद्रनाथलाई असुर्फी साहूको ज्वाँइले सम्मान नगर्दा उनी दुईबीच भनाभन पर्छ अनि लडाइ पनि हुन्छ । असुर्फी साहूको ज्वाँइले पनि प्रतिकार त गरेको हुन्छ तर भद्रनाथतर्फ उसका भरौटेहरूको ठूलो डफ्फाको सामू उसले जोडतोडकासाथ अगाडि बढ्न सक्दैन र भद्रनाथको पक्षबाट

नराम्रोसँग कुटिन पुग्दछ । भद्रनाथ आफूलाई गाउँकै ठूलो व्यक्ति ठान्छ र आफूलाई सबैले सम्मान गर्नुपर्छ भन्ने अहम्को कारण असुर्फी साहूको ज्वाँइले आफूमाथि अपमानित व्यवहार दर्सायो भनि उसलाई भक्कुमार कुट्छ । त्यसैगरी असुर्फी साहू पनि गडहल गाउँकै धनीमानी परिवारकै व्यक्ति थियो । आफ्नो ज्वाँइलाई भद्रनाथले कुटेपछि भद्रनाथलाई पनि नराम्ररी घाइते हुनेगरी कुट्छ र आफ्नो अहम्लाई पुरा गर्छ । असुर्फी साहू र भद्रनाथका बीच यो घटनाको कारण सत्रुता कायम हुन पुग्दछ र असुर्फी साहू मुर्कीपलियावासीलाई सधैं यात्रा गर्दा दुःख दिइरहन्छ । सहरबाट आफ्नो गाउँतर्फ जाँदा बाटामा पर्ने तीयर नदी तर्दा असुर्फीको अनुमतिविना तर्न नपाइने र मुर्कीबासीलाई अनेक दुःख तथा झञ्झट नदिइ तीयर तर्ने अनुमति सहज रूपमा असुर्फी साहू दिँदैन । उपन्यासमा आएका यस्ता कार्यहरू तत्कालिन समयमा समाजमा जमिन्दार तथा धनीमानीका रूपमा रहेका व्यक्तिहरू आफ्नो अहम्को तुष्टिका लागि गर्ने गदर्थे भन्ने जानकारी पाउन सकिन्छ । भद्रनाथ तथा असुर्फी साहूबाट भएका यस्ता कार्यहरूले तत्कालीन समयका जमिन्दार भनाउँदाको साँघुरो सोचाइलाई प्रष्ट पारेको छ । राणाकालीन प्रधानमन्त्री जङ्गबहादुर आफ्नो कोतभण्डारको डिट्ठा पदमा कार्यरत विपुलपनाथले आफूलाई रिझाएबापत उसलाई केही उपहार दिन चाहेका थिए । विपुलनाथले तराई प्रदेशमा खेतीपाती गरी बस्ने मन्साय बुझि विपुलनाथलाई तराईको वारा जिल्लाभरिमा मनपरेको जग्गा बारे आफू समक्ष कुरा राख भन्ने कुरा गरे । विपुलनाथ जङ्गबहादुरको यो भनाइपछि तराईप्रदेशको वारा जिल्लाको सम्पूर्ण भू-भाग चाहार्दा पनि कहीँ पनि आफूलाई मनपरेको जग्गा भेटाउन सकेनन् । आफूलाई मनपरेको जग्गा नभेटाएका कारण दिग्दार बनेका विपुलनाथले एक दिन मुर्कीपारिको बाँझो फाँट जब देखे तब उनलाई त्यो ठाउँले अति आकर्षित गऱ्यो । उनी आफूले चाहेको जग्गा भेटिएको कारण भावविभोर बन्न पुगे । यो बेलाको उनको मनमा पैदा भएको खुसिलाई उपन्यासमा यसप्रकार उल्लेख गरिएको छ :

“विपुलनाथलाई लाग्यो हात्तीबाट एक्कासी फाल हालेर बत्तिँदै मुर्कीपारिको त्यस गाउँको माझमा ओर्लिएर चिच्याऔँ-यही हो मेरो सपनाको गाउँ र यही हो मेरो मनको माटो जसका लागि म कति दिनदेखि भौँतारिरहेको थिएँ ।” (पृ. ६५)

उपन्यासमा मुर्कीपलिया गाउँको छिमेकी गाउँको रूपमा गडहल गाउँ आएको छ । गडहल गाउँको जमिनदार असुर्फी साहूको बाबुको नाम नथुनी साहु थियो । नथुनी साहूले तीयर नदी माथि डुङ्गा चलाई उक्त डुङ्गामार्फत तोरिका बोरा भारतसम्म पठाउने र भारतबाट अन्य सामानहरू आफ्नो गाउँमा ल्याई त्यसबाट अन्नधन्न पैसा कमाउने सपना देखेको थियो । तर उसको योजना तीयरमा डुङ्गा पल्टेर चार जना माझीमध्ये तीन जना माझीहरूको मृत्यु भएपछि चकनाचूर हुन पुग्यो । आफ्नो योजनाको असफलताका कारण नथुनी साहूले आफ्नो जीवनलाई अगाडि बढाउन सकेन । ऊ सदाका लागि संसारबाट विदा हुन पुग्यो । यो घटनाले पाठकको मनमा समेत कारुणिक भावलाई जगाएको छ । उपन्यासमा यो प्रसङ्ग यसप्रकार आएको छ :

"एक दिन झिसमिसैमा दिसा-जङ्गल जाने मानिसहरूले देखे, नथुनी साहू नाउमा लम्पसार परेर सुतिरहेको छ । यो त सधैं एक राति नै उठेर नुहाइ-धोइ गरी यस बेला पूजामा बस्ने मानिस हो, आज कसरी अल्छी मानेर सुतिरह्यो । नजिक गएर हेर्छन् त नथुनी साहू हिँडिसकेको रहेछ, उसको माटो शरीर मात्र नाउमा अररो भएर तेर्सिरहेको थियो । आफ्नो योजनाको असफलता, गहिरो निरासा र मानसिक पीडाले गर्दा नथुनी साहूले जीवन धान्न सकेन । तर सम्पूर्ण जिल्लाभरि नथुनी साहू तीयरमाताको क्रोधाग्निमा भस्म भयो भन्ने हौडा बिजुली जस्तो व्याप्त भयो ।" (पृ.१७)

गाउँकै धनी व्यक्ति भद्रनाथ आफ्नी पत्नी गौरीलाई अति माया गर्दथ्यो । तर एकदिन असुर्फी साहूका डाँकूले आफूलाई पिटेको घटना र त्यो घटना घट्ने बेला गौरी बस्ने कोठामा एक डाँकू पनि बसेको र त्यो डाँकूले गौरीलाई चोखी नराखेको आसङ्कामा गौरीलाई सदा अन्धकारयुक्त जर्नाघरमा बस्न बाध्य तुल्याउँछ । एकाएक भद्रनाथमा आएको मानसिक परिवर्तनले यस्तो नियति निम्त्याएको छ । जर्नाघरतर्फ लखेटिएकी गौरीको अवस्थाले पाठकमा कारुणिक भाव पैदा गरेको छ भने भद्रनाथप्रति असन्तुष्टि व्यक्त हुन पुगेको छ । जर्नाघरमा रहेकी गौरीको अवस्थालाई उपन्यासमा यसप्रकार चित्रण गरिएको छ :

"शून्य आँगनको भित्तिचित्र जस्तै गौरी जर्नाघरको पिँढीमा एउटा टाट ओछ्याएर बसेकी थिइन् । उहीलेकी गौरीको अब एक झीनु छायाँ मात्र शेष रहेजस्तो थियो । मैलो , ठाउँठाउँमा चित्था परेको सारी लाएर बसेकी थिई । कहाँकी गौरी कहाँ पुगी । सधैं भद्रनाथको आँखाको नानीमा एउटा मोहक सपना जस्तै झुन्डिइरहने गौरी पतिको जिद्धीपूर्ण अहंमन्यताले गर्दा तिरस्कृत भएर यसरी पन्छिनु पर्ला भनेर उनले सपनामा पनि चिताएकी थिइनन्" (पृ.२३०) ।

यसरी भद्रनाथले आफ्नी पवित्र पत्नीमाथि चरित्रदोष लगाइ परित्याग गरेको घटनाले उपन्यासलाई नै दुखान्ततर्फ धकेलेको छ र एक दिशातर्फ लम्किरहेको उपन्यासमा एउटा ठुलै मोड ल्यादिएको छ । गौरीले जर्नाघरमा पाएको दुखलाई सहज रूपमा सामना गरिरहेको अवस्था देख्दा पाठकहरूमा गौरीप्रति सहानुभूति, दया, माया, करुणाको भाव पलाएको छ र उपन्यासमा नै कारुणिक वातावरण पैदा भएको छ । उपन्यासको वातावरणलाई अझ निराशमय बनाउने कार्य भद्रनाथले दोस्री पत्नीका रूपमा दुर्गीलाई घरमा भित्र्याई गौरी माथि सौता हालेको घटनाले गरेको छ । तर दुर्गी गौरीकी सौता अनि भद्रनाथकी दोस्री पत्नीका रूपमा आए पनि दुर्गीले उपन्यासलाई सुखान्त बनाउनका लागि अहम् भूमिका खेलेकी छे । आफ्नी जन्मदिने आमालाई सानै उमेरमा गुमाएकी दुर्गी सधैं भजन कीर्तनमा रमाउने सांसारिक माया मोहप्रति त्यति चासो नभएका आफ्ना पिताको रेखदेखमा दुर्गी हुर्केकी थिइ । भौतिक सुख सुविधालाई तुच्छ ठान्ने दुर्गी कसैमाथि भएको अन्याय अत्याचारलाई देख्न नसक्ने मानवीय गुणले भरीपूर्ण नारी पात्र थिइ । सौताको रूपमा भित्रिएकी नारीद्वारा हुने अनेक दुखान्त घटनाहरू दुर्गीबाट कहिल्यैं भएनन् बरु दुर्गी परिवारका सबै सदस्यलाई देखाएको उदार व्यवहारले ऊ आदर्श र उदाहरणीय नारी पात्रका रूपमा उपन्यासमा देखापरेकी छे । दुर्गी गौरीकी सौता हो सौता भए तापनि गौरीप्रति गरेको

दुर्गीको व्यवहारबाट दुर्गीको मानवीय उदारभाव झल्किन्छ । उपन्यासमा दुर्गीबाट भएका आदर्श मानवीय व्यवहारलाई यस प्रकार देख्न सकिन्छ :

"भाँडाहरूमा त एक गेडा छैन, गौरी के खान्छिन् ?सयौं कोठा भरि एकसेएक मसिनो चामल कुहाएर पनि यसलाई खानै नदिई मार्न लागेका छन् । यो पाप हो । यस घरमा बस्ने हामी सबैलाई अनिष्ट हुनेछ । सौता हो त के भयो हाम्रो धर्ममा विषालु सर्पलाई त लावा, दुध खुवाउँने चलन छ यो त मानिस हो । पिता भन्नुहुन्थ्यो- जस्तो सुकै शत्रु भए पनि त्यसलाई घृणा गर्नुहुन्न, स्नेह र माया दिएर आफ्नो नजिक ल्याउनु पर्छ । गौरीलाई भोकभोकै मार्ने कसको खटनपटन हो यो ?" (पृ.२९४)

दुर्गी आफ्नी सौताको जर्नाघरतर्फ एक दिन पसेकी मात्र के थिइ गौरीले दैनिकी काट्ने जर्नाघरको दयनीय अवस्था देखी ऊ प्रति गरिएको यस्तो अमानवीय व्यवहारबाट आहत् हुन पुगी र गौरीलाई आफ्नै भान्साखण्डमा खाना खाने व्यवस्था मिलाई, गौरीले लगाएका थोत्रा न थोत्रा कपडा नलगाउन भन्दै नयाँ लुगाफाटाको व्यवस्था गरिदिई , घरमा सधैं रडाको मच्चाउने सासुलाई आफ्नो बुद्धि लगाइ कासिवास तर्फ पठाउन सफल भई, स्त्रीलम्पट र कामुक आफ्ना पतिप्रति वितरागी व्यवहार देखाई पेटमा भद्रनाथको भावीवंशलाई हुर्काइरहेकी गौरीप्रति नै पतिलाई आकर्षित गराइ छोडि ।

यसरी उपन्यासमा आएका विविध पात्रहरूमा मानसिकताका विविध पाटाहरूलाई भेट्न सकिन्छ । गौरी पनि एक उदार मानसिकताकी धनि पात्र हो उपन्यासमा देखापरेको दयनीय र दुःखदायी अवस्थालाई सुखमय बनाउने कार्य गौरीबाट भएको छ । र उपन्यासलाई दुखान्त हुनबाट जोगाई सुखान्तमा परिणत गर्ने कार्य दुर्गीबाट भएको छ ।

उपन्यासमा आन्तरिक वातावरणको निर्माणमा अनेक पात्रले भूमिका खेलेको पाइन्छ । कोही पात्रको व्यवहारले उपन्यासमा खुसीको सञ्चार भएको छ, कसैकोले दुःखको । कोही पात्रको व्यवहारलाई देखी पाठकमा उदारभाव जाग्दछ भने कोही प्रति असन्तुष्टि । उपन्यासमा पात्रले देखाएको विविध मानसिकताका कारण उपन्यासमा अनेक मोडहरू सिर्जना गरेको छ, अब के हुन्छ भन्ने कौतुहलता जन्माएको छ, कहीँ हर्ष, कहीँ आशा, कहीँ निराशा, कहिले संयोग त कहिले वियोगको स्थिति सिर्जना गरेको छ । त्यसैले उपन्यासमा पात्रको मानसिक स्थितिको आधारमा उपन्यासको आन्तरिक वातावरण निर्माण भएको छ ।

## ४.५.२ बाह्य वातावरण

### ४.५.२.१ समाज चित्रण

**(क) समाज**

व्यक्ति व्यक्ति मिलेर परिवार बन्दछ भने परिवार परिवार मिली समाज बन्दछ । समाजमा बस्ने मानिसहरूबीच एक आपसमा सहयोगको आदान प्रदान हुनुपर्दछ । समाजमा मिलेर बस्ने व्यक्तिको विचार, भावनाको मेल पनि आवश्यक हुन्छ । एउटा समाजमा बस्ने व्यक्ति प्रायः एउटै धर्म मान्ने किसिमका रहेका हुन्छन् । तर एउटै पेसा समाजका सबै व्यक्तिको नहुन पनि सक्छ । समाजमा बसोवास गर्ने मानिसको आर्थिक स्तर पनि फरक फरक हुन्छ ।

व्यक्तिको समूहद्वारा नै समाजको निर्माण हुन्छ । समाजमा रहेका व्यक्तिहरूको पारस्परिक सम्बन्ध एकअर्काबीच घनिष्ठ रूपमा रहेको हुन्छ । समाजमा रहेका व्यक्तिहरूले समाजलाई व्यवस्थित बनाउनका लागि विभिन्न प्रकारका नीति नियम बनाएका हुन्छन् । यस्ता नियमहरूलाई समाजमा रहेका हरेक व्यक्तिले पालना गर्नुपर्ने हुन्छ । जसले गर्दैन ऊ समाजबाट नै अलग हुनुपर्छ । समाजका यस्ता नीति नियमहरू समाजमा विद्यमान संस्कृति, रीतिरिवाज, चालचलन, धर्म जस्ता विविध कुराहरूबाट प्रभावित हुने गर्दछ । उपन्यासमा समाजको उपस्थिति अनिवार्य रूपमा हुन्छ । उपन्यासको मूल्याङ्कन गर्नका लागि उपन्यासमा भएको समाजचित्रणका बारेमा अध्ययन गर्नुपर्ने हुँदा समाज उपन्यासमा आएकै हुन्छ । समाजमा विभिन्न जातिका, वर्ग,पेसा र बौद्धिक स्तरका मानिस रहेका हुन्छन् । यी विविध कुराहरूका आधारमा उपन्यासमा आएको समाज कस्तो हो अनि कुन समयको हो भन्ने जानकारी पाउन सकिन्छ । उपन्यासमा समाजचित्रण अनिवार्य रूपमा हुने गर्दछ । समाजचित्रण गर्ने भन्दैमा उपन्यासमा अतिवादी प्रयोग हुनु हुँदैन । समाजचित्रणको अतिवादी प्रयोगले औपन्यासिक गठन र गुम्फनमा शिथिलता आउँछ साथै उपन्यास कलात्मकताका दृष्टिले प्रभावित हुन्छ । यसैले उपन्यासमा समुचित र सन्तुलित रूपमा मात्र समाजचित्रणको प्रयोग हुनु आवश्यक छ (थापा, २०३६:१४३) ।

उपन्यास भनेको समाजको दर्पण हो । समाजमा घट्ने विविध किसिमका घटनाहरूलाई आधार बनाई उपन्यासकारले उपन्यासको रचना गर्दछ **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा पनि उपन्यासकारले राणाकालीन समयमा नै बसेको एक नयाँ बस्तीको समाजलाई अगाडि सारेका छन् । यो समाजमा रहेका व्यक्तिको जीवनमा घटेका विविध घटनालाई क्रमबद्ध रूपमा प्रस्तुत गर्ने क्रममा यो उपन्यासको निर्माण भएको छ । राणाकालीन प्रधानमन्त्री जङ्गबहादुरबाट बक्स पाएको जग्गामा जङ्गबहादुरकै कोतभण्डारको डिट्ठा पदमा कार्यरत विपुलनाथले एउटा नयाँ बस्ती बसाएको छ । उक्त बस्ती बसाएपछि त्यसको मुर्कीपलिया नाउँ राखेको छ । समाजको रुपमा यही मुर्कीपलिया गाउँको वर्णन विश्लेषण यो उपन्यासमा भएको छ । यही मुर्कीपलिया गाउँको समाज नै यहाँ आएको छ ।

मुर्कीपलिया गाउँ विपुलनाथद्वारा खडा गरिएको गाउँ हो । यो गाउँ विभिन्न समाजको रूपमा विभाजित नभई एउटै समाजको रूपमा देखापरेको छ । यो समाजमा विभिन्न जात जातिको बसोवास रहेको छ । गाउँमा यी विविध जातिलाई बसाउने कार्य विपुलनाथले नै गरेको थियो । नयाँ बस्ती बसाउने क्रममा एउटा गाउँको लागि आवश्यक जाति जस्तै पूजापाठ गर्नका लागि पुरोहित, लुगा सिनउका लागि दमाई साथै गाउँमा चर्मकारको समेत आवश्यकता हुने हुँदा सार्की, शिक्षक, वैद आदिको व्यवस्था विपुलनाथले यो समाजमा गरेको थियो । यो समाजको भोगोलिक संरचना सम्बन्धी कुरा गर्दा यो समाज यसप्रकार रहेको छ :

"दस घरपिच्छे एक पानी खाने कुवा राख्ने, गाउँ बाहिरको बगैंचा र त्यसभन्दा वर एक मन्दिर, गाउँको माझमा अन्न थुपार्ने र दाइँ गर्ने खरिहान, गोवासको लामो टहरो मन्दिर पछाडि, गाउँको चारैतिर टिन ठटाउने चारवटा अग्लाअग्ला मचान जहाँबाट

बालीनाली नाश गर्ने जनावरहरूलाई धपान सकियोस्, गाउँको सानो पाठशालको झुप्रो र अगाडिपट्टि माटोको लामो पाटी जसलाई ध्वाँसो दलेर कालो पारी लस्करै बसेर माटाका डल्लाले विद्यार्थीहरू लेख्न सक्नेछन्" (पृ.६८)।

विपुलनाथ पहिले जमिनदारको रूपमा रहेको ठाउँमा अहिले उनको नातिले स्थान लिन पुगेको छ । समाजलाई वर्गीयताका आधारमा हेर्दा यो दुई वर्गमा विभाजित भएको छ । तल्लो वर्गका गरिब गुरुवा र किसानहरू माथि भद्रनाथ भनाउँदो जमिनदारले शोषण गरेको छ । गाउँका किसानहरू अनेक दुःख कष्टका साथै खेतीपाती लगाउँछन् तर त्यसको अधिकांश भाग भद्रनाथकै भकारीमा पर्दथ्यो गरिबहरू आफ्नो जीवनमा आइपर्ने समस्या समाधानका लागि गाउँको धनीमानी व्यक्ति भद्रनाथबाट ऋण लिने गर्दथे र यही ऋणको चक्रीय व्याजका कारण उनीहरूको जीवन भद्रनाथकैमा अनेक दुःख कष्ट झेल्दै समाप्त हुन्छ र यो कथा उनीहरूको आउने पिँढीमा पनि दोहोरिन्छ :

"उब्जा अति राम्रो भए पनि त्यसको अधिकांश भाग भद्रनाथको भकारी र धनसारमा थुप्रिन पुग्थ्यो । सानासाना किसानहरू एकपल्ट भद्रनाथको ऋण र व्याजको चक्रवृद्धि गणितमा झनझन अल्झिदै जान्छन् र ऋणको नागपासमा आकण्ठ बेरिएको किसान जीवनभरि पिल्सिँदै पिल्सिँदै परमधाम पुग्छ । अनि यसको दुःखद् कथाको नयाँ परिच्छेद बोकेर उसको सन्तान पुनः प्रकट हुन्छ" (पृ.१८४) ।

उपन्यासमा प्रयुक्त समाजमा एकातर्फ भद्रनाथ जस्तो सर्वसाधारण जनताको शोषण गरी आफ्नो स्वार्थ पूर्ति गर्ने शोषक वर्ग रहेको छ भने अर्कोतर्फ भाखीगुरु जस्तो सर्वसाधारणको रोगलाई निःशुल्क रूपमा औषधिमूलो गरी निकोपार्नुका साथै शिक्षाको ज्योतिबाट वञ्चित सर्वसाधारणका छोराछोरीलाई शिक्षा प्रदान गर्ने सेवामूलक काम गर्ने व्यक्ति पनि त्यही एउटै समाजमा रहेका छन् । त्यसैगरी कृष्णात्रे जस्तो सङ्गीतसाधकले पनि आफूले सिकेको सङ्गीतप्रतिको ज्ञान आफ्ना शिष्यहरूलाई निशुल्क रूपमा नै प्रदान गर्दछ । तत्कालीन राणाकालीन समयको समाज अन्धविश्वास, रुढिवादी परम्परा जस्ता कुराहरूबाट ग्रसित थियो भन्ने कुरा उपन्यासमा आएका विविध अन्धपरम्पराबाट जानकारी पाउन सकिन्छ जस्तै : विधवाले चुरा लगाउनु हुँदैन भनी विधवी पार्वतीले चुरा लगाएको प्रसङ्गलाई लिएर सम्पूर्ण जनसमुदायलाई भद्रनाथले जम्मा पार्नु, नथुनी साहूको अकालमा मृत्यु हुँदा स्वस्ती शान्ति गर्नु, गौरीको सौताको रूपमा आएकी दुर्गीले ज्योतिषले आफूलाई सन्तान नहुने कुरा बताएबाट त्यसप्रति विश्वास गर्नु आदि । समाजमा जातीय भेदभाव, छुवाछूत प्रथा पनि हावी छ । सेते दमाई भाखीगुरु कहाँ औषधि गर्न आउँदा गुरुसँग छोइन्छ कि भनी अल्ली टाढै बस्नु, त्यसैगरी सेते दमाईका छोराहरू आफूकोमा सङ्गीत सिक्न आउँदा कृष्णात्रेले उनीहरूलाई अल्ली टाढै बस्न लगाएबाट पनि छुवाछुत प्रथाले समाजमा जरा गाडी बसेको कुरा स्पष्ट हुन्छ :

"तिमीहरू एक एक टाटको टुक्रा ओछ्याएर टाढै बस्नेछौ र मैले दिएको सङ्गीतको पाठ रफत गरिरहने छौ " (पृ.१६३) ।

त्यस बेलाको समाज धार्मिक आस्था र परम्पराबाट सञ्चालित थियो । पण्डित विपुलनाथ खतिवडाले नै बस्ती बसाउने क्रममा गाउँमा एउटा शिव मन्दिरको व्यवस्थासँगै पूजापाठको लागि पूजारीको व्यवस्था समेत गरेको थियो । विपुलनाथले बिहानीको आवागमनसँगै स्नान गरी कृष्णात्रेकी आमाले तयार गरिदिएको पूजा सामग्रीद्वारा आफ्नै घरपरिसरमा रहेको मन्दिरमा पूजा गर्नु, पार्वती तथा पवन मन्दिरमा पुगेको बखत बेलपत्र चढाइ मन्दिरको दर्शन गर्नु, किसानहरू धान भकारीमा नथक्याउँदा सम्म पानी नपरोस् भनी ईश्वरसँग पुकारा गर्न जस्ता प्रसङ्गहरू उपन्यासमा धार्मिक भावले ओतप्रोत भएको देखिन्छ । विभिन्न किसिमका सामाजिक संस्कारद्वारा यो समाज पनि अनुवन्धित भएको पाइन्छ । हिन्दू धर्म मान्ने नेपाली समाजमा छोरा छ महिनाको भएपछि र छोरी पाँच महिना पूरा भएपछि पास्नी गर्ने नेपाली संस्कार अनुसार असुर्फी साहूको नातिको पास्नी समारोह सम्पन्न गरिएको छ । कुनै पनि नवीन कार्यको थालनी गर्दा पूजापाठ गर्ने चलन नेपाली संस्कारमा रहेको र नथुनी साहूले तीयरमा डुङ्गा चलाउने नयाँ कार्यको थालनी गर्ने क्रममा त्यो कार्य गर्नु अगाडि पूजापाठको कार्यलाई सम्पन्न गरेको छ । जस्तै :

"जुन दिन नाउँहरूलाई तीयर नदीमा ओराल्नु थियो त्यस दिन ठूलो समारोह थियो । कलैया विद्यालयका सबै पण्डित र विद्यार्थीहरू लस्करै बसेर भिसमिसैदेखि रुद्री पाठ गरिरहेका थिए । सिङ्गै गडहल ध्वजापताकाले सिँगारिएको थियो नाउहरू सयपत्रिका मालाहरूले ढकमक्क पारिएका थिए । नथुनी साहूले कलैयाका नामी पुरोहित मनोहर पण्डितलाई दस तोलाको सुनको नाउँ र चाँदीका बहान बनाएर दान गऱ्यो ठीक साइतमा गाजा बाजासहित पण्डितले मन्त्रोच्चारण गरे"(पृ.१६) ।

यस माथि उल्लेख गरिएको उपन्यासको अंशबाट के जानकारी पाउन सकिन्छ भने हिन्दू धर्मलाई अवलम्बन गर्ने नेपाली समाजमा कुनैपनि किसिमको शुभकार्य गर्दा धार्मिक संस्कारलाई पूरा गर्ने चलन रहेको हुन्छ । यो चलन तत्कालीन समयमा मात्र प्रचलित नरही अहिलेको आधुनिक युगमा समेत गर्ने गरिन्छ । यस किसिमको धार्मिक कार्यलाई सम्पन्न गर्दा पण्डितहरूलाई डाक्ने, रुदी, चण्डी जस्ता स्तोत्रहरु पाठ गर्न लगाउने, आफ्नो क्षमतानुसार विभिन्न कुराहरू दान गर्ने जस्ता विधिहरू पूरा गरिन्छ । असुर्फीले पनि आफ्नो धार्मिक आस्थालाई विधि-विधानपूर्वक पूजा गरी नवीन कार्यको थालनी गर्दै पूरा गरेको छ । हिन्दू परम्परा अनुसार कुनै पनि मानिस वृद्ध भएपछि धार्मिक कार्यतर्फ अग्रसर भएको पाइन्छ । यो उपन्यासमा पनि भद्रनाथकी आमा बुढेसकालमा काशीवासतर्फ लागेकी छ र आफ्ना दैनन्दिन झञ्झटहरूलाई त्यागिदिएकी छ ।

कुनै पनि समाज व्यवस्थित हुनका लागि धेरै कुराको तारतम्य मिल्नुपर्छ । समाजमा अनेक किसिमका मानिसहरू बसोवास गरेका हुन्छन् । उनीहरूद्वारा नै समाजलाई व्यवस्थित गर्नका लागि विभिन्न नियमहरू बनाइएका हुन्छन् । यस्ता नियमहरू कुनै आफ्ना पूर्वजद्वारा परम्परादेखि नै चलिआएका हुन्छन् त कुनै नयाँ पुस्ताद्वारा समयसापेक्ष हुनेगरी नयाँ बनाइएका हुन्छन् ।

तत्कालीन समयमा सासूले बुहारीप्रति गर्ने व्यवहारको झलक पनि भद्रनाथकी आमाले बुहारी गौरीलाई गरेको व्यवहारबाट जानकारी पाउन सकिन्छ । भद्रनाथकी आमा गँजेडी पति रोहिणीनाथकी पत्नी थिई । आफ्नो पतिको माया कहिल्यै नपाएकी साथै यौवन उमेरमै विधवा बन्न पुगेकी भद्रेकी आमा छोराबुहारीबीचको प्रेमालापलाई देख्न सक्दिनथी र बुहारीलाई अनेक कारण बनाइ पीडायुक्त वाणीको झटारो हानिरहन्थी । आफ्नै पतिद्वारा परित्यक्ता बनाइएकी गौरी जर्नाघरमा दयनीय स्थितिसित सामाना गर्दै दिनहरू बिताउँछे । विवाह पश्चात् केही समय पतिको आत्मीय प्यार पाएर पुलकित गौरीको जीवनमा केही समयपछि एकाएक दयनीय र कारुणिक स्थिति देखापर्दछ । असुर्फी साहूका डाकूहरूद्वारा भद्रनाथ कुटिएको दिनदेखि भद्रनाथ आफ्नी सोझी र पतिपरायण गौरीमाथि शंकाको दृष्टिले हेर्दछ । असुर्फी साहूका डाँकूहरू भद्रनाथलाई कुटपिट गर्दै ऊ सुतेको कोठाबाट घरबाहिर लगी गौरी बाहेक कसैलाई थाहा नहुनेगरी कुटपिट गर्दछन् । भद्रनाथलाई कोठाबाट बाहिर ल्याउँदा एक डाकू कोठामा नै बसेको हुन्छ जहाँ गौरी पनि रहेकी हुन्छे । भद्रनाथ त्यही डाकूले गौरीलाई चोखी नराखेको कुरामा शंका गरी गौरीलाई परित्यक्ता गरी जर्नाघरमा बस्न बाध्य बनाउँछ तर डाकूले गौरीमाथि कूदृष्टि राखे तापनि तत्काल असुर्फीले त्यो डाकूमाथि आक्रमण गरी गौरीमाथि हातपात हुनबाट रोक्छ । आफ्नो पतिकी परम प्यारी बनी केही समय बिताएकी गौरीले पतिबाट अपहेलित भई जर्नाघरतर्फ जानुपर्ला भन्ने चिताएकी पनि थिइन तर पतिबाट परित्यक्ता भई जर्नाघरमा बास लिन बाध्य बनी । जर्नाघरमा निकै पीडादायक दिनहरू गौरी बिताइरहेकी थिइ तर उसको अनुहारमा कत्ति पनि विरक्ति भाव देखिदैनथ्यो । गौरी आफ्नो दुःखबाट कहिल्यै विचलित भई आँखाहरू टलपलाइन । गौरीको सासू बुहारी आफ्नो छोराबाट अपहेलित भएबाट सुखी त थिइ तर गौरीलाई अझ पीडा दिन चाहन्थी जसकारण छोरालाई अर्की श्रीमती भित्र्याउनका लागि राजी बनाई र दोस्रो बिहेको सबै मेलोमेसो मिलाई । गौरी आफ्नो पतिले आफ्नै अगाडि सौतालाई भित्र्याए तापनि कसैको अगाडि रोइकराइ गरिन । उपन्यासमा घटित यी विविध घटनाहरूको माध्यमबाट तत्कालीन समयको नेपाली समाजको यथास्थितिको जानकारी पाउन सकिन्छ । उपन्यासमा चित्रित समाजका यी माथि उल्लेखित घटनाहरूले सासूले बुहारीप्रति गर्ने अमानवीय व्यवहार, बुहारीलाई पीडा दिएर खुसी हुने सासूहरूको परपीडक प्रवृत्ति, पतिबाट परित्यक्ता हुँदा प्राय : नारीहरू गौरीको जस्तो अपरिवर्तनीय, सदा खुसी हुने घरपरिवारले जस्तोसुकै अपमानित व्यवहार गरे तापनि त्यसलाई सहजताका साथ सहेर बस्ने, पतिले आफूमाथि सौता नै हाल्दा पनि बेहुलीका रूपमा भित्रिन थालेकी सौतासँग आँखा जुध्न पुग्दा मुसुक्क हाँसिदिने आदि आदर्श व्यवहार देखाउँछे । तर गौरी जस्ती सहनसक्ने अदम्य साहस भएकी नारी पनि यो उपन्यासमा आएकी छ । तत्कालीन समयमा नारीहरू सासू तथा श्रीमान्बाट जति नै अपहेलित भए पनि त्यसलाई चुपचाप सहेर बस्न बाध्य थिए भन्ने कुरा गौरीको व्यवहारबाट पनि जानकारी पाउन सकिन्छ । उपन्यासमा चित्रित समाजमा नारीको स्थान त्यति बलियो भएको पाइँदैन । जुन कुरा एक त गौरीले जस्तोसुकै अपहेलित अवस्थालाई पनि विना विरोध सहनुले जानकारी दिन्छ अर्को विधवा

पार्वतीको जीवनमा आएका विविध घटनाबाट पनि जानकारी पाउन सकिन्छ । कुनै पनि नारी घरबाट अपहेलित भएमा उसको शरणलिने पहिलो ठाउँ भनेको उसको माइती हुन्छ । हाम्रो नेपाली समाजमा छोरीले घरमा दुःख पाए माइतीमा बस्ने चलन छ । यस्तो चलन अहिलेको नेपाली समाजमा समेत छ । यस्तो चलन यो उपन्यासमा पनि उल्लेख भएको छ । पाँच वर्षमा विधवा भएकी पार्वती आफ्नो घरपरिवारबाट अपहेलित भएपछि आफ्नो माइती गाउँ मुर्कीपलिया आइ बसेकी छे । उपन्यासमा आएकी पार्वती बारेको प्रसङ्ग यसप्रकार रहेको छ :

"पाँच वर्षमा विधवी भएकी पार्वतीलाई घरका मानिसले यस राक्षसनी, पोइटोकुवीका लागि यहाँ कुनै ठाउँछैन भनी माइती मुर्कीपलिया लकाइदिएका थिए" (पृ.७३) ।

माथि उल्लेखित उपन्यासको सन्दर्भबाट उपन्यासमा चित्रित समाजमा विद्यमान अन्धपरम्परा तथा कुसंस्कारको जानकारी पाउन सकिन्छ । नेपालमा राणाकालीन समयको हावी रहेको बेला बालविवाह समाजमा विद्यमान थियो । बहुविधवाको चलन रहेको समाज उपन्यासमा चित्रित छ साथै आफ्नै कालगतिले पतिको मृत्यु हुँदा त्यसको दोष पत्नीलाई लगाउने अन्धपरम्परा हावी रहेको समाजको चित्रण उपन्यासमा पाइन्छ ।

**(ख) संस्कृति**

संस्कृति मानवको सामाजिक, पैतृक तथा पुर्ख्यौली सम्पत्ति हो जसलाई समाजले पुर्खाबाट उपहारका रूपमा समाजका सदस्यका नाताले प्राप्त गर्दछ अनिसामाजिक जीवनमा त्यसको अभ्यास गर्दछ संस्कृतिमा दुईवटा कुराहरू समावेश हुन्छन्: भौतिक र अभौतिक । भौतिक वस्तुलाई मानवले आफ्नो आवश्यकता पूर्तिका निम्ति निर्माण गर्दछ । जस्तै : घर, कपडा, भाँडाकुडा, औजार आदि । अभौतिक ज्ञान, कला, साहित्य, विश्वास, मूल्य आदि हुन् । यी दुवै कुराको योग नै संस्कृति हो । संस्कृति समाजबाट सिक्ने व्यवहार तथा प्रतिमानको सम्पूर्ण योग हो जसले एउटा समाजको सदस्यको विशेषतालाई अभिव्यक्त गर्दछ । संस्कृति समाजबाट प्राप्त हुने विषय हो र यो एउटा पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुँदै आएको हुन्छ । संस्कृति मानवीय आवश्यकता पूर्तिको साधन हो र यसैका आधारमा मानवले आफ्नो सम्पूर्ण जीवन बिताउँदछन् । संस्कृति जीउने विधि हो जुन मानिसको कार्य विचार आदिमा सम्मिलित भएको हुन्छ । मानवसमाजमा संस्कृति भौतिकभन्दा अभौतिक तत्त्वमा बढी हुन्छ । समाजका विचार, विश्वास, मानदण्ड व्यवहार, प्रथा, रीतिरिवाज, नैतिकता आदि अभौतिक संस्कृति हुन् ।

समाज, संस्कृति र साहित्यलाई परम्पराले जोडेको हुन्छ । साहित्य समाजको दर्पण हो । कुनै पनि प्रदेशमा रहेको समाजको जानकारीका लागि अन्य कुरा पनि उपयोगी होलान् तर साहित्यबाट त्यो समाजको सम्पूर्णताको जानकारी पाउन सकिन्छ । समाजको उपस्थिति बिना साहित्य निरर्थक हुन्छ । साहित्यका विविध विधाहरूमध्ये समाज चित्रणलाई बढी प्राथमिकता दिने साहित्यिक विधा भनेको आख्यान विधा हो । यो मध्ये कथा र उपन्यास पर्दछन् । उपन्यासमा समाज चित्रणको व्यापकता पाइन्छ । उपन्यासकारले उपन्यास

रचनाको विषयवस्तु समाजबाट नै ग्रहण गरेको हुन्छ । लेखक स्वयम् कार्यरत रहेको समाज, उसले देखेको समाज वा कल्पित समाजमध्ये कुनै एक प्रकारको समाजको उपस्थिति उपन्यासमा भएको हुन्छ । समाजसँगै समाजमा प्रचलित संस्कृति, यस अन्तर्गत पर्ने मूल्य, मान्यता, रीतिरिवाज, चालचलन र प्रथाको उपस्थिति पनि औपन्यासिक कृतिमा रहेको पाइन्छ । यसको साथै उक्त समाजको आर्थिक, धार्मिक, भौगोलिक र राजनैतिक चित्रण पनि स्थान, समय र परिस्थिति सुहाउँदो किसिमले उपन्यासमा गरिएको हुन्छ । उपन्यारकार ध.च. गोतामेद्वारा रचित **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा उपन्यासकारले तराई प्रदेशको मुर्कीपलिया गाउँको समाज र संस्कृतिलाई उपन्यासमा सुहाउँदो किसिमले प्रस्तुत गरेको पाइन्छ ।

कुनै पनि समाजमा एउटा संस्कृति रहेको हुन्छ र समाजका मानिसहरू आफ्ना दैनिक व्यवहारलाई संस्कृतिद्वारा अनुवन्धित बनाएका हुन्छन् । समाजमा विभिन्न किसिमका रीतिरिवाज, चालचलन, परम्परा , धर्म जस्ता कुराहरू विद्यमान रहेका हुन्छन् । जसको समष्टि नै संस्कृति हो । कुनै पनि मानिसले आफूलाई जीवनमा सफल बनाउका लागि निश्चित नियमलाई पालना गरेको हुन्छ । त्यसैगरी परिवारका पनि छुट्टाछुट्टै नीति नियम हुन्छन् । समाज पनि निश्चित नियम विना परिचालित हुँदैन समाजका पनि निश्चित सीमाहरू हुन्छन् ती सीमाहरूलाई निर्धारण गर्ने कार्य संस्कृतिले गरेको हुन्छ । संस्कृतिद्वारा नै समाज व्यवस्थित भएको हुन्छ । संस्कृति पनि समाजमा बसोवास गर्ने जाति अनुसार उनीहरूले मान्ने धर्मअनुसार फरक-फरक हुन सक्छ ।

यस उपन्यासमा वर्णित समाजमा पनि एक निश्चित संस्कृति रहेको छ । हिन्दूधर्म मान्ने विभिन्न किसिमका जातिको बसोवास रहेको यो मुर्कीपलिया गाउँको पनि एक छुट्टै संस्कार रहेको छ । हिन्दू परम्पराअनुसार यो ठाउँका मानिसहरू बिहान उठेपछि नुवाइधुवाइ गरी पूजापाठमा लिप्त हुन्छन् । बिहानीको आवागनमनसँगै गोबर माटोले दैलो पोत्छन्, ठूला मानिसका लागि निहुरिन्छन् र सानाका लागि मायालु व्यवहार देखाउँछन् । यी विविध कुराहरू मुर्कीपलियावासीको संसारकै रूपमा विकसित हुन पुगेको छ । देशको शासनसत्ताको बागडोर राणाहरूद्वारा सञ्चालित भएका बेला नेपाली समाजमा पनि अनेक किसिमका अपसंस्कृतिहरू विद्यमान थिए । जसको उदाहरणका रूपमा बालविवाह, बहुविवाहलाई पनि लिन सकिन्छ । पाँच वर्षमा विवाह हुनपुगेकी उपन्यासकी सक्रिय पात्र पार्वती घरबाट अपहेलित बानी माइती गाउँ मुर्कीपलियामा बसोवास गर्दै आइरहेकी छ । आफ्नै कालगतिले श्रीमान् मरे तापनि त्यो बेला श्रीमतीलाई नै अनेक किसिमका आरोप लगाउने अन्धपरम्परा पनि एउटा अपसंस्कृतिका रूपमा विकसित भएको थियो । जस्तै :

“पाँच वर्षमा विधवी भएकी पार्वतीलाई घरका मानिसले यो राक्षसनी पोइटोकुवीका लागि यहाँ कुनै ठाउँ छैन भनी माइती मुर्कीपलिया लकाई दिएका थिए । (पृ.७३)

नेपाली समाजमा जन्म, विवाह र मृत्यु हुँदा विभिन्न किसिमका संस्कारजन्य कार्यहरू गरिन्छ । यस्ता संस्कारजन्य विविध कार्यहरू यो उपन्यासमा पनि प्रसङ्गवश कही कतै छिटफुट्ट रूपमा उल्लेख भएका छन् । असुर्फी साहूले आफ्नो नाति जन्मेको ६ महिना

पुगेपछि पास्नी समारोहको आयोजना गरेको छ । यसले पनि नेपाली संस्कृतिको एक झलकलाई प्रस्तुत गरेको छ ।

"आज सिङ्गै गडहल गाउँलाई नयाँ दुलहीजस्तै झरिझट्ट पारेर सिँगारिएको छ । रङ्गीबिरङ्गी कागजका ध्वजापताकाले गर्दा सिङ्गै गाउँ सजधज भएर बसेको जस्तो लाग्दछ । आज असुर्फी साहूको नातिको पास्नी  थियो । सबभन्दा दुलरी कान्छी छोरीको पहिलो पालाको छोरो" (पृ.२०९) ।

नेपाली संस्कृतिलाई परिचय दिने एक अर्को सन्दर्भ पनि उपन्यासमा आएको छ । त्यो हो मुर्कीपलिया गाउँकै मालिकका रूपमा रहेको जमिनदार भद्रनाथको वैवाहिक कार्य । विभिन्न किसिमका विधि-विधानहरूलाई पालना गरी यो विवाह सम्पन्न गरिएको छ :

"भाखी गुरुले सानो एक पञ्चायतजस्तो भेला गराएर विवाहको रूपरेखा तयार पारे । तिनताका विवाहको मुख्य आकर्षण गाउँलेहरूका लागि नाचगान हुन्थ्यो । टाढाटाढाका सहरहरूबाट गणिकाहरूलाई डोली चढाएर सुकुमारी रानीजस्तो अनेक सुखसुविस्ता पुऱ्याएर ल्याउनुपर्दथ्यो । भद्रनाथको विवाहमा मजुपफपुरबाट एकसेएक राम्रा र नाचगानमा सिपालु भएका चार जना गायिकाहरू ल्याउने प्रबन्ध मिलाईएको थियो । बादशाही बाजाको एक ठूलो डफ्फा बेतियाबाट झिकाइएको थियो । मुर्कीपलियाका अति वृद्ध र शिशुहरू छाडेर सबै जमजमाएर जन्तिमा सामेल भएका थिए । यसबाहेक अन्य गाउँबाट पनि धनीमानी जमिनदारहरू आ-आफ्नो हात्तीहरूका लस्करलिएर वरियातमा सामेल भएका थिए" (पृ.१७७) ।

नेपाली संस्कृतिसँग मेल खाने अर्को सन्दर्भ हो नथुनीले तीयरमा नाउँ डुङ्गा चलाउने कार्यको पहिलो दिन साइत जुराइ गरिएको पूजापाठसँग सम्बन्धित सन्दर्भ । नेपाली समाजमा कुनै पनि नयाँ कार्यको थालनी गर्दा साइत जुराएर पूजापाठको माङ्गलिक विधिविधान पूरा गरेपछि मात्र गरिन्छ जुन संस्कारलाई नथुनी साहूले पनि अवलम्बन गरेको छ :

"जुन दिन नाउँहरूलाई तीयर नदीमा ओराल्नु थियो त्यस दिन ठूलो समारोह थियो । कलैया विद्यालयका सबै पण्डित र विद्यार्थीहरू लस्करै बसेर झिसमिसैदेखि रुद्री पाठ गरिरहेका थिए । सिङ्गै गडहल ध्वजापताकाले सिँगारिएको थियो । नाउहरू सयपत्रीका मालाहरूले ढकमक्क पारिएका थिए । नथुनी साहूले कलैयाका नामी पुरोहित मनोहर पण्डितलाई दस तोलाको सुनका नाउ र चाँदीका बहना बनाएर दान गऱ्यो । ठीक साइतमा गाजाबाजासहित पण्डितले मन्त्रोच्चारण गरे :

*"वक्रतुण्ड महाकाय, सूर्यकोटि समप्रभा*
*निर्विघ्नं कुरुमे देव, सर्वकार्येषु सर्वदा" (पृ.१५-१६) ।*

यस उपन्यासमा मालिकको भूमिका निर्वाह गरिरहेका पात्र भद्रनाथले आफ्नी पवित्र पत्नी गौरीमाथि आशंकाको आधारमा विटुली भएको आरोप लगाई जर्नाघरलाई पठाइ आफ्नो अहम्‌को तुष्टिको लागि दोस्री पत्नीका रूपमा लङ्गडी दुर्गीलाई घरमा भित्र्याउँछ । तत्कालीन

समयमा बहुविवाह उच्च ओहदामा रहेका व्यक्तिका लागि सामान्य कुरा थियो । यो अपसंस्कृति त्यो समय संस्कारकै रूपमा विकसित हुनपुगेको थियो । आफ्नी छोरी गौरीलाई ज्वाँइले अपहेलना गरेको कुरा रौतहट कटरवनका गौरीका बाबु दण्डपाणिले थाहा पाई ज्वाँइ समक्ष उपस्थित भएको हुन्छ । पहिलो पटक आफ्नो गाउँ आएका ससुराबाजेलाई खानपानको राम्रो व्यवस्था गरी स्वागत गर्नका लागि भद्रनाथ आफ्ना आसेपासे तथा भरौटेहरूलाई अह्राउँछ तर दण्डपाणि आफ्नी छोरीको सन्तान नहुँदासम्म त्यो गाउँको पानी पनि नखाने कुरा व्यक्त गर्दछ । जसबाट तत्कालीन समयमा नेपाली समाजमा प्रचलित संस्कारको जानकारी पाउन सकिन्छ ।

जनता चेतनशील भएमा आफू पछाडि पर्ने धारणा बोकको राणाकालीन शासकहरूद्वारा तत्कालीन समयमा विकास निर्माण सम्बन्धी कार्यहरू त्यति हुदैनथे । जनताहरूले खोला नाला तथा नदीहरू पार गर्दा ज्यानको बाजी थापी ईश्वरसँग पुकारा गर्नुपर्ने अवस्थाको चित्रण यो उपन्यासमा पाइन्छ । नदीनाला पार गर्नका लागि आवश्यक पुलको व्यवस्था हुन नसक्दा मानिसहरू ईश्वरसँग पुकारा गर्दछन् । आफूमा आइलागेको समस्या पन्छाउनका लागि ईश्वरको शरणमा पर्ने संस्कार यो उपन्यासमा रहेको छ ।

“जिमीदार वा धनी कृषक घरका आइमाईहरू गाडामा बस्दाबस्दै रोइकराइ गर्दै नदीको धारमा पस्छन् । गोरुहरू पानीमा पस्नासाथ चारैखुट्टा चाल्न थाल्छन् । गाडाका चक्कहरू भूमिको स्पर्श नपाएर काठको मूढा बगेजस्तै डुब्दै उत्रिदै गोरुसित घचेटिएर गइरहेका हुन्छन् । अनि महिला यात्रु गाडाका दुवैपट्टि तेर्सिएका बाँसलाई दुवैहातले समातेर आँखा चिम्म पारी ईश्वरको नाम पारि नपुगेसम्म उच्चारण गरिरहेका हुन्छन्” (पृ.४) ।

माथिको प्रसङ्ग थलही खोला तर्दा आएको समस्यासँग सम्बन्धित भई आएको छ । त्यसैगरी पसाहा नदी तर्दा पनि मानिसहरू त्यसै केही विचार नगरी तर्न नहुने जनविश्वास मुर्लीपलियाबासीको रहेको छ । जुन सन्दर्भ उपन्यासमा यसप्रकार आएको छ-

“बुझिस् बाबु, पसाहा तर्दा कहिले मुढे बल नगर्नू । किनारमा गएर आचमन गर्नू र ढोग्नू । अनि एक अञ्जुली पानी लिएर सुँघ्नू । पानीमा तिले माछा गनाएको जस्तो बुझियो भने त्यस दिनलाई पारि तर्ने काम नगर्नू । एक्लै नतर्नू । त्यहाँका बूढापाका तर्न लागे भने मात्र पछि लाग्नू ”(पृ.२) ।

उपन्यासमा नदीनाला पार गर्नका लागि आवश्यक पुलको व्यवस्था नभएको स्थिति देखिएको छ । जसले गर्दा मानिसहरू नदीनाला पार गर्दा ईश्वरमाथि भर पर्दछन् । नदी पार गर्नु अघि सम्पूर्ण यात्रु ईश्वरलाई सम्झी प्रार्थना गर्दछन् । यो कार्य त्यहाँका मानिसको संस्कार नै बन्न पुगेको छ । त्यसैगरी बाटोमा यात्रा गर्ने यात्रीहरू पनि बाटोमा मन्दिर देखेमा हात जोड्छन् ।

“माथि साङ्ग्रो भएर चुच्चिँदै गएको शिवालयको अग्लो स्थापत्य अग्लो बाँसमाथि हावाको स्पर्श पाएर सधैंभरि हम्काइरहने सेतो तीनकुने झण्डा टाढाबाट देख्नासाथ यात्रुहरू दुवै हात जोरेर निधारमा पुऱ्याउँछन्-“जय बाबा, तिमी नै हाम्रो रक्षक छौ” (पृ.६) ।

हिन्दू नेपाली समाजमा विविध किसिमका धार्मिक आस्थाहरू विद्यमान रहेका हुन्छन् जसलाई मानिसहरू आफ्नो जीवननिर्वाहका क्रममा पालना गर्दछन् । यो उपन्यासमा पनि हिन्दू धर्मलाई पालना गर्ने पात्रहरूको उपस्थिति पाइन्छ । हिन्दू धर्म मान्ने मानिसहरू ब्रह्मा, विष्णु र महेश्वरलाई मुख्य देवताका स्थानमा राख्दछन् । त्यस्तै देवीहरूलाई पनि देवताको रूपमा पूजा गर्ने चलन रहेको हुन्छ । हिन्दू धर्मद्वारा परिचालित समाजमा मानिसहरू बिहान बेलुकी पूजाआजा गर्दछन्, मानिसको जन्म, विवाह, मृत्यजस्ता शुभ कार्यहरू निश्चित संस्कार अनुसार पूरा गर्दछन् ।

हिन्दू नेपाली समाजमा छोरीको विवाह आफ्ना अभिभावकको स्वीकृति अनुसार हुने गर्दछ । आफ्ना आमाबाबु तथा परिवारले जस्तो घरपरिवारमा दिए, त्यस्तै घरमा बस्नुपर्ने संस्कार रहेको छ । जसलाई पवनका सानीमाहरूको विवाहको प्रसङ्ग साथै गौरीको विवाहको प्रसङ्गबाट जानकारी पाउन सकिन्छ । त्यस्तै नेपाली हिन्दू परम्परालाई शीरोधार्य गर्ने नेपाली समाजमा विवाह अगाडि केटापक्षले केटीकोमा गएर केटी हेर्ने चलन रहेको छ । जसक्रममा केटातिरबाट हेर्न आएका केटासहित वा केटाबाहेकका मानिसहरूलाई जुन केटीको विवाह गर्ने कुरा हो सोही केटीले विविध किसिमका खानेकुरा खान दिने चलन रहेको छ । यो सन्दर्भ उपन्यासमा पवनकी कजन सानीमालाई विवाहका लागि केटासहित हेर्न आएका अन्य मानिस र कजनलाई अल्लि निहुरिएर खानेकुरा लिई उसलाई हेर्न आएका मानिसहरू भएको बैठककोठातर्फ पठाएको प्रसङ्गबाट जानकारी पाउन सकिन्छ ।

संस्कृति अन्तर्गत समाजमा विद्यमान सबै कुराहरू जस्तै : रीतिरिवाज, चालचलन, भेषभूषा, लवाइखुवाइ, भाषा, आचारविचार, सोचाइ आदि सम्पूर्ण कुराहरू पर्दछन् । उपन्यासमा मुर्कीपलिया साथै यो गाउँसँग जोडिएका छिमेकी गाउँहरूको प्रसङ्ग पनि आएको छ । मुर्कीलियका गाउँको सामाजिक चित्रण उपन्यासमा भएको छ तर अन्य गाउँको सामाजिक चित्रणको उल्लेख त्यति पाइँदैन । मुर्कीपलिया गाउँको समाजचित्रणको व्यापकता उपन्यासमा रहेकाले यही संस्कृति नै मुख्य रूपमा उपन्यासमा देख्न पाइन्छ ।

मुर्कीपलिया गाउँमा अनेक जाति पेसा भएका मानिसहरू रहेका र उनीहरूको जीवननिर्वाहको आ-आफ्नै पद्धति रहेको छ । उपन्यासमा आएका विविध पात्रहरूमध्ये भद्रनाथको दैनिकी आफ्नो जमिनदारीपनको तुजुक देखाएर बित्छ । महुवामुनिको अखडामा वालिष्टमा अडेस लगाई बसिरहेको भद्रनाथले गाउँभित्रका वा गाउँबाहिरका बटुवाहरूलाई अनेक किसिमका सास्ती भोगाउँछ । अरूलाई दु:ख दिएर आफू खुसी हुने परपीडक प्रवृत्ति भएको भद्रनाथ बाटो हिँड्ने बटुवाहरूलाई आफूप्रति दर्साएको सम्मान चित्त बुझेमा यात्रालाई अगाडि बढाउने स्वीकार दिन्छ । नबुझेमा त्यही रोकी उसको दिन बिताइदिन्छ । त्यसैगरी अर्को पात्र कृष्णात्रे बस्तकोटी मध्यरात्रिदेखि नै आफ्नो सङ्गीत साधनामा जुटिरहेको हुन्छ । बिहानीको आवागनसँगै आफ्नो नित्य कर्म सकी शिष्यहरूलाई सङ्गीत सिकाउने कार्य गर्दछ । यही कार्यको पुनरावृत्तिसँगै कृष्णात्रेको दैनिकी बितिरहेको हुन्छ । त्यसैगरी भाखी गुरु विद्यार्थीहरूलाई साउअक्षर सिकाउँदै तथा गाउँभित्र तथा बाहिरका बिरामीहरूलाई जडिबुटीमूलक औषधिउपचार गर्दै दिन बित्छ । त्यसैगरी आफ्नो माइतीगाउँ मुर्कीमलियामा

नै बसोवास गर्दै आइरहेकी बालविधवी तथा चीरकुमारी पार्वती, कृष्णात्रे र भाखी गुरुको सेवा गर्दै तथा गाउँमा आइपरेका अनेक किसिमका समस्याहरूको समाधान गर्दै आफ्ना दिनहरू बिताइरहेकी हुन्छे । उच्च शिक्षा हासिल गरी गाउँ आएको पवनको दैनिकी गाउँमा घुमफिर गर्दै बितिरहेको छ । पवनकी आमा रमिला बिहानीको आगमनसँगै दैलो पोतो गर्दै स्नान गर्दछे । र पूजापाठको लागि पूजाकोठातर्फ तल्लीन हुन्छे अनि गृहणीको भूमिका निर्वाह गर्न घर व्यवहारमा लागी पर्दछे । त्यसै गरी उपन्यासमा हाँस्य पात्रको रूपमा भूमिका निर्वाह गरिरहेको सेते दमाई आफ्नो जात अनुसारको लुगा सिलाउने कार्यलाई निरन्तर रूपमा अगाडि बढ्दै आफ्ना दिनहरू बिताइरहेको छ र यही कार्यबाट आफ्नी श्रीमतीसहित दुई छोराहरूको परिवारलाई जेनतेन पालिरहेको छ । भद्रनाथकी विवाहिता पत्नी गौरी पतिबाट परित्याग हुनुअघि गृहिणीकै रूपमा जीवनको गतिलाई अगाडि बढाइरहेकी हुन्छे र पछि पतिबाट परित्यक्ता भई जर्नाघरको अँध्यारो कुनामा फालिन पुगे तापनि उसमा कुनै नैराश्यता देखापर्दैन । मुर्कीपलिया गाउँबाहेकका छिमेकी गाउँका जमिनदारहरूमा पनि आफ्नो जमिनदारीपनको अहमताका साथ आफूलाई उच्च ठानी त्यही अनुसारको रवाफ देखाउँदै जीवनरूपी रथलाई अगाडि बढाइरहेका हुन्छन् । यस्ता जमिनदारहरूमा; गडहल गाउँको नथुनी साहू साथै उसको छोरा असुर्फी साहू अनि रौतहट कटरवनको भद्रनाथको ससुरो दण्डपाणि रहेका पाइन्छन् । यसैगरी उपन्यासमा आएका अन्य पात्रहरूको दैनिकी पनि आ-आफ्नै किसिमले अगाडि बढेको छ । भद्रनाथका भरौटेहरूको भद्रनाथकै सेवाटहल गर्दै बितेको छ, मुर्कीपलिया गाउँका भद्रनाथको हैकममा रहेका किसानहरूका दिन भद्रनाथकै खेतीपातीमा जुट्दा बितिरहेको छ । त्यसैगरी राणाप्रधानमन्त्री जङ्गबहादुरका सुसारेहरूको दैनिकी जङ्गबहादुरलाई खुसी पार्ने प्रयत्नमा लाग्दा बितिरहेको छ । अनि दण्डपाणि र असुर्फी साहूका भरौटेहरूको दैनिक पनि मालिक वर्गलाई सुखी पार्ने प्रयत्न गर्दै बितिरहेको छ ।

यसप्रकार उपन्यासमा आएका पात्रहरूको जीवनपद्धति आ- आफ्नै किसिमले अगाडि बढिरहेको पाइन्छ । पात्रहरूको जीवनपद्धतिलाई समाजमा विद्यमान हरेक पक्षले प्रभाव पारेको हुन्छ । **यहाँदेखि त्यहाँसम्म** उपन्यासको समाज हिन्दूधर्ममा आस्था राख्ने समाज रहेको छ । हिन्दू धर्मलाई पालना गर्ने समाज भएकाले यस समाजका मानिसहरू देवीदेवताहरूको पूजा आराधना गर्दछन् । बिहानीको समयमा उठिसकेपछि स्नान गर्ने, चलन, गोबर माटोले दैलो पोत्ने चलन, घर-घरमा बिहानमा सधैं पूजापाठ गर्ने चलन रहेको छ । हिन्दूधर्ममा आस्था राख्ने समाजमा यस्ता संस्कारजन्य कुराहरु हुने गर्दछन् र यो उपन्यासमा पनि पाइन्छ । यस्तो चलनले समाजका मानिसहरूको जीवनपद्धतिलाई नै व्यवस्थित पारी एक नियममा अनुवन्धित तुल्याएको छ । यस्तो नियमले समाजमा सामाजिक मान्यता पाएको छ । यस्तो सामाजिक मान्यता प्रानप्त सामाजमा विद्यमान चालचलनले नै समाजमा संस्कृतिको रूप धारणा गरी ती एकपिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुँदै जान्छ र समय परिवर्तनको मागसँगै परिवर्तित हुन पनि सक्दछन् । त्यसकारण यो उपन्यासका पात्रहरूले बिहानीको सुरुवातसँगै बेलुकीसम्म गर्ने नित्य कार्यहरू तिनीहरूको

जीवननिर्वाहका संस्कारहरू हुन् । उपन्यासमा देखापरेका अन्य सामाजिक चालचलन पनि संस्कृतिक रूपमा देखापरेका छन् । आफ्नो घरमा आएका अतिथिलाई सत्कार गर्ने चलन अनुसार असुर्फी साहूले दुर्गानाथ पण्डितको नाति पवनलाई स-सम्मान आफ्नो घरमा एक रातका लागि राखेको छ :

"साले, उभिएर हाम्रो नौटङ्की हेरिरहेको छ । चढा साइकल घाटमाथि र दगुर्दै जा तात्तातो दूध लिएर आइज ।" त्यसपछि पवनतिर फर्केर भन्यो "मलाई माफ गरिदिनुहोस् पवनबाबु । निकै केटाकेटी अवस्थामा पिताम्बर बाजेसित तपाईलाई देखेको थिएँ । अहिले यस्तो लायकको रहरलाग्दो नौजवान हुनुभएछ । आउनुस् घाटमाथि बसेर कुरा गरौ । मेरा पिता पण्डित दुर्गानाथलाई भेटेपिच्छे उहाँको चरणमा साष्टाङ्ग नमस्कार गर्नुहुन्थ्यो । तपाईको पाउँमा मेरो छोराले ढोग्ला, म तपाईलाई हात जोरेर नमास्कार गर्दछु" (पृ.२७) ।

माथि आएको उपन्यासको यो सन्दर्भले आफ्नो वंशको व्यक्तिले राम्रो काम गरेमा त्यसको प्रभाव आउने पिँढीलाई पनि पर्ने कुरालाई प्रष्ट पारेको छ । आफ्ना हजुरबुबाले पण्डितको रूपमा गाउँ तथा सहरमा ख्याति कमाएका कारण पवनले असुर्फीसाहूद्वारा समेत सम्मान पाएको छ । भद्रनाथसँगको शत्रुताका कारण सिङ्गै मुर्कीपलियाबासीसँग भद्रनाथसँगको रिसको साटो फेर्ने असुर्फी साहू मुर्कीबासी भनेपछि रिसले चूर हुन्छ । तर आफ्नो बाजेले पण्डितका रूपमा नाम कमाएका कारण मुर्कीपलिया बासी नै भए पनि पवनलाई असुर्फी साहू सम्मान टक्रयाउँछ । यस्तै अतिथि सत्कारको अर्को सन्दर्भ नथुनी साहूकोमा बास बस्न आएको अङ्ग्रेज अफिसरलाई विदाइ गर्नका लागि जम्मा भएका सम्पूर्ण गडहलबासीको उपस्थितिबाट पनि पाउन सकिन्छ । सिकारका लागि नेपाल आएको अङ्ग्रेज एकदिन बास बस्ने गरी गडहल गाउँकै धनी व्यक्ति नथुनी साहूकोमा आएको हुन्छ । उसलाई पठाउने क्रममा सम्पूर्ण गाउँलेहरू विदाइको लागि तीयर नदी नजिकै जम्मा हुन्छन् :

"बिहान बिदाबारी भएर जान लाग्दा सिङ्गै गाउँ तीयरकिनारमा ओइरियो । घरमा त मुसोसम्म नहुँदो हो । अङ्ग्रेज बहादुरको आफ्नै चालचलन अनुसार बिदा गर्न धुइरिएका मानिसहरूलाई धन्यवाद दिँदै उनले एक सानो भाषण पनि दिए "(पृ.१२) ।

अतिथिलाई सत्कार गर्ने चलन मुर्कीपलिया गाउँमा मात्र नभएर गडहल गाउँमा पनि रहेको पाइन्छ । साथै अतिथि बाहेक गाउँका साना व्यक्तिहरू ठूला व्यक्तिहरूलाई पनि नाताअनुसारको तथा उमेर अनुसारको सम्मान दर्शाउँछन् । पवन केहीसमयको सहरको बसाइपछि आफ्नो गाउँ मुर्कीपलिया आएको हुन्छ । आउँदाको भोलिपल्ट बिहान सबेरै उठी कृष्णात्रेको सङ्गीत विद्यालयतर्फ लाग्छ र कृष्णात्रेलाई देख्नासाथ पवन नमस्कार टक्र्याउँछः ।

"पवन जुरुक्क उठेर गएर बस्तकोटीलाई निहुरेर नमस्कार गऱ्यो । लौ यिनी त पवन पो रहेछन् । कहिले आयौ बाबू ? निकै दिनपछि देखेर बडो आनन्द लाग्यो" उनले पवनलाई नजिकै तानेर बसाए र पवनको अनुहार र सिङ्गै शरीरमा टर्च बालेर केही खोजेजस्तै आँखा दौडाउन थाले " (पृ.३७) ।

मुर्कीबासीबाहेक अन्य गाउँका मानिसहरू पनि आफूभन्दा ठूला, साथै आफूले मान्नुपर्ने मानिसलाई सोहीअनुसारको सम्मान गर्दछन् भने आफूभन्दा साना व्यक्तिहरूलाई मायालु भाव दर्शाउँछन्. । यस्तो चलन उपन्यासमा आएको समाजमा पनि रहेको छ । यसरी उपन्यासभित्र आएको समाजमा गरिने अतिथि सत्कार संस्कारकै रूपमा समाजमा व्याप्त हुन पुगेको छ ।

संस्कृति अन्तर्गत प्रथा पनि पर्दछ । राणाकालीन समयमा समाजमा विविध किसिमका प्रथाहरू प्रचलित थिए । राणाकालीन परिवेशलाई नै चित्रण गर्नका लागि रचित यो उपन्यासमा पनि केही प्रथाहरू प्रचलित रहेको देखिन्छ । जमिनदारी प्रथा राणाकालीन समयमा प्रचलित प्रथा हो । उपन्यासमा जमिनदारको भूमिका निर्वाह गर्नका लागि भद्रनाथ प्रतिनिधिमूलक पात्रको रूपमा आएको छ । त्यस्तै कटारवन गाउँको भद्रनाथको ससुरो दण्डपाणि, साथै गडहल गाउँको असुर्फी साहू पनि जमिनदारकै रूपमा यस उपन्यासमा आएका छन् । उनीहरूद्वारा समाजमा लागू गरिएको शासन, जसको पालना गर्नकालागि बाध्य बनाइएका सोझा गाउँलेहरूको अवस्थाबाट उपन्यासमा आएको समाजमा जमिनदारी प्रथाले आफ्नो स्थानलाई सुरक्षित गरेको स्पष्ट हुन्छ । त्यसैगरी यहाँ जातीय भेदभाव र छुवाछुत प्रथाको वर्चस्व पनि कायम रहेको पाइन्छ । जस्तै सेते दमाईका दुई छोराहरू राम र लक्ष्मण कृष्णात्रेकोमा सङ्गीत सिक्न आउँदा अरू विद्यार्थीहरूभन्दा पछाडि बसेको घटनाले जानकारी दिन्छ । विवाहित नारीले चुरापोते लगाउने कार्य पनि हिन्दूसमाजमा प्रथाकै रूपमा विकसित हुन पुगेका छन् । साथै विधवा नारीले चुरा लगाउन नहुने प्रथा पनि समाजमा तत्कालीन समयमा प्रचलित थियो । यस्तो प्रथा अहिलेको समाजमा समेत रहेको छ । उपन्यासमा नारीले विधवा भएपछि चुरा लगाउन नहुने सन्दर्भ बालविधवी पार्वतीले आलुको चुरा लगाउँदा समेत गाउँकै जमिनदारका रूपमा रहेको भद्रनाथले गाउँका सम्पूर्ण जनसमुदायलाई जुटाएको घटनाबाट स्पष्ट हुन्छ ।

यी माथि उल्लेखित उपन्यासमा आएका घटनाहरूले उपन्यासमा विविध प्रथाहरू प्रचलित रहेको जानकारी दिन्छन् । यी प्रथाहरू राणाकालीन समय सुहाउँदा रहेको पाइन्छ ।

संस्कृति अन्तर्गत परम्परा पनि अर्न्तनिहित भई आएको हुन्छ । समाजमा प्रचलित चलनहरू नै परम्प्राका रूपमा देखापरेको पाइन्छ समाजमा विविध किसिमका परम्पराहरू विद्यमान रहेका हुन्छन् । यो उपन्यासमा पनि विभिन्न किसिमका परम्परा रहेका छन् । यस्ता परम्परालाई नयाँपिँढीले पुराना पिँढीबाट ग्रहण गर्दछन् ।

यो उपन्यासमा आएको समाजमा साना मानिसबीच मायालु भाव देखाउने तथा ठूला मानिसहरूलाई स-सम्मानको आदरभाव देखाउने परम्परा रहेको छ । त्यसैगरी नारी र पुरुषले गर्ने कार्यमा पनि भिन्नता भएकाले स्त्रीहरू गृहणी तथा घरव्यवहार कुशल रूपमा चलाउनमा तल्लीन रहने परम्परा तथा पुरुषहरू घरका अन्य व्यवहारिक कार्य गर्न अग्रसर रहने परम्परा रहेको छ । नारीलाई पुरुषहरूलाई भन्दा भिन्न दृष्टिले हेर्ने परम्परा रहेको कुरा भद्रनाथकोमा धान थन्क्याउने कार्य सकेपछि गाउँले किसानहरू सहित सबै गाउँका

व्यक्तिहरू जम्मा हुँदा नारी पुरुषको बस्ने ठाउँ फरक फरक रहेको प्रसङ्गबाट जानकारी पाउन सकिन्छ ।

संस्कृतिले समाजलाई व्यवस्थित राख्छ । समाजमा विद्यमान चालचलन प्रथा परम्परा, धर्म, संस्कार जस्ता विविध कुराहरूको संयोजनबाट नै संस्कृतिको निर्माण हुन्छ । **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा पनि निश्चित संस्कृतिद्वारा व्यवस्थित समाज आएको छ । यो उपन्यासको समाजमा पनि विविध किसिमका चलन, परम्परा प्रथा, संस्कार जस्ता कुराहरू रहेका छन् । जसलाई उपन्यासमा चित्रित मुर्कीपलिया गाउँको समाजमा रहेका मानिसहरू पालना गरिरहेका छन् । उपन्यासका पात्रहरू प्राय: मुर्कीपलियाको समाजमा नै बसोवास गर्दछन् र उनीहरूले आफ्नो जीवनपद्धतिलाई यही मुर्कीपलियामा प्रचलित रहेको संस्कृतिलाई वरण गर्दै अगाडि बढाएका छन ।

**(ग) भाषा**

भाषा भनेको विचार विनिमयको माध्यम हो । मानिसहरूबीच भाषाको माध्यमद्वारा नै विचार तथा भावनाको आदान-प्रदान हुन्छ । साहित्य पनि भाषाद्वारा नै व्यक्त हुन्छ । कुनै पनि विषयवस्तु सम्बन्धी धारणालाई कलात्मक भाषाको माध्यमद्वारा प्रस्तुत गर्दा साहित्य सिर्जना हुन्छ । साहित्यको एक महत्वपूर्ण विधाका रूपमा रहेको उपन्यासमा पनि भाषाको कलात्मक प्रस्तुति हुने गर्दछ । यथार्थलाई वरण गर्ने भएकाले यसमा गद्यभाषाको प्रयोग गरिन्छ र लेख्य एवम् कथ्य दुवै भाषाको आवश्यकता अनुसार प्रयोग गरिन्छ । बराल, एटम, २०५८ :४२) । उपन्यासमाप्रयोग गरिने भाषा उपन्यासकारले कस्तो उपन्यास रचना गर्ने सोच हो सोको आधारमा निर्धारित हुन्छ । साथै देश, काल र वातावरणअनुकूल उपन्यासको भाषा तय हुन्छ । उपन्यासमा पात्रको स्तर सुहाउँदो अनि देश, काल र वातावरण अनुसारको भाषा प्रयोग नहुँदा उपन्यास निरर्थक बन्न पुग्छ । त्यसकारण उपन्यासमा प्रयोग गरिने भाषाको चयन पनि बडो सावधानीका साथ सम्पन्न गर्नुपर्ने हुन्छ ।

**यहाँदेखि त्यहाँसम्म** को भाषा आलङ्कारिक छ । भाषाको कथ्य रूप नभएर लेख्य रूपको प्रयोग भएकाले गोतामेको यस उपन्यासको भाषा मानक नेपाली नजिक छ ।

**यहाँदेखि त्यहाँसम्म** उपन्यासमा तत्सम, तत्भव र आगन्तुक शब्दको प्रयोग पाइन्छ । वाक्यका हिसाबले हेर्दा उपन्यासमा सरल, संयुक्त र मिश्र सबै किसिमका वाक्यहरूको प्रयोग पाइन्छ । **यहाँदेखि त्यहाँसम्म** उपन्यासको भाषा लेख्य भाषाको निकट रहेको पाइन्छ । यहाँ उपन्यासकारले सबै पात्रले प्रयोग गर्ने भाषालाई सुसंस्कत र समृद्ध बनाई प्रस्तुत गरेका छन् । उपन्यासमा विभिन्न स्तरका पात्रहरू आएका छन् तर तिनीहरूले प्रयोग गर्ने भाषा एउटै किसिमको छ । उपन्यासमा जमिनदारको रूपमा आएको पात्र भद्रनाथ होस् उसैको नोकर हर्चनवा होस्, खेतीपातीको काम गर्ने किसानहरू हुन्, गाउँका बालबालिकाहरूलाई साउअक्षर सिकाउने भाखी गुरु होस्, सङ्गीत साधक कृष्णात्रे होस् सबैको भाषा एउटै किसिमको , लेख्य भाषासँग मिल्ने मानक किसिमको रहेको पाइन्छ । समग्र उपन्यासलाई दृष्टिगत गर्दा यसको भाषा परिष्कृत, परिमार्जित , सुसंस्कृत र समृद्ध किसिमको रहे तापनि कहीँकतै अश्लील भाषाको प्रयोग पनि छिटफुट रूपमा उपन्यासमा भएको पाइन्छ । जस्तै :

"चुहुँदो तेल पोतरिएको पहिलो वेत ब्याएकी आलो सुत्केरी नवमातृत्वको लाजले निहुरेर स्वरको आरोह-अवरोहमा शिशुको झोलुङ्गोको डोरी तान्ने र छाड्ने क्रम गरिरहन्छे"(पृ.३५) ।

यहाँ पहिलो वेत व्याएकी भन्ने वाक्यांशले कम स्तरीय भाषाको प्रयोगलाई जनाएको छ । त्यसैगरी उपन्यासमा यस्तै कम स्तरीय भाषाको प्रयोग अन्य ठाउँहरूमा पनि भएको पाइन्छ । जस्तै :

"यो उमेरमा पनि कस्ती थुनिली छ , भर्खर जन्मेको शिशुको आहारका लागि आलो सुत्केरीका छातीभरि छुत्ती खेलदै आएका दूधले टुन्न परेर गानिएका स्तनजस्तै छन् पार्वतीका पनि । हामी उमेरमा कान्छी भएर के गर्ने पाँच छ जना छोराछोरीले पालैसित खादै निचोर्दै गर्नाले अब त ती कसैका लागि पनि रहर गर्ने वस्तु रहनेनन् , ती जीवनभरि भिरिरहनुपर्ने बेकम्मा मांसपिण्डका लाम्टाहरू मात्र हुने भएका छन्, जो चोलोको तल्लो घेरा खुकुल्याइदियो भने मरेको सारुङ्ग झरेजस्तै गरी नाइटोसम्म ओइरिदिन बेर छैन" (पृ.५७) यस प्रसङ्गमा पनि भाषागत स्तरीयताको कमी रहेको छ ।

"तँ नाथू, हिजो काढेको चल्ला । तेरी आमाले मेरै सामु व्यथा लागेर कनीकनी घर उचालेकी थिइन् । उनको पाठेघर निचोरेर बिस्तारै ताँन्दै पृथ्वीमा ल्याउने मै थिएँ । आज त मलाई आफू पुरुष भएको धक्कु लाउँछस् । बिर्सिस पाखेरीको कुरा ? अब नाङ्गो नुहाउने उमेर तेरो छैन भन्ने मै होइन" (पृ.५६) ।

"पदुवाका छोराहरू महुवामाथि के बस्न पाए, बुझिन्छ कुनै इन्द्रासन पाइएजस्तै । औकातभन्दा बढी बोलेर अरूमाथि पण्डित्याइँ छाटिरहेका छन् । त्यहाँ बसेर मतलबको कुरा गर नत्र भने जा घर गएर आ-आफ्ना आमाका फरियाभित्र . . ." (पृ.१४४) ।

ध.च. गोतामेद्वारा लिखित **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा पारुस्य गुणको प्रबल प्रयोग पाइन्छ (सुवेदी, २०६४: १८१) । उपन्यासभित्र तत्सम, तत्भव र आगन्तुक सबै शब्दको प्रयोग पाइन्छ । उपन्यासमा **आग्नेयनेत्र** (१३१), **देहयन्त्रा** (१३१), **कल्पवृक्ष** (१६), **माङ्गलिक** (३५), **गाजवार** (२८०), **रुक्षता**, **नरभक्षी** आदि तत्सम शब्दको प्रयोग भएको पाइन्छ । साथै संस्कृतका श्लाकेहरू पनि उपन्यासमा कहिले कृष्णात्रेको मुखबाट कहिले गँजेडी पूजारीको मुखबाट त कहिले भाखीकाकाको पाठशालाका विद्यार्थीको मखुबाट उच्चरित भएको पाइन्छ । जस्तै : रूपं देहि जय देहि, यशो देही दिषो जहि" (पृ.१६४) ।

यो संस्कृतको स्तुतिगान भद्रनाथकोमा कमारोको रूपमा रहेको कृष्णेले गाएको महालक्ष्मीको स्तुति गान हो । त्यसैगरी गँजेडी पूजारीको मुखबाट पनि भद्रनाथलाई टीका लगाइदिने क्रममा संस्कृतको श्लोक गाएको पाइन्छ । जस्तै :

*रूपं देहि जय देहि, यशो देही दिषो जहि " (पृ.१६४) ।*

तत्सम शब्दका साथै श्लोकहरूको प्रयोगले उपन्यास सुसंस्कृत र परिमार्जित बनाउने कार्य गरेको छ ।

तत्भव शब्दका साथै उपन्यासमा झर्रा शब्द, अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ । साथै उखानटुक्काको प्रयोग पनि उपन्यासमा भएको छ । विवाहमा रमाइलोका लागि गाइने ठट्यौली खालका गीतहरू आषाढको पन्ध्रमा रोपाहारले गाउने गीतको उल्लेख

उपन्यासमा भएको छ जसले उपन्यासलाई पठनीय बनाएको छ । आषाढको पन्ध्रमा गाइने गीत :

*साउन हे संखी, कति रमाइलो*
*रिमिझिमि झर्ने मेघ हे . . .(पृ.१९२) ।*

विवाहको अवसरमा गाइने गीत :

*हे भिनाजु गोठाला जाऊ*
*दिदी व्याइन बिगौती खाऊ*
*हे भिनाजु . . . (पृ.१७८) ।*

उपन्यासमा आएको यो गीतको सन्दर्भ वैवाहिक समारोहमा कहीँ रमाइलो प्रदान गरे तापनि यहाँ भाषागत स्तरीयता पाइँदैन यस्तै अरू गीतहरू पनि उपन्यासमा जमिनदारको रूपमा चिनिएको भद्रनाथको विवाहको अवसरमा मनोविनोदका रूपमा गाइएका छन् ।

*हाम्री सुन्दरी साम्धिनी ,कति राम्री . . .*
*तीन ठाउँमा गाजल लाउँछिन कति राम्री*
*हाम्री सुन्दरी साम्धिनी . . .(.पृ.१७९) ।*

उपन्यासलाई अझ बढी रोचक र पठनीय बनाउने कार्य यहाँ आएको रामायण श्लोकको प्रसङ्ग, उखान टुक्काको प्रयोग साथै मुर्कीपलिया गाउँका बालबालिकालाई साउअक्षर सिकाउने भाखीकाकाका विद्यार्थीहरूले भट्याउने विभिन्न गायन तथा श्लोकहरूले पनि गरेको पाइन्छ । साथै यी कुराले उपन्यासको भाषागत स्तरीयताको जानकारी दिनुको साथै उपन्यास पढ्नमा पाठकलाई आकर्षित गर्ने कार्य पनि गरेको पाइन्छ । उपन्यासमा प्रयोग भएका उखानहरू यसप्रकार रहेका छन् :

क) बुढो भयो रसरङ्ग गयो आगन भयो परदेश (पृ.५८) ।
ख) जुङ्गा हल्लियो कुरा बुझियो (पृ.४४) ।
ग) मानिस बलियो हुन्छ दूध घ्यू खाएर भने ढुङ्गाको शक्ति बढ्छ घामपानी खाएर (पृ.२३८)
घ) एकत करेला आफै बिखाइन त्यसमाथि नीमको थाक्रो (पृ.२३८) ।
ङ) पेट बिर्गाछ मुहीले घर बिगार्छ बूढीले (पृ.२४५) ।

उपन्यासमा प्रयोग भएका विभिन्न टुक्काहरूमा आँसु काढ्नु, खुट्टा काम्नु, सिङजुरो उम्रनु, मन कुँडिनु, जङ्चल्नु, हावा बिग्रनु आदि हुन् । सेते दमाई उपन्यासमा हाँस्य पात्रको रूपमा आएको छ । सेते दमाइले गाउँलेका कपडाहरू सिलाई आफ्नो जिविका चलाइरहेको छ । उसका दुई छोराहरू राम र लक्ष्मणलाई रामायाणका श्लोकहरू गाउन लगाई उपन्यासकारले उपन्यासलाई जीवन्त बनाउने कार्य गरेका छन् । हाम्रो हिन्दूसमाजमा ब्राह्मण बाहेक अन्य जातिले महाभारत, रामायणको पाठ गर्नु आफ्नो जात विपरीतको कार्य मानिन्छ तर यहाँ दमाईका छोराहरूले पनि रामायणको श्लोक पाठ गरेको प्रसङ्ग आएको छ । यसलाई उपन्यासकारको नवीन प्रयोग भन्नु उपयुक्त हुन्छ । उक्त रामायणको श्लोकहरू यसप्रकार रहेका छन् :

*दाताको छ यहाँ यि सूखदुखको फल् मिल्छ सब् कर्मको*
*दिन्छन् भन्नु कुबुद्धि हो नभन यो नाश् हुन्छ सब् धर्मको*
*कर्ता हूँ पनि भन्नु छैन अभिमान् जन्ले नगर्नू कहीं*
*कर्मैको फल भोग मिल्छ तिमीले यो बुझ्नु जाहाँतहीं*

भाखीकाका कहाँ शिक्षा लिनआउने विद्यार्थीहरूले कहिले पढाइको सिलसिलामा त कहिले शनिबारको दिन खल कुट्दै गरेको अवसरमा गाएका विभिन्न श्लोकहरूले गर्दा पनि औपन्यासिक भाषामा मिठासपूर्ण शैली देखापरेको छ । ती श्लोकहरू उपन्यासमा विभिन्न ठाउँमा यसप्रकार रहेको पाइन्छ :

*ए कागदाइ,*
*बेल गाछी नजाऊ*
*बेल खस्ला*
*शिर फुटला*
*औषधिमूलो को गर्ला ?*
*भाखी काका ! ! (पृ.०१) ।*
*एक मनको काकरी*
*त्यसमा बस्यो माकुरी*
*रसी-रसी रोज खाने*
*कति दिनमा काँक्रो जाने ?*
*सोध्ने को ? हामीहरू*
*भन्ने को ? भाखी गुरु -पृ. १०४) ।*
*सहर कान्तिपुरका कहर कम्पुमाला*
*लयको तमासा उँचा तोप काला*
*सुरुष रङ्ग कुर्था जरद पावजामा*
*चमक ज्योति बन्दुक बिजुली कि धामा ॥*
*त्यसपछि*
*दिन दिन खजनाका भारिका बोक्न्याले*
*शिव शिव चुली मैका बाल नै एक कैका*
*तदपि मुलुक तेरो छोडि नै कोइ भाजा*
*इति बदति गमानी धन्य गोर्खालि राजा (पृ.२६९) ।*

यसप्रकार उपन्यासमा आएका विभिन्न श्लोकहरूले उपन्यासको भाषालाई आकर्षक बनाएका छन् ।

उपन्यासलाई रोचक बनाउनमा उपन्यासमा आएका तत्सम शब्दहरू तथा श्लोकहरू , रामायणका श्लोकहरू अनि भाखी गुरुका शिष्यले भट्याउने श्लोकहरू , उखान टुक्काहरूले बढी सघाउ पुऱ्याएको पाइन्छ । उपन्यासको भाषामा सहजता तथा स्वभाविकता

ल्याउनका लागि झर्रा नेपाली र अनुकरणात्मक शब्दको प्रयोग अनि केही नेपाली भाषामा पचिसकेका अङ्ग्रेजी शब्दको प्रयोग पनि पाइन्छ ।

उपन्यासमा प्रयोग भएका झर्रा नेपाली तथा अनुकरणात्मक शब्दहरू यसप्रकार रहेका छन् : **गल्छेडा** (पृ.४४) **डवाङ्डवाङ्ती** (पृ.२२) **फत्तलफाँडो** (१०७), **ढामछ्यामछुमछुम** (पृ.४५), **क्वारक्वारती** (पृ.५७), **धुनधान** (पृ.४६), **कल्याङमल्याङ** (पृ.४७) **लल्याकलुलुक** (पृ.१५१), **टुलुटुलु** (पृ.२८४) आदि ।

उपन्यासमा प्रयोग भएका अङ्ग्रेजी शब्दहरू; स्टेशन (पृ.३), **प्लेटफर्म**, **डयुटी, इन्जेक्सन** आदि ।

ध.च. गोतामेद्वारा लिखित **यहाँदेखि त्यहाँसम्म** उपन्यास आञ्चलिक उपन्यास हो । यहाँ तराईको सानो गाउँको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक धार्मिक आदि सम्पूर्ण कुराहरूको विशिष्ट उल्लेख पाइन्छ । आञ्चलिक उपन्यासमा भाषाको प्रयोगमा समेत विशिष्टता देखापर्नु आवश्यक हुन्छ । उपन्यास जुन ठाउँको चित्रणमा बढी केन्द्रित छ सो ठाउँको भाषाको प्रयोग उपन्यासमा अत्यधिक हुनुपर्ने हुन्छ तर यो उपन्यासमा आञ्चलिक उपन्यासमा हुनुपर्ने स्थानीय भाषाको अत्यधिक प्रयोग भएको पाइदैन । आञ्चलिक भाषाको प्रयोग उपन्यासमा कम मात्रामा भएको छ । बारा जिल्लामा पर्ने उपन्यासमा उल्लेखित मुर्कीपलिया गाउँ मैथिली तथा भोजपुरी भाषाद्वारा प्रभावित गाउँ हो । त्यसकारण उपन्यासमा आञ्चलिकतालाई वरण गर्नका लागि मैथिली र भोजपुरी भाषाका केही प्रसङ्गहरू देखापरेका छन् । जस्तै भोजपुरी भाषाको प्रसङ्ग उपन्यासमा यसप्रकार आएको छ; "रौआ काँ कट्टतानी" त्यसैगरी मैथिली भाषाको प्रसङ्ग "अट्टाकी बजै छियै" (पृ.२७९) ।

यसरी उपन्यासमा आएको स्थानीय प्रयोगको भाषाले उपन्यासलाई सरल, सहज र स्वभाविक बनाएको छ । साथै पाठकलाई स्थानीयताको आभाष पनि दिलाएको छ ।

उपन्यासमा उपन्यासकारले प्रयोग गरेको भाषा बढी परिमार्जित किसिमको रहेको छ । आलङ्कारिक भाषाको प्रयोगले उपन्यासलाई बढी स्तरीय बनाएको छ, "नमाझेको पुरानो तामाको गाग्रीको जस्तो रङ्ग थियो" । जस्ता अलङकारहरूको प्रयोग उपन्यासका ठाउँ ठाउँमा भएको छ । उपन्यासमा पात्रको स्तरभन्दा माथिल्लो कोटीको भाषाप्रयोग भएकोले आञ्चलिक उपन्यासमा हुनुपर्ने भाषा प्रयोगगत सचेतता नपाइए तापनि केही आञ्चालिकताको आभाष दिने भाषा चाहिँ उपन्यासमा पाइन्छ ।

**(घ) लवाइखवाइ**

लवाइखवाइबाट मानिसको व्यक्तित्वको परिचय पाउन सकिन्छ । समयको परिर्वतनसँगै आफ्नो आर्थिक अवस्था अनुसार मानिसको लवाइखवाइमा परिवर्तन देखा पर्दछ । उमेर, अवस्था, आर्थिक स्थिति, स्तर आदिले पनि लवाइखवाइमा प्रभाव पार्दछन् ।

राणाकालीन प्रधानमन्त्री जङ्गबहादुरको प्रसङ्ग उपन्यासमा विपुलनाथ खतिवडाको प्रसङ्गसँग जोडिएर आएको छ । विपुलनाथ खतिवडा राणाकालीन प्रथम प्रधानमन्त्री जङ्गबहादुरको भान्सा खण्डको डिठ्टा पदमा कार्यरत थिए । विपुलनाथ खतिवडाले जङ्गबहादुरको इच्छा अनुसार खानाको तारतम्य मिलाएवापत जङ्गबहादुरले विपुलनाथलाई

मुर्कीपलियाको जग्गा बक्स गरी दिएका थिए । मुर्कीपारिको जङ्गबहादुरबाट बक्स पाएको त्यही जग्गामा विपुलनाथले नयाँ बस्ती बसाइँ उक्त बस्तीको नाउँ मुर्कीपलिया राखेका थिए । **यहाँदेखि त्यहाँसम्म** उपन्यास यही मुर्कीगाउँको नालीबेली हो । जङ्गबहादुरले आफ्नो भान्सा खण्डमा विपुलनाथबाहेक अन्य व्यक्तिहरूको समेत व्यवस्था गरेका थिए । भान्साखण्डमा कार्यरत व्यक्तिले बनाउने खानाका विविध परिकारहरू मध्ये जङ्गबहादुरलाई फिनी मन पर्थ्यो "कोतभण्डारको मिष्ठान्न पनि यही हो" (पृ.४१) ।

यो उपन्यासमा खानपानका परिकारहरूको उल्लेख त्यति पाइँदैन तर खानाको प्रसङ्ग चाहिँ ठाउँ ठाउँमा आएको छ ।

भद्रनाथकी आमा औँसी पूर्णिमा तथा एकादशीमा व्रत बस्ने गर्दथी, व्रतको बेला जुनसुकै भाँडामा खाँदैनथिन् । "एउटा पत्थरको विशाल थाल थियो त्यसैमा व्रत, फलहार, औँसी पूर्णिमा प्रदोष र एकादशी आदिको आड लिएर बूढी अनेक मिष्ठान्न भोजनहरू बनाइ तुल्याई खान्थिन (पृ.२३७) ।

उपन्यासमा खानाको प्रसङ्ग त्यति आएको छैन । यो उपन्यासमा आएका मुकीपलियाबासीहरू सामान्य आर्थिक अवस्था भएका र हिन्दू संस्कारलाई पालना गर्ने हुँदा उनीहरू नेपालीहरूको साधारण खाना दाल,भात र तरकारी नै खाने गर्दछन तर राणाखानदानका व्यक्तिहरू चाहिँ आफूलाई इच्छा लागेअनुसारको खानेकुरा बनाउन भान्सामा समेत धेरै व्यक्तिहरू खटाएका हुन्थे र आफूले इच्छाएको खानेकुरा खान्थे । उपन्यासमा आएका पात्रहरूले लगाउने पोशाकका सम्बन्धमा कुरा गर्दा नारीहरूले साडी, चोलो नै लगाउने गरेको पाइन्छ भने पुरुषहरू दौरा सुरुवाल, टोपी लगाउने गर्दछन् । पोशाक पनि ठाउँ अनुसार फरक-फरक हुने गर्दछ । घरमा बस्दा लगाउने र घर बाहिर हिँड्दा लगाउने पोशाकमा पनि भिन्नता पाइन्छ । मन्दिर जाँदा, व्रत, पूजाआजाको समयमा लगाउने पोसाकामा पनि भिन्नता हुने गर्दछ ।

मुर्कीपलिया गाउँकै जमिनदारका रूपमा रहेको भद्रनाथ पनि बेला बेलामा मन्दिर जाने गर्दछ । मन्दिर जाँदा भद्रनाथ अरू बेलाको पोशाकभन्दा भिन्न पोसाकमा सजिएर गएको हुन्छ :

"उनी शिवालयबाट फर्केकाले निधारभरि केसरीचन्दनको धर्कै टीका र घिच्रोमा करबीरको माला लगाएका थिए । नाङ्गो पृथल शरीरमा महिन धोतीको अंश ओढेकाले अति निष्ठावान् धार्मिक पुरुषजस्ता देखिएका थिए" (पृ.२६१) ।

भद्रनाथले आफ्नी पतिपरायण पत्नी गौरीलाई परित्यक्ता बनाई जर्नाघरमा बस्न बाध्य बनाएको छ । यो बेला गौरीको अति दयनीय अवस्था हुन्छ तर गौरी कतिवेलै पनि निराश देखिन्न । यो बेलामा उसले लगाएका कपडाहरू पनि सामान्य खालका हुन्छन् । यो प्रसङ्ग उपन्यासमा यसप्रकार आएको छ :

"पार्वतीले तलदेखि माथिसम्म गौरीलाई हेरिन् । चित्थाचित्था परेको सस्तो खाले धोती र चोलो लाएकी थिइन्" (पृ.१३२) ।

उपन्यासमा आएको माथिको सन्दर्भले नारीहरूले धोती र चोलो लगाउने चलन रहेको प्रसङ्ग आएको छ । उपन्यासमा धनी र गरिबका बीच पाइने पोशाकको भिन्नतालाई पनि भाखी गुरुकोमा पढ्न जाने जमिनदारको नाति भद्रनाथले लगाएको पोशाक र अन्य विद्यार्थीले लगाएको पोशाक तथा पोशाकको सुकिलोपनबाट जानकारी पाउन सकिन्छ-

"तर भद्रेलाई परालको खरानी पोतरेको यस्तो पाटीसित कुनै सरोकार थिएन । यो त गरिबगुरुवाका छोराछोरीका लागि हो जो पाटीमा लेखेर औँलादेखि कुहिनासम्म मोसो दलेका जस्ता हुन्थे । तिनका शरीरमा यति सुकिला लुगाफाटा पनि त हुँदैनन् कि ती कुन अङ्गमा कहाँ कालो लाग्छ भनी चङ्ग भइरहून जतिसुकै कालो लागोस् मुर्कीको पानीले पखालेपछि नजाला भन्नु छैन । तर भद्रनाथ एक धनी जमिनदारको छोरो वा नाति थियो । पाठ जतिसुकै बिर्सिरहे पनि आफ्नो उच्चताको कुरा ऊ कहिलै बिर्सिन्थ्यो यो अभिमान सदैव टोपी लाएजस्तै उसको शिरको उच्च भागमा टम्म परेर बसेको थियो । उसका लुगा प्रत्येक पन्ध्र दिनमा वरियापुरको धोवीले धोएर ल्याउँथ्यो । कलफले कक्रक्क पारेको कमिज लाएर सतरन्जी माथि चकटी ओछ्याएर यौटा कुनामा ऊ एक्लै बस्थ्यो र स्लेटमा पेन्सिलले लेखिरहन्थ्यो" (पृ.१११-११२) ।

उपन्यासमा प्रमुख पात्रकै रूपमा उपस्थित भएकी पार्वतीको पोशाक सम्बन्धी प्रसङ्गको सामान्य झलक उपन्यासमा पाउन सकिन्छ:

"कलिलो केराको थामजस्तो पुष्ट पाखुरीमा बाहुलाको सेप्टे गाडिने गरी बाँकट्टे हरियो चोलो लगाएकी पार्वतीले पखेटाजस्तै दुवै हात उज्याएर उसलाई ढपक्क ढाकिदिएकी थिइन" (पृ.४६)।

गडहल गाउँको असुर्फी साहूले आफ्नो नातिको पास्नी बडो हर्षोल्लासका साथ मनाउनका लागि भारतबाट नामुद गायकहरूलाई आमन्त्रण गरेको थियो । साथै छिमेकी मुर्कीपलिया गाउँका गायक कृष्णात्रे बस्तकोटीलाई समेत आमन्त्रण गरेको थियो । उक्त आमन्त्रणलाई स्वीकार गरी आएका भारतीय गायकका साथै कृष्णात्रेको व्यक्तित्वको झलक समेत उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ :

"भारतबाट आएका गायकहरू टाढाबाट गायक नभएर पहलमान हुन् कि जस्ता देखिन्थे । विशाल वृकोदर, भकारी व्यक्तित्व, चमेलीको तेल चपिचिल्लै हालेर काँधसम्म झुण्डिएका कपाल, आँखामा सुर्मा र ओठमा पानको लाली, गोरा चिल्ला अनुहार भएका गायकहरूको सुदर्शन स्वरूप देख्नासाथ कुनै पनि श्रोता नतमस्तक हुन्थे । अहा ! क्या तेजिलो भव्य व्यक्तित्व छ, यिनको कण्ठस्वर फुटेपछि कति अमृतको वर्षा हुने हो ? यस्ता टाढाटाढाबाट आएका सरस्वतीपुत्रहरूको सत्यसमागम पाउनु पनि ठूलो भाग्यको कुरा हो । प्रत्येक गायकलाई एक-एक वालिस्ट अडेस लाग्नका लागि दिइएको थियो सिङ्गै पाल भरि गमागम बास आइरहेको थियो । गायकहरूले आफ्नो रेसमीको पहिरनमा सकेसम्म अत्तर-फुलेल त पोतरेकै थिए, त्यस उपर साहूको खटनमा रहेको मानिस केवडा र गुलाफजलको सिसी लिएर फिसफिस चारैतिर छरिरहेको थियो" (पृ.२०९-२१०)।

माथि आएको उपन्यासमा भएको सन्दर्भबाट असुर्फीले आमन्त्रित गरेका भारतीय गायकको आकर्षक परिहन साथै पहिरन अनुसारको श्रृङ्गारका कारण व्यक्त हुनुपुगेको आकर्षक व्यक्तित्व यहाँ आएको छ । असुर्फी साहूको अतिथिप्रति गरेको भव्य सत्कारलाई समेत यहाँ देख्न पाइन्छ ।

खाना बाँच्नका लागि मात्र आवश्यक हुन्छ भन्ने धारणा भएका कृष्णात्रे पनि असुर्फीको आमन्त्रणलाई स्वीकार गरी गडहल गाउँमा आएका छन् । उनलाई खाना तथा पहिरनप्रति कुनै सोख छैन । सङ्गीतसाधनालाई मात्र सर्वेसर्वा ठान्ने कृष्णात्रे गहडल गाउँमा जाँदा उनी धुस्रोफुस्रो रूपमा उपस्थित भएका थिए :

"यतिकैमा धुस्राफुस्रा, कलौटा कृष्णात्रे बस्तकोटी काती न काती खोलाभित्र कोचेको तानपुरा काँधमा बोकेर पालनिर आइपुगे" (पृ.२१०)।

यसप्रकार उपन्यासमा आएका पात्रहरू विभिन्न वर्गका, स्तरका तथा पेसालाई अवलम्बन गर्ने खालका छन् र उनीहरूको लवाइखवाइ पनि सोही अनुसार भिन्न रहेको छ । पात्रहरूको लवाइखवाइमा केही भिन्नता पाइए तापनि उपन्यासमा आएको परिवेश अनुसार मिल्दो तथा नेपाली परिवेशमा सुहाउँदो किसिमको नै रहेको छ ।

**(ङ) धार्मिक पक्ष :**

धार्मिक पक्ष धर्मसँग सम्बन्धित पक्ष हो । यस प्राकृतिक संसारमा मानवलाई आफ्ना इन्द्रियद्वारा, रूप, रस, गन्ध, स्पर्श , संख्या परिणाम आदिको जुन बोध हुन्छ त्यसभन्दा भिन्न कुनै अलौकिक शक्ति छ भन्ने मानेर त्यससित सम्बन्ध स्थापना गर्ने जुन विचार आउँछ संभवतः त्यसैलाई धर्म भनेको पाइन्छ (शर्मा, २०४९:११) । अर्गवनले धर्मलाई लिएर भनेका छन् - "धर्म दैवीशक्तिमाथिको विश्वास वा झुकाव हो" (पोखरेल, २०६४: ८९) ।

धर्म सम्बन्धी यी धारणालाई आधार बनाएर निचोडमा भन्न सकिन्छ धर्म पारलौकिक वा दैवीशक्तिप्रतिको आस्था हो । धर्मले मानिसलाई परस्परमा अन्तर्सम्बन्धित बनाई दिन्छ र यो पवित्र र अपवित्रको धारणामा अडिएको हुन्छ ।

कुनै पनि साहित्यिक कृतिमा समाजको उपस्थिति हुन्छ । समाजको चित्रण साहित्यिक विधा अन्तर्गतको उपन्यासमा पनि हुने गर्दछ । साहित्यिक कृतिमा समाजको सहभागितासँगै धार्मिक पक्ष पनि जोडिएर आएको हुन्छ । त्यस्तै गोतामेद्वारा रचित **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा पनि ठाउँ ठाउँमा धार्मिक प्रसङ्गहरू सान्दर्भिक रूपमा आएका छन् ।

**यहाँदेखि त्यहाँसम्म** उपन्यासमा उल्लेख भएको समाजको मानिसहरू हिन्दू धर्मलाई पालना गर्दछन् । हिन्दूधर्मालम्बीहरू धेरै देवीदेवतालाई मान्ने गर्दछन । हिन्दू धर्ममा तेत्तीससकोटी देवताहरू छन्, यी देवतामध्ये ब्रहमा, विष्णु र महेश्वर ठूला देवता हुन् । लक्ष्मी, सरस्वती र काली ठूला देवी हुन् भन्ने हिन्दूहरूको विश्वास छ । हिन्दूधर्मावलम्बीहरू मूर्तिपूजा गर्दछन् । हिन्दूहरूको आस्थाकेन्द्रका रूपमा परिचित मठमन्दिरहरूमा विभिन्न देवीदेवताका धातु तथा पथ्थरका मूर्तिहरू स्थापना गरिएका हुन्छन् । हिन्दूहरू यिनै मूर्तिहरूको पूजाआरधना गर्दछन् । त्यसैगरी हिन्दू धर्मग्रन्थअनुसार, मानव जीवनका धर्म,

अर्थ, काम, मोक्ष, गरी चार लक्ष्यहरू हुन्छन् र मानिसले यी लक्ष्यहरू प्राप्त गर्ने प्रयत्न गर्नुपर्दछ (पोखरेल, २०६४:९३) ।

उपन्यासमा आएको बगडमपुर गाउँ भव्य शिवालयका लागि प्रसिद्ध छ । मानिसहरू विभिन्न अवसरमा यो शिवालयमा पूजाआराधना गर्ने गर्दछन् । साथै बाटोमा हिड्ने यात्रीसमेत आफ्नो यात्रा सहज होस् भनी शिवालयलाई टाढैबाट देख्दा पनि दर्शन गर्दै अगाडि बढ्दछन् । यो उपन्यासमा मुर्कीपलिया गाउँको कथालाई प्रस्तुत गरिएको छ । यो गाउँ त्यति पुरानो गाउँ होइन । यो गाउँ बसाउने कार्य गाउँकै जमिनदारका रूपमा रहेका विपुलनाथले गरेका हुन् । विपुलनाथले यो गाउँको जग्गा आफ्नो सेवाबाट जङ्गबहादुरलाई खुसी पारेकोले उपहारस्वरूप पाएका थिए ।

विपुलनाथले यो मुर्कीपलिया गाउँको नयाँ बस्ती बसाउने क्रममा गाउँको परिसरभित्र एक शिवमन्दिरको समेत स्थापना गरी उक्त मन्दिरको पूजा पाठको लागि एक पूजारीको समेत व्यवस्था गरी उक्त पूजारीको पुस्ता दरपुस्ताले उक्त मन्दिरको पूजाआजा गर्नुपर्ने नियम बनाइदिएका थिए । त्यसैगरी विपुलनाथले आफ्नो घर परिसरमा पनि बिहान बेलुकी आफूले पूजाआरधना गर्नका लागि छुट्टै पूजाकोठाको व्यवस्था गरेका थिए । जहाँ विपुलनाथ बिहान उठेपछि नुवाइधुवाइ गरी नित्य रूपमा पूजा आराधना गर्दथे । त्यसैगरी उपन्यासमा आएको अर्को पात्र पवनकी आमा पनि बिहान उठेपछि आफ्नो नित्यकर्म सकी पूजा गर्न थाल्छिन् । त्यसैगरी पवन र पार्वती पनि मन्दिर नजिकै पुग्नासाथ दर्शन गर्दछन् ।

उपन्यासमा आएका पात्रहरूद्वारा गरिएका धार्मिक आस्था सम्बन्धी कार्यबाट पात्रहरूको धर्मप्रति लगाव भएको जानकारी पाउन सकिन्छ । साथै उनीहरूद्वारा हिन्दू धर्मलाई नै पालना गरिएको जानकारी शिव मन्दिरमा गरिएको पूजा पाठका साथै उपन्यासमा आएका हिन्दूधर्मसँग सम्बन्धित अन्य कार्यहरूबाट पनि स्पष्ट हुन्छ ।

हिन्दूधर्ममा जन्म, मृत्यु तथा विवाहसम्बन्धी छुट्टै संस्कारहरू रहेका छन् । जसमध्ये कुनै-कुनै संस्कारहरू उपन्यासभित्र पनि आएका छन् । असुर्फी साहूले आफ्नो नातिको पास्नी समारोह आयोजना गरेको छ । छोरा जन्मिएको छ महिनामा पुगेपछि पास्नी गर्ने चलनअनुसार असुर्फीले कार्यक्रमको आयोजना गरेको छ । उक्त कार्यक्रममा भारतीय नामुद गायकका साथै कृष्णात्रे आफ्नै छिमेकी गाउँका गायकलाई समेत गायनका लागि निम्ता दिएको छ । कृष्णात्रेलाई उक्त निम्ता दिनका लागि असुर्फी साहूले आफूकोमा काम गर्ने मानिस पठाएको छ :

“हाम्रा साहूले यस गाउँका गायक कृष्णात्रेलाई निम्ता दिएका छन् । एक सातापछि साहूको नातिको अन्नप्राशन छ । गाउँठाउँको चलनअनुसार यसपालि उनले आइमाई नचाउने विचार त्यागिदिए । उनी भारतको केही नामुद गायकहरूको समागम गडहल गाउँमा गराउँदै छन् । त्यस गायकीमा आफ्ना छिमेकी गाउँका कलाकार पनि सामेल भइदिए साहूलाई अती प्रसन्नता हुने थियो भनी मद्वारा संवाद पठाएका छन्” (पृ.१८५) ।

नेपाली समाजमा अझ हिन्दूधर्मलाई पालना गर्ने समाजमा जन्मको मात्रै नभई मृत्युको पनि आफ्नै संस्कार रहेको पाइन्छ । साथै अकालमा मृत्यु हुँदा समेत शान्तिस्वस्ति

गरी अकालमा भएको मृत्यु दोषलाई मेट्ने चलन रहेको छ । जसअनुसार असुर्फी साहूको बाबू नथुनि साहूको अकालमा मृत्यु हुँदा शान्तिस्वस्ति गरिएको छ :

"शान्तिस्वस्तिका लागि मनोहर पण्डित र उनका बटुकसमुदाय पुनः गडहल गाउँमा आए । चरु, घिउ र समिधाको गन्धयुक्त धूँवाले फेरि गडहलको आकाशलाई रन्कायो । पानीबाट सबै डुङ्गाहरू बलौटे बगरमा उल्टोपुल्टो घोप्टो उत्तानो पारेर विनसित्तिका पत्तुरसरह फालिए " (पृ.१७) ।

शुभकार्यको बेला जुनसुकै धर्मलाई वरण गर्ने मानवसमुदाय पनि पूजापाठ जस्तो माङ्गलिक कार्यद्वारा कार्यको आरम्भ गर्दछन् । त्यस्तै हिन्दूधर्ममा शुभ कार्यको थालनीमा विभिन्न देवताको स्तुतिमा आधारित पाठहरू जस्तैः रुद्रि पाठ, चण्डि पाठ आदि गरिन्छ । यस्तो प्रसङ्ग उपन्यासमा पनि आएको छ । साथै दान गर्ने चलन अनुसार यहाँ दान गरिएको प्रसङ्ग पनि सँगै जोडिएर आएको छ । नथुनी साहूले पानीमाथि डुङ्गा चलाएर भारतसम्म सामान आयात-निर्यात गरी करोडौं धन कमाउने आफ्नो सपना पूरा गर्न चाहान्थ्यो । आफ्नो सपना साकार गर्नका लागि सहरबाट नाउँ बनाउने मानिस झिकाइ नाउ बनाएको थियो । तिनै नाउँहरू तीयर नदीमा चलाउने कार्यको थालनी गर्नुअघि उक्त कार्यमा आफूलाई सफलता हासिल होस् भनी पण्डितहरू बोलाई पूजापाठ गरेको छ :

"जुन दिन नाउँहरूलाई तीयर नदीमा ओराल्नु थियो त्यस दिन ठूलो समारोह थियो । कलैया विद्यालयका सबै पण्डित र विद्यार्थी लस्करै बसेर झिसमिसैदेखि रुद्री पाठ गरिरहेका थिए । सिङ्गै गडहल ध्वजापताकाले सिँगारिएको थियो । नाउँहरू सयपत्रीका मालाहरूले ढकमक्क पारिएका थिए । नथुनीसाहूले कलैयाका नामी पुरोहित मनोहर पण्डितलाई दस तोलाको सुनको नाउँ र चाँदीका बहना बनाएर दान गऱ्यो । ठीक साइतमा गाजाबाजा सहित पण्डितले मन्त्रोच्चारण गरे -"वक्रतुण्ड महाकाय, सूर्यकोटि समप्रभा निर्विहन कुरुमे देव, सर्वकार्यषु सर्वदा ॥" (पृ.१५-१६) ।

नेपाली समाजमा बढी हिन्दूधर्माबलम्बीहरू रहेका छन् । धर्म अनुसार मानिसहरू समाजमा व्यवहार गर्दछन् । धर्मअनुसार सामाजिक रीतिरिवाज, चालचलन, संस्कार जस्ता कुराहरूमा फरक देखापर्दछ । हिन्दूधर्ममा वैवाहिक संस्कार पनि आफ्नै किसिमको रहेको छ । पुरुषप्रधान नेपाली समाजमा छोरीलाई आफ्नो विवाहसम्बन्धी स्वनिर्णयको अधिकार पाइँदैन । अहिले त छोरीहरूले आफ्नो विवाह आफै गर्नुलाई नेपाली समाजमा स्वीकार गर्न गाह्रो मानिन्छ यो उपन्यासको समाज त राणाकालीन समाज हो । त्यो बेला छोरीलाई स्वतन्त्रता थिएन । आफ्ना अभिभावकहरूले स्वीकार गरेको केटासँग बिहेबारी गरी जाने चलन थियो । **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा आएको पात्र पवनकी सानीमाहरूको विवाहको प्रसङ्ग गौरीको विवाह र उनीहरू बाबुआमाले दिएको घर जस्तो परे तापनि त्यसघरमा नै सबै कुरा सहेर बसेको अवस्थाबाट तत्कालीन समाजको चलनको जानकारी पाउन सकिन्छ । त्यसैगरी विवाह गर्नु अगाडि केटाले केटी हेर्ने र चित्तबुझेमा विवाह गर्ने चलन हिन्दू धर्मलाई पालना गर्ने नेपाली समाजमा रहेको छ र उपन्यासमा चित्रित समाजमा पनि छ । उपन्यासमा

पवनकी कजन सानीमाको विवाहका लागि केटा हेर्न आएको प्रसङ्गबाट यसको जानकारी पाउन सकिन्छ:

"दुवै हातमा खानेकुरा रिकापीहरू थिए, उसलाई के गरूँ, कसो गरूँ भयो यतिका पराइ पुरुषका साम् ढोकाबाट घचेटेर भ्वासभ्वासती उभ्याइदिएका थिए । यतिकैमा केटी हेर्न आएकामध्ये कसैले ख्वाक्क सोधिदियो-"अनि कन्याको नाम के नि ?" (पृ.९) ।

पवनकी कजन सानीमा पनि निकै राम्री थिइ तर दिनभरि घाममा चङ्गा उडाउने, पोखरीमा नुहाइरहने र शरीरमा तेल लगाएर टिलिक्क परेर बस्ने रहर उसलाई कहिल्यै नभएकाले उसको वर्ण कलचौंडो हुन थालिसकेको थियो, त्यसैले सबै उसलाई कलौटी मैयाँ भनेर बोलाउँथे । उसलाई हेर्न आउँदा केटा बाहेक अरू कसैले उसलाई मन पराएका थिएनन् तर केटाले उसलाई बिहे नगरी चल्नै नमानेपछि पढेलेखेको एउटै छोराको अड्डीको साम् पिताको केही लागेन र विवाह गराइदिए । कजन सम्पन्न पोखरेल परिवारकी दुलही भएर गई । पवनकी अर्की सानीमा सुभद्रीलाई सबै छुदरी भन्दथे ऊ सधै सिँगार गरी सफा भई बस्दथी । ऊ निरक्षर र साँघुरो सोचाइ भएको परिवारमा परी जुन परिवारमा कपाल कोर्न समेत साइत कुसाइत हेरिन्थ्यो त्यस्तो घरकी बुहारी बन्न पुगी । यदि उसको चाहना अनुसार हुन्थ्यो भने सधैँ सफा सुग्घर गरी बस्ने सुभद्री त्यस्तो कपाल कोर्न समेत साइत जुराउने घरमा बिहे गर्न मान्दिनथी होला तर आफ्नो घरपरिवारले त्यस्तै परिवारमा दिएपछि सहन बाध्य बनी । यसबाट तत्कालीन समाजमा छोरीहरू आफूलाई जस्तो घरमा अभिभावकहरूले दिए त्यस्तै घरमा बस्न बाध्य थिए उनीहरू आफ्नो स्वतन्त्रतालाई वरण गर्न पाउँदैनथे । समाजमा यस्तो चलन रहनुमा त्यहाँ प्रचलित धार्मिक, सांस्कृतिक सीमाका कारण पनि हुने गर्दछ । नारीले बिहे भइसकेपछि पतिलाई नै सर्वे सर्वा मान्ने र उसले तथा उसको घरपरिवारले आफूलाई जति दुःख दिए तापनि त्यसलाई सहेरै बस्ने चलन पनि उपन्यासमा चित्रित समाजमा रहेको पाइन्छ । यस उपन्यासमा प्रमुख भूमिकाकै रूपमा आएकी पात्र गौरी पहिले पतिकी अति प्यारी थिइ तर नियतिको खेल पछि पतिबाट परित्यक्ता बनी दाउरा राख्ने दिउँसै निष्पट अँध्यारो हुने जर्नाघरमा एक्लै बस्न विवश भई, सासुले गरेका गाली गलोजहरू सहेरै बसी, त्यो बेला त्यसरी सहेर बस्ने नारीलाई बल्ल समाजले पतिव्रता धर्मलाई पालन गरेको मान्थ्यो । मानिसहरूमा चेतनाको कमी थियो, आफ्नो धर्म विपरित जाने मानिसलाई समाज मान्छे मानिदैनथ्यो । हिन्दूधर्ममा नारीलाई बहुविवाहका लागि छुट थिएन र पनि नारीहरू आफ्ना पीडालाई लुकाएर, सहेर बस्न बाध्य थिए ।

यस उपन्यासमा आएका अन्य पात्रहरू पनि धार्मिक भावले ओतप्रोत भएको पाइन्छ । उपन्यासका मुख्य पात्रकै रूपमा रहेको भद्रनाथ पनि दैनिक रूपमा पूजारीद्वारा टीकाप्रसाद ग्रहण गर्दछ साथै कहिलेकाहीँ आफै मन्दिरसम्म पुग्दछ । मन्दिर जाँदा दैनिक पहिरन भन्दा फरक पहिरनका साथ हिड्ने गर्दछ ।

"भद्रनाथ निकैवेरदेखि गायक कृष्णात्रे वस्तकोटीका सामु उभिरहेका थिए उनी शिवालयबाट फर्केकाले निधारभरि केशरीचन्दनको धर्के टीका र घिच्रोमा करवीरको माला

लाएका थिए । नाङ्गो पृथुल शरीरमा महिन धोतीको अंश ओढेकाले अति निष्ठावान धार्मिक पुरुषजस्ता देखिएका थिए" (पृ.२६१) ।

भद्रनाथकी विधवी आमा थिइ । बुहारीको खुसीलाई देखि नसहने भद्रनाथकी आमा मनमा जति विकारहरू रहे तापनि बाहिरी रूपमा व्रत पूजाआजा गरी शुद्ध भएजस्तो महसुस गर्थी । "भद्रनाथकी माता स्वयंपाकी थिइन्  र उनका सबै खाने भाँडाकुडाँहरू ढुङ्गाका थिए । बूढी तीर्थ गर्न जाँदा ठाउँ-ठाउँबाट बटुलेर ल्याएकी थिइन् । यौटा पत्थरी को विशाल थाल थियो । त्यसैमा व्रत, फलहार, औसी पूर्णिमा प्रदोष र एकादशी आदिको आड लिएर बूढी अनेक मिष्ठान्न भोजनहरू बनाइ तुल्याई खान्थिन् " (पृ.२३६) ।

बेला-बेला व्रत पूजाआजा पनि गर्ने भद्रनाथकी आमा कहिलेकाहीँ मन्दिर पनि जाने गर्दथी । बढुसकालमा सांसारिक झन्झटहरूबाट टाढा रही काशीवासतर्फ लाग्दछे ।

यो उपन्यासमा मुर्कीपलिया गाउँको समाजको जीवन्त प्रस्तुति भएको छ । जसक्रममा धार्मिक प्रसङ्ग पनि समाजको प्रस्तुतिका क्रममा स्वतः आएको छ । मुर्कीपलिया गाउँका मानिसहरू हिन्दूधर्मलाई अवलम्बन गर्दछन् ।

**(च) आर्थिक पक्ष**

उपन्यासकारले उपन्यासको रचना गर्दा कुनै निश्चित समाजलाई आधार बनाएको हुन्छ । उपन्यासमा उक्त समाजका विविध पक्षहरू उपन्यासलाई अगाडि बढाउने क्रममा आएका हुन्छन् । यी समाजचित्रणका क्रममा प्रतिविम्बित हुने विविध पक्षहरू मध्येको आर्थिक पक्ष पनि एक हो । उपन्यासमा चित्रित पात्रको आर्थिक अवस्था कस्तो छ भन्ने कुरा उनीहरूको जीवनपद्धति र जीवनयापनको साधन तथा जीविकाको व्यवस्थाबाट जानकारी पाउन सकिन्छ (खेमनाथ दाहाल, २०५८, नेपाली उपन्यासको समाजशास्त्र)।

उपन्यासमा देखापरेका वर्गीय पात्रबाट नै उक्त उपन्यासका पात्रको आर्थिक अवस्थाको ज्ञान हुन्छ । समाजमा उच्च वर्गीय, मध्यम वर्गीय, निम्न वर्गीय र निम्नस्तरका पात्रहरूको उपस्थिति कति छ त्यो नै आर्थिक पक्षको जानकारी पाउने मुख्य आधार हो । उपन्यासमा उपन्यासकारले आर्थिक स्थितिको जानकारी दिँदा त्यो पनि समय र परिस्थिति सुहाउँदो किसिमले दिएको हुन्छ ।

उपन्यासमा समाज चित्रण अनिवार्य रूपमा हुने गर्दछ । समाजचित्रण गर्दा समाजका विविध पक्षको जानकारीलाई उपन्यासमा समावेश गरिएको हुन्छ । समाजचित्रणमा आउने विविध पक्षमध्ये आर्थिक पक्ष पनि एक महत्वपूर्ण पक्ष हो । आर्थिक पक्षको जानकारी उपन्यासमा कार्यव्यापार सञ्चालन गर्नेपात्रको दैनिक जीवन निर्वाहका आधारमा पाउन सकिन्छ । गोतामेद्वारा लिखित **यहाँदेखि त्यहाँसम्म** उपन्यास प्रजातन्त्रको आगमन हुनुभन्दा अगाडिको राणाकालीन परिवेशलाई लिई लेखिएको उपन्यास हो । राणाकालीन समयमा सर्वसधारण मानिसहरू शिक्षाको ज्योतिबाट वञ्चित थिए । शिक्षाको विकास र विस्तार नेपालको परिवेशमा त्यति भइसकेको थिएन । नेपालमा खुलेका शैक्षिक संस्थामा पनि राणापरिवारका व्यक्तिले मात्र शिक्षा हासिल गर्न पाउने व्यवस्था थियो । सर्वसाधरण जनतालाई शिक्षा दिएमा उनीहरू चेनशील हुनपुग्दछन्, जसले गर्दा आफूहरूको शासन

जनता समक्ष लाद्न पाइँदैन, आफूहरूले आफ्नो स्वतन्त्रताको सहजताका साथ प्रयोग गर्न पाइँदैन भनी सर्वसाधरणलाई शिक्षा हासिल गर्नबाट टाढा नै राख्दथे । यस्तो खालको राष्ट्रिय परिवेश भएको समय आएको यो उपन्यासमा राष्ट्रिय परिवेशको सम्पूर्ण कुरा उपन्यासमा नआए तापनि त्यो बेलाको तराईको गाउँले समाजको एक झलकलाई उपन्यासमा पाउन सकिन्छ । तराई प्रदशेको गाउँले परिवेशलाई चित्रण गरिएको यो उपन्यासमा मुर्कीपलिया गाउँ अन्य गाउँको तुलनामा उपन्यासमा बढी चित्रित हुन पुगेको छ । एउटै समाजको रूपमा स्थापित भएको यो गाउँमा बसोवास गर्ने मानिसहरूको जीवनचर्या नै **यहाँदेखि त्यहाँसम्म** उपन्यास हो । यस गाउँमा बसोबास गर्ने व्यक्तिहरू नै उपन्यासमा मुख्य भूमिका निर्वाह गर्ने पात्रको रूपमा आएका छन् । जस्तै कृष्णात्रे वस्तकोटी भाखी गुरु, पार्वती, पवन, विपुलनाथ खतिवडा, भद्रनाथ पीताम्बर, हर्चनवा, गौरी आदि साथै मुर्कीपलिया भन्दा बाहिरी गाउँका व्यक्तिहरू पनि पात्रको रूपमा नआएका होइनन् तर मुर्कीपलिया बासीको भूमिका उपन्यासमा प्रमुख रूपमा आएको छ । उपन्यास यस गाउँको सम्पूर्ण चित्रलाई उतार्न सफल भएको छ । जस क्रममा त्यस गाउँका व्यक्तिको दैनिकी पनि स्वतः उपन्यासमा आएको छ । यसबाट नै उनीहरूको आर्थिक अवस्थाको जानकारी पाउन सकिन्छ । मुर्कीपलियाबासीको दैनिकी कसरी चलिरहेको छ ? उनीहरू कस्ता कस्ता कार्यहरूद्वारा जिविका चलाईरहेका छन् भन्ने कुराको जानकारीद्वारा नै आर्थिक पक्षको बारेमा थाहा पाउनसकिन्छ ।

उपन्यासमा आएका पात्रहरू मध्ये भाखी गुरुको दैनिकी गाउँका बालबालिकाहरूलाई सामान्यशिक्षा प्रदान गर्नुका साथै गाउँभित्र तथा बाहिरका बिरामीहरूलाई औषधिमूलो गर्दैमा बित्छ । समाजसेवालाई नै सर्वेसर्वा ठान्ने भाखी गुरु अविवाहित छ । उसलाई आफ्नो जीवनमा कुनै पनि किसिमको सांसारिक झमेलाले पिरोल्दैन । गाउँका बालबीलकाहरूलाई शिक्षा दिएवापत तथा बिरामीहरूलाई औषधीमूलो गरेवापत शुल्क लिदैन तर विद्यार्थीहरूद्वारा बिहान बेलुकीको खानपानका लागि चाहिने सामग्री भने जुटाइदिनु पर्थ्यो । अर्को पात्र छ कृष्णात्रे वस्तकोटी, ऊ वितरागी साधकका रूपमा उपन्यासमा उपस्थिति छ । आजन्म अविवाहित कृष्णात्रे आफ्ना समस्त शारीरिक आवश्यकताहरूको दमन गरेर त्यसको परिष्कार गायन र सङ्गीतबाट गरेको भारतर्फ गएर शास्त्रीय सङ्गीतको आचार्य श्रेणीमा सर्वप्रथम स्थान प्राप्त गरी आफ्नै गाउँ मुर्कीपलिया आएको छ । सङ्गीत साधनमा नै लिप्त हुने कृष्णात्रे मध्यरात्रिदेखि सङ्गीत साधनाको अभ्यासका लागि जुटेको हुन्छ । बिहानीको आवागनमसँगै अभ्यासको कार्यलाई त्यहीँ बिसाएर आफ्नो नित्य साधनाका लागि जुट्दथे । त्यसपछि सङ्गीत शिक्षा हासिल गर्नका लागि आएका विद्यार्थीहरूलाई सङ्गीत शिक्षा प्रदान गर्दथ्यो । यसप्रकार गाउँमा रहेका दुई प्रमुख पात्र मध्ये एउटा वितरागी साधकका रूपमा रहेको छ भने अर्को समाज सेवामा जुटिरहेको छ । यी दुई पात्रलाई सघाउने सहयोगी पात्रका रूपमा पार्वती र पवन आएका छन् । पाँचवर्षकै उमेरमा विधवा बन्न पुगेकी पार्वती आफ्नो माइती गाउँ मुर्कीपलियामा नै आइ बसेकी छ । बालविधवा भए तापनि चीरकुमारीका रूपमा रहेकी पार्वती रूपको हिसाबले हेर्दा आकर्षक छे । गाउँमा भएका समस्याहरू पार्वती गएपछि समाधान हुन्थे । पार्वती पनि कृष्णात्रे र भाखी गुरुका साथै गाउँका अन्य व्यक्तिहरूलाई पनि

सघाउने सहयोगीका रूपमा उपन्यासमा देखापरेकी छ । पार्वतीको एक विघा जमिन रहेको र त्यहाँबाट आएको उब्जनी पनि सङ्गीत विद्यालयमा नै सुम्पिन्छे र सङ्गीत विद्यालय र पाठशालाको चाँजोपाँचो पनि उसले नै मिलाउँछे । पात्रहरूको जीवन सामान्य तवरबाट अगाडि बढिरहेको छ । यी कृष्णात्रे , भाखी गुरु र पार्वती पारिवारिक झन्झटबाट टाढा रहेका छन् र विद्यार्थीहरूले भाखीकाकाको खानाका लागि आवश्यक सामान जुटाउँथे भने शिष्यहरूले कृष्णात्रेको खानाका लागि आवश्यक खाद्यान्न जुटाउँथे । त्यसैले उनीहरूको जीवन सामान्य रूपले अगाडि बढिरहेको छ । उनीहरूको आर्थिक अवस्था पनि सामान्य रहेको छ ।

मुर्कीपलिया साथै मुर्कीपलिया भन्दा बाहिरका गडहल गाउँ अनि रौतहटको कटरवन गाउँमा समेत वर्गीय विभेद रहेको छ । एकातर्फ जमिनदार रहेका छन् भने अर्कातर्फ भूमिहिन किसानहरू रहेका छन् । यो उपन्यासमा राणाकालीन समय सुहाउँदो जमिनदारी प्रथाको चित्रण पाइन्छ । राणाकालीन समयमा पहाडमा मालिक वर्ग र गरिब वर्गहरू रहेका थिए भने तराईमा जमिनदार वर्ग र मजदुर वर्ग रहेका थिए । तराईको ग्रामीण सामाजिक परिवेशलाई लिई लेखिएको **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा जमिनदारी प्रथाको हावी रहेको र उनीहरूद्वारा चलाईएको शासन मजदुर वर्ग भोग्न बाध्य हुनुपरेको अवस्था देखिन्छ । मुर्कीपलिया गाउँमा भद्रनाथ जमिनदराको रूपमा रहेको र अन्य गाउँबासीहरू भद्रनाथमा नै आश्रित हुनुपरेको छ । गाउँलेहरूको जीविकोपार्जनको अन्य उपाय केही नभएको त्यसैले जमिनदारको दुःख गरी उसलाई खुसी नपारुन्जेल आफ्नो बिहान बेलुकीको छाक टार्न मुस्किल हुने हुँदा उसैकोमा दुःख गर्नका लागि सम्पूर्ण किसानहरू खटिरहेको अवस्था उपन्यासमा पाइन्छ । गाउँमा रहेका किसान, बिहान बेलुका मरिमेटेर खेती लगाउँछन् तर उब्जनीको अधिकांश भाग भद्रनाथको भकारीमा जम्मा हुन्छ । भद्रनाथ गाउँमा कसैले राम्रो कार्य गरी अगाडि जान थालेमा उसलाई जुन युक्तिले पनि तल पार्थ्यो त्यसकारण अन्य व्यक्ति धनको हिसाबले माथि जान पाउँदैनथे । किसानहरू आफूलाई समस्या परेर भद्रनाथबाट ऋण लिन पुगे भने उक्त ऋणको चक्रीय व्याजका कारण जीवनभरि भद्रनाथकैमा दुःख गर्दापनि ऋणमुक्त हुन सक्देनथे । त्यसकारण सम्पूर्ण गाउँले किसानहरू भद्रनाथकै छहारीमा बाँचेका थिए । उनीहरूको आर्थिक अवस्था कमजोर थियो :

"गाउँका धनीमानी त तिनै एक जना छन्- पण्डित भद्रनाथ खतिवडा । ठूलो रुखको ओझेलमुनि अरू विरुवा बलिष्ट भएर आफ्नो शक्तिभरि कहाँ हुर्किन पाउँछन् ? सूर्य, हावा र पानीको खटनपटन ठूलै वृक्षबाट हुन्छ । खटाइएको आहारामा प्रयोजन भएजति पौष्टिक तत्वको आहार कहाँ पाउनु र हल्केर जानु ? आफ्नो श्रम र बुद्धिवर्कतबाट कसैले राम्रो आर्जन गर्न थालेको सूइँको पाउनसाथ अनेक बिङ्गो लाएर भद्रनाथ त्यसलाई उसको यथार्थ आकारमा ल्याइपुऱ्याउँथे । । चरा अकासिनुअगावै त्यसको पखेटा काटिदिन्थे । त्यसले गर्दा धनधान्यको रेलोपेलो गाउँमा हुनपाएन । उब्जा अति राम्रो भए पनि त्यसको अधिकांश भाग भद्रनाथको भकारी र धनसारमा थुप्रिन पुग्थ्यो । सानासाना किसानहरू एकपटक भद्रनाथको ऋण र व्याजको नेल गलफन्दी लाएपछि जन्मकैद भएजस्तै कहिल्यै ऊ ऋणमुक्त हुन

पाउँदैनथ्यो । व्याजको चक्रवृद्धि गणित झनझन अल्झिँदै जान्छ र ऋणको नागपाशमा आकण्ठ बेरिएको किसान जीवनभरि पिल्सिँदापिल्सिँदै परमधाम पुग्दछ । अनि यस दुःखद कथाको नयाँ परिच्छेद बोकेर उसको सन्तान पुनः प्रकट हुन्छ" (पृ.१८४) ।

मुर्कीपलिया गाउँ भद्रनाथकै खटनपटन अनुसार चलिरहेको छ । सम्पूर्ण ग्रामवासीहरू भद्रनाथकै हैकमको दायरामा रही जीवन बिताइरहेका छन् । तर केही मुर्कीबासी भद्रनाथको हुकुमद्वारा नचल्ने व्यक्तिहरू पनि रहेका छन् । भद्रनाथ चाहेर पनि उनीहरूलाई आफ्नो वसमा पार्न सक्दैन ती हुन् : भाखी गुरु, कृष्णात्रे बस्तकोटी र पार्वती । भाखी गुरु भद्रनाथका पनि गुरु हुन् । अन्य दुईजना उसका सहपाठीहरू हुन् । बौद्धिकताका हिसाबले भद्रनाथ उनीहरू भन्दा निकै तल छ । यी व्यक्तिहरू समाजमा प्रतिष्ठा कमाएका व्यक्ति हुन् । यिनीहरूमाथि बाधा पर्नासाथ भद्रनाथ ग्रामवासी लगायत गाउँबाहिरका मानिसहरूबाट समेत अपमानित हुने भएकाले भद्रनाथले भाखी गुरु, कृष्णात्रे र पार्वती समक्ष आफ्नो शासन लाद्न सक्दैन र उनीहरू सामु खुम्चिन बाध्य हुन्छ ।

मुर्कीपलिया गाउँमा मात्र होइन छिमेकी अन्य गाउँहरूमा पनि जमिनदारी प्रथाको हावी रहेको पाइन्छ । गडहल गाउँमा असुर्फी साहू जमिनदारको रूपमा रहेको छ र यसले पनि आफ्ना गाउँलेलाई आफ्नो वंशमा पारी फाइदा लुटिरहेको छ ।

यसप्रकार उपन्यासमा एकातर्फ जमिनदारहरूको उच्च आर्थिक अवस्थालाई देखाइएको छ भने अर्को तर्फ मजदुर किसानहरूको निम्नस्तरको आर्थिक अवस्थाका साथै निम्न मध्यमवर्गीय जीवनलाई पनि पीताम्बरको परिवारबाट स्पष्ट पारिएको छ ।

**(छ) राजनैतिक पक्ष**

**राजनीति** : (सं., स्त्री) राजा वा राज्यको नीति, देशको व्यवस्था र अन्य राष्ट्रप्रतिको कुटनैतिक आदि सम्बन्ध ठीक राख्ने राजा वा सरकारको नीति वा व्यवहारगत व्यवस्था नै राजनीतिले प्रदान गर्ने अर्थ हो (शर्मा, नेपाल, २०६२:६९०)।

राजनीति एउटा राज्यसञ्चालन सम्बन्धी व्यवस्था हो । राजनैतिक व्यवस्था हरेक देशमा आ-आफ्नै किसिमको हुने गर्दछ । समयको परिवर्तनसँगै राजनैतिक व्यवस्थामा पनि परिवर्तन आउने गर्दछ ।

**यहाँदेखि त्यहाँसम्म** उपन्यासमा नेपालमा राणाकालीन राजनैतिक व्यवस्था कायम हुँदाको समय आएको छ । प्रजातन्त्रको आवागमन हुनुभन्दा अगाडि राणाहरूले देशको शासन व्यवस्था आफ्नो हातमा कायम राखेको समयलाई उपन्यासभित्र चित्रण गरिएको छ । जनताहरूमा शिक्षाको कमीका कारण चेतनाको अभाव हुँदाको अवस्था, समाजमा रहेका धनीमानी व्यक्तिसँग सर्वसाधारण जनताहरू आश्रित हुनुपरेको स्थिति, अन्याय, अत्याचारलाई भोग्न विवश सर्वसधारणहरूको निरीह अवस्था, समाजमा वर्चस्व कायम गरेका व्यक्तिले दिएको सास्तीद्वारा असन्तुष्ट समाजका व्यक्तिहरूमा आन्तरिक रूपमा विद्रोह तथा विरोधी भाव देखापरे तापनि त्यसको नेतृत्व गर्ने व्यक्तिको अभावमा बाहिरी रूपमा विरोधमा देखापर्न नसकिरहेको समयको चित्रण उपन्यासमा हुन पुगेको छ ।

उपन्यासमा राणाहरूको मोजमस्ती र घुमफिरमा रमाउने प्रवृत्ति, कानुनलाई नै आफ्नो हातमा लिएर त्यसको आफूखुसी प्रयोग गर्ने अधिकार, उनीहरूको सेवाटहलका लागि खटाइने सुसारेहरू, आफूलाई सेवासुविधाबाट रिझाउन सफल व्यक्तिलाई जग्गा जमिन समेत दिन पाउने अधिकार जस्ता विविध कुराहरू त्यो बेलाको राजनैतिक व्यवस्था सञ्चालन गर्ने राणाहरूलाई उपलब्ध थियो । पहिलो राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको राज्यकालको प्रसङ्गदेखि अर्को राणाकालीन प्रधानमन्त्री चन्द्रशमशेरसम्मको समय यो उपन्यासमा आएको पाइन्छ ।

शासन सत्तालाई आफ्नो हातमा पार्नका लागि राणाहरूकै बीच हुन पुगेको राजनैतिक खिचातानी पनि कोतभण्डार जस्तो राणाकालीन राजनैतिक घटनाका माध्यमद्वारा जानकारी पाउन सकिन्छ । यो उपन्यासमा राणाकालीन समय आएको छ यो बेला देशको सम्पूर्ण राजनैतिक अधिकार राणाहरूमा मात्र सीमित थियो । राज्यको शासन सञ्चालन गर्ने राणाहरूद्वारा व्यवस्थित राजनैतिक व्यवस्थालाई सर्वसधारण जनताहरू शीरोधार्य गर्न विवश थिए । जनताहरूलाई राजनैतिक स्वतन्त्रता थिएन । राज्य सञ्चालनको व्यवस्था मिलाउने अधिकार उच्च पदस्थ राणाहरूकै हातमा सीमित थियो । राणाहरू आफूले इच्छा लागेको कार्य गर्न सक्दथे उनीहरूलाई कुनै कानुनी दायरा पूरा गर्नु पर्दैनथ्यो । कानुनको कार्यान्वयन सर्वसाधारणहरूले गर्नु पर्थ्यो ।

### ४.५.१.२ प्राकृतिक चित्रण

प्रकृतिसँग अभिन्न रहेको मानव जीवनको चित्रणमा केन्द्रित उपन्यासमा प्रकृति पनि स्वतः जोडिएर आएको हुन्छ । समाजचित्रण गर्ने क्रममा प्रकृतिको उपस्थिति उपन्यासमा हुने गर्दछ । उपन्यासमा आएको परिवेश अनुसार प्राकृतिक चित्रणमा पनि फरकपन देखापर्दछ । जस्तै : उपन्यासमा हिमाली प्रदेश हो भने सोही अनुसारको प्राकृतिक चित्रण हुने गर्दछ अनि पहाडी प्रदेश भए पहाडी परिवेश सुहाउँदो प्रकृतिको चित्रण उपन्यासमा हुनुपर्छ र तराई भए सोही अनुसार मिल्ने खालको प्राकृतिक चित्रण हुनुपर्दछ त्यसैगरी ग्रामीण परिवेश, सहरी परिवेश, वैदेशिक परिवेश अनुसार पनि प्राकृतिक चित्रणमा फरकपन देखापर्दछ ।

ध.च. गोतामेद्वारा लिखित **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा तराई प्रदेशको ग्रामीण इलाका मुख्य परिवेशका रूपमा आएको छ । यहाँ परिवेश सुहाउँदो प्राकृतिक चित्रण पाइन्छ । उपन्यासमा मुर्कीपलिया गाउँको भू-बनोटगत सौन्दर्यता, बिहान बेलुकीको समय, यो गाउँका छिमेकी गाउँको भू-बनोट, वन, जङ्गल, खोलानाला जस्ता विविध कुरा प्रकृतिको रूपमा आएका छन् । यी विविध कुराहरूको चित्रण नै उपन्यासमा प्राकृतिक चित्रणका रूपमा आएको पाइन्छ ।

उपन्यासमा मुर्कीपलिया गाउँ नै मुख्य परिवेशका रूपमा आएको छ । त्यसकारण यहाँको प्राकृतिक चित्रण उपन्यासमा अधिक मात्रामा हुनु स्वभाविक हो । उपन्यासको आरम्भ वीरगन्जबाट मुर्कीपलियातर्फ जाँदै गरेको पवन भन्ने पात्र पसाहा नदीको नजिकै पुगेको प्रसङ्गसँगै भएको छ । मुर्कीपलिया गाउँ वीरगन्ज सरहरबाट सात कोश टाढा रहेको छ । त्यहाँ पुग्नका लागि अनेक किसिमका यात्रामा आइपर्ने झमेलाहरूलाई सामना

गर्नुपर्दछ । पुल तथा साँघुको व्यवस्था नहुँदा बाटोमा पर्ने नदी अनि खोलानाला पार गर्नका लागि ईश्वरको शरणमा परी उनैको आधार लिनुपर्ने अवस्था हुन्छ । वीरगन्जबाट मुर्कीपलिया पुग्नु अगाडि बाटोमा पसाहा नदी, थलही खोला, तीयर नदी, मुर्कीनदी तर्नुपर्ने हुन्छ । यी नदीहरूमध्ये कुनै नदी शान्त स्वभावका छन् भने कुनै खहरे जस्तै उर्लिने स्वभावका छन् । यी नदीहरू पार गर्दै पवन आफ्नो यात्रालाई निरन्तर रूपमा अगाडि बढाइरहेको हुन्छ जसकारण बाटोमा देखिने प्राकृतिक सौन्दर्यताको चित्रण पनि उपन्यासमा गरिएको छ । जस्तै : "पवन बगरपारि कतै हरियालीको थुम्को हेर्नका लागि टाढासम्म नियाल्छ निकै टाढा छतिउनको यौटा रूख घाममा झोक्राएर उभिएको देखापर्छ । यही रूखमुनि बलौटे बगर समाप्त भएर दोमट माटोको धुलौटे लिक प्रारम्भ हुन्छ तर अहिले त तीन खण्डको एक खण्ड बगर पनि पवनले भ्याइसकेको छैन" (पृ.४) ।

यहाँ पसाहा नदी तरेपछिको बगर र त्यो बगर पार गरिसकेपछि आउने हरियाली थुम्कोको प्रसङ्गले प्राकृतिक चित्रणलाई जनाएको छ ।

वीरगन्जबाट मुर्कीपलियातर्फ जाँदै गर्दा बाटोमा पवनकी मखन सानीमाको घर पर्दछ । उक्त सानीमाको घर भएको गाउँ रामपुर गाउँ हो । उक्त रामपुर गाउँ यसप्रकारको रहेको कुरा उपन्यासमा उल्लेख छ :

" खोला तरेर पवन जहाँ थकाइ मारिरहेको छ ,त्यहीँबाट रामपुरको बगैँचा यौटा हरियो टाटोजस्तो देखिन्छ । त्यसैको पल्लोपट्टि बाक्लो बस्ती भएको रामपुर गाउँ छ जहाँ पवनकी सानीमाको घर छ" (पृ.७) ।

रामपुर गाउँमा बाक्लो बस्ती रहेको छ । त्यस गाउँको नजिकै बगैँचा रहेको जसले गाउँको शोभालाई नै बढाएको कुरा उपन्यासमा उल्लेखित माथिको प्रसङ्गले जानकारी गराउँछ । यसबाट रामपुर गाउँको प्राकृतिक सौन्दर्यताको जानकारी पाउन सकिन्छ ।

पवन मुर्कीपलिया पुग्नु अगाडि बाटोमा पर्ने घाँसैघाँसको फाँट, रूखहरू काटेर ठूटा भएको ठाउँमा धमिराले माटो थुपारी बनाएको ढिस्को तथा थुम्काहरू, छिपछिपे पानी भएका कुलेसाहरू जस्तो प्रसङ्गको उल्लेखले उपन्यासमा ग्रामीण इलाकाको स्थानीय चित्रणको सजिव प्रस्तुति भएको पाइन्छ जस्तै :

"घाँसैघाँसको फाँट, खोलाबाट विचलन भएर बाटो बनेका बलौटे छाडनहरू रहरका बुटा काटेर छुटेका ठूटैठूटाले भरिएका माटाका अग्ला होचा ढिस्का थुम्काहरू र छिपछिमे पानी भएका छिचेरा कुलेसाहरूलाई पछि घचेल्टै सिङ्गै घामको झिटिमिटी आफ्नो पिठ्यूमा बोकेर पूर्वतिर दौडाइरहेको थियो" (पृ.१९)।

पवन आफ्नो गाउँमा पुग्नु अगाडि एक रात असुर्फी साहूकोमा बसेको छ अर्कोदिन फेरि आफ्नो गाउँतर्फ लागेको छ । उसको साथमा असुर्फी साहूले पवनलाई गाउँसम्म पुऱ्याउन भनी पठाएको मानिस छ । पवन धेरै समयको अन्तरालपछि आफ्नो गाउँपुग्दा मन प्रफुल्ल । पवन साँझपख आफ्नो गाउँ मुर्कीपलिया पुग्दछ । पवनलाई गाउँ पुऱ्याई असुर्फी साहूको मानिस फर्किन्छ । पवन गाउँ पुग्दाको साँझपखको समय र त्यसबेलाको गाउँको वातावरणले गाउँको परिवेशको प्राकृतिक चित्रणको सजीवतालाई प्रष्ट्याइएको छ ।

"ठाउँ ठाउँ घुर बालेको धूवाँको मुस्लोले गाउँका गल्ली र गल्छेडाहरूलाई अझ अँध्यारो तुल्याइदिएको थियो " (पृ. ३०) ।

माथिको प्रसङ्गमा आएका गल्ली र गल्छेडाहरूले ग्रामीण प्राकृतिक परिवेशलाई जनाएका छन् भने साँझपख गाउँमा हुने प्राकृतिक सौन्दर्ययताको जानकारीलाई समेत प्रस्तुत गरेका छन् । पवनलाई आफ्नो गाउँ आउँदा सहरका अनिश्चित संस्कारहरू तीयर पारिएको पक्की घाटमा नै छाडेर आएको जस्तो भान हुन्छ । उसको गाउँ अति सुन्दर छ । यो गाउँ तराईका अन्य गाउँजस्तो पुरानो गाउँ होइन । गाउँमा जमिनदारको रूपमा रहेको भद्रनाथको हजुरबुबा विपुलनाथले बस्ती बसाएको गाउँ हो । मुर्कीनदीले सिञ्चित गरेको जग्गा भएको र त्यही जग्गामा विपुलनाथले बस्ती बसाएको हुनाले त्यो आफूले नयाँ बस्ती बसाएको गाउँको नाउँ नै विपुलनाथले मुर्कीपलिया राखेका थिए । यो बस्ती बसाउनु अघि त्यो ठाउँमा बाक्लो वन थियो त्यसलाई सफा गरेर विपुलनाथले सबै चाँजोपाँजो मिलाई बस्ती बसाएका थिए । उक्त गाउँमा नयाँ बस्ती बसाउनका लागि विपुलनाथले आफ्नो पैतृक गाउँ मकवानपुरबाट सबै गाउँको लागि आवश्यक जात.जातिको व्यवस्था गरेका थिए । साथै उक्त गाउँमा दस घरपच्छि एक पानी खाने कुवा, गाउँमा एउटा मन्दिर र त्यसको वरिपरि बगैंचा, गाउँको माझमा अन्न थुपार्ने र दाइँ गर्ने खलिहान, गाउँको बीचमा एउटा पाठशाला, गाउँकै लागि आवश्यक एक बाँसीघारी आदि कुराहरूको व्यवस्था विपुलनाथले बस्ती बसाउने क्रममा गाउँमा गरेका थिए । गाउँको यो संरचनाले मुर्कीपलिया गाउँको प्राकृतिक भु-बनोटको जानकारी हुन्छ । साथै यो तराई प्रदेशको गाउँ हो । यहाँ बैलगाडा हिड्ने बाटो रहेको छ; पहेंलपुर धान झुल्ने फाँट रहेको छ; आँपको घारी रहेको छ, गाउँ नजिकै शान्त र गम्भीर रूपमा वर्षायाम तथा हिउँदयाममा पनि एउटै गतिले बगिरहने मुर्कीपालिया नदी छ, छिमेकी गाउँको रूपमा गडहल गाउँ आएको छ जसको नजिकै तीयर नदी रहेको छ । साथै गडहल गाउँको जमिनदारको रूपमा नथुनी साहूको छोरा असुर्फी साहू रहेको छ । लरही गाउँ उपन्यासमा भट्टीका लागि प्रसिद्ध गाउँका रूपमा आएको छ । यो गाउँ एककोस टाढैबाट गन्हाउन थाल्छ अनि बगडमपुर शिवालयका लागि प्रसिद्ध छ पवनकी सानीमाको टाढाबाट हेर्दा हरियो टाटो जस्तो देखिने रामपुर गाउँ पनि छिमेकी गाउँको रूपमा उपन्यासमा आएको छ । भद्रनाथको विवाहिता पत्नी गौरीको माइती कटरवन गाउँ पनि छिमेकी गाउँको रूपमा उपन्यासमा उल्लेखित छ । यो गाउँ नजिकै खहरे जस्तो गडगडाउने बागमती नदी रहेको छ । यसप्रकार उपन्यासमा आएको मुर्कीपलिया गाउँ मुख्य परिवेशको रूपमा आएकोले यो गाउँको प्राकृतिक चित्रण उपन्यासमा बढी पाइन्छ र अन्य गाउँ मुर्कीपलिया गाउँकै सन्दर्भसँग सन्दर्भित भइ आएकोले छिमेकी गाउँहरूको प्राकृतिक चित्रण उपन्यासमा कम पाइन्छ । यो उपन्यासमा भद्रनाथका बाजे विपुलनाथको कथा अतीतकालीन कथाको रूपमा आएको र जसक्रममा जङ्गबहादुर सिकार खेल्नका लागि तराईतर्फ लागेको घटना र सो क्रममा सवारीको मुकाम बस्दा उक्त बस्तीको रमणीयताको चित्रण पनि उपन्यासमा पाइन्छ ।

अन्ततः उपन्यासमा तराईको ग्रामीण प्राकृतिक परिवेशको चित्रणको व्यापकता पाइन्छ । तराईको गाउँले वातावरणमा हुने सम्पूर्ण प्रकृतिको जानकारीलाई उपन्यासमा प्रस्तुत गरिएको छ । तराईका गाउँमा नदी तथा खोलानाला, वनजङ्गल, बाँसघारी, नदी किनारमा रहेको बालुवा नै बालुवायुक्त बगर हुने अनि पहेलपुर धान फल्ने फाँट हुने, वैलगाडा हिड्ने धुस्रो फुस्रो कच्ची बाटो हुने, गाउँमा आवश्यक पानी खाने कुवा हुने, पूजापाठ गर्ने मन्दिर हुने, शिक्षाआर्जन गर्ने पाठशाला, मन्दिर नजिकै फूलबारी तथा बगैंचा हुने आदि । यी विविध कुराको उल्लेखले उपन्यासमा आएको प्राकृतिक चित्रण जीवन्त हुनपुगेको छ । साथै उपन्यासमा अषाढको पन्ध्रमा पर्ने अविरल पानी तथा यस अवसरमा गरिने रोपाइ गर्दा रोपाहारले हिलो छयापाछ्याप गरेको प्रसङ्गले पनि समय अनुसार हुने प्राकृतिक परिवर्तनको जानकारी दिएको छ ।

उपन्यासमा प्राकृतिक चित्रण पात्रको मानसिकता अनुसारपनि गरिएको हुन्छ । पात्र खुसी हुँदा प्राकृतिक वातावरण पनि मनोरम र आकर्षक भएको तथा पात्र दुःखी हुँदा प्रकृति पनि उजाड भएको कुराको उल्लेख उपन्यासमा गरिन्छ ।

## २.६ निष्कर्ष

परिवेश अन्तर्गत देश, काल,र वातावरण पर्दछन् । गोतामेद्वारा लिखित यहाँदेखि त्यहाँसम्म उपन्यासको परिवेशमा पनि निश्चित देश, काल र वातावराण्को उपस्थिति पाइन्छ । देशको रुपमा यो उपन्यास तराईको एक सानो गाउँ मुर्कीपलिया साथै यसका छिमेकी गाएँहरु, काठमाडौं अनि वीरगञ्ज जस्ता सहरहरु अनि भारतीय भूमिका केही ठाउँहरु देशको प्रतिनिधित्व गर्नका लागि आएका छन् । कालको रुपमा राणाकालीन समयम आएको छ । वातावराण्को रुपमा मुर्कीपालिया गाउँकै समाजको संसकृति रीतिरिवाज, चालचलन, प्रथा, परम्परा जस्ता समाजचित्रणसँग सम्बन्धित कुराहरु, त्यहाँको प्राकृतिक चित्रण लगायत त्यहाँका मानिसहरुको मानसिक पक्ष समेत आएको छ । यो उपन्यासमा परिवेश अन्तर्गत पर्ने विविध पक्षहरु जस्तैः स्थान, काल र वातावरणको उपयुक्त संयषेजन पाइन्छ । त्यसकारण उपन्यास परिवेश प्रधान बनेको छ ।

# पाँचौं परिच्छेद
# उपसंहार

वि.सं १९८९ मा महोत्तरी जिल्लाको मनराकट्टीमा जन्मिएका धनुषचन्द्र गौतम माता दीपवती देवी र पिता गोविन्दचन्द्र गौतमका पहिलो पुत्र हुन् । साहित्यका क्षेत्रमा ध.च. गोतामेका नामले परिचित गौतमको साहित्यिक नाम नै ध.च. गोतामे हो । साहित्य बाहेकका अन्य क्षेत्रमा उनी धुनषचन्द्र गौतमका नामले नै चिनिन्छन् । श्यामप्रसाद शर्माको सम्पादकत्वमा प्रकाशित **सेवा** नामक पत्रिकामा वि.सं २००८ मा प्रकाशित **च्यातिएको पर्दा** नामक कथाका माध्यमबाट साहित्यका फाँटमा सर्वाजनिक रूपमा देखापरेका हुन् । कथाका माध्यमबाट साहित्यिक यात्राको थालनी गरेका गोतामेले कविता, निबन्ध, हास्यव्यङ्ग्य र उपन्यास जस्ता विधामा समेत कलम चलाएका छन् । साहित्यका विविध विधामा कलम चलाएका गोतामेको सबैभन्दा चर्चित विधा उपन्यास हो । सङ्ख्यात्मक रूपले जम्मा दुई उपन्यास मात्र भए तापनि गुणात्मकता दृष्टिले उनका उपन्यास उत्कृष्ट रहेका छन् । वि.सं २०३५ सालमा सर्वाजनिक प्रकाशनमा आएको उनको पहिलो उपन्यास **घामका पाइलाहरू** मदन पुरस्कार जित्न सफल बन्यो भने दोस्रो **यहाँदेखि त्यहाँसम्म** नामक उपन्यास पनि साझा पुरस्कार जित्न सफल भएको छ । गोतामेका यी दुवै उपन्यासमा सामाजिक यथार्थवादी प्रवृत्तिको हालीमुहाली रहेको छ । सामाजिक यथार्थवादी उपन्यासकार भए तापनि उनका उपन्यामसा समाजको सामान्य चित्रण मात्र नभई आलोचनात्मक दृष्टि पनि उपन्यासमा मुखारित भएको छ । साथै उनले उपन्यासमा प्रयोग गरेका कतिपय पात्रहरूलाई दृष्टिगत गर्दा उनी आदर्श तर्फ समेत उन्मुख भएको पाइन्छ । उनको पहिलो उपन्यास **घामका पाइलाहरू**मा प्रयोग भएका दुर्गानाथ र अमलेन्दु भट्टाचार्य तथा **यहाँदेखि त्यहाँसम्म**का भाखी गुरु, कृष्णात्रे, पार्वती, दुर्गी आदि पात्रको माध्यमद्वारा उपन्यासकारले आदर्शवादी सन्देश प्रस्तुत गरेका छन् । गोतामेका उपन्यासमा मनोवैज्ञानिक पक्ष पनि आएको पाइन्छ । उनको पहिलो भन्दा दोस्रो उपन्यासमा मनोवैज्ञानिक पक्षको उपस्थिति बडो सशक्त रहेको छ ।

ध.च. गोतामेका उपन्यासका बारेमा गरिएका टिप्पणी, समालोचना, लेख, रचना आदिलाई दृष्टिगत गर्दा उनलाई मूलतः सामाजिक यथार्थवादी धाराकै एक नवीन प्रयोक्ताका रूपमा हेर्न सकिन्छ तापनि उनका उपन्यासमा आलोचनात्मक, मनोवैज्ञानिक र नवीन प्रयोगवादी प्रवृत्तिहरू पनि विद्यमान रहेका छन् । विषयवस्तुको नवीन प्रस्तुतीकरण र भाषाशैलीगत स्तरीयताले गर्दा गोतामे नेपाली उपन्यासका क्षेत्रमा आफ्नो छुट्टै स्थान बनाउन सफल भएका छन् । यसबाहेक तराईको सामाजिक जीवनलाई वरण गर्दा उनका उपन्यासले आञ्चलिक परिवेशलाई आत्मसाथ गरेका छन् । तराईको स्थानीय समाजलाई सशक्त रूपमा चित्रण गर्ने गोतामेलाई आञ्चलिक उपन्यास परम्पराका एक अग्रणी उपन्यासकारका रूपमा लिन सकिन्छ ।

ध.च. गोतामेद्वारा लिखित **यहाँदेखि त्यहाँसम्म** उपन्यास नेपालको तराई प्रदेशको ग्रामीण इलाकाको आञ्चलिक जीवनसँग सम्बद्ध छ । ३४औं परिच्छेदसम्म विस्तारित यो

उपन्यासको कथानक बारा जिल्लामा पर्ने मुर्कीनदी र तीयर नदीका आसपासमा रहेका मानव समुदाय र तत्कालीन अवस्थामा तिनको रहनसहन, जीवनपद्धति , परम्परा, विश्वास, निरीहता, प्रगति तथा मुर्कीपलियाको उद्‌भवको ऐतिहासिक इतिवृत्त नै उपन्यासको कथानकको सेरोफेरो हो । **यहाँदेखि त्यहाँसम्म** उपन्यासको कथानकको पृष्ठभूमि ऐतिहासिक सन्दर्भसँग जोडिएर आएको छ । उपन्यासको कथानकको पृष्ठभूमि जङ्गबहादुर तथा उनका भान्साखण्डका तालुकवाला डिठ्‌ठा विपुलनाथ खतिवडाको कथासँग सम्बन्धित देखिन्छ । जङ्गबहादुरलाई रिझाएवापत उपहारको रूपमा जङ्गबहादुबाट विपुलनाथले बक्स पाएको मुर्कीपारिको जग्गामा विपुलनाथले आफ्नो जन्मथलो मकवानपुर तथा यसको वरिपरिका क्षेत्रबाट विभिन्न जातजाति ल्याई नयाँ बस्ती बसाएका थिए । यो नयाँ बस्ती रहेको गाउँको नाउँ मुर्कीपलिया राखेका थिए । यही मुर्कीपलिया गाउँलाई मुख्य केन्द्र बनाई गोतामेले **यहाँदेखि त्यहाँसम्म** उपन्यासको रचना गरेका हुन् । उपन्यासको कथानक पनि मुर्कीपलियाकै सेरोफेरोमा घुमेको छ । साथै उपन्यासका चरित्रहरू पनि यही गाउँको परिवेशमा विचरण गरेका छन् । यसको कथानक कार्यकारण शृङ्खलामा अगाडि बढेको छ । उपन्यासलाई सुरुबाट क्रमिक रूपमा अध्ययन गर्दा घटनाको प्रस्तुति क्रमबद्ध रूपमा भएको पाइँदैन तर समग्र उपन्यासको अध्ययनपछि औपन्यासिक घटनाको क्रमिकताको जानकारी हुन्छ ।

उपन्यासमा स्थान र समय अनुसारका पात्रको प्रयोग भएको छ अनि परिवेश अनुरूप पात्रको क्रियाकलाप अगाडि बढेको छ । उपन्यासमा आएका पात्रहरूको मुख्य कार्यथलो मुर्कीपलिया गाउँ हो साथै यसको वरिपरिको गाउँहरूमा समेत पात्रहरू क्रियाशील हुन पुगेका छन् । उपन्यासमा आएका पात्रहरू विभिन्न जात-जाति,  स्तर, पेसा र वर्गका रहेका छन् । कोही ब्राह्मण, कोही दमाई, सार्की, कोही वैद्य, कोही गुरु, कोही विद्यार्थी, कोही जमिनदार कोही किसान, कोही धनी कोही गरिब आदि विविध खालका रहेका छन् । यस्ता पात्रहरू स्थानीय किसिमका रहेका छन् जुनकुरा उनीहरूको लवाइखवाइ, आचार-विचार भाषा, धर्मका आधारमा जानकारी पाउन सकिन्छ । अनि समय अनुसार नै आफ्नो कार्यव्यापारलाई उपन्यासमा प्रस्तुत गरेका छन् । गोतामेको **यहाँदेखि त्यहाँसम्म** उपन्यासमा कोही यथार्थ पात्रका रूपमा त कोही आदर्श पात्रका रूपमा उभिएका छन् । भद्रनाथ, भद्रनाथकी आमा, गौरी आदि जस्ता पात्रहरू तत्कालीन राणाकालीन समयमा समाजमा पाइने यउथार्थ चरित्रहरू हुन् । तत्कालीन समयको समाजमा भद्रनाथ जस्तो सामन्ती शोषक र परपीडक प्रवृत्ति भएको जमिनदार पनि हुने गर्दथे । त्यस्तै बुहारीलाई देखि नसहने सासूको प्रतिनिधित्व गर्ने भद्रनाथकी आमा जस्ती पात्रको पनि समाजमा हावी थियो, अनि सासू र पतिबाट दिइएका यातनाका भारी बोकी मुक अवस्थामा नै जीवनका कष्टकर नियति भोग्ने गौरी जस्ती निरीह नारी पनि तत्कालीन समाजमा छ्यापछ्याप्ती  पाइन्थे । यसप्रकार तत्कालीन समय, परिवेश अनुसारका चत्रिरको प्रयोगले चरित्रहरू यथार्थ र विश्वसनीय बन्न पुगेका छन् । उपन्यासमा आदर्श चरित्रहरूको उपस्थिति पनि उत्तिकै मात्रामा भएको पाइन्छ । समाजसेवामा नै समर्पित भाखी काका, वितरागी सङ्गीतसाधक कृष्णात्रे, बालविधवा पार्वती, भौतिक सुख सुविधालाई सामान्य ठान्ने दुर्गी जस्ता पात्रहरूको व्यवहारले उनीहरू

आदर्श चरित्रका रूपमा उप्न्यासमा स्थापित हुनपुगेका छन् । यो उपन्यासमा नारी पात्र र पुरुष पात्र दुवैको उपस्थिति पाइन्छ तर पुरुष पात्र बढी आएका छन् ।

उपन्यासको निर्माण विभिन्न घटनाहरूको क्रमबद्ध प्रस्तुतिको माध्यमद्वारा भएको हुन्छ । उपन्यासका घटनाहरू निश्चित ठाउँमा, निश्चित समयमा, निश्चित परिस्थितिका कारण घटित हुने गर्दछन् । यसरी उपन्यासमा घटित घटनाको स्थान, समय र परिस्थितिले औपन्यासिक परिवेशको सिर्जना हुन्छ । परिवेश भनेको उपन्यासमा आएका स्थान, काल र वातावरणको समष्टि हो । **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशले पनि निश्चित ठाउँ, समय र परिस्थितिलाई अँगालेको छ । प्रस्तुत शोधपत्र पनि गोतामेद्वारा लिखित **यहाँदेखि त्यहाँसम्म** उपन्यासको परिवेशविधानमा नै केन्द्रित रहेको छ ।

**यहाँदेखि त्यहाँसम्म** उपन्यासले स्थानको रूपमा मुर्कीपलिया गाउँलाई नै अँगालेको पाइन्छ । उपन्यासमा घटित मुख्य घटनाहरू यही मुर्कीपलिया गाउँमा नै घटित हुन पुगेको छन् साथै अन्य सामान्य औपन्यासिक घटनाहरू मुर्कीपलिया वरपरिका गाउँहरू, अञ्चलेत्तर विभिन्न ठाउँहरू अनि भारतीय भू-भागमा रहेका केही स्थानमा समेत घटित हुनपुगेका छन् । त्यसकारण उपन्यासमा मुर्कीपलिया गाउँ मुख्य स्थानको प्रतिनिधित्व गर्नका लागि आएको छ साथै यो गाउँ वरिपरिका गडहल गाउँ, लरही गाउँ, बगडमपुर गाउँ, रामपुर गाउँ, सीतापुर गाउँ, रौतहटको कटरवन गाउँ अनि सहरिया ठाउँहरूमा काठमाडौं वीरगन्ज अनि विदेशी भूमिका रूपमा भारतीय भू-भागमा रहेका ग्वालियर, मुजफ्फपुर, अत्रे गुरुको घर परिसर आदि उपन्यासमा स्थानको प्रतिनिधित्व गर्नका लागि आएका छन् । समयका रूपमा उपन्यासमा राणाकालीन परिवेश आएको छ भने वातावरणका रूपमा मुर्कीपलियाको स्थानीय सेरोफेरो र पात्रको मानसिक पक्ष समेत आएको छ ।

यो उपन्यासमा तराई प्रदेशको स्थानीयताको विशिष्ट चित्रणलाई अगाडि सारिएको छ । जसक्रममा मुर्कीपलियाको समाजशास्त्रीय चित्र अगाडि आएको छ । पण्डित, पुरेत, पूजारी, शिक्षक, विद्यार्थी, दमाई , वैद्य बालक, वयस्क प्रौढ तथा विभिन्न जात जाति, पेसा र वर्गको चित्रण गरिएको छ । नारी समस्या तथा विधवा समस्या देखाइएको छ । समाजमा विद्यमान रूढिवादी अन्धपरम्परा, बालविवाह, बहुविवाह जस्ता तत्कालीन समाजमा विद्यमान विविध कुराहरूलाई उपन्यासमा ल्याइएको छ । आर्थिक तथा सामाजिक शोषण देखाइएको छ । अहम्को लडाइँ , सुधारको अपेक्षा, शिक्षा, अशिक्षा, धनी र गरिब, यथास्थिति र सुधारबीचमा द्वन्द्व छ । उपन्यासमा लोकजीवनको चित्रण छ । आफूभन्दा ठूलाप्रति आदर भाव झल्काइएको तथा सानाप्रति मायालु भाव देखाइएको छ , गुरुप्रति अत्यन्त श्रद्धाभाव छ । समाज हिन्दू धर्मद्वारा सञ्चालित छ । समाजमा रहेका ठूलाबडा तथा साना सबै स्तर,पेसा तह र वर्गका मानिसहरू आध्यात्मिक भावले ओतप्रोत छन् । समाजमा प्रचलित संस्कार मूल्य, मान्यता, प्रथा, आचार-विचार ,भाषाशैली जीवनपद्धतिलाई प्रस्तुत गरिएको छ । जन्म, मृत्यु, विवाहका अवसरमा गरिने संस्कारजन्य कार्यहरूलाई देखाइएको छ । स्थानीय ग्रामीण सामाजमा बसोवास गर्ने व्यक्तिको स्तर अनुसारको उच्च, निम्न र मध्यम स्तरीय जीवनशैलीलाई प्रस्तुत गरिएको आफ्नो धन सम्पत्तिको आडम्बरका कारण समाजमा

देखाइने रवाफलाई प्रस्तुत गरिएको छ । आफ्नो अहम्को तुष्टि नहुँदा गरिएका विभिन्न असामाजिक कार्यहरूलाई देखाइएको छ । यसरी उपन्यासमा आएको स्थानीय परिवेशको समाजचित्रण, पात्रको मानसिकता तथा प्राकृतिक सौन्दर्यताको चित्रणले उपन्यासको वातावरण स्वाभाविक बनेको छ ।

सामाजिक विषयवस्तुमा आधारित प्रस्तुत उपन्यास एक सफल आञ्चलिक उपन्यास हो । यहाँ निश्चित भौगोलिक पर्यावरण र त्यस पर्यावरणभित्रको जीवनको विशिष्ट चित्रण भएको, स्थानीय समाजको समाजशास्त्रीय चित्रण भएको, सामूहिक चरित्र चित्रण भएको, लोकजीवन तथा संस्कृतिको चित्रण भएको, भाषिक प्रयोगमा आञ्चलिकता झल्किएको र आञ्चलिकता नै उद्देश्य भएका कारणले प्रस्तुत उपन्यास एक सफल आञ्चलिक उपन्यासका रूपमा देखापर्दछ ।

यो उपन्यासको कथानकलाई प्रस्तुत गर्ने शैली वर्णनात्मक छ र उपन्यासकारले तृतीय पुरुष शैलीका माध्यमबाट कथालाई अगाडि बढाएका छन् । उपन्यासमा पूर्वदीप्ति शैलीको प्रयोग गरेर उपन्यासकारले अतीतका कथालाई पनि वर्तमान सरह बनाएर प्रस्तुत गरेका छन् । अतीतकालीन घटना वा वृत्तान्तको दिग्दर्शन गराइने यस शैलीलाई बढी विशिष्ट बनाई उपन्यासमा  प्रस्तुत  गरिएकाले यसको शिल्प योजना बढी सबल बन्न पुगेको छ । उपन्यासमा जङ्गबहादुर, विपुलनाथ आदिको अतीतको कथा र भद्रनाथ, चन्द्रशमशेर आदिको वर्तमानको कथालाई जोड्ने कार्य पूवदीप्ति शैलीका माध्यमबाट भएको छ । शिल्प संरचनाका दृष्टिले गोतामेको यो उपन्यासमा कुनै नवीन शिल्पको प्रयोग नगरी परम्परागत शिल्प प्रविधिलाई नै अवलम्बन गरेका छन् । त्यसैगरी भाषा प्रयोगका हिसाबले यो उपन्यासलाई दृष्टिगत गर्दा यहाँ आलङ्कारिक भाषाको प्रयोग भएको छ । भाषाको कथ्य रूप नभएर लेख्य रूप रहेको यो उपन्यासको भाषा मानक नेपाली भाषासँग निकट रहेको छ । यहाँ पात्रको स्तर अनुसारको भाषिक प्रयोगमा विविधता नभई सबै पात्रहरूको भाषा समान किसिमको रहेको पाइन्छ । उपन्यासमा तत्सम्, तदभव र आगन्तुक शब्दको प्रयोगका साथै कतिपय आञ्चलिक परिवेशको भाषा प्रयोग पनि भएको  पाइन्छ । उखान टुक्का लगायत लोकगीत तथा रामायणका श्लोकहरूको समेत सान्दर्भिक प्रयोग भएकाले उपन्यास बढी रोचक र मनोरञ्जनयुक्त बनेको छ ।

**यहाँदेखि त्यहाँसम्म** उपन्यासमा विभिन्न औपन्यासिक तत्त्वहरूको उपयुक्त संयोजन भएको छ । परिवेश अनुकूलको कथानक, पात्र, संवाद र भाषा प्रयोगले उपन्यास स्वभाविक बनेको छ । त्यसैगरी उपन्यासमा आएको स्थान, समय र वातावरणको उपयुक्त संयोजनले उपन्यास परिवेशप्रधान बन्न पुगेको छ । परिवेशविधानका दृष्टिले प्रस्तुत उपन्यास उच्चस्तरीय छ । त्यसै कारणले यो उपन्यास आञ्चलिक  उपन्यास बन्न पुगेको छ ।

**सम्भावित शोधशीर्षकहरू**

**यहाँदेखि त्यहाँसम्म** उपन्यासमा पात्रविधान

**यहाँदेखि त्यहाँसम्म** उपन्यासमा भाषाशैली

आञ्चलिक उपन्यासका रूपमा रहेको **यहाँदेखि त्यहाँसम्म** उपन्यास

# सन्दर्भग्रन्थसूची

## पुस्तकसूची


एटम नेत्र, **सीमान्त आकाश : स्रस्टासितको अर्न्तयात्रा**, काठमाडौः तन्नेरी प्रकाशन,२०६२ ।

गोतामे ध.च., '**यहाँदेखि त्यहाँसम्म**', काठमाडौं : साझा प्रकाशन, २०४२ ।

........ , **आरोह-अवरोह,** पोखरा : बगर फाउण्डेशन नेपाल, २०६२ ।

गौतम, ध्रुवचन्द्र , **बाल्यकाल**, काठमाडौं : अभिव्यक्ति प्रकाशन, २०५५ ।

थापा, मोहन हिमांशु , **साहित्य परिचय,** ललितपुरः साझा प्रकाशन, २०३६ ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन, २०३८ ।

**नेपाली वृहत् शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र., २०४० ।

प्रधान कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, चौ सं, काठमान्डौं : साझा प्रकाशन, २०६१ ।

प्रधान, प्रतापचन्द्र, **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि ,** दार्जिलिङ्गः दीपा प्रकाशन, २०४० ।

प्रधान, बाबुलाल, **रत्न नेपाली शब्दकोश,** काठमाडौं : रत्नपुस्तक भण्डार, २०५७

बराल कृष्णहरि, नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दों. सं., काठमान्डौ : साझा प्रकाशन, २०५८ ।

बराल, ईश्वर, **नेपाली साहित्यकोश,** काठमाडौं : ने.रा.प्र .प्र., २०५५ ।

बाहरी, हरिदेव, **बृहत् अङ्ग्रेजी हिन्दीकोश,** वाराणसीः ज्ञानमण्डल, लिमिटेड, १९६० ।

भट्टराई, रमेशप्रसाद, **घ.च.गोतामेको उपन्यासकारिता,** काठमान्डौं :हजुरको प्रकाशन,२०६४ ।

रोजन, हाइम, एड्वार्ड, **फिफ्थ, एडिसन, हवाट ह्यापेन्स इन लिटरेचर,** सिकागो द युनिभर्सिटी, १९६३ ।

शर्मा, वसन्तकुमार **संक्षिप्त नेपाली शब्दसागर,** काठमाडौं : भाभा पुस्तक भण्डार, २०६२ ।

शर्मा, रामचन्द्र, **प्रमाणिक हिन्दीकोश,** दो.सं, बनारसः टाइम टेबल प्रेस, २००६ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : ने.रा.प्र .प्र., २०५५ ।


### अङ्ग्रेजी पुस्तक सूची


Hudson, W.H., **An Intrlduction to the Study of Lietarture** , Reprit, Ludhiana: Kalyani Publishers, 1991.


### शोधपत्रसूची


खनाल, मीना, **एक पालुवा अनेकौं याम उपन्यासको परिवेशको अध्ययन**, अप्रकाशित शोधपत्र, त्रि.वि., ने.के.वि., २०६६ ।

दाहाल, खेमनाथ, **नेपाली उपन्यासको समाजशास्त्र,** अप्रकाशति शोधपत्र, त्रि.वि., ने.के.वि., २०५८ ।

न्यौपाने, विष्णु, **गोविन्दबहादुर मल्ल गोठालेको उपन्यासकारिता,** अप्रकाशित शोधपत्र, त्रि.वि., ने.के.वि., २०५९ ।

मरासिनी, गणेश, **अलिखित उपन्यासको परिवेशविधान,** अप्रकाशित शोधपत्र, त्रि.वि., ने.के.वि., २०६६ ।

श्रेष्ठ, विष्णुमाया, **आगत उपन्यासको परिवेशको अध्ययन**, अप्रकाशित शोधपत्र, त्रि.वि., ने.के.वि., २०६५ ।

**पत्रपत्रिकासूची**

नयाँघरे, युवराज “ध.च. गोतामेसँगको  वार्ता”, **समकालीन साहित्य** (वर्ष १२, अङ्क २, पूर्णाङ्क ४४, २०५८) पृ. ९-१६ ।